# Ãftfkfl]lx¥ hLOff{4f/

# @)&&



**प्रकाशक**

**भक्तपुर नगरपालिका**

**भक्तपुर**

**पुस्तक** : ङ्ftfkf]lx̃ hL0ff]4f/ @)&&

**प्रकाशक** : भक्तपुर नगरपालिका, भक्तपुर

: bhaktapurmuni@gmail.com

**संस्करण** : पहिलो, २०७७ फागुन

**प्रति** : **२०००**

**मूल्य** : रु. २५०।-

**मुद्रण** : मित्रता छापाखाना, भक्तपुर- ९८४१२२९८०३

: mc.mitrata@gmail.com

ISBN : 978-9937-0-8663-9

---

**NGATAPOLAN JIRNODDHAR 2077**

a book published by BHAKTAPUR MUNICIPALITY, NEPAL

# भक्तपुर नपाको भनाइ

'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' भक्तपुर नगरपालिकाको नारा हो। यस नारालाई सार्थक पार्न भक्तपुर नपा कृतसङ्कल्पित छ। यसैको एउटा उदाहरण यो पुस्तक हो ।

भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सरसफाइ, वातावरणलगायतका क्षेत्रमा नगरवासीहरूको आशा-अपेक्षा अनुरूप कार्य गर्दै आएको छ। यसले देशको सम्पदा संरक्षणमा पनि आफ्नो क्षमताले भ्याएसम्मको कार्य गर्दै आएको सर्वविदितै छ।

२०७२ सालको विनाशकारी भूकम्पले भक्तपुरको थुप्रै ऐतिहासिक, पुरातात्त्विक, सांस्कृतिक एवम् धार्मिक सम्पदाहरूमा क्षति पुऱ्यायो। नगरवासीहरूका निजी घरहरू पनि हजारौंको सङ्ख्यामा भत्किए भने ठूलो सङ्ख्यामा नगरवासीहरूको ज्यान गयो। प्राकृतिक प्रकोपले पुऱ्याएको त्यो क्षतिको पीडामा समयले मल्हम लगाउँदै गयो र क्षतिग्रस्त सम्पदाहरूको जीर्णोद्धार र पुनर्निर्माणका कार्यहरू पनि समयसँगै हुँदै गए।

यसैक्रममा देशकै सबभन्दा अग्लो ङातापोल्हँ मन्दिर जीर्णोद्धारको कार्य थालनी गरियो। यसको लागि आवश्यक प्राविधिक अध्ययन, सम्बन्धित विज्ञहरूबीच अन्तरक्रिया, आवश्यक विभिन्न समितिहरूको गठन, बजेट विनियोजनका कार्यहरू पछि जीर्णोद्धार कार्यको शुभारम्भ भयो। यी कार्यको विस्तृत विवरणसहितको यस पुस्तकले एउटा अभिलेखको कार्य गर्ने हाम्रो विश्वास छ। यसका साथै जीर्णोद्धारको लगत इस्टिमेट, खर्च विवरणले भक्तपुर नपाको पारदर्शितालाई पनि उजिल्याउने निश्चित छ।

-

ङातापोल्हँ मन्दिरको जीर्णोद्धारको क्रममा मुठी खोलेर आर्थिक सहयोग गर्ने र श्रमदानमा सहभागी हुने सबैको उदात्त भावनाको भक्तपुर नपा सदैव सराहना र प्रशंसा गर्दछ ।

आफ्नो अमूल्य विचार र सल्लाह दिएर जीर्णोद्धार कार्यमा सहयोग गर्ने प्राविधिक एवं प्रशासनिक विद्वतवर्ग, जीर्णोद्धारबारे निरन्तर प्रचार गरेर सघाउने पत्रकार बन्धुहरू, विभिन्न समितिमा बसेर सहयोग गर्ने व्यक्तित्वहरूप्रति पनि हामी आभार व्यक्त गर्दछौं ।

हाम्रो सम्पदा हामी आफैले जीर्णोद्धार गरेर सम्पदाप्रति अपनत्व बढाउने भक्तपुर नपाको उद्देश्यमा साथ सहयोग गर्ने सबैमा हामी स्वच्छ हृदयले धन्यवाद ज्ञापन गर्दै भविष्यमा पनि यस्तै साथ र सहयोगको अपेक्षा गर्दछौं ।

यस पुस्तकमा ङातापोल्हँ मन्दिरको जीर्णोद्धारका गतिविधिसँगै सम्बन्धित लेखरचना, सञ्चार माध्यममा आएका विभिन्न समाचार र टिप्पणीलाई पनि समावेश गरिएको छ । केही तस्बिरहरू इन्टरनेटबाट लिइएका छन् । यसबाट अध्येताहरूले थप जानकारी पाउने हाम्रो विश्वास छ ।

यस पुस्तक प्रकाशनमा सहयोग गर्ने सबैलाई धन्यवाद दिँदै पुस्तकबारे रचनात्मक टिप्पणीको निम्ति पाठकहरूमा आग्रह गर्दछौं । यसबाट हामीलाई भविष्यमा थप प्रकाशन गर्न हौसला र ऊर्जा मिल्नेछ । धन्यवाद !

# विषय सूची


प्रकाशकको भनाइ - क

१) नेमकिपा अध्यक्ष नारायणमान बिजुक्छेँको सन्देश - १

२) भक्तपुर नपा प्रमुख सुनिल प्रजापतिको मन्तव्य - ३

३) ङातापोल्हँ मन्दिर जीर्णोद्धारसम्बन्धी अन्तरक्रिया - ६

४) ङातापोल्हँ मन्दिरको जीर्णोद्धारसम्बन्धी अन्तरक्रियामा प्रमुख प्रजापतिको मन्तव्य - ११

५) लेख-रचना

क) भूकम्पीय जोखिम प्रविधियुक्त पाँचतले मन्दिर - तेजेश्वरबाबु ग्वंगः - १३

ख) ङातापोल्हँ (पाँचतले) मन्दिर पुर्खाको अनुपम उपहार - गौरीबहादुर कार्की - १९

ग) पाँचतले मन्दिरका अनौठा कुरा - डा.पुरुषोत्तमलोचन श्रेष्ठ - २८

घ) गगनचुम्बी सांस्कृतिक धरोहर ङातापोल्हँ (पाँचतले मन्दिर) - ओम धौभडेल - ३३

ङ) भक्तपुरको विश्व सम्पदा ङातापोल्हँ - रीना प्रजापति - ५३

६) अन्तर्वार्ता

क) प्रमुख सुनिल प्रजापति - ५७

ख) उपभोक्ता समिति अध्यक्ष केशव तमखु - ६१

७) भक्तपुर नगरपालिका कार्यपालिकाको बैठकका निर्णयहरू - ६५

८) समितिका निर्णयहरू
क) निर्देशक समिति – ६८
ख) प्राविधिक समिति – ७६
९) जीर्णोद्धारका केही नक्साहरू – ८१
१०) जीर्णोद्धारको लगत इस्टिमेट – ८४
११) उपभोक्ता समिति र अनुगमन समिति गठन – ९०
१२) टिप्पणी र आदेश, माग फाराम – ९३
१३) जीर्णोद्धार शुभारम्भ – ९७
१४) पत्राचार – ९८
१५) इतिहासको पानाबाट – १०३
१६) सञ्चार माध्यममा ङातापोल्हँ मन्दिर जीर्णोद्धार – १०५
१७) ङातापोल्हँ मन्दिर जीर्णोद्धारमा जन सहयोग – १५७
क) आर्थिक सहयोग
ख) श्रमदान सहयोग
१८) ङातापोल्हँ मन्दिर संरक्षण योजना उपभोक्ता समितिको प्रतिवेदन – १६६
१९) भक्तपुर नपाबाट धन्यवाद ज्ञापन – १७७
२०) जीर्णोद्धारका केही रङ्गीन तस्बिर – १७९
क) भूकम्पपछि ङातापोल्हँको अवस्था
ख) ङातापोल्हँको जीर्णोद्धारको लागि खट निर्माण
ग) ङातापोल्हँको जीर्णोद्धारमा जनश्रमदानको ओइरो
घ) ङातापोल्हँ जीर्णोद्धारको क्रममा छानाको काम
ङ) ङातापोल्हँ जीर्णोद्धारको क्रममा काठको काम
च) ङातापोल्हँ जीर्णोद्धारको अवलोकन–निरीक्षण
छ) ङातापोल्हँ जीर्णोद्धारमा भक्तपुर नपाका जनप्रतिनिधिहरूबाट श्रमदान
ज) ङातापोल्हँ गजुर प्रतिस्थापन
झ) ङातापोल्हँ मन्दिरका चारढोका

## नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेंको



# सन्देश

## विश्व सम्पदाका धरोहरको संरक्षण र संवर्द्धनमा हातेमालो गर्ने आशा र विश्वास

पाँचतले मन्दिर (ङातापोल्हँ देगः) देशका अन्य विश्व सम्पदामध्ये एक हो। भैरव मन्दिर, ख्वप लायकु (भक्तपुर दरबार स्क्वायर), दत्तात्रय मन्दिर, चाँगुनारायण मन्दिर, पशुपति-गुहेश्वरी मन्दिर, बुद्ध जन्मभूमि लुम्बिनी आदि कला र संस्कृति तथा विश्व शान्तिका प्रवर्तक सिद्धार्थ गौतम बुद्धको पवित्र जन्मस्थल एक भावना, नैतिक मूल्य र मान्यताका धरोहरहरू हुन्। सगरमाथा वा झ्यामोलोङ्मा हाम्रो प्राकृतिक वरदान र एक विश्व सम्पदा हो।

पाँचतले मन्दिर र अन्य हाम्रा ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक सम्पदा र धरोहरहरू तत्तत् युगका मानव जातिको शिल्प, कलात्मकता र विश्वशान्तिको निम्ति एक महत्त्वपूर्ण शिक्षाका महाविद्यालय र बिहार हुन्। वास्तुकलाका नमुना त्यस युगका जनताको शिल्प र कलात्मकताको धरोहर हुन्। लुम्बिनी मानव जातिको तत्कालीन अस्तित्वमा रहेको भेदभाव र फरक मत-मतान्तरलाई शान्तिपूर्ण र हार्दिक वातावरणमा वार्ताद्वारा समाधानको उपायको खोजी नै सिद्धार्थ गौतम बुद्धको विश्व शान्तिको एक अचुक करुणामिश्रित सन्देशको प्रतीक हो। सिद्धार्थ गौतम बुद्धको शान्तिको सन्देश नेपालबाट उद्घोष भई विश्वमै सुमधुर ढङ्गले प्रतिध्वनित भएको अमर शान्तिको वाणी हो। त्यस

वाणीले आज पनि मानव जातिलाई एकै ठाउँमा सँगै बस्ने र छलफल गराउने शान्ति निकेतनको रूप प्रदान गर्दै छ ।

सगरमाथा विश्वकै एक प्रातःकालीन रक्तिम रश्मि प्रवाह गर्ने अति सुन्दर र आकर्षक सर्वोच्च शिखर प्राकृतिक विश्व सम्पदा हो ।

वनस्पति विज्ञानको अध्ययनमा विभिन्न देशका वनस्पति उद्यानहरूले विश्वका वनस्पतिको भूत, वर्तमान र भविष्यको अध्ययन गराउनेछन् । चिडियाखाना भनिने पशुपंक्षीको संरक्षण उद्यानले पशुपंक्षी एवम् जीवविज्ञानको विकास र भविष्यको स्थितिबारे अध्ययन गराउने महाविद्यालयको काम गर्नेछ भने सङ्ग्रहालयहरूले मानव जातिका अनेक भौतिक विकासको क्रमागत अध्ययनको विशाल कक्षाको रूप दिंदै आएका छन् । हाम्रा मठ मन्दिर र वास्तुकलाका धरोहरहरूले तत्तत् युगमा मानव जातिले प्राप्त गरेका सूक्ष्म कलात्मक वस्तु र वास्तुकलाको सम्पदाको रूपमा अध्ययनको एक विश्वविद्यालयको रूपमा भविष्यमा विकास हुने सम्भावनालाई इन्कार गर्नुहुन्न । एक एक पाइला गरेर मानव सभ्यताले वनस्पतिको टोकरीबाट विकास गर्दै कुम्हालेको चक्रसम्मको फड्को मार्‍यो भने मातृजातिले शिशुस्याहार, कृषि, गृह निर्माण, जडीबुटी र उपचार, कलाको विकास, पाकशास्त्र, पोशाक र पशुपालनसम्मको विकासमा देवीहरूकै प्राधान्यता व्याप्त छ– नेपाली आध्यात्मिक जीवनमा ।

मातृसत्ता र पितृसत्ताको समन्वय नै आजको विश्वको पूर्णता हो । हाम्रो वर्तमान युग विज्ञान, प्रविधि र ज्ञानको विकासले बौद्धिक प्रतिस्पर्धासँगै मर्मस्पर्शी हार्दिकताले नै मानिसलाई संयुक्त राष्ट्र सङ्घसम्म पुर्‍यायो । आज त्यसलाई अझ संवेदनशील ढङ्गले जोगाउन संसारका सबै उत्कृष्ट व्यक्तित्वहरू र मूर्धन्य विद्वान्हरूले आ–आफ्नो चिन्तनधारालाई प्रवाहित गर्दै छन् ।

यस्तो विहङ्गम कार्यमा हाम्रो ङातापोल्हँ (पाँचतले मन्दिर) र अन्य ऐतिहासिक, प्राकृतिक र सांस्कृतिक सम्पदाहरूको संरक्षण, संवर्द्धन र नयाँ नयाँ धरोहरहरूको निर्माणले निश्चय पनि संसारलाई समय र भविष्यले अझ बस्न लोभलाग्दो वस्तुवादी स्वर्गको रूपमा प्रस्तुत गर्नेछ ।

यसकारण भक्तपुरका जनताले पाँचतले देवल, भैरवनाथ मन्दिर, भक्तपुर दरबार स्क्वायर संरक्षण र संवर्द्धन गर्न निःस्वार्थ रूपले लागेजस्तै हाम्रो देशको सम्पूर्ण विश्व सम्पदाका धरोहरहरूको संरक्षण र संवर्द्धन गर्न सबैले हातेमालो गर्नेबारे आशा र विश्वास गरौँ । भविष्य वर्तमानभन्दा अवश्य सुखद हुनेछ ।

# भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको मन्तव्य



सांस्कृतिक नगरको रूपमा परिचित भक्तपुर नगरको ङातापोल्हँ (पाँचतले) मन्दिर भक्तपुरवासीहरूको मात्र नभई सम्पूर्ण नेपालीको शान र गौरव हो। भक्तपुर नगरपालिका वडा नं. ५ टौमढी टोलमा अवस्थित यस मन्दिर आजभन्दा ३१९ वर्षअघि राजा भूपतीन्द्र मल्लको पालामा ने.सं. ८२२ मा निर्माण गरिएको इतिहास छ। प्रस्तरकला र काष्ठकलाको उत्कृष्ट नमूनाको रूपमा रहेको उक्त मन्दिरले हाम्रा मौलिक प्रविधि र पुर्खाहरूको बेजोड कलाकारिताको अनुपम उदाहरण पनि प्रस्तुत गरिरहेको छ।

संसारका विभिन्न देशहरूबाट वर्षको लाखौँ पर्यटकहरू प्रसिद्ध ङातापोल्हँ मन्दिरलगायतका थुप्रै लिच्छविकालीन र मल्लकालीन मूर्त र अमूर्त सम्पदाहरूको रसास्वादन गर्न भक्तपुर आउने गर्छन्। भक्तपुर नगरपालिका मौलिक कला, संस्कृति र सम्पदाहरूको संरक्षण गर्दै देशकै सांस्कृतिक केन्द्र र पर्यटकीय गन्तव्यको रूपमा विकास हुँदै छ।

स्थानीय जनताको मौलिक सीप र प्रविधि तथा निर्माण सामग्री प्रयोग गरी निर्माण गरिएको ङातापोल्हँ मन्दिरले आधुनिक ज्ञान र प्रविधिलाई समेत चुनौति दिएको छ। आजसम्मका विनासकारी भूकम्पहरूबाट समेत उक्त मन्दिर पूर्ण क्षति भएको छैन। २०७२ सालको विनासकारी भूकम्पले भक्तपुरका हजारौँ घरहरू र ११५ भन्दा बढी सम्पदाहरूमा क्षति पुऱ्यायो। त्यस भूकम्पले गर्दा ङातापोल्हँ मन्दिरको माथिल्लो तला नराम्ररी क्षति भयो भने अन्य तलाहरूमा

सामान्य क्षति पुगेको थियो।

भक्तपुर नगरपालिकाले निजी घरहरूसँगै सम्पदाहरूको पुनःनिर्माण र जीर्णोद्धारलाई प्राथमिकतामा राखी काम गर्दै आएको छ। देशकै अग्लो सांस्कृतिक धरोहर ङातापोल्हँ जीर्णोद्धारमा सहयोगका लागि विदेशीहरूले चासो नदेखाएका पनि होइनन्।

भूकम्पबाट क्षतिग्रस्त उक्त मन्दिरसहित १० ओटा सम्पदा पुनःनिर्माण र जीर्णोद्धारको लागि नेपाल सरकार र मित्र देश जर्मनी सरकारबीच भूकम्पपछि १० करोड युरो (करिब रु.१ अर्ब २० करोड) अनुदान सम्झौता भएको थियो। २०७४ सालमा हामी निर्वाचित भएपछि त्यो सम्झौताबारे छलफल भयो। हाम्रो आत्मसम्मान र स्वाभिमानमा आँच पुग्ने शब्द, वाक्यहरूलाई संशोधन गर्न जर्मनी पक्षसँग आग्रह गर्‍यौँ। नेपाल सरकारले हस्ताक्षर गरिसकेको भन्दै सम्झौतामा कुनै किसिमको संशोधन गर्न जर्मनी पक्ष तयार भएन। तसर्थ भक्तपुर नगरपालिकाले त्यो सहयोग स्वीकार गरेन।

मन्दिर जीर्णोद्धारको लागि स्थानीय जनता, प्राविधिक, इतिहासविद्, संस्कृतिविद्, सिकर्मी, डकर्मीहरूसँग बारंबार छलफल गर्‍यौँ। विभिन्न चरणको छलफलपछि नगरपालिका उक्त मन्दिरको जीर्णोद्धार उपभोक्ता समितिमार्फत गर्ने निष्कर्षमा पुग्यो। विज्ञ प्राविधिकहरूबाट विस्तृत क्षति विश्लेषणसहितको प्रतिवेदनअनुसार काम गर्न रु. ६५ लाख १३ हजारको लागत इस्टमेट स्वीकृत भयो।

२०७६ साल मङ्सिर ७ गतेबाट जीर्णोद्धारको कार्य प्रारम्भ भएपछि हामीले स्थानीय जनतासँग आर्थिक, भौतिक र श्रमदान सहयोगको लागि आह्वान गर्‍यौँ। स्थानीयवासीहरू स्वतःस्फूर्त रूपमा श्रमदान र आर्थिक तथा भौतिक सहयोगमा उत्रनुभयो। जीर्णोद्धारको क्रममा ४,१८७ जनाले श्रमदान, रु. १५ लाख ४७ हजार आर्थिक सहयोग र ५ लाख ६३ हजार ७०० बराबरको भौतिक सामग्री सहयोगस्वरूप प्राप्त भयो। स्थानीय सीप र मौलिक प्रविधिबाटै २०७७ असार मसान्तसम्ममा उक्त मन्दिर जीर्णोद्धार कार्य सम्पन्न भयो। विदेशीको सहयोगबिना सम्पदा पुनःनिर्माण र जीर्णोद्धार गर्न भक्तपुरवासीहरू सक्षम छन् भन्ने उदाहरण ङातापोल्हँ मन्दिर जीर्णोद्धारले थप प्रमाणित गर्‍यो।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ, नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवाल, बागमती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाइँ मन्दिर जीर्णोद्धारको क्रममा स्थलगत अवलोकन

गर्नुभई श्रमदान गर्ने भक्तपुरवासी दाजुभाइ दिदीबहिनी तथा विभिन्न सङ्घ–संस्थाबाट आउनुभएका महानुभावहरूलाई उत्साह प्रदान गर्नुभएकोमा उहाँहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ ।

निर्देशक समिति, उपभोक्ता समिति, प्राविधिक समिति र अनुगमन समितिमा रहेर निरन्तर सहयोग गर्नुहुने सम्पूर्ण सदस्य मित्रहरू र नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरू धन्यवादका पात्र हुनुहुन्छ ।

दैनिक समाचारहरू प्रकाशित गरी आर्थिक, भौतिक र श्रमदान गरी सहयोग गर्ने नगरवासी दाजुभाइ दिदीबहिनीहरू तथा सङ्घ–संस्थाहरूलाई प्रोत्साहित गर्ने सञ्चारकर्मी मित्रहरू, ङातापोल्हँको ऐतिहासिक तथ्यहरूबारे खोजमूलक लेखहरू लेखेर जनतालाई थप जानकारी दिने इतिहासविद् र संस्कृतिविद्हरू तथा जीर्णोद्धारस्थलका दृश्यहरू खिचेर निरन्तर सजीव प्रसारण गरी सहयोग गर्ने भादगाउँ टेलिभिजन, एफ.एम. रेडियोहरू तथा सम्पदा संरक्षणको काममा प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नुहुने सबै महानुभावहरूमा आभार प्रकट गर्दछौँ ।

ङातापोल्हँ जीर्णोद्धारको सम्पूर्ण विवरणसहितको 'ङातापोल्हँ जीर्णोद्धार' पुस्तक प्रकाशित गर्दै छौँ । पुस्तक प्रकाशनमा सहयोग गर्ने लक्ष्मणराज जोशी, ज्ञानसागर प्रजापति, धनलक्ष्मी त्यातलगायत सबै प्रकाशन टीमलाई पनि धन्यवाद दिन चाहन्छौँ ।

अन्त्यमा, सम्पदा पुनःनिर्माण र जीर्णोद्धार अरूको सहयोगमा भर परेर होइन, आफ्नै पौरखले सम्पन्न गरौँ भन्ने भावनासहित पुनःनिर्माण र जीर्णोद्धारका बाँकी काम पनि प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी जनताकै सहयोग र सहभागितामा मौलिक शैलीमै सम्पन्न गर्न निरन्तर लागिरहने प्रतिबद्धता व्यक्त गर्दछौँ ।

धन्यवाद !

# ङातापोल्हँ मन्दिर जीर्णोद्धारसम्बन्धी अन्तरक्रिया

नेपालकै अग्लो विश्व प्रसिद्ध ङातापोल्हँ मन्दिर जीर्णोद्धारसम्बन्धी अन्तरक्रिया भक्तपुर नगरपालिकाको आयोजनामा विज्ञ एवम् सरोकारवालाहरूको उपस्थितिमा २०७६ माघ २० गते भनपा सभाकक्षमा सम्पन्न भयो।

भक्तपुर नगरपालिकाले २०७२ सालको भूकम्प र त्यसपछिका परकम्पले क्षति पुऱ्याएको भक्तपुर नगरको प्रसिद्ध ङातापोल्हँ मन्दिरको जीर्णोद्धार ६५ लाख १३ हजार ३५८ रुपैयाँको लगत इस्टिमेटमा जीर्णोद्धार सुरु गरेको छ।

कार्यक्रममा बोल्नुहुँदै नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय




सांसद प्रेम सुवाल

सांसद **प्रेम सुवाल**ले नेपाल भूकम्पीय जोखिमको हिसाबले ११ औं स्थानमा रहेको जानकारी गराउनुहुँदै ङतापोल्हँ संरक्षणको लागि मौलिक प्रविधिका साथै गुणस्तरीय सामग्री प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

सम्पदामा पर्न सक्ने भूकम्पीय जोखिम न्यूनीकरण गर्नका लागि काठको संरचना महत्त्वपूर्ण हुने भएको बताउनुहुँदै उहाँले सम्पदा संरक्षणको लागि सरकारी तहबाट सुपथ मूल्यमा गुणस्तरीय काठ उपलब्ध गराउनुपर्छ भन्नुभयो ।

प्रमुख अतिथि सुवालले सम्पदा पुन:निर्माण र जीर्णोद्धारमा कामको गुणस्तर र आर्थिक अनुशासनलाई विशेष जोड दिनुपर्ने तथा मुख्य मुख्य सम्पदाहरूको भूकम्प अघि र पछिको विस्तृत अध्ययनको आवश्यकता औंल्याउनुभयो ।


प्रमुख सुनिल प्रजापति

कार्यक्रमका सभापति एवम् भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले सन् १७०२ मा राजा भूपतीन्द्र मल्लको पालामा निर्मित ङतापोल्हँ मन्दिर ३१७ वर्षसम्म पनि जस्ताको तस्तै रहनु उत्कृष्ट प्रविधिको प्रमाण हो भन्नुभयो ।

भूकम्पपछिको भक्तपुरका सम्पदा पुन:निर्माण भक्तपुर नगरपालिकाले मौलिक प्रविधिलाई जोड दिँदै मौलिक स्वरूपमै जीर्णोद्धार गर्ने र मन्दिरमा अवस्थित हरेक वस्तुको क्षतिबारे अध्ययन र अनुसन्धान गर्दै सुरक्षित अभिलेखीकरण गरिरहेको उहाँले बताउनुभयो ।

सम्पदा पुन:निर्माणमा काठ अभाव रहेको बताउनुहुँदै सरकारले सहज रूपमा काठ उपलब्ध गराउनेतिर ध्यान दिनुपर्नेमा प्रमुख प्रजापतिले जोड दिनुभयो ।


सांसद सुरेन्द्रराज गोसाई

बाग्मती प्रदेशका सांसद **सुरेन्द्रराज गोसाई**ले ऐतिहासिक र पुरातात्त्विक सम्पदाहरूको पुन:निर्माण वा जीर्णोद्धारको कार्य साधारण जनतालाई जानकारी गराई आवश्यक राय–सुझाव सङ्कलन र छलफलको आवश्यकता औंल्याउनुभयो । सांस्कृतिक सम्पदाहरूको मौलिक नाम संरक्षण गर्नुपर्ने बताउनुहुँदै सांसद गोसाईले ङतापोल्हँ मन्दिर जीर्णोद्धारमा कुनै किसिमको कमी हुन नदिन विज्ञ र प्राविधिकहरूको सुझाव आवश्यक छ भन्नुभयो ।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले सम्पदा संरक्षणको कार्य


उपप्रमुख रजनी जोशी

नयाँ पुस्तालाई हस्तान्तरण गर्दै जानुपर्ने विचार व्यक्त गर्नुहुँदै सम्पदा संरक्षणलाई विशेष महत्त्व दिई भक्तपुर नगरपालिकाले विज्ञहरूको सल्लाह र सुझावलाई मनन गर्दै अगाडि बढिरहेको जानकारी दिनुभयो ।


प्रा.सुदर्शनराज तिवारी

संरक्षणविद् प्राध्यापक **सुदर्शनराज तिवारी**ले प्राचीन प्रविधि र सामग्री उपलब्ध भएसम्म त्यसैको प्रयोग गर्नुपर्नेमा जोड दिनुहुँदै आधुनिक सामग्री प्रयोगको नाउँमा मन्दिरको छानामा जर्मन प्रोजेक्टले तार्पिन राख्ने शुरू गरेपछि धेरै सम्पदाहरूको बेहाल भएको बताउनुभयो ।

उहाँले भनपाले ५५ झ्याल दरबारको जीर्णोद्धार गरेर नमुना काम गरेकोमा प्रशंसा गर्नुहुँदै भक्तपुरको ५ तले मन्दिर र ५५ झ्याल दरबारमा तत्काल उपलब्ध सबै खालका प्रविधि र वस्तु प्रयोग भएको हुनसक्ने बताउनुभयो ।


विष्णुराज कार्की

पुरातत्त्व विभागका पूर्व महानिर्देशक **विष्णुराज कार्की**ले ङातापोल्हँमा राखिएका टुँडालहरूको अध्ययन गराउनुपर्ने, अमूर्त सम्पदाहरूलाई जोगाउनुपर्ने, भक्तपुर नपाबाट निर्माण सम्पन्न सम्पदा संरक्षणबारे प्रतिवेदन तयार गर्नुपर्ने, ङातापोल्हँको गारो र अन्य विषयबारे प्राविधिक अध्ययन गराउनुपर्नेमा जोड दिनुभयो ।


ई. भरत शर्मा

संरक्षणविद् ई. **भरत शर्मा**ले आफ्नो मौलिक प्रविधि छोडेर अरूको सहयोग माग्न नहुने बताउनुहुँदै भक्तपुरका सम्पदा पुन:निर्माण उपभोक्ता समितिमार्फत् गर्नु उदाहरणीय छ भन्नुभयो । उहाँले सम्पदाहरूलाई जीवन्तता दिने विज्ञहरूको सुझाव लिई कार्य अगाडि बढाउनुपर्ने विचार व्यक्त गर्नुभयो ।


गौरीबहादुर कार्की

पूर्वन्यायाधीश **गौरीबहादुर कार्की**ले भक्तपुरको मन्दिरको प्रोफाइल बनाउनुपर्ने बताउनुहुँदै पूजा आजा नगरिने मन्दिर मन्दिर नहुने हुनाले मन्दिर सञ्चालनका लागि आर्थिक व्यवस्था गर्नुपर्ने बताउनुभयो । पुराना मौलिक नामहरू



प्रा. पुरुषोत्तमलोचन श्रेष्ठ

परिवर्तन गर्न नहुने उहाँको भनाइ थियो।

प्रा. **पुरुषोत्तमलोचन श्रेष्ठ**ले ङतापोल्हँको तल्लो तलामा आएको चर्कनबारे अध्ययन हुनुपर्ने र ङतापोल्हँ मन्दिरको बेलाबखतमा संरक्षण र संवर्द्धन हुनुपर्ने बताउनुभयो।



सबिन प्रधान

महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक **सबिन प्रधान**ले जीर्णोद्धार कार्य गर्ने कामदारको सुरक्षालाई विशेष ध्यान दिई हेल्मेट, लुगा, जुत्ता, बेल्टको प्रयोग अनिवार्य गर्नुपर्ने, मर्मत सम्भारको क्रममा अनधिकृत व्यक्तिलाई प्रवेश गराउन नहुने तथा सम्भावित चोरीलाई रोक्न सिसिटिभी जडान गरी सुरक्षा व्यवस्थापन गर्नुपर्ने बताउनुभयो।

गुठी संस्थान केन्द्रीय कार्यालय काठमाडौंका सहायक प्रशासक **हरिप्रसाद सुवेदी**ले भक्तपुरका अमूर्त सम्पदाहरू संरक्षणमा पनि नगरपालिकाले ध्यान दिनुपर्नेमा जोड दिनुहुँदै सांस्कृतिक सम्पदाहरूमा प्रयोग गरिएका काठहरू बलियो रहेको बताउनुभयो। भक्तपुर विश्वको कला संस्कृति र वास्तुकलाहरूको शहरको रूपमा चिनिएको बताउँदै यहाँका मठमन्दिर र घरहरू आफैमा सम्पदाको रूपमा लिन सकिने बताउनुभयो। भक्तपुर नगरपालिकाको सक्रियतामा यहाँका सम्पदा पुन:निर्माण पनि मौलिक शैलीमा बनिरहेको विचार पनि उहाँले व्यक्त गर्नुभयो।



हरिप्रसाद सुवेदी



डा.सिद्धिवीर कर्माचार्य

ङतापोल्हँका पूजारीसमेत रहनुभएका डा.**सिद्धिवीर कर्माचार्य**ले ङतापोल्हँको निर्माणमा ठाडो र तेर्सो अनुपात मिलेकोले ठडिराखेको बताउनुभयो।




मोहनसिंह लामा

दरबार हेरचाह कार्यालयका पुरातत्त्व अधिकृत **मोहनसिंह लामा**ले विश्व प्रसिद्ध मन्दिर जीर्णोद्धार कार्यको स्थलगत अध्ययन गरी आवश्यक सहयोग गर्न तत्पर रहेको उल्लेख गर्नुभयो। भैरवनाथ मन्दिर जीर्णोद्धारमा निर्देशक समितिमा बसेर काम गरी त्यसको स्थलगत निरीक्षण गरी थप सुधार गरेको


ई.मन्जिप शाक्य

स्मरण गर्नुभयो ।

ई.**मन्जिप शाक्य**ले स्ट्रक्चरल फ्रिक्वेन्सी सन् २००२ मा भन्दा सन् २०१५ मा घटेकोले चर्कन (Cracks) आउने बताउनुहुँदै स्ट्रक्चरल स्टडी हुनुपर्ने र जीर्णोद्धार गर्दा भित्रबाट काठका खम्बा राख्दा बलियो हुने बताउनुभयो ।



रबिन्द्र ज्याख्व

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले पनि बोल्नुभएको सो कार्यक्रममा ख्वप इ. कलेजका आ.ई. रविना शिल्पकारले ङातापोल्हँ मन्दिरको क्षति अध्ययनबारे प्रस्तुतीकरण दिनुभएको थियो ।


आ.ई.रबिना शिल्पकार

## ङातापोल्हँ मन्दिरको जीर्णोद्धार सम्बन्धी अन्तरक्रियामा मन्तव्य

# "सम्पदा निर्माणमा जनताको अपनत्व अनुभव-राम्रो पक्ष"

– प्रमुख सुनिल प्रजापति




भक्तपुर कला र संस्कृतिले धनी नगर हो। भक्तपुरमा रहेका थुप्रै मूर्त र अमूर्त सम्पदाहरूले नेपालको नाउँ विश्व सामु चिनाएका छन् । काष्ठकला, धातुकला र वास्तुकला तथा प्रस्तर कलाका उत्कृष्ट नमुनाहरू भक्तपुरमा पाइन्छन्।

२०७२ सालको भूकम्पले भक्तपुरमा नराम्ररी क्षति पुऱ्यायो। करिब ८ हजार घरहरू भत्के, २५२ जनाको ज्यान गयो, ११५ बढी सम्पदाहरू भत्के। १५ वर्षसम्म जनप्रतिनिधि नहुँदा देश धेरै पछि पऱ्यो। भूकम्पको बेलामा जनप्रतिनिधिहरू नहुँदा जुन गतिले पुनःनिर्माणको काम अगाडि बढ्नुपर्ने हो त्यो हुन सकेन। २०७४ सालमा जनप्रतिनिधि नगरपालिकामा प्रवेश गरेसँगै पुनःनिर्माणले गति लियो। भूकम्पपछि नगरपालिकाले ९१ वटा सम्पदाहरू पुनःनिर्माण सम्पन्न गरिसकेको छ भने दर्जनौं निर्माणाधीन अवस्थामा छन्।

टौमढीस्थित भैरवनाथको मन्दिर हालै जीर्णोद्धार सम्पन्न गऱ्यौं। नगरपालिकाको मात्रै त्यसमा लगानी होइन, स्थानीय जनताको श्रमदान र आर्थिक सहयोगसमेत प्राप्त भयो। सम्पदा निर्माणमा जनतालाई अपनत्वको अनुभव गराउन सक्नु नै हाम्रो राम्रो पक्ष हो। हरेक सम्पदा निर्माणमा यही विषयलाई ध्यानमा राखेर काम गर्दै छौं।

हाम्रो प्राचीन मौलिक प्रविधि कति उत्कृष्ट छ भन्ने उदाहरण ङातापोल्हँले

दिइरहेको छ। १९९० सालको भूकम्पमा १ तलामात्रै भत्केको थियो भने २०४५ सालमा कुनै क्षति भएन। २०७२ सालमा १ तलामा क्षति पुगेको देखिन्छ। त्यसको जीर्णोद्धार गर्न प्राविधिक अध्ययन भइरहेको छ।

ने.सं. ८२२ मा राजा भूपतीन्द्र मल्लको पालामा निर्मित उक्त मन्दिर जस्ताको तस्तै रहनु उत्कृष्ट प्रविधिकै प्रमाण हो। भूकम्पपछिको पुनःनिर्माणमा हामीले मौलिक प्रविधिलाई जोड दिँदै छौं। मौलिक स्वरूपमा अलिकति मात्रै परिवर्तन गर्न खोज्नु पनि हाम्रो निम्ति सह्य हुने छैन।

विश्व सम्पदा सूचीमा सूचिकृत ठाउँहरूको संरक्षण र संवर्द्धन गर्नु हामी सबैको कर्तव्य र जिम्मेवारी हो। जनस्तरबाटै काम गर्न खोज्दा विभिन्न चुनौतीहरू देखा पर्दै छन्। सम्पदा पुनःनिर्माणमा काठको अभाव छ। बजारबाट किनेर काम गर्न पनि गाह्रो छ। सरकारले सहज रूपमा काठ उपलब्ध गराउनेतिर ध्यान दिएको छैन।

नगरपालिकाले पुनःनिर्माण गर्दा हरेक वस्तुको क्षतिबारे अध्ययन र अनुसन्धान अभिलेखीकरण गर्दै छ। त्यसले आगामी दिनमा त्यसको इतिहास मात्रै होइन, प्राविधिक रूपमा बुझ्न पनि सहज हुने हाम्रो विश्वास छ।

सम्पदा पुनःनिर्माण वा जीर्णोद्धार गर्दा संयुक्त राष्ट्र सङ्घको शैक्षिक, वैज्ञानिक, सांस्कृतिक सङ्गठन (युनेस्को) मापदण्ड विपरीत नहोस् भन्नेमा हामी अत्यन्त सचेत छौं। हाम्रा सम्पदाहरूको पुनःनिर्माण र जीर्णोद्धारमा परम्परागत मौलिक शैली र प्रविधिलाई नै प्रयोग गर्दै आएका छौं। विदेशीको जिम्मामा पुनःनिर्माण वा जीर्णोद्धार गर्नुभन्दा स्थानीय जनतासँग सहयोग माग गरेका छौं। आज जनताको साथ र सहयोगले 'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति' नारालाई सार्थक बनाउन सम्भव भएको छ।

सन् २०२० नेपाल भ्रमण वर्ष पनि हो। सरकारले घोषणा गरेको भ्रमण वर्ष सफल पार्न सम्पदा संरक्षणले महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ। त्यही उद्देश्यले भक्तपुर नगरपालिकाले कला संस्कृति संरक्षणमा करोडौं खर्च गरिरहेको छ। हाम्रो सम्पदा अब संसारकै सम्पत्तिको रूपमा रहेका छन्। त्यसको संरक्षण र संवर्द्धन गर्नु हामी सबैको साझा जिम्मेवारी हो।

*(भक्तपुर नपाबाट ङतापोल्हँ जीर्णोद्धारबारे २०७६ माघ २० गते आयोजित अन्तरक्रिया कार्यक्रममा प्रमुख सुनिल प्रजापतिबाट व्यक्त मन्तव्यको सारसङ्क्षेप)*

**लेख-रचना**

# भूकम्पीय जोखिम प्रविधियुक्त पाँचतले मन्दिर

– तेजेश्वरबाबु ग्वंग:



मल्लकालीन शासन व्यवस्थाका अन्तिम राजा रणजीत मल्लका पिता श्री भूपतीन्द्र मल्लका शासन कालमा निकै सुविख्यात भाषा, कला, शिल्प साधनायुक्त क्रियाकलापहरू सम्पन्न भए गरेका थिए । कुनै पनि देशका कुनै पनि शासन व्यवस्थाका शासकहरूले चिनेका दीर्घकालीन सदाबहार चिनो, भाषा, कला, शिल्प या विज्ञानसम्मत साधनाहरूले गरिरहेका हुन्छन् । तिनै साधना कालान्तरसम्मै साध्य रहेका हुन्छन् । भूपतीन्द्र मल्लका अनेकौं कला साधनामाझ सदाबहार रहेका एक स्तम्भ भक्तपुर नगर राज्यबीच अडिग, अक्षुण्ण रहेको ङातापोल्हँ देवल/मन्दिर हो । मन्दिर सग्लो एकैमात्र मन्दिर रहेका छन् । भाषा वैयाकरणअनुसार एउटै भएकोले क्रियापद पनि एकै वचनको प्रयुक्त हुनुपर्दथ्यो । सबैको सकसकी रहे बनेको पनि हुन सक्थ्यो । परन्तु यसो हुनुको एउटा गुह्य रहस्य छ । यस मन्दिरमा अल्याख अनगिन्ती सम्पदाका सूत्रधारहरू जडित छन् । मन्दिर त ती सूत्राधारका सग्लो स्वरूप बनेका छन् । तिनका सबिस्तार वर्णन गर्ने चेष्टा गरौं क्रमशः ।

१. ङातापोल्हँ देवलको कूल उचाइ १०८ फिट छ । जयमल पट्टा नामक पहलमानद्वयले पलेँटी कसेझैं लाग्दो आसन बनाएका प्रस्तर मूर्ति मुनिको जमिनदेखि

मन्दिरको गजुरको टुप्पो/चुचुरोसम्मको उक्त नाप उचाइ रहेको छ।

२. मन्दिरको चौतर्फी फः/पेटीहरू क्रमशः

क. पहिलो जमिन/भुइँ सतह जम्माजम्मी एक रोपनी जग्गा बराबरको मन्दिर आधारभूत क्षेत्रफल रहेको छ।

ख. दोस्रो फः/पेटी ६०'X६०' को रहेको छ।

ग. तेस्रो फः/पेटी ४८'X४८' रहेको छ।

घ. चौथो पेटी ३८'X३८' को रहेको छ।

ङ. पाँचौं पेटी २९'X२९' को रहेको छ।

भुइँ सतह एक रोपनी जमिन बराबरी जग्गा ओगटेर क्रमबद्ध तवरले चेप्टिँदै चारैतिर चोसिएर आनुपातिक रूपमा चुलिँदै उठाउने प्रविधि मल्लकालीन स्थापत्य कला-विज्ञानसम्मत रहे/बनेको छ। हाम्रो आफ्नै पुर्ख्यौली कला साधना संयन्त्र यस्तै बने बनाइएका भएर नै भक्तपुर नगरपालिकाले 'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' धक फुकाएर भनेको छ। सङ्क्षेपमा यस प्रकारको शतप्रतिशत नेपालभाषाका मौलिक, शाश्वत स्वरूपमा निस्वनेगु हुन्छ। नि भनेको जग र स्वनेगु भनेको नयाँ स्तम्भ खडा गर्ने हो। अचेल निस्वनेगुको साटो जग छियगु पनि भनिन्छ। परन्तु काठमाडौंवासी नेवार बन्धुबान्धवलगायत पाटनका नेवारबन्धुहरू पनि निस्वनेगु नै भन्ने गर्छन्।

अब अलिकति यी पेटी (Plinth) का साथै यसका शिरान तहमा जडित भीमकायका अग्राख थामहरूको प्रसङ्ग जोड्नु पनि सिलसिलेबार नै हुने देख्छु। पाँचै तहका पेटी/फःका शिरानमा काष्ठकारिगरीका संयोजनका चर्चा गर्नु उपयुक्त नै हुने देख्छु। दक्षिण अभिमुख मन्दिरका मूलद्वार सिद्धिलक्ष्मी मन्दिर प्रवेशढोका रहे/बनेको छ। पाँचतले मन्दिरलाई यथार्थमा सिद्धिलक्ष्मी मन्दिर नै भनिन्छ। सिद्धिलक्ष्मी मूर्ति नितान्त आकर्षक र भीमकायका देखिन्छ। विविध आकर्षक तर कौतूहलपूर्ण ध्यान, मुद्रा, आसन आदि युक्त देखिन्छन्। विविध मान्त्रिक, तान्त्रिक, यान्त्रिक विधि साधना गरेर जगेर्ना भए/गरिएका सिद्धिलक्ष्मी मन्दिर परिसर नितान्त भावभूमि बने/बनाइएका छन्। ती सबैका मङ्गल मङ्गल्यम्का यथा विवरणात्मक चर्चा-परिचर्चा, प्रसङ्ग र वर्णन गर्नु यस रचनाको उद्देश्य रहेको छैन। दीक्षित कुल घरानका सन्तति भएर सानातिना छेस्काहरूमात्र बछिटिएका हुन्। पुरै हिङ नै नभए नि हिङको टालो त पक्कै छु। एउटा सानु कहावत उखानभित्र पनि सामाजिक संस्कारका विपुल भण्डार रहेका हुन्छन्। प्रत्येक परिवारलाई संस्कारगत दीक्षित बनाउन नसकुञ्जेल हामीले सच्चा नेपाली समाजबाट

देशमा शिलान्यास गर्न सकोइनौं । सिङ्गो एउटै ङातापोल्हँ/सिद्धिलक्ष्मी मन्दिरको आयामिक ज्ञान आर्जन गर्न त विशाल भुमरीभित्र पस्ने चेष्टा जगाउनुछ भने आमूल नेपाली संस्कार, संस्कृति र सम्पदा विश्लेषण गर्न कति पो गर्दै जानु पर्दो हो ... ? सोचनीय छ ।

छोटोमोटो प्रसङ्ग हामीले झलझली देखिरहेका यामानका सालका खम्बा आकारका थामहरूका बारे पनि छोइछिटो गर्नु प्रासङ्गिक नै हुँदो हो । ३६ सिँढीहरू उक्लिसकेर दर्शनार्थी यात्रुहरू मन्दिरको शिखरवर्ती तहमा पुग्छन्, पुग्छौं हामी । त्यहाँ प्रचुर मात्रामा उत्कृष्ट काष्ठ कारिगरीका बेजोड नमुनाहरू चारैतिर दर्शनाभिमुख रहेका छन् । सबैभन्दा पहिले यात्रु वर्गका दृष्टिगोचर हुन पुग्ने तत्त्वहरूमध्ये प्रमुखतः मन्दिरको दक्षिणाभिमुख देवस्थल प्रवेशद्वारका आँखीझ्यालरूपी द्वारका खापाः अनि शिरानीमा जडित नितान्त कलात्मक झन्डै क्षितिजरूपी तोरणमाथि बज्रन पुग्छन् । तोरणको अर्ध गोलाकार संयोजनभित्र अनेकानेक मूर्तिहरू कुँदिए, कुँदिएका छन् । छेउ किनारका स-साना अनेक मूर्तिका मध्य भागमा बकाइदा एक ईश्वरीको ध्यान मुद्रामय मूर्ति रहेको देखिन्छ । यिनका मुद्रामय ध्यानावस्था विश्लेषण योग्य छ । त्यस्ता मुद्रामय ध्यानावस्थाका अनेकौं शिला, काष्ठ, धातुका साथै असङ्ख्य पौभा, थाङ्का, रेखा चित्रहरू विश्वका अनेक सङ्ग्रहालय र विश्वविद्यालयहरूमा सुरक्षित र सुसज्जित थाम बनेको यी आँखाहरूमा दृष्टिगोचर भएका प्रसङ्गवस उल्लेख गरिटोपलेको छुँ- सिद्धिलक्ष्मी मन्दिरको तोरणको प्रसङ्ग र सिलसिलामा ! बेलाबखत प्रसङ्गवश तोरण विषयक रचना, गोष्ठीहरूमा विवेचना गर्दै आएको सिलसिलाबद्ध गरेको आफ्नै डम्फू बजाई नभई राष्ट्रिय सांस्कृतिक सम्पदाकै गरिमामय गाथा मोह ठानेको जाहेर गर्दछु ।

यसै ठाउँमा आगन्तुक महानुभावहरूले अग्राखका पुट पाएका भीमकाय थामहरू पाउनु हुनेछ । ती थामहरू दश इन्च चारैतिर मोटो एकसमान जडिएको पाउनुहुनेछ । ती थामहरूका लम्बाइ आधारस्थल 'लकांसिँ' (Base) बाट ९' नौ फिट उचाइको रहेको पाइन्छ । यी थाम पछाडिका मध्य गाऱ्हो जुन ५'३'' पाँच फिट तीन इन्च मोटाइका छन् । तिनै हुन् - पाँचतले मन्दिर – ङातापोल्हँ देवलको मूलभार बाहक किल्ला ! यसै किल्लालाई पुर्खाले भन्ने गरेका छन्- भूकम्प प्रतिरोधक मूल किल्ला ! भूकम्प प्रतिरोधक मूल किल्ला कम्तीमा पनि बाहिरी फेराका पाँचै तहका पिँढी तहभन्दा गहिराइसम्म जग हालेर मजबुतीकरण गरेको हुनुपर्थ्यो पक्कै ! अनि हाम्रो आफ्नै मौलिक नेपाली परम्परागत शैली संस्कृति मुताबिक जग हाल्दा कसरी, कुन प्रविधि पूर्ण तरिका अपनाउँदा रहेछन् । नियाली

जानकारी हासिल गरेको अनुभूति ताजा छ। १'' या २'' क्रमशः घटाउँदै प्रतिफुट उठाउँदै उठाउँदै जमिन तहसम्म उठाएको देखें, सिकें, जाने बुझेको समझदारी पस्काउन चाहन्छु। लाग्छ, यस्तै प्रगाढ र प्रबुद्ध प्रविधि अनुसरण गरेरै त हाम्रो पाँचतले मन्दिर भूकम्प प्रतिरोधक तुल्याएको हुँदो हो।

सिद्धिमूर्ति विशाल र भव्य छ। त्यस मूर्तिको सबिस्तार व्याख्या गर्न सम्भव भएर पनि कठिन पक्कै छ। स्व. चित्रकार ज्ञानकर बज्राचार्य अङ्कित रङ्गीन चित्रपटले प्रतिनिधित्व गरेको रेखाचित्र यसप्रकार देखिन्छ।


सिद्धिलक्ष्मी

चित्रपटमा रेखाङ्कित मुद्रामय सिद्धिलक्ष्मी मूर्ति भैरवनाथका उन्मत्त आवेगलाई साम्य र मत्थर पार्न सघाउने मान्त्रिक, तान्त्रिक र यान्त्रिक चर्याका पाश नै हुनुपर्दछ। यसको विस्तृत विवेचना अलग्गै फाँटका सन्दर्भ बनाइनु उपयुक्त ठानेको छु।

माथिल्लो अनुच्छेदमा भूकम्प प्रतिरोधक मूल किल्लाको प्रसङ्ग जोडेको थिएँ। भूकम्प प्रतिरोधक किल्ला/गढ निर्माणका लागि बहुविध प्रविधि प्रयुक्त हुनु, गर्नुपर्ने हुन्छ। त्यसमा प्रयुक्त शिला, तिनका आधारभूत आकारप्रकार आदि पर्दछन्। आकारले ढुङ्गाको नाप, चाक्लोपन, बाक्लोपन समाविस्त रहन्छन्। प्रकारले ढुङ्गाको किसिम जनाउँछ। ढुङ्गाहरू चिल्लो, फुस्रो, मध्यम स्तरका काला, सेता ढुङ्गाहरूलाई जनाउँछन्। आफै यस सम्बन्धका विज्ञ नभएर मोटामोटी जानकारी मात्र अगाडि पसारेको छु।

ङातापोल्हँ मन्दिरका छानाहरुकै कारण यसको नामकरण नै पाँचतले मन्दिर रहेको छ। यसको सबैभन्दा पहिलो/तल्लो छाना निकै फैलिएर विस्तृत छ। यसको नाप ५१'X५१' फिटको विस्तृत क्षेत्रफल ढाकेको छ। यसले काष्ठकारिगरीका वस्तुतत्त्वहरूलाई वर्षाको पानीबाट सुरक्षित राख्न भरपुर सघाउँदो प्रविधि अपनाएको छ। दोस्रो तलाको छानोका नाप आकार क्रमशः आनुपातिक रूपमा घट्दै घटाउँदै निर्माण भए/गरिएको छ। दोस्रो तहको छानो ३८'X३८', तेस्रो तलाको छानो ३०'X३०', चौथो तले छानो २२'X२२' र शिखरवर्ती पाँचौं तले छानो १५'X१५' फिटको चतुष्कोणिक रहेको छ। भारवहन क्षमतामा सन्तुलित सघाउ पुऱ्याउन गणितीय विज्ञानले शताब्दीहरू व्यापी भूमिका निर्वाह गर्दो रहेको

यसले मौन भाका हालेको छ । यही नै सबुद रहेको छ कि 'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति' ।

पाँचतले मन्दिरको प्रत्येक तलाको हरेक कुनाकुनामा कुंथां/कुनाको थाम जडित छन् । ती थामहरूका नस (Wall Plate) सम्मै जोडिएकोले चारैतिर मजबुत गठबन्धन हुन पुगेर भूकम्प प्रतिरोधात्मक बनेको छ । साथै ती ५'३'' चाक्लो गारोहरूबीच काठको खाँचो (गलसिं – upright post) राखेर सबलीकरण गरेको हुनुपर्दछ । मन्दिरका पाँचै तलापिच्छे भारवहनको आधारमा क्रमशः पहिलो तलामा २४, दोस्रो, तेस्रो र चौथो तलामा १६–१६ र पाँचौंमा ८ बिलम्पु/त्वनसिं/टुँडाल जडान गरिएका छन् । ती टुंडालहरूमा महिषमर्दिनी भवानीको मूर्ति कुँदिएका छन् । भवानी/भगवती/दुर्गेश्वरीलाई महिष मर्दिनी उपाधि/ विशेषण लगाइएकाको पनि आफ्नै खाले तान्त्रिक रहस्य छ । यस रहस्यको व्याख्याको छुट्टै रचना रच्नु उपयुक्त मान्छु ।

यसरी भारवहन संयन्त्र बनाइएका कुंश्रु । कुंसल (INCLINED FORCE) का किसिमले शोभा सौन्दर्य संयन्त्र पनि बन्न पुगेको छ । यी सबै संयोजन र मन्दिर संरचनालाई केलाउँदै जाँदा तत्कालीन नेपालमण्डलको मल्लकालीन मन्दिर निर्माण शास्त्रमा आधारित ङातापोल्हँ/पाँचतले देवल कति विधि आधुनिक विज्ञान शास्त्रसम्मत प्रमाणित देखिन्छ । नितान्त गहन चिन्तन मनन योग्य देखिन आउँछ । हामीले हाम्रा पुर्ख्यौली आदिम सांस्कृतिक सम्पदाहरूका महिमा गायनमा सक्दो तवरले मस्तिष्क योगदान पुऱ्याई विश्वको ध्यानाकर्षण गरी 'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' लाई दिनानुदिन बढोत्तरी गर्दै लान सक्नुमा श्रेष्ठ छ हामी यावतका लागि .. !

पाँचतले मन्दिरका तलैपिच्छे द्यःझ्यालहरू जडित देखिन्छन् । ती द्यःझ्यालहरूको वैज्ञानिक आधार छन् । द्यःदैवी/शाश्वत/प्राकृत । भन्नुको तात्पर्य हुन आउँछ : दैव आर्थात् प्राकृतिक । प्राचीनकालमा दैवी लीला भन्ने गरेका यावत कथनको अर्थबोध प्राकृतिक नियम । प्राकृतिक नियम भन्नु अहिले विज्ञानसम्मत अर्थात् वैज्ञानिक हुन आउँछ । यसरी एकै शब्दको अर्थबोध समय र युगअनुसार फरक रूपमा प्रकट हुन्छ । द्यःझ्याःले तला तलामा जडान भएका झ्यालले पर्याप्त हावालाई भित्र सञ्चार गरी गराई काठका साधन सामग्री ओसिनबाट जोगाइदिन्छ । जोगाउनु, संरक्षण गर्नु दैवी लीला/धर्म मानिन्छ । धर्मको अर्थ संस्कृतिमा यसरी खुल्न आउँछ र अन्धविश्वास भासिन्छ । र पहिलोमा चारै दिशा ५/५ गरी जम्मा २० ओटा, दोस्रो, तेस्रो र चौथोमा क्रमशः ३/३ ओटा गरी १२

गरी जम्मा ३६ ओटा र पाँचौं तलामा १/१ ओटा गरी जम्मा चारओटा जडित छन्। यसरी कूल ग्र:भ्याः सङ्ख्या ६० ओटा जडिएका छन्।

यस पाँचतले मन्दिरका सबै तलाका छानाछानाका किनारहरूमा जम्मा ५२९ ओटा घण्टाहरू जडिएका छन्। ती स-साना घण्टाहरूलाई नेपालभाषामा फय्गां भनिन्छ। फय्गांको अर्थ विन्यास हुन्छ भन्नाले हावाले हल्लाई बज्ने घण्टी।

अन्ततः यस मन्दिरको प्रत्येक तलाको छानाको कुना कुनामा ग्वङ्गः अप्पा जडित छन्। यस मन्दिरको ग्वङ्गः अप्पाको भिन्न विशेषता देखिन्छ। पहिलो तला भैरवको मूर्ति जडित छन् ग्वङ्गः अप्पाको दायाँमा। दोस्रोमा घोडाको टाउको, तेस्रोमा कुंश्रुख्वाः/मुख बाएको/आँ गरेको दिकपाल र चौथो र पाँचौ तलामा सामान्य तवरका ग्वङ्गः अप्पा मात्र जडिएका छन्। तान्त्रिक मतानुसार ग्वङ्गः अप्पा साधनाको अर्थ हुन्छ- यसले वर्षायामका बिजुली/बज्रपातबाट जोगियोस्।

अन्तमा मिश्र देश इजिप्टको पिरामिड यत्रो लामो समय र शताब्दीहरूमा गएका विशाल र विद्रुप भूकम्पहरूसित मुकाबिला गरी अडिग रहेको विश्वसामु छ। यस्तै हाम्रो पाँचतले (ङातापोल्हँ) मन्दिर पनि रहेको गौरवशाली अहम् बनेको छ।

द्रष्टव्यः

यस रचनाको लागि चाहिँदो सबै प्रकारका जानकारीमूलक तथ्याङ्कका लागि नगर प्रमुख श्री सुनिल प्रजापतिज्यूसित दूरभासमा जिज्ञासा राख्दा यी सबका लागि सम्पदा उपशाखा भनपासँग सङ्कलन गर्न आफैले सम्पर्क गरी सहयोग गर्नुभएकोमा सबैप्रति आभार व्यक्त गर्दछु।

# ङातापोल्हँ (पाँचतले) मन्दिर पुर्खाको अनुपम उपहार



गौरीबहादुर कार्की,
पूर्वन्यायाधीश

भक्तपुरका मल्ल राजा भूपतीन्द्र मल्लले नेपाल संवत् ८२२ (वि.सं.१७५८) पुस कृष्ण त्रयोदशी बुधवार ङातापोल्हँ मन्दिर निर्माण शुरु गरे। सोही वर्ष आषाढ सुदि १ (वि.सं.१७५९) मा गजुर राखेपछि मन्दिर निर्माण सम्पन्न गरियो। यसअनुसार ६ महिनामै आजको पाँचतले मन्दिरको निर्माण कार्य सम्पन्न गरिएको थियो।

लगभग नगरको मध्यभागमा पर्ने टौमढी टोलमा ङातापोल्हँ मन्दिर बनाएका हुन्। यो मन्दिरको उचाइ १०८ फिट (३३.२३ मिटर) छ। यो मन्दिर चारकुने जगमा ९० डिग्रीको कोणमा बनेको छ। पाँचै छाना भने ४५ डिग्री कोणमा रहेका छन्। तले छाना अर्थात् छत्रे नेपाली शैलीमा (प्यागोडा) मन्दिर बनेको छ। मन्दिरको बनावट अद्वितीय छ। नेपालको सबभन्दा अग्लो यो मन्दिर, तल्लो भागमा पेटीको पाँच तह छ भने माथिल्लो भागमा मन्दिरको पाँच तहका छाना रहेका छन्। मन्दिरको जमीन भागको चारै कुनामा ४ गणेशका ससाना मन्दिर रहेका छन्। मन्दिर दक्षिणाभिमुख छ।

मन्दिरको तल सिंढीको दुवैतिर १०।१० गुणा शक्तिले युक्त भएका जोडी ढुङ्गाका सुन्दर मूर्तिहरू राखिएका छन्। ती मूर्तिहरू भगवती माता सिद्धिलक्ष्मीको

पहराका लागि स्थापना गरिएका हुन्। प्रायः सबै मन्दिरमा मन्दिरका स्वामीको बाहनलाई पहरेदारको रूपमा राखिएको पाइन्छ। मानवभन्दा दश गुणा बलियो जैमल प्रताप स्थानीय बोलीमा कुतुवा भनिने मानव मूर्ति, त्यसभन्दा माथि दश गुणा शक्तिशाली हौदा कसेको हात्तीको मूर्ति, त्यसभन्दा माथि हात्तीभन्दा दशगुणा बलियो सिंहको मूर्ति, त्यसभन्दा माथि सिंहभन्दा दशगुणा बलियो गरुड जस्तो मुखाकृति भएको शार्दूलको मूर्ति र सो शार्दूलभन्दा दशगुणा शक्तिशाली सिंहिनी ब्याघ्रिनी देवीका एक जोर मूर्तिहरू रहेको पाइन्छन्। (सिद्धाग्नि...पृ.६८)

यो मन्दिरमा पूजा आजा गर्न पूजारी र तोकिएका बाहेक अन्य मन्दिरमा जस्तो सर्वधारणको प्रवेश छैन। मन्दिर कहिल्यै खुला रहँदैन। भित्र एउटै ढुङ्गामा कलात्मक सिद्धिलक्ष्मीको मूर्ति रहेको छ। ङातापोल्हँ मन्दिरको गर्भस्थानमा वीर बेतालको मूर्ति माथि महारुद्र (भैरव) को मूर्तिमाथि सिद्धिलक्ष्मी देवीको नौ मुख (सबभन्दा माथि एक मुख, त्यसको तल तीन मुख, त्यसको तल पाँच मुख गरी नौ मुख) १८ हात भएको तीन तहको संयुक्त मूर्ति प्रतिस्थापन गरिएको पाइन्छ। देवीको बायाँ श्री मसान भैरव र दायाँ महाकाल भैरवको मूर्ति रहेको छ। मन्दिर पूजाको लागि खुला नरहेकाले यो कुन देवताको मन्दिर भनी चिनिंदैन। पाँचतले मन्दिरको नामले प्रसिद्ध छ।

मन्दिरको पाँचै तला विभिन्न देवदेवीका कलात्मक मूर्तिहरू कुँदिएका १०८ टुँडाल रहेका छन्। पाँचै तलाको छानाको बलेसी चुहिने ठाउँ अर्थात् मुठलमा हावाको झोक्काले बज्ने **फय् गं** भनिने बतासे ५२९ घण्टहरू झुण्डिरहेका छन्। (पहिलो तलामा १६८, दोस्रो तलामा १२८, तेस्रो तलामा १०४, चौथा तलामा ८० र पाँचौ तलामा ४८) (पृ.१११) जम्मा ५२९ बतास घण्ट बनेकोमा प्रयोग नभई एउटा बचेछ। जसलाई अपशकुनको रूपमा थन्काइएको छ। सो घण्ट बजे बजाएमा ठूलो हावाहुरीसहित बेसरी पानी पर्छ भन्ने लोकोक्ति रहेको पाइन्छ।

हावाको लहरमा ५२९ घण्टको मृदु आवाजले परिसर नै घन्किन पुग्छ। त्यतिबेला भैरवनाथले ज्यादै दुःख दिएकाले तान्त्रिक मतानुसार भैरव आसन स्थापना गरेर माता सिद्धिलक्ष्मीले शान्त पारेको भन्ने किंवदन्ती रहेको पाइन्छ। राजा भूपतीन्द्र मल्लले मन्दिरको आग्नेय कोणमा ठूलो घण्ट चढाएको अभिलेख पाइन्छ। जसमा **'ॐ ३ श्री जय भूपतीन्द्र मल्ल देवसन ङातापोल देवलया देवता सम दुंता ने.सं. ८२४ आषाढ शुदी ४ सुभम्'** भनी लेखेको पाइन्छ।

पहिले २०५६ सालमा पनि यही ङातापोल्हँ मन्दिर, ५५ झ्याले दरबार, भाजु पुखु, रानी पुखु, सिद्धपोखरी, भैरवनाथ मन्दिरलगायत थुप्रै सम्पदा पुनर्निर्माणको

काममा भक्तपुर नगरपालिकाको श्रेष्ठता देखिइसकेको हो ।

यसपाला जीर्णोद्धार गर्नुपूर्व ख्वप इन्जिनियरिंग कलेजबाट प्राविधिक अध्ययन गरिएको थियो । भक्तपुर नगरपालिकाले पुरातत्त्वविद्, स्थानीय उपभोक्ता, संस्कृतिकर्मी लगायत र प्रविधिविद्हरूसमेत समावेश गरेर कार्यशाला गरेको थियो । सो कार्यशालाको सुझावसमेतको आधारमा जीर्णोद्धार गरेको देखिन्छ ।

२०७२ भूकम्पपछि मन्दिरको यथार्थस्थिति पत्ता लगाइयो । १९९० सालको भूकम्पमा जस्तै यस पटक पनि मन्दिरको पाँचौ तलामा भूकम्पले क्षति पुऱ्यायो । चारैतिरका गारोमा इटाले ठाउँ छाडेको देखियो । पूर्व र पश्चिमतिरको जगको भागमा पनि सामान्य धसिएको पाइएको छ ।

१९९० सालमा भैरवनाथ मन्दिर पाताल भएछ । पाँचतले मन्दिर भने यथावत् रहेछ । त्यसैले पाँचतले मन्दिरको एक तला छैन, भैरवमन्दिरको पत्तो छैन, 'ङातापोल छता मरु भैल द्यो पत्ता मरु' भनी स्थानीय भाषामा भनिने रहेछ । १८९० र १९६५ को भूकम्पमा भएको क्षति थाहा पाउन सकिएन । २०१९ सालमा राजा महेन्द्रले धेरै मठ मन्दिरसँगै यो ङातापोल्हँको पनि जीर्णोद्धार गराएका थिए । भक्तपुर नगरपालिकाले २०५६ सालमा पूरै जीर्णोद्धार गरेकाले नै २०७२ को भूकम्पमा जोगिन पुगेको हो ।

त्यत्रो भूकम्पमा पनि पाँचौँ तलामा मात्र केही क्षति पुऱ्यायो । मन्दिर निर्माणको मल्लकालीन शैली, प्रविधि,सीप र परम्परागत निर्माण सामग्रीको प्रयोगले भूकम्पबाट ढल्न पाएन । मन्दिरको बनोटमा ढुङ्गा, माटो, इँटा र काठको प्रयोग भएको छ । फलामे सत्तरीलगायत फलामको प्रयोग भएको छैन । यसपाला पाँचौ तला पूरै भत्काएर जीर्णोद्धार गरियो । भूकम्पमा चारै तलाका झिँगटी चिप्लेकाले सबै तलाको छानामा झिँगटी निकालेर पुनः राख्ने काम गरियो ।

## मानव जातिकै सम्पत्ति :

ङातापोल्हँ मन्दिरले भक्तपुरको मात्र शोभा बढाएको छैन, मल्लकालीन सीप र कलाले नेपाल र नेपालीकै गौरव पनि बढाएको छ । युनेस्कोले उपत्यकाका अन्यका साथै भक्तपुर दरबार परिसरलाई पनि विश्वसम्पदा सूचीमा राखेकाले यो नेपालको मात्र सम्पत्ति नभई विश्वकै सम्पत्ति घोषणा भइसकेको छ ।

"Were there nothing else in Nepal, save the Durbar Square of Bhatgaun, it would still be amply worth making a

journey half way round the globe to see" E.A. Powel (The Last Home of Mystry, 1929 London) बेलायती लेखकले आधी विश्व घुम्नुभन्दा भक्तपुर दरबार परिसर घुम्नुलाई महत्ता बताएको पाइन्छ। राज्यले चाहेर पनि यस्ता सम्पदाको नाश गर्न र साविकको स्वरूपमा परिवर्तन गर्न पाइँदैन। भूकम्पमा क्षति पुगेका र १९९० सालको भूकम्प र त्यसअगाडि पनि स्वरूप परिवर्तन गरेर बनाइएका तथा पुनर्निर्माण गर्न छुटेका भक्तपुरकै दरबार परिसरको हरिशङ्कर (लापाँ देग) र यन्त्रशाला मन्दिर, खौमाको उमामहेश्वर, शारदा स्कूलको नारायण मन्दिर, अरनिको सभा भवन परिसरको जगन्नाथ मन्दिर, ९९ चोक, वसन्तपुर दरबार, भाजुपोखरीको मन्दिर, रानीपोखरी आदि पुरातात्त्विक सम्पदाहरूलाई साविक स्वरूपमा भक्तपुर नगरपालिका र पुरातत्त्व विभागले पुनर्निर्माण र जीर्णोद्धार गरिनुपर्दछ।

## ६ महिनामा मन्दिर निर्माण सम्पन्न :

२०७६ कार्तिकमा ङातापोल्हँ मन्दिरको जीर्णोद्धारको काम शुरु गरियो। २०७७ बैशाख २४ मा गजुर राखियो। सबै काम २०७७ असार मसान्तमा सम्पन्न भएछ।  बीचमा एक महिना लकडाउनमा काम गरिएनछ। लगभग ८ महिनामा कार्य सम्पन्न भएछ। पाँचै तलामा खट बाँध्नु परेकाले पनि सम्पन्न गर्न बढी समय लाग्न गएको देखिन्छ। लकडाउनमा पनि काम गरेर सम्पदा निर्माणमा अब्बल मानिएको भक्तपुर नगरपालिकाले छोटै समयमा काम सम्पन्न गरेको देखियो।

अहिले एकतला मर्मत गर्न ८ महिना लाग्यो भने त्यतिबेला ३ सय १९ वर्ष अगाडि अत्यन्त छोटो समय ६ महिनामा नै मन्दिर बनाइएको थियो। त्यतिबेलाको प्रविधि र जनशक्ति कति उँचो, अब्बल र सबल रहेछ। यत्रो पाँच तलाको मन्दिर ६ महिनामा बनाउन सक्नु त्यति बेलाको प्रविधि र सीपको पराकाष्ठा मान्नुपर्दछ। यत्रो मन्दिरको परिकल्पना, नक्सा, कलात्मक ढोका, आँखीझ्याल, टुँडाल, मूर्तिहरूको जोहो गर्न सक्नु, कुन मूर्ति कहाँ राख्ने, कुन टुँडाल कहाँ राख्ने आदि कुराहरू तान्त्रिक साधनानुसार सम्पन्न गरिएको छ। राजा भूपतीन्द्र मल्लले यो एउटा मन्दिरमात्र बनाएका थिएनन्। भैरवनाथलगायत अन्य मन्दिर र सम्पदा पनि बनाएका थिए। यो मन्दिरको अवधारणा (concept) उनको मगजमा उब्जेको भरमा मात्र काम सम्पन्न भएको छैन। यो अवधारणालाई कार्यरूपमा परिणत गराउन मोनालिशाका कलाकार सर्जक लियोनार्डो दा भिन्चीको झैं जगदेखि गजुरसम्मको एक एक नापो उनको मगजबाट निस्केर कागजमा उतारेको

हुनुपर्दछ । त्यसैअनुसार झ्याल, आँखीझ्याल, ढोका, पेटीमा ढुङ्गाका मूर्तिहरू, तोरण, तलैपिच्छेका फरक फरक नापोका टुँडालहरू, खोपाका मूर्तिहरू, चार कुनाका विभिन्न जातका इँटाहरू आदि दिमागबाट निकालेर कसरी कार्यरूपमा परिणत गरे होलान् भनी कल्पना गर्न पनि सकिन्न ।

त्यतिबेला भक्तपुरका चारैतिरबाट काठ ल्याइएको, बनेपा, पनौतीबाट समेत काठ ढुङ्गा ल्याइएको, ठाउँ ठाउँमा इँटा भट्टा खडा गरिएको पाइन्छ । सम्बन्ध राम्रो नरहेको कान्तिपुरबाहेक ललितपुर, उपत्यकाबाहिर गोरखा, पाल्पा, मकवानपुर राज्य र अन्य पहाडी भेगबाट पनि सुमधुर सम्बन्धले गर्दा राजा भूपतीन्द्र मल्लले सहयोग पाएको देखिन्छ ।

मन्दिर निर्माणको एक एक विवरण कुन दिन के काम गरियो ? ढोका कहिले राखियो ? टुँडालमा कुन कुन देव देवीको मूर्ति रहेको छ ? मुठलमा घण्ट कतिओटा छन् ? गजुरको तौल कति छ ? पाँचतले मन्दिरको अभिलेखमा सबै निर्माण र खर्चको विवरणसमेत **सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा** किताबमा पाइन्छ । तर मन्दिरको नक्सा र कलाकृतिलगायतको नापोको विवरण भने पाइँदैन ।

राष्ट्रिय अभिलेखालयमा रहेको नेपाल भाषा नेवारी अभिलेख ग्रन्थसूची तयार गर्ने क्रममा नेवारी भाषा र लिपिमा लेखिएको यो कृति डा.जनकलाल वैद्यले पत्ता लगाउनुभएको हो । अनि उहाँले नेपाली भाषामा अनुवाद गरेपछि २०६१





मन्दिर सफाइ, मर्मत र भण्डा फेर्न जाने बाटो

सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले प्रकाशन गरेको हो ।

यो मन्दिर बनाउन ३२ लाख ७८ हजार ८८६ गोटा इँटा खरिद गरिएको थियो । (पृ.२८) तेलिया इँटा, छाना छाउने झिँगटी, अन्य बुट्टे विभिन्न आकारका इँटा आदि प्रयोग भएका छन् । गजुरको तौल ४० धार्नी १०० केजी रहेको छ । जसमा ३७ तोला सुनको जलप लगाइएको छ ।

राज्य बाहिरका समेत धेरैको सहयोगमा मन्दिर निर्माण सम्पन्न भएकोमा राजा भूपतीन्द्र मल्लले ठूलो भोज **तःभ्वय्** आयोजना गरेका थिए । जसमा सबै जातका गरी २० हजारभन्दा बढी अतिथिको उपस्थिति थियो ।

मन्दिर निर्माण पूरा भई गजुर राखेको शुभ दिनको स्मरण गर्दै अहिले पनि हरेक वर्षको असार सुदी १ मा वर्षबन्धन पूजा र झन्डा फेरिन्छ । तोकिएका अवाल जातिले झन्डा फहराउँछन् । मन्दिर भित्रभित्रैबाट गजुर रहेको पाँचौं तलासम्म जान प्रत्येक तलाको उत्तरपट्टि छानामा मान्छे जानसक्ने गरी खोल्ने र बन्द गर्ने सानो प्रवेश (प्वाल) राखेको छ । प्रत्येक वर्ष झिँगटीमा उम्रेको घाँस वर्षा सकिने बित्तिकै उखेलेर सफा गर्ने गरिन्छ । गाउँतिर पनि झिँगटीको छानामा यस्तै गर्ने चलन मैले आफ्नै घरमा बाल्यकालमा देखेको थिएँ । फुटेका झिँगटी फेर्न र मर्मत गर्नको लागि यो बाटो शुरुदेखि नै बनाएको पाइन्छ ।

## उपभोक्ता समितिबाट निर्माण :

मन्दिर निर्माण उपभोक्ता समितिबाट गरिएछ । अध्यक्ष केशव तमखुको सक्रियतामा जीर्णोद्धार सम्पन्न भएको पाइन्छ । नगरपालिकाले सबै निर्माणको काम ठेक्का होइन उपभोक्ता समितिबाट गराउने गरेको पाइन्छ । भक्तपुरमा जति सम्पदा पुनर्निर्माण वा जीर्णोद्धार भएका छन् सबै सरकारी लागत अनुमानभन्दा धेरै थोरै लागतमा सम्पन्न भएका छन् । यो मन्दिर जीर्णोद्धार गर्न रु.६५ लाख १३ हजार सरकारी लागत अनुमान भएकोमा ज्याला, सामान र भाडामा गरी रु.३८ लाख ७७ हजार अर्थात् लागत अनुमानको ५९.५२ प्रतिशत घटीमा काम सम्पन्न भएको देखिन्छ । यो खर्चमा सर्वसाधारणलगायतबाट प्राप्त आर्थिक सहयोग रु १५,४७,५७०। समेत समावेश भएको देखिन्छ । यसअनुसार आर्थिक सहयोगबाहेक नगरपालिकाको खूद लगानी रु. २३,३०,०५८।४१ पर्न गएको देखिन्छ । जिन्सी सामान बाँस, झिँगटी, इँटाहरूमा रु. ५,६३,७००। बराबरको सहयोग मिलेको देखिन्छ । लागत अनुमानभन्दा रु. २६,३५,७२९।८६, अर्थात् ३९ प्रतिशत कम खर्चमा निर्माण काम सम्पन्न भएको देखिन आयो ।

पाँचौं तलामा चर्केका, इँटाले ठाउँ छाडेको अवस्थाका तस्बिरहरू






भक्तपुर नगरपालिकाले उपभोक्ता समितिबाट स्थानीय सीप, जनशक्तिसमेतको प्रयोग गरी कम खर्चमा लागत अनुमानबमोजिमको उच्च गुणस्तरमा काम गर्ने गरेको पाइन्छ। सम्पदा निर्माणमा ठेक्काबाट गराउँदा नाफाको कुराले गुणस्तरमा कमी आउला भन्ने डर हुन्छ। ठेक्कामा कम गुणस्तरको निर्माण सामग्री, अनुभवहीन कालिगडको प्रयोग हुन सक्छ। तर उपभोक्ता समितिले स्थानीय अनुभवी कालीगड र सीपको प्रयोग गराउँछ। नगरपालिकाले ठेक्कामा काम नगराएकोमा केही राजनीतिक र निजी क्षेत्रबाट विरोध भएको पाइन्छ। राजनीतिक रूपमा नगरपालिकाले फाइदा लियो भनिन्छ। तर लागत अनुमानभन्दा विभिन्न सम्पदा जीर्णोद्धारमा ५० प्रतिशतसम्म खर्च कम लागेको सम्बन्धमा भने कुनै प्रतिक्रिया आएको पाइँदैन। उपभोक्ता समितिबाट काम गराउँदा सार्वजनिक खरिद ऐनको प्रावधान मिचियो भनिन्छ। तर कम खर्चमा काम सम्पन्न गरेर राष्ट्रिय सम्पत्तिको जगेर्ना गरेतर्फ भने कुनै प्रतिक्रिया पाइँदैन।

राजा भूपतीन्द्र मल्लले मन्दिर बनाउन टुँडाल, मूर्ति, आदि सामानको कति वर्षदेखि तयारी गरेका थिए होलान्। त्यस्ता कलात्मक टुँडाल २।४ महिनामा तयार हुन सक्ने पनि होइन। पहिलेदेखि नै तयारी गरिँदै आएको थियो भन्ने कुरा कर्मी छत्र सिंहले २९५ दिन काम गरेको (पृ.१४३) लोहकर्मी तुल सिंहले ४९९ दिन (पृ.१३८) काम गरेको अभिलेखबाट नै काठमा बुट्टा, मूर्तिको काम, ढुङ्गाको मूर्ति बनाउने आदि काम २ वर्ष अगाडिदेखि नै तयारी गरिँदै गरेको पुष्टि हुन्छ। यो मन्दिरको अहिलेको भाषामा विस्तृत डिजाइन भने पहिले नै गरिएअनुसार नै सामान तयारी हुँदै गरेको देखिन आयो। तयार पार्न धेरै समय लाग्ने टुँडाल, आँखी झ्याल, मूर्तिहरू पहिले नै तयार पारिएकाले नै पाँचतले मन्दिर ६ महिनामा निर्माण सम्भव भएको अभिलेखबाट नै देखियो। यो अद्भुत कार्य विश्वको आठौं आश्चर्य मान्नुपर्दछ भनी डा.पुरुषोत्तमलोचन श्रेष्ठले लेख्नुभएको पाइन्छ।


सिद्धिलक्ष्मीको चित्र

राजा भूपतीन्द्र मल्ल कति जनप्रेमी रहेछन् भन्ने कुरा यो मन्दिरको निर्माणबाट पनि देखियो। उनको मन्दिर सम्बन्धी कलात्मक र प्राविधिक ज्ञान कति अब्बल

रहेछ। उनका त्यतिबेलाका शिल्पीहरू (आर्किटेक्ट, इन्जिनियर), अन्य कलाकार, काष्ठकर्मी, लौहकर्मी, डकर्मी, सिकर्मी आदि कति सिपालु र उत्कृष्ट रहेछन् भन्ने देखिन्छ। इँटा, काठलगायत जनशक्तिको जोहो आजको भाषामा व्यवस्थापन (Management) क्षमता कति उम्दा रहेछ भन्ने पुष्टि हुन्छ। चारैतिरबाट जिन्सी र जनशक्तिको सहयोग लिएका थिए।

लोकतान्त्रिक र गणतान्त्रिक नेपालमा २६।२७ वर्षमा पनि मेलम्चीबाट राजधानीमा पानी ल्याउन सकिएको छैन, समस्यामाथि समस्या थपिइरहेका छन्। कैयौं वर्षदेखि पुल र विकास आयोजना अलपत्र छन्, दशकौंदेखिको राष्ट्रिय प्राथमिकताको सिक्टा सिँचाइ जस्तो योजना अलपत्र छ।

यो पाँचतले ङातापोल्हँ मन्दिर नयाँ बनाउने हो भने डिजाइन र लागत अनुमानमै कम्तिमा २ वर्ष लाग्न बेर छैन। नेपालको अहिलेको रानीपोखरी, पुल, सिँचाइ योजनालगायत राष्ट्रिय प्राथमिकता प्राप्त निर्माण व्यवस्थापन क्षमता हेर्ने हो भने दश वर्षमा पनि यस्तो मन्दिर निर्माण सम्पन्न होला जस्तो लाग्दैन।

युरोप अमेरिकामा आधुनिक व्यवस्थापन सिक्न गइन्छ। अधिकांश इन्जिनियरिङ जनशक्ति समुद्रपारमै दीक्षित छन्। तर आफ्नै देशको ३०० वर्षअगाडिको डिजाइन, निर्माण, व्यवस्थापन, प्रविधि र कार्यान्वयनतर्फ हामीले अध्ययन, अनुसन्धान र मनन गर्न समय नै पाएनौं।

भक्तपुर नगरपालिकाले यो राष्ट्रिय धरोहरलाई जीर्णोद्धार सम्पन्न गरेकोमा बधाई। राष्ट्रिय कला सङ्ग्रहालय,लाल बैठक भवनलगायत बाँकी अन्य सम्पदाको पनि शीघ्र जीर्णोद्धार हुन हतार भइसकेको छ।

gauribkarki@gmail.com

**सन्दर्भ स्रोत :**

१. लीलाभक्त मुनंकर्मी, नेपालका सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन, २०४१, प्रकाशिका श्रीमती भवानीकेशरी मुनंकर्मी, भक्तपुर।

२. पुरुषोत्तमलोचन श्रेष्ठ, पाँचतले मन्दिरका अनौठा कुरा, कान्तिपुर कोसेली, ९ कार्तिक २०७६

३. Damage Assemssment of Nyatapola Temple, Technical Section, Khopa Engineering College, Bhakatapur and Bhaktapur Municipality. 3rd Feb 2020

*९ असोज २०७७, सूर्यविनायक-८, भक्तपुर*

# पाँचतले मन्दिरका अनौठा कुरा



– डा.पुरुषोत्तमलोचन श्रेष्ठ

समय परिस्थितिले कोल्टे फेर्दा भ्यागुताले पनि हात्ती निल्न भ्याउँछ, एक्लो सिंहलाई पनि स्यालहरूको समूहले सजिलै सिध्याउँछ र लामखुट्टेले पनि हात्तीका चारवटै खुट्टा च्याप्प समाएर हल्लाई हल्लाई खान्छु भन्छन् । (श्रेष्ठ, 'भैरवचोकका कलाकृति', भक्तपुर : १/१७/२०५५) यी कुरा पत्याउनुहुन्न भने भक्तपुर राजदरबारको भैरवचोकमा जानुहोस् ।

त्यहाँ भित्र पस्नेबित्तिकै देखिने पश्चिमाभिमुख तीनमुखे कलात्मक काष्ठ-झ्यालमुनिका भागमा माथि वर्णित कुरा त 'लाइभ' नै देख्न पाउनुहुन्छ ।

अझै पनि विश्वास लाग्दैन भने भक्तपुर शहरका बाजेबज्यै, काका काकीहरूलाई यसबारेमा सोध्नुहोस्, उहाँहरूले त मल्लकालदेखि लोकजीवनमा जीवन्त रहिआएको यस विषयको थप पूरै गीतसमेत सुनाउनुहुनेछ । गम्भीर भएर यस विषयमा अलिकता गहिरिएर विचार गरेपछि तपाईंको अन्तःस्करणबाट अनायास उठ्ने उत्तरले नै तपाईंलाई माथिका कुरा 'सत्य रहेछ' भनी पत्याउन बाध्य पार्छ । बलभन्दा बुद्धि ठूलो हो । बुद्धिले बल हुन्छ । बुद्धिले 'कमान्ड' गरेको एकीकृत बलले समूहको अद्भुत बल पैदा गर्छ र त्यस्तो बलले सिर्जना हुने कृति पनि उस्तै अतुल्य र अद्भुत हुन्छ । पत्याउनुहुन्न भने ६ महिनाको छोटो समयावधिमा निर्माण सम्पन्न भएको पाँचतले मन्दिरलाई नै हेर्नुहोस् ।

नेपालमण्डलका तीनवटै शहरमा पाँचतले मन्दिरहरू छन् । तैपनि 'पाँचतले

मन्दिर' को स्मरण मात्रले पनि हाम्रो आँखासामुन्ने भक्तपुरकै विश्व प्रसिद्ध पाँचतले मन्दिर झल्झली नाच्न आइहाल्छ। सो मन्दिर तत्कालीन भक्तपुरका राजा भूपतीन्द्र मल्ल (नेसं ८१६–८४२) ले बनाउन लगाएका हुन्। जति हेरे पनि हेरिरहूँजस्तो लाग्ने यो विशाल मन्दिर जति सुन्दर छ, उस्तै भव्य छ। नेपालको यो एकमात्र सबैभन्दा अग्लो (१०८ फिटर ३३.२३ मिटर अग्लो) बहुछाने शैली मन्दिर हो। वास्तुतन्त्र विधिअनुरूप बनेको यस मन्दिरको गर्भस्थानमा बेताल+भैरवी+रूद्रासन गरेकी सिद्धिलक्ष्मी देवीको मूर्ति (माथि एक मुख+त्यसमुनि तीन मुख+त्यसमुनि पाँच मुख गरी ९ मुख र १८ हात भएकी) प्रतिस्थापित गरिएको छ। मन्दिरको भव्यता विचार गर्दा 'भूपतीन्द्र मल्लले धेरै वर्ष लगाएर बनाउन लगाएका होलान्' भन्ने लाग्न सक्छ।

भूपतीन्द्र मल्लले ङातापोल्हँ देवल बनाउन लगाउनुभन्दा पहिले टौमढीटोलमा 'ङातापुलु' नामको पाँचतले मन्दिर थियो। ङातापोल्हँ देवल (वर्तमानको पाँचतले मन्दिर) बनाउनका लागि ङातापुल भत्काइएको नूतन तथ्य पनि थाहा हुन आएको छ। राष्ट्रिय अभिलेखालयमा रहेको ग्रन्थ 'सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा' बाट यो रहस्य खुलेको हो। डा. जनकलाल वैद्यले पत्ता लगाएको यो ग्रन्थबाट अरू पनि रोचक कुरा थाहा भएका छन्। पुरानो मन्दिरलाई नेसं ८०१ को भूकम्पले भत्काएको पो थियो कि भन्ने अनुमान पनि छ।

पाँचतले मन्दिरको निर्माण कार्य नेसं ८२२ पौष कृष्ण त्रयोदशी, बुधबारको दिनबाट आरम्भ भएको प्रमाण सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा लगत-ग्रन्थको पत्राङ्क १ ख बाट प्रष्ट हुन्छ। मन्दिरको टुप्पोमा रहने गजुर पूर्णताको प्रतीक हो। पाँचतले मन्दिरको निर्माण कार्य पूरा भएपछि नेसं ८२२ आषाढ सुदि १ मा सो मन्दिरको टुप्पोमा गजुर राख्ने काम भएको रहेछ।

भूपतीन्द्र मल्ल र जनताको एकीकृत शक्तिले मिलेर काम गर्दा नेपालकै सबभन्दा विशाल मन्दिर ६ महिनाको छोटो समयावधिमा बनेको देखिन्छ। मन्दिर निर्माण कार्य पूरा गरी गजुर हालेको उत्सव-दिनको स्मरण गर्दै हरेक वर्षको आषाढ सुदि १ मा पाँचतले मन्दिरको वर्षबन्धन पूजा र, त्यसको भोलिपल्ट भक्तपुर तलेजुमा ब्राह्मण, जोशी र कर्माचार्यहरूद्वारा पञ्चोपचारसहितले 'था पूजा' (कुनै विशेष कार्य सम्पन्न भएको उपलक्षमा गरिने तान्त्रिक पूजाविशेष) गर्ने चलन आज पनि छ। पाँचतले मन्दिर निर्माण भएको अवसरमा भूपतीन्द्र मल्लले सो मन्दिरकै अगाडिको ठूलो डबलीमा (तह्राँ दबु) सिद्धाग्नि कोट्याहुति यज्ञ गर्न लगाएका थिए। त्यस अवसरमा उनले यज्ञकर्ता पुरोहित ब्राह्मण, जोशी र कर्माचार्यहरूलाई स्वर्णमुकुट प्रदान गरेका थिए। आफ्ना पूर्वजलाई प्रदान गरेको

स्वर्णमुकुटलाई त्रिपुर विद्यापीठ आगमका कर्माचार्यहरूले आज पनि जोगाएर राखेका छन्। सो स्वर्णमुकुटको पार्श्वभागमा कुँदिएको अभिलेख यस प्रकार छ :

*श्रीश्रीजय भूपतीन्द्र मल्लदेवसन सिद्धाग्नि कोट्याहुति यज्ञ यातं दयका ॥ सं.८२२ जेष्ठ शुदि ९ शुभ ॥'* (श्रेष्ठ २००२, पृष्ठ ८५)

पाँचतले मन्दिरको प्रतिष्ठा नेसं ८२२ आषाढ महिनामा भएको रहेछ भन्ने कुराको थप प्रकाश पार्ने पहिलो शिलालेख प्रमाण भक्तपुर राजदरबारको अनुसन्धानको क्रममा त्यहाँको एउटा ठूलो इनार भएको चोक 'तुंथि चुक' बाट पत्ता लाग्न आएको छ। (सो शिलालेख अहिले राष्ट्रिय कला सङ्ग्रहालयमा राखिएको छ)।

यी माथिका थप प्रमाणहरूबाट पनि पाँचतले मन्दिरको निर्माण ६ महिनाको छोटो समयावधिमा सम्पन्न भएको थियो भन्ने कुरा निश्चित रूपले ज्ञात हुन्छ। र, यसरी असम्भव भन्नेहरूका लागि एउटा अनुपम उदाहरण हो पाँचतले मन्दिर। एकतामा बल छ वा भनौं 'म' होइन 'हामी' भई मिलेर काम गरेमा अविश्वसनीय लाग्ने जस्तोसुकै असम्भव काम पनि आश्चर्यचकित पार्ने अद्भुत ढङ्गले सम्पन्न हुँदो रहेछ भन्ने कुराको अतुल्य उदाहरण हो पाँचतले मन्दिर। यति कुरा थाहा भएपछि 'संसारका सात आश्चर्य' मा एकपल्ट पुनर्विचार गरी तिनको सङ्ख्यालाई आठ पुऱ्याएर तीमध्येको एउटा उदेकलाग्दो आश्चर्यमा अब पाँचतले मन्दिरलाई राख्नतिर लाग्ने होइन र !

बुद्धिले बल हुन्छ। बुद्धिले परिचालित हुने एकीकृत बलले पत्याउनै नसकिने गरी चौतर्फी विकास र सिर्जना हुन्छ, सुन्दरता र शोभा ल्याउँछ। देश विकास हुन्छ, बलियो हुन्छ, बाहिरकाले हेप्न सक्दैन। देशलाई आत्मनिर्भर तुल्याउँछ। मलाई लाग्छ यो मन्दिरबाट हामीले लिनुपर्ने एउटा सन्देशदृष्टान्त यो पनि हो।

पाँचतले मन्दिरको निर्माण भएलगत्तै अनेक साङ्गीतिक कार्यक्रमहरू पनि भए। त्यसबेला गाइएको तल प्रस्तुत एउटा दाफा भजन भने आज पनि गुञ्जने गर्छ। (ठाकुरलाल मानन्धरको पुलांगु मे मुना, प्रथम संस्करण, पृष्ठ १९-२० मा सर्वप्रथम प्रकाशित। भावानुवाद : वैद्य : २०६१, पृष्ठ ६२)

राग

*जयभूपतीन्द्र मल्ल धरममूरती ॥धु॥*
*वसन देगोल दाङ देवी प्रीतिन ॥ .....*
*नसे च्याया दथुसं नसे ताङाव ॥*
*दितरा थोकया पादु जुया दिन जाव धरममूरती ॥*

*क्वथु फले जयप्रताप वया चोसं किसि ॥*
*सिंह शार्दूल अना अतिशोभा जुल धरममूरती ॥*
*ङातपोलया चोसं छाल लुंगजुल ॥ ......*
*वसन जज्ञ यात कोटी आहुति ॥*
*बिल पुरोहितयात मूल लुंमुकुति ॥ ......*

(भावानुवाद : धर्म-मूर्ति स्वरूप भएका राजा भूपतीन्द्र मल्लको जय हो । उहाँबाट देवी सिद्धिलक्ष्मीप्रति प्रीति भक्ति चढाउने हिसाबले पाँचतले मन्दिर बनाउन लगाउनुभयो, नेसं ८२२ आषाढ शुल्क पक्ष प्रतिपदा तिथि दिनमा उक्त मन्दिरमा देवी प्रतिमा र मन्दिरमाथि सुनको गजुर चढाउनुभयो । मन्दिरका पेटी (फले) का पाँच तह छ । त्यसमा स्थापना गरिएका मूर्तिहरूमध्ये सबभन्दा तल्लो पेटीमा जय मल र प्रतापको मूर्ति युगल, त्यसपछि क्रमशः माथि एक जोर हात्ती, एक जोर सिंह शार्दूल (एक जोर अद्भुत जनावर), सिंहिनी, ब्याघ्रिनी देवी र चारै कुनाका गणेशहरूका मन्दिरहरूका साथमा त्यस मन्दिर शोभायमान् भएको छ । उहाँले कोटि आहुति यज्ञ गराउनुभयो । मूल पुरोहितलाई सुनको मुकुट उपहार दान दिनुभयो । त्यस्ता धर्ममूर्ति राजा भूपतीन्द्र मल्ल धन्य हुन् ।)

यसरी माथि उल्लिखित अन्य प्रमाणलगायत यस गीतमा आएको 'नसे च्याया दथुस नसे ताङाव' ले पनि पाँचतले मन्दिर ने.सं.८२२ मा बनेको रहेछ भन्ने कुराको थप पुष्टि मिल्छ । रोचक कुरा के छ भने यहाँ संवत्‌लाई अङ्कमा नभएर शब्दमा घुमाउरो ढङ्गले प्रस्तुत गरिएको छ र त्यो पनि गीतकै एक बोल वा पङ्क्तिका रूपमा । संवत्‌लाई अक्षर वा शब्दद्वारा पनि प्रस्तुत गर्ने परम्परा प्राचीनकालदेखि पूर्वमध्यकालसम्म पनि चलेको देखिन्छ । यस्तो परम्परा उत्तरमध्यकालदेखि भने प्रचलनमा आउन छाडेको विदित हुन्छ । यसैले यस गीतमा आएको संवत्‌लाई अपवादको रूपमा वा विरलाकोटि उदाहरणको रूपमा मान्न सकिन्छ । साथै शब्दद्वारा प्रस्तुत संवत्‌लाई अङ्कमा ल्याउनुपर्दा त्यस्ता अङ्क बायाँबाट वा उल्टो गणना गर्ने मान्यता वा पद्धति प्रचलित रहेको पाइन्छ ।

सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा ग्रन्थ (डा. वैद्य, २०६१) को अध्ययनबाट यस मन्दिरका बारेमा अन्य रोचक तथ्य पनि खुल्न आएको छ । तीमध्ये केही निम्नलिखित छन् :

– पाँचतले मन्दिर बनाउनका लागि ११३५३५० वटा ईँटा, १०२०३५ वटा तेलिया ईँटा, २७०८४ वटा 'उपा' किनेर प्रयोगमा ल्याइएको थियो । ती निर्माण सामग्री उत्पादनका लागि नगरबाहिरका आठ स्थानमा ईँटाभट्टा खोलिएका थिए । थिमिबाट पनि 'चिकपा' ल्याइएको थियो ।

– पाँचतले मन्दिरको गजुर ४० धार्नीको छ। त्यसमा ३७ तोला सुनको जलप लगाइएको थियो। यस मन्दिरको छानामा झुन्ड्याउनका लागि बनाइएका ५२९ वटा 'फय् गं' (हावा चलेर बज्ने सानो घण्ट) मध्ये माथिल्लो छानादेखि क्रमशः ४८, ८०, १०४, १२८, १६८ झुन्ड्याइएका थिए र एउटा बाँकी रहन पुगेको थियो। बचेको सो घण्टलाई अशुभ ठानी 'पाँचतले मन्दिरमा एउटा फय् गं छ। सो बजेमा वा बजाएमा ठूलो हावाहुरीसहित बेस्सरी पानी पर्छ' भन्ने लोककथन छ।

– भक्तपुर शहरका चौबीसै टोल, सात ग्रामप्रदेश, ललितपुरलगायत वरपरका छिमेकी ग्रामप्रदेश गरी हजारौं कामदारको एकीकृत शक्तिले छोटो समयावधिमै यो मन्दिर निर्माण सम्पन्न भएको अपार सफलताको खुसियालीमा राजा भूपतीन्द्र मल्लले सबैप्रति कृतज्ञता दर्साउँदै, अतिथि सत्कार गर्दै राष्ट्रिय स्तरको विशाल भोज 'तःभ्वय्' को आयोजना गरेका थिए जुन भोजमा सबै जातका गरी २० हजारभन्दा बढी अतिथि भेला भएका थिए।

अनेकतामा एकताको प्रतीक हो पाँचतले मन्दिर। व्यक्तिवादी 'म' हैन, जनवादी 'हामी' भई मिलेर काम गर्ने आदर्श भावको अनुपम उदाहरण प्रतीक हो पाँचतले मन्दिर। यस मन्दिरको अनेक महत्त्वलाई बुझेर विसं २०१९ सालमा तत्कालीन राजा महेन्द्रले यस मन्दिरको जीर्णोद्धार गर्न लगाएका थिए। विसं २०५६ मा भक्तपुर नगरपालिकाले यस मन्दिरको जीर्णोद्धार गरेको थियो। समय-समयमा हुने जीर्णोद्धारले सम्पदा मजबुत रहिरहन्छ, ढल्न पाउँदैन। जीर्णोद्धार नभएको भए सायद यो मन्दिर आज हाम्रोसामु यसरी खडा रहने पनि थिएन होला, विसं २०७२ साल वैशाख १२ गतेको महाभूकम्पले यसलाई ढालिसक्ने थियो होला। सो भूकम्पले यस मन्दिरको माथ्लो तलामा भने केही क्षति पुऱ्याएको छ।

जे होस् ! शिर ठाडो पारेर यो मन्दिरलाई हेरिरहँदा यस्तो पनि प्रतीत हुन्छ मानौं यसले ढल्न जानेकै छैन। र भूकम्पहरूको इतिहासलाई हेर्दा कुनै पनि महाभूकम्पले यसलाई ढाल्न सकेकै छैन।

नेपाल र नेपालीले गौरव गर्ने यो पाँचतले मन्दिरको संरक्षण संवर्द्धन यसरी बेलाबखतमा हुँदै आएको देखिन्छ। र यो पङ्क्ति लेख्दासम्ममा खुला आकाशको पृष्ठभूमिमा तहतह परेका विशाल पखेटा फिँजाएर मन्दिरलाई उडाइरहेका झैं लाग्ने यसका सुन्दर छानाहरूमा घाँस पनि उम्रेका छन्। आशा छ, फेरि पनि यसको जीर्णोद्धार हुनेछ। र भरोसा छ, भोलिका हाम्रा पुस्ताका माझमा पनि सगौरव यो अनुपम, अद्‌भुत निधि उस्तै शानले उठिरहनेछ।

*(कान्तिपुर, २०७६ कार्तिक ९ बाट)*

# गगनचुम्बी सांस्कृतिक धरोहर ङातापोल्हँ (पाँचतले) मन्दिर

–ओम धौभडेल



## अवस्थिति

ङातापोल्हँ मन्दिर भक्तपुर नगरको मध्य भाग मानिने तमारी (टौमढी) टोलको मध्य भागमा दक्षिणाभिमुख भई स्थापित एउटा महत्त्वपूर्ण सम्पदा हो। तमारी टोलभन्दा माथिपट्टिको भेग अर्थात् पूर्वी भेग थने र तल्लो भेग अर्थात् पश्चिम भेगलाई क्वने भनिने चलनबाट ङातापोल्हँ रहेको यो ठाउँ नगरको मध्य भाग हो भन्ने बुझिन्छ। गहिटी, चलाखु, स्वमला, बहत्वा, तधिछे बाहा, क्वाछे र साकोठा गरी सात ठाउँहरूबाट आउन मिल्ने गरी बनेको तमारी (टौमढी) टोलमा तिलमाधव नारायण चोक, ऐसामढी, भैरवनाथ मन्दिर, सुनको धारा, पुबहा, जोर गणेश, आदि विभिन्न सम्पदाहरू रहेका छन्। यसमा पूर्वतर्फ रहेको भैरवनाथको मन्दिर, पश्चिमतर्फको पुबाहा, उत्तरतर्फको ङातापोल्हँ र दक्षिणतर्फको तिलमाधव नारायण चोकले घेरिएको खुला ठाउँसहितको भागले ङातापोल्हँ र वरपरका अरू कैयौं सम्पदाहरूले सदैव आकर्षणको केन्द्र बन्न मद्दत पुऱ्याउँदै आएका छन्। अझ यही ङातापोल्हँ मन्दिरको सम्मुख रहेको तधां दबु (ठूलो डबली), चिधां दबु (सानो डबली) र बेत दबु (बेताल डबली) मा बीस सम्पूर्ण तमारी टोलको अवलोकन गर्न

पाउनु त अहोभाग्य नै हो । यहाँ रहेको ङातापोल्हँ मन्दिर नेपालकै सबैभन्दा अग्लो मन्दिर अवश्य हो । तर एउटा तथ्य सबैलाई रोचक लाग्न सक्छ कि त्यही तमारी टोलको वरपरबाट हेर्दा पनि ङातापोल्हँ मन्दिर देख्न सकिँदैन । गहिटी टोलबाट तमारी जाने क्रममा ऐसामढीसम्म पुग्दा पनि यत्रो ठूलो ङातापोल्हँ मन्दिर देख्न सकिँदैन । त्यस्तै नगरको माथिल्लो भेगबाट तमारी आउने क्रममा क्वाछे पुग्दासम्म पनि ङातापोल्हँ देखिँदैन । यसरी टौमढी टोल आउने सातओटै मार्ग नजिकसम्म पुग्दा पनि ङातापोल्हँ नदेखिनु आफैमा रोचक विषय हो ।

## इतिहास

भूपतीन्द्र मल्ल आफ्ना बाबु जितामित्र मल्ल राजा जीवित छँदै बनेको इतिहासबाट थाहा हुन्छ । युवराज छँदै भक्तपुर दरबारअगाडिको ढुङ्गेधारा पुनर्निर्माण गरी आफ्नो इच्छा आकाङ्क्षा प्रस्तुत गरेका भूपतीन्द्र मल्ल ने.सं. ८१६ पछि त आफ्नै बाबुलाई अपदस्थ गरी राजा बने । यसै क्रममा ने.सं.८१८ मा सिंहध्वाका दरबार, ने.सं. ८१९ मा नृत्य वत्सला मन्दिर, ने.सं ८२० मा यन्त्र वत्सलाको पुनर्निर्माणपछि ने.सं.८२२ मा ठूलो आकारको मन्दिर बनाउने आकाङ्क्षा पलायो । त्यसो त ने.सं ८१९ देखि नै यसको तयारी गरिएको थियो । योजनाअनुरूप ने.सं.८२२ पौषबाट शुरु गरी ने.सं ८२२ आषाढ शुक्ल प्रतिपदाको दिन सम्पन्न भएको थियो । भूपतीन्द्र मल्लले बनाउन लगाएका सम्पदाहरूमा ङातापोल्हँ एउटा जीवन्त धरोहर मानिन्छ ।

## राजनैतिक महत्त्वको मन्दिर

आजभन्दा तीन सय उन्नाइस वर्षअगाडि बनेको एउटा मन्दिर आज पनि आफ्नै मौलिक वास्तुकला एवम् स्वरूपको कारण विश्व प्रसिद्ध बनिरहेको छ भन्दा अचम्म लाग्न सक्छ । भक्तपुरको टौमढी क्षेत्रमा यत्रो वर्षअगाडिदेखि स्थापित विश्व प्रसिद्ध पाँच तले मन्दिर आज पनि उदाहरणीय बनेको छ । वि.सं. १७५९ मा तत्कालीन कलाप्रेमी राजा भूपतीन्द्र मल्लले बनाउन लगाएको यो मन्दिर मात्र ६ महिनामा बनेको भन्दा अर्को आश्चर्य मान्नुपर्ने हुन्छ । मल्लकालमा काठमाडौं उपत्यकाका तीन मल्ल राजाहरूबीच हरेक क्षेत्रमा प्रतिस्पर्धाको भावना रहँदाको एक ज्वलन्त नमुना बनेको यो मन्दिरमार्फत भक्तपुरले गर्व गर्न पाएको थियो । विशेष गरी कान्तिपुरसँग मनमुटाउ रहेको अवस्थामा यो मन्दिरको प्रसिद्धि र चर्चाबाट कान्तिपुर चिढिएको थियो । मन्दिर सम्पन्न भएको अवसरमा गरिएको भव्य सिद्धाग्नि कोत्याहुतिमा कान्तिपुरबाहेक उपत्यका र वरिपरिका सबैको

उपस्थिति रहेकोबाट भक्तपुरसँग कान्तिपुर चिढिएको प्रष्ट हुन्छ। त्यस समयमा भक्तपुरको पाटनसँग घनिष्ठ सम्बन्ध रहेको तथ्य तत्कालीन समयका पाटनका राजा कैयौँ पटक हात्ती चढी मन्दिरको निरीक्षण गरेबाट पनि स्पष्ट हुन्छ।

## मन्दिरभित्र लुकेका केही किंवदन्तीहरू

नेपालमा बनेका विभिन्न सम्पदाहरूमध्ये आजसम्म जीवन्त मन्दिरमा सबैभन्दा अग्लो भक्तपुरको यही ङातापोल्हँ मन्दिर हुन आउँछ। यति अग्लो मन्दिर बनाउन तत्कालीन राजा भूपतीन्द्र मल्ललाई केले प्रेरणा दियो ? यो आजसम्म प्रकाशमा आउन सकेको छैन। तर एउटा किंवदन्ती के सुन्न पाइन्छ भने ङातापोल्हँ मन्दिर बन्नुपूर्व त्यहाँ नजिकै एक जना डुँई (डोय) रानीको आवास थियो। राजनैतिक प्रतिशोध लिने हेतुले डुँईहरूलाई अति निम्नस्तरको दलितमा परिणत गरिदिएपछि लायकु दरबारबाट उक्त डोय रानीको आवास देख्न नपरोस् भनी राजाले यति अग्लो मन्दिर बनाउन लगाएका थिए।

त्यस्तै यति अग्लो मन्दिर बनाउनुको पछाडि अर्को एक किंवदन्ती पनि सुन्न पाइन्छ। टौमढी टोलस्थित भैरवनाथले यहाँ उत्पात मचाउन थालेपछि भैरवलाई शान्त पार्न ज्योतिषीहरूको सल्लाहबमोजिम यति अग्लो मन्दिर बनाइएको भनिन्छ। त्यसो त ङातापोल्हँ मन्दिर बन्नुपूर्व यस ठाउँमा ङातापुलु नाम गरेको सानो देवलसहित केही निजी घरहरूसमेत थिए भन्ने कहावत पनि पाइन्छ। मन्दिर बनाउन उक्त घर-जग्गा अधिग्रहण गरिसकेपछि त्यसको सट्टा (पलि) उनीहरूलाई गोलमढी टोलको एक चौर (ख्यः) दिइएको थियो। यसरी सट्टामा दिइएको हुनाले उक्त ठाउँलाई पलिख्य भनियो र त्यहाँ बस्न गएका व्यक्तिहरूको थर नै पलिखेल बन्न पुग्यो। भनिन्छ, हाल पोखरामा बस्दै आएका पालिखेहरू यहीबाट बसाइँ सरेर गएका हुन्।

मन्दिर यति उचाइसम्मको बनाउने भन्ने आधार लायकुको सबैभन्दा अग्लो सम्पदा गोसाईकुण्ड महादेवको मन्दिरलाई लिएको मानिन्छ। हाल थथु लायकुको थथु दरबार (दरबार क्षेत्रस्थित पहिले भक्तपुर नगरपालिका कार्यालय रहेको) अगाडिको विशाल गोसाईकुण्ड महादेवको मन्दिरको उचाइलाई आधार बनाई पाँचतले मन्दिर बनाएको मानिन्छ। गोसाईकुण्ड महादेवको उक्त मन्दिर शिखर शैलीको थियो भन्ने पाँचतले मन्दिर छाना शैलीको छ। एकदम अग्लो शिखर शैलीको यो मन्दिर बढी उचाइकै कारण ताहा देगः (अग्लो मन्दिर) नाम पाएको थियो। बुढापाकाहरूका अनुसार भक्तपुर नगरपालिकाको कार्यालय बसेको

भवन (२०७२ सालको भूकम्पअघि) को मूलद्वारबाट उक्त मन्दिरको गजुर हेर्ने बेलामा आफूले लगाएको टोपीसमेत खस्थ्यो रे। तर वि.सं. १९९० मा आएको महा-भूकम्पमा उक्त मन्दिर भत्केपछि राणा प्रधान मन्त्री जुद्ध शम्सेरले गुम्बज शैलीमा मन्दिरको जीर्णोद्धार गराएका थिए। जीर्णोद्धारपछि फर्सीको आकार भएर पछि मन्दिरको नामकरण नै फसी देगः (फर्सीजस्तो देवल) हुन पुग्यो। तर यसैलाई आधार बनाई बनेको ङातापोल्हँ मन्दिरले भन्ने उक्त भूकम्पमा सामान्य क्षति मात्र बेहोऱ्यो।

जे होस् तत्कालीन समयमा काठमाडौँ उपत्यकाभित्रका राजाहरूबीच एकसेएक राम्रा, आकर्षक भव्य सम्पदाहरू बनाउने क्रममा नेपालजस्तो अति भूकम्पीय प्रभावित क्षेत्रमा पनि ङातापोल्हँ मन्दिरजस्तो अग्लो सम्पदा बन्यो। यति अग्लो सम्पदा भएर होला, मन्दिरको गजुर राख्ने विषयमा यहाँको जनजीवनमा एउटा अर्को किंवदन्ती लोकप्रिय छ। सधैँ काम नगरी चुपचाप बस्ने एउटा सानो केटो गजुर राख्ने दिनमा एक्लैले गजुर बोकी स्थापना गरेको थियो भनिन्छ। उक्त केटो अरू कोही नभएर वीर बेताल रहेको भन्ने कहावत पनि छ। यस्तै अनेकौं किंवदन्तीहरूले पाँच तले मन्दिरलाई यहाँ अत्यधिक रहस्यमय एवम रोचक सम्पदाको रूपमा हेर्ने गरिन्छ।

## पैगोडा होइन छाना शैली

भक्तपुरस्थित विश्व प्रसिद्ध ङातापोल्हँ नेपालमा भएको एक मात्र छाना शैलीको सबैभन्दा अग्लो मन्दिर हो। तर यहाँ छाना शैलीलाई पैगोडा शैली भनी दिँदा शुद्ध मौलिक नेपाली शैलीमाथि अन्याय भएको छ। चीन र जापानबाट आयातित पैगोडा शब्दले नेपाली कला संस्कृतिमाथि ठेस पुऱ्याएको छ। परापूर्व कालदेखि नै नेपालमा लोकप्रिय भैसकेको छाना शैली कतैबाट आयातित वा उपहार आएको शैली होइन। तसर्थ पाँच तले मन्दिरलाई शुद्ध नेपाली छाना शैलीको सबैभन्दा अग्लो मन्दिर मान्नुपर्दछ जुन मन्दिर पाँच तले भनिए पनि यसमा पाँच ओटा तह पेटी र पाँच तला छाना गरी जमिनबाट दश तला देखिन्छ। तर पाँच ओटा छानालाई मात्र मध्यनजर गरी नेपालभाषामा ङातापोल्हँ भनिएको यो मन्दिर बाह्य भौतिक स्वरूपले नै आजसम्म चर्चित रहँदै आएको छ। यसले गर्दा मन्दिरभित्र कुन देवता स्थापना गरिएको छ भन्ने विषयसमेत गौण बन्न पुगेको छ। यो देवलको आफ्नोपन हो। वास्तवमा दक्षिणाभिमुख यो मन्दिरका पाँचै तलाका छानाहरू समानुपातिक एवम स्थिर देखिन्छ। छानालाई सुहाउने तरिकाले

यसमा पाँच ओटा पेटीहरू छन् । यसले मन्दिरलाई आकर्षक बनाएको छ अर्थात् मन्दिरको छाना र पेटीहरूको सन्तुलनले नै ङातापोल्हँ यति विधि आकर्षक भएको हो ।

## तान्त्रिक युगको प्रतिनिधित्व

बाहिरबाट हेर्दा ङातापोल्हँ एउटा मन्दिर मात्र देखिए पनि यसभित्र तान्त्रिक शक्तिकी देवी सिद्धिलक्ष्मी स्थापना गरिएको तथ्य महत्त्वपूर्ण छ । सिद्धिलक्ष्मीलाई तन्त्र शास्त्रले पश्चिमाम्नाय मतकी देवीको रूपमा लिए पनि तन्त्रले यस देवीलाई सर्वम्नायी रूपमा लिने गरेको छ । भक्तपुर नगरको विभिन्न दश ठाउँमा रहेका दश महाविद्या देवीहरूको मध्य भागमा सिद्धिलक्ष्मी स्थापित छ । यस अर्थमा सबै देव-देवीकी आराध्य देवी सिद्धिलक्ष्मीको स्थापनाताका भक्तपुर शहर चरम तान्त्रिक युगमा थियो भन्ने स्पष्ट हुन्छ । यस मन्दिरभित्र स्थापना गरिएको मुख्य देवी र अन्य अनेकौं प्रतीकात्मक मूर्तिहरू, तोरण, टुँडाल, झ्याल, छाना, पेटी, विभिन्न जीवजन्तु तथा पशुपन्छीहरू, गजुर, खुड्किला, दलिनलगायत हरेक वस्तु वास्तुतन्त्रसँग सम्बन्धित देखिन्छ । यस मन्दिरमा पाँच छाना, पाँच पेटी, पाँच गणेश, पाँच सुरक्षारूपी बाहनहरू, ३६ ओटा खुड्किलाहरू, एक सय आठ ओटा टुँडालहरू, तीन सय साठी ओटा दलिनहरूजस्ता यस मन्दिरमा प्रयोग गरिएका विभिन्न सङ्ख्याहरूको पछाडि तान्त्रिक मत लुकेको छ । त्यस्तै मानिसभन्दा क्रमशः दश दश गुणाले शक्तिवान् पहलमान, हात्ती, सिंह, शार्दूल, देवीको मूर्ति पछि मात्र सिद्धिलक्ष्मी देवी रहनुको पछाडि यस देवीको शक्ति प्रष्ट हुन आउँछ । मन्दिरको गर्भगृहमा स्थापित उक्त देवी हेर्दैमा भयानक आकृतिको छ । दायाँ बायाँ महाकाल भैरव र मसान भैरव राखी बीचमा बसेकी देवीका नौ मुख र अठार हात छन् । बेतालमाथि आसन गरिबसेका भैरवको काँधमा खुट्टा राखी उभिएकी देवी तान्त्रिक मतअनुसार स्थापना गरिएको हुँदा सर्वसाधारणलाई दर्शनको लागि खुला छैन । बरु मन्दिरको मूलढोकामाथि राखिएको कलात्मक तोरणमा कुँदिएको अठार हाते महिषमर्दिनी भगवती नै गर्भगृहमा राखिएको सिद्धिलक्ष्मीको प्रतिमूर्तिको रूपमा लिने गरिन्छ । त्यसबाहेक मन्दिरका पाँचौं तलासम्म ठाउँ-ठाउँमा कुँदिएका विभिन्न हातहतियारसमेतका भैरवका गणहरू, अनेकौं देवदेवीहरू अस्वाभाविक आकृतिका जनावर तथा पशुपन्छीहरूका कलात्मक मूर्तिहरूका पछाडि तान्त्रिक युगको प्रभाव परेको स्पष्ट हुन्छ ।

# गुठी, जात्रा, शिलालेखबिनाको मन्दिर

प्राचीन समयमा यहाँ कुनै पनि सांस्कृतिक सम्पदा स्थापना गर्दा तत्कालीन राजा, रजौटा, भारदारहरूले आफ्नो कृति भविष्यसम्म रहिरहोस् भनी सम्पदा स्थापना गर्दा नै त्यससँग सम्बन्धित गुठी आयस्तासहित शिलालेख राख्ने चलन थियो। अनि त्यससँग सम्बन्धित देव-देवीको जात्रा वर्षको एक पटक धुमधामसँग गर्ने चलन थियो। तर यो चलन पाँच तले मन्दिरमा लागु भएको देखिँदैन। यत्रो विशाल कलात्मक वास्तुकलाले भरिएको मन्दिर बनाउन सक्ने भूपतीन्द्र मल्लजस्तो कला संस्कृति प्रेमी राजाले मन्दिरसँग सम्बन्धित पूजा पर्व र जात्राको लागि एक गेडा अन्नको आयस्ताको व्यवस्था गरेका छैनन् भन्दा पत्यार नलाग्न सक्छ। त्यति मात्र होइन मन्दिर कहिले स्थापना गरिएको हो स्पष्ट तिथिमितिसहितको शिलालेखसमेत वरिपरि कतै स्थापना गरिएको छैन। भूपतीन्द्र मल्लजस्ता विद्वान् राजाले यसो गर्नुको पछाडि ठूलो रहस्य लुकेको छ। सम्भवतः त्यो रहस्य मन्दिरभित्रको देवी तान्त्रिक मतको भई आफ्नो इष्ट देवीको रूपमा स्थापना भएको हुनाले यस्ता कुराहरूलाई प्रकाशमा नल्याएको हुनुपर्छ। त्यसो भएर यस मन्दिरभित्र दीक्षाधारी व्यक्तिहरूबाहेक अरूलाई प्रवेश निषेध छ। दीक्षाधारी व्यक्तिहरूको हकमा पनि यस मन्दिरभित्र राखिएको कालो पर्दामा रहेको देवीको चित्र (पौभा) हेरेर मात्र आफ्नो योग्यता, अनुष्ठान तथा उपासना भएमा मात्र प्रवेश गर्ने परम्परा छ। यस अर्थमा पाँच तले मन्दिर आगमको रूपमा बनेको हुनाले नै सर्वसाधारणहरू यो देवीको दर्शन गर्नबाट बन्चित हुनु परेको देखिन्छ। त्यस्तै यो देवीलाई नित्य पूजाबाहेक आषाढ ताका खुला होम र मङ्सिर ताका वर्ष बन्धन पूजाबाहेक अन्य कुनै जात्रा पर्व चलेको देखिँदैन।

हाल यी सबै पूजा पर्व भक्तपुर तलेजुमार्फत चल्दै आइरहेका छन्। यस देवीलाई नित्य पूजा तलेजुकै कर्माचार्यहरूले गर्दै आएका छन्। भनिन्छ, यस मन्दिर प्रतिष्ठामा भाग लिएका तलेजुका मूल नाइके जोशी, ब्राहमण राजोपाध्याय र कर्माचार्यलाई तत्कालीन राजा भूपतीन्द्र मल्लले सुनको मुकुट उपहार दिएका थिए। त्यसमध्ये कर्माचार्यहरूलाई दिइएको मुकुटको तस्बिर र त्यसमा उल्लिखित अभिलेख प्रकाश पार्ने काम डा. पुरुषोत्तमलोचन श्रेष्ठले गरिसक्नुभएको छ। यता ब्राह्मणहरूलाई मुकुट दिइएको तथ्य तौमढी टोलको दाफा भजनको एक श्लोकमा लेखिएको “विल पुरोहितयात लुँया मुकुटी” (पुरोहितलाई सुनको मुकुट दिए) भन्ने वाक्यबाट प्रष्ट भए पनि त्यो मुकुटबारे हालसम्म तथ्य जानकारी प्रकाशमा

आएको छैन। इतिहासमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने यस्ता राष्ट्रिय सम्पतिबारे सत्य तथ्य अगाडि बढाउन विद्वान्हरू अध्ययन अनुसन्धानमा लाग्नुपर्ने देखिन्छ।

त्यस्तै बूढापाकाहरूका मुखबाट यस मन्दिरको लागि कुनै गुठी आयस्ता नभएको सन्दर्भमा एउटा किंवदन्ती पाइन्छ। यो मन्दिर बनाउँदा बनाउँदै राजा भूपतीन्द्र मल्लको मृत्यु भएको हुनाले गुठी जग्गा आयस्ता जोड्न नपाएको हो। मन्दिर बनाउँदै गर्दा दरबारको छानामा बसेको एउटा काग कराएको आवाज सुनी कागको भाषा जान्ने राजाले अब आफूलाई यमराजले लिन पठाएको बताई मन्दिर पूरा गर्न नपाउँदै मृत्यु वरण गऱ्यो भन्ने सुन्न पाइन्छ। तर यो किंवदन्ती कतिको सत्य छ इतिहासबाट प्रष्ट हुन्छ। कारण भूपतीन्द्र मल्लले यो मन्दिर ने.सं. ८२२ तिर बनाउन लगाएको भन्ने तथ्य इतिहासबाट प्रष्ट भइसकेको छ। यसको एक प्रमाण त्यही दाफा भजनमा गाउने गीतमा लेखिएको "नसेच्याया दथुई नसेताङा" बाट प्रस्ट हुन्छ। तर राजाको मृत्यु ने.सं. ८४२ मा मात्र भएको देखिन्छ। यसरी मन्दिर बनाउँदा बनाउँदै नभई बरु मन्दिर बनाएको १९ वर्ष पछि मात्र भूपतीन्द्र मल्लको मृत्यु भएको हो। तसर्थ मन्दिर बनाउँदा बनाउँदै राजाको मृत्यु भएको भन्ने तथ्यमा दम छैन। बरु यत्रो मन्दिर बनाउन सक्ने राजाले किन गुठी आयस्ताको व्यवस्था गरेनन् ? यो नै रहस्यमय तथ्य बनेको छ।

## इतिहास बोकेको मन्दिर

काठमाडौं उपत्यका अझ नेपालमै बनेका सम्पदाहरूमध्ये पाँच तले मन्दिर मात्र यस्तो उदाहरणीय सम्पदा बनेको छ जुन मन्दिर स्थापनादेखि सम्पन्नसम्मका एक एक घटनाहरू लिखित रूपमा उतारिएका छन्। भूपतीन्द्र मल्ल इतिहासप्रति सचेत रहेछन्। उनले पाँच तले मन्दिरलगायत आफ्ना छोरा रणजित मल्लको विवाह सम्बन्धी सम्पूर्ण विवरण धरपौमा सुरक्षित राखेका थिए। यता पाँच तले मन्दिरको निर्माणमा पूर्वआवश्यक सामग्रीहरू कसरी कहाँबाट जुटाएको, मन्दिरको जगदेखि गजुर स्थापनासम्मका सम्पूर्ण गतिविधिहरू लेखिएको धरपौलाई प्रकाशमा ल्याउने काम डा. जनकलाल बैद्यले गर्नुभएको हो। राष्ट्रिय अभिलेखालयभित्र ढुसी परी कुहिन लागेका पाण्डुलिपिहरू बीच अनेकौं समस्याका बाबजुद सङ्ग्रह गरिएको उक्त धरपौले गर्दा नेपालको इतिहासमा यो मन्दिर एउटा कोसे ढुङ्गा बनेको छ।

उक्त पाण्डुलिपिअनुसार सर्वप्रथम ने.सं. ८२२ कार्तिक सुदि तृतीयाको दिन रूख ढाल्न पठाइयो। त्यसपछि पौष कृष्ण द्वादशीको दिन भूमि सोधन पूजा

गरिएको थियो। त्यसको ५४ दिनमै पाँच ओटा विशाल पेटीहरू तयार भइसकेको थियो। त्यसपछि फाल्गुन कृष्ण षष्ठीको दिन मूलद्वार स्थापना गरिएको र त्यसको पाँच दिनमै निदाल (बीम) राखिएको थियो। त्यसको बाइसौं दिनमा पहिलो तला सकी दोस्रो तलाको लागि झ्याल राखिएको थियो। त्यसको बाइसौं दिनमा पहिलो तला सकी दोस्रो तलाको लागि झ्याल राखियो। त्यसपछि क्रमशः चार चार दिनको फरकमा पाँचौं तलासम्म बनाउने काम सकेपछि चैत्र कृष्ण औंसीको दिन गजुर राख्न काठको चुली राखियो। त्यसपछि पाँचौं तलादेखि झिँगटी तयार भएको यो मन्दिरले नेपालको वास्तुकला, काष्ठकला, मूर्तिकलाजस्ता अनेक क्षेत्रमा अमित छाप पार्न सफल भएको देखिन्छ।

भनिन्छ भूमि सोधन कार्यमा तत्कालीन राजा भूपतीन्द्र मल्ल आफैले तीन ओटा ईंटा बोकी शुरु गरेको कार्यमा भक्तपुर, पाटन, सात गाउँ (बनेपा, पनौती, धुलिखेल, श्रीखण्डपुर, साङ्गा, नाला र चौकोट) लगायत नगदेश, थिमी, बोडे, र भक्तपुरअन्तर्गत पर्ने अरू गाउँहरूबाट थुप्रै व्यक्तिहरूले समेत भाग लिएको भन्ने कुरा मन्दिर समापन कार्यमा बनेपाका १२५७, नालाका ६२२, पनौतीका ७६६, धुलिखेलका ३७४, साँगाका ४३९, नगदेशका २६१, थिमीका २१२७, खस गाउँका २८४ गरी भक्तपुरकै ४००१, सिपाही १०९०, ज्यामी ३८०१, ब्राह्मण पूजारी ५०० गरी करिब २०००० व्यक्तिहरूले भोज खाएको तथ्यबाट पनि स्पष्ट हुन्छ।

## भूकम्पसँग जुझ्दा जुझ्दै

नेपालजस्तो भूकम्पले जोखिमपूर्ण क्षेत्रमा यत्रो अग्लो मन्दिर बनाउँदा सम्भवतः तत्कालीन शासक एवम् कामदार प्राविधिकहरूले सोचेका थिएनन् होला यदि यो मन्दिर नै भत्किने गरी भूकम्प आएमा कुन दिशातर्फ भत्किन्छ भनेर। तर मन्दिर बनेको ३०० वर्षपछि केही व्यक्तिहरू यसतर्फ चिन्तित भएको देखिए। केही समयअगाडि पुल्चोक इन्जिनियरिङ क्याम्पसका केही विद्यार्थीहरू, भक्तपुर नगरपालिकाका ई. रामगोविन्द श्रेष्ठ, चीनबाट भूकम्प सम्बन्धी पि.एच.डी गर्दै रहनु भएका विजय जोशी र उहाँका दुई जना चिनियाँ सहपाठीहरू यस सम्बन्धमा अध्ययन कम्प्युटरमार्फत मन्दिर परिसरमा गर्नुभएको थियो। त्यसको लागि मन्दिरका सबै तलामा सेन्सर जडान गरी त्यसको सिधा सम्पर्क कम्प्युटरमार्फत अध्ययन गर्दै रहेको उक्त टोलीका एक सदस्य इ. रामगोविन्द श्रेष्ठका अनुसार स्थिरजस्तो देखिएको भए तापनि दैनिक रूपमा हावासँगको घर्षणबाट पाँच तले मन्दिर हल्लिरहेको हुन्छ। उक्त हल्लाइको मात्रा कम्प्युटरमा देखिएको तरङबाट निकाल्न सकिन्छ। त्यस्तै नेपालजस्तो भूकम्पीय क्षेत्रमा रहेको

विश्व प्रसिद्ध पाँच तले मन्दिर कति रेक्टर स्केलको भूकम्प आएसम्म केही हुँदैन भनी पत्ता लगाउन पनि यो अध्ययन गरिएको हो ।

वि.सं. १९९० सालको महा भूकम्पमा यो मन्दिरको सबैभन्दा माथिल्लो एक तला भत्केको थियो र सँगैको भैरवनाथको मन्दिर पुरै भत्किएको थियो । यसैलाई आधार मानेर अझ पनि "ङातापोल्हँ छता मरु, भैलद्यःगः पत्ता मरु" (ङातापोल्हँ एक तला छैन, भैरवको त मन्दिर नै बेपत्ता) भन्ने भनाइ रहेको देखिन्छ । मन्दिर यति विधि बलियो हुनुको पछाडि एउटा रोचक किंवदन्ती के छ मन्दिर स्थापनाताका रोपाइको लागि एक जना किसानले रोपेको बीउ हातले उखेल्न नसकेर कोदालोको प्रयोग गर्नु परेको थियो । माटो यति धेरै कसिकसाउ भएको अवस्थामा यो मन्दिर बनेको हुनाले भूकम्पले केही नभएको मानिन्छ । त्यसो त मन्दिर बनाउँदा बलियो होस् भनी मास, चाकुजस्ता वस्तुहरूसमेत माटोमा मिसाउन लगाएको भनिन्छ । राष्ट्रिय अभिलेखालयभित्र रहेको उक्त विवरणअनुसार मन्दिर बनाउँदा थुप्रै प्रकारका माटोहरूको प्रयोग गरेको देखिन्छ । जस्तै विष्णु क्षेत्रको माटो, गङ्गाको माटो, अग्नि होत्रको माटो, पर्वतको माटो, मुसाले दुलो पार्दा निस्केको माटो, खपाङ्गीले खोस्रेको माटो, गाईको सिङमा अड्केको माटो आदिबाट पाँच तले मन्दिर बनेको मानिन्छ ।

## कसरी बनेको थियो ङातापोल्हँ

ने.सं. ८२२ कार्तिक शुदी तृतीया बिहीबारको दिन एउटा भव्य, महत्त्वाकाङ्क्षी योजना अर्थात् ङातापोल्हँ निर्माणको लागि भक्तपुरका राजा भूपतीन्द्र मल्लले लायकुस्थित दरबारको बैठकमा मुख्यमन्त्री बंशीधरलगायत अन्य भारदारहरू चुकुटी ग्वंग, जोगीदास, शीवाज, भोगीराम, जयसींभक्त, चुकुटी दोक्छे, जोगेश्वर जोशी, गङ्गादेव कसः, पद्मसिंह हाकु, धबाए, विदेश्वर शर्मा, रामेश्वरलगायत आफ्ना २३ पल्टनका नाइकेहरूसँग सरसल्लाह गरिरहेका थिए । जहाँ खौमा, गोल्मढी, इटाछें, लाकुलाछें, घटखा, त्रिपक्वछें, यंपक्वछें, चोछें, जेला, क्वाठण्डौ, राजकुल ध्वाखा, गलछें, तचपाल, भार्वाचो, याछेंलगायतका तत्कालीन २६ टोलका पञ्चप्रमानहरूको समेत उपस्थित थियो । त्यस सल्लाहबाट भक्तपुर टौमढी (तमारी) टोलमा विश्वनाथ भैरवको दाहिनेतर्फ तान्त्रिक शक्तिले युक्त श्री सिद्धिलक्ष्मी भगवतीको स्थापना हुने भयो । यसभन्दा अगाडि यहाँ रहेको भैरवनाथले जनतामा अति दुःख दिने गर्दथ्यो । यसबाट चिन्तित भएर राजा भूपतीन्द्र मल्लले भैरवनाथलाई शान्त पार्न र जनतामा हुने दुःख कष्ट कसरी

हटाउन सकिन्छ भनी तान्त्रिकहरूसँग मत माग्दा भैरवनाथको अगाडि अग्लो स्थानमा तान्त्रिक शक्तिले युक्त सिद्धिलक्ष्मी स्थापना गर्ने सुझाव दिइएको थियो। आजभन्दा करिब ३ सय वर्ष १९ अगाडि नै आजको जस्तो आधुनिक शिक्षाको अभावमा यति ठूलो कलात्मक मन्दिरको रूपरेखा तयार पार्न थुप्रै वर्ष लागेको हुनुपर्छ। हुन त राजा भूपतीन्द्र मल्ल स्वयम् शिल्पकारी, वास्तुविद् भएकाले मन्दिरको पूर्व रूप राजा स्वयम्ले नै तयार पारेको हुनुपर्दछ।

ङातापोल्हँ देवल बनाउने सङ्कल्प राजा र जनता सबैले गरिसकेपछि ने.सं. ८२२ कार्तिक शुदी तृतीयाको दिन भक्तपुर राज्यको सिमानाभित्र पर्ने सिपाडोल, डोलार्वत (चाँगु), सूर्यविनायक, नाला आदि ठाउँका जङ्गलहरूबाट आवश्यक काठ पठाउने भयो। त्यस्तै भक्तपुरअन्तर्गत पर्ने सात गाउँ (बनेपा, पनौती, श्रीखण्डपुर, साँगा, चौकोट, धुलिखेल, नाला) बाट समेत काठहरू आउने भयो। जसअनुसार सर्वप्रथम ने.सं. ८२२ कार्तिक शुदी चौथीको दिन बनेपा, श्रीखण्डपुरबाट कत्सी काठहरू प्राप्त भयो। *ती सबै प्राप्त काठहरू हालको टौमढी टोलको खुला ठाउँमा व्यवस्थित रूपमा राखिएका थिए। त्यसबेला एकतले भैरवनाथको मन्दिर, भोग पकाउने ऐसामढी घर र तीलमाधव नारायण, तीनतले नरसिंह मन्दिर र जङ्गम मठ र जगन्नाथ मन्दिरबाहेक हाल देखिने पुबहाललगायत निजी आवासहरू अस्तित्वमा थिएनन्। तर ङातापुलु' बनाउनु अघि ङातापोल्हँ देवल बनाउन ल्याएको काठ र ईँटाहरूबाट धौभारी पुबहाल (धौभारी निवास) बनेको हुनुपर्छ।*

यता ङातापोल्हँ देवल बनाउन प्राप्त काठहरू सम्याउने, नाप र बुट्टाअनुसारका झ्याल, दलिन खम्बा, तोरण, टुँडाल, छेफल आदि बनाउने कार्य धमाधम हुँदै थियो भने मन्दिरको लागि आवश्यक ईँटाहरू, तेलिया ईँटा (चिकंपा), ग्वंगपा, झिँगटीहरूको व्यवस्था गर्न राजा भूपतीन्द्र मल्लले ने.सं. ८२२ को कार्तिक शुदी सप्तमी आइतबारका दिन शीवनान, जोगीदास, चुकुटी र भागीराम भारोलाई जिम्मा दिएका थिए र ती चारजना भारदारहरूले भक्तपुरका २६ टोलमा म्हेनायहरूलाई नाइके बनाई ठाउँ-ठाउँबाट ङातापोल्हँलाई आवश्यक ईँटाहरू खरिद गर्न तवचपली (तचपाल)मा पहिलोपटक मोट २४४ सुकी १ बैनाको रूपमा दिएका थिए। त्यस्तै कार्तिक बदी ५ को दिन ईँटासम्बन्धी काम गर्ने ज्यामीहरूलाई ज्याला दिन मोट २०० बकस भयो। यता टौमढी टोल र वरिपरि चोकहरूसमेत ईँटाले छाप्ने र देवलसमेत बनाउने भएकाले अलि बढी ईँटाहरू खरिद गर्ने भयो। एउटा अनुमानअनुसार त्यसबेला १ मोट बराबर ३००० ओटा ईँटाहरू आउँथ्यो र

ङातापोल्हँलाई भनी ने.सं. ८२२ कार्तिक बदी ३ को दिन पनौती, चौकोट, वाभु दो, यँला दो आदि ठाउँबाट धुन सी (धुंसी) सालको काठ ल्याइयो। ती काठहरूलाई सम्याउने, नापअनुसार काट्ने, बुट्टा कोर्ने कार्य तदारुकताका साथ हुँदै थियो भने ङातापोल्हँलाई आवश्यक अन्य कार्यहरू पनि थाल्ने क्रममा ने.सं. ८२२ कार्तिक बदी १२ को दिन मन्दिरको पाँचओटै छानाहरूमा लगाउन फय् गां (हावाबाट बज्ने घण्टाहरू) बनाउन दिइयो। यो मन्दिरमा लगाउन भनी जम्मा ५२९ ओटा घण्टाहरू बनाउन दिएकोमा पछि मन्दिरमा लगाउन भनी भइसके यता पाँचौं तलामा ४८, चौंथो तलामा ८०, तेस्रो तलामा १०४, दोस्रो तलामा १२८ र पहिलो तलामा १६८ ओटा फय् गांहरू जडिएका थिए।

यसरी भक्तपुरको टौमढी टोलमा खुला ठाउँमा काठको काम गर्ने सिकर्मीहरू, फलामको काम गर्ने न्याकर्मीहरू, इँटा बोक्ने ज्यामीहरू खचाखच थिए। यी कामदारहरू प्रायः भक्तपुरकै थिए। यसैक्रममा सीप भएका कालीगडहरू, ज्यामीहरू बाहिरबाट पनि ल्याउने निर्णयअनुसार ने.सं. ८२३ मार्ग बदी १ को दिन बनेपाबाट काम गर्नेहरूको पहिलो टोली भक्तपुर आइपुग्यो। अब भक्तपुरको टौमढी टोल मजदुर, कालीगडहरूले भरिएको विशाल कारखाना जस्तै देखियो।

यता आवश्यक सामानहरू धमाधम जुट्न थालिसकेपछि ङातापोल्हँ बनाउन भक्तपुरका राजा, प्रजा, ज्यामी, मजदुर, कालीगडहरू जुर्मुराइसकेका थिए। यसैक्रममा ने.सं. ८२२ पौष शुदी सप्तमीका दिन बिहीबार हालको मन्दिर रहेको ठाउँमा अवस्थित 'ङातापुलु' भन्ने अवशेष भत्काइयो र मन्दिरलाई आवश्यक जगहरू खनिन थाल्यो। त्यस्तै ङातापोल्हँलाई आवश्यक हुने देखेर ठूलो मात्रामा चाँपका काठहरू बाहिर (गोरखा) बाट ने. सं. ८२२ पौष शुदी १३ को दिन ल्याइए, त्यस्तै इँटाहरू पनि ठूलो परिमाणमा चाहिने र बाहिरका व्यापारीबाट खरिद गर्नुको साथै राज्यस्तरबाटै इँटा भट्टाहरू स्थापना गर्ने क्रममा पौष शुदी १४ को दिन भक्तपुरको मस्यान, तपुखु छेउमा इँटाभट्टा स्थापना भयो जुन ६ महिनासम्म कायम राखियो।

यता ङातापुलु भत्काएर जग खनेको ठाउँमा पौष द्वादशी बुधबारको दिन शिलान्यास, वास्तु पूजा र भूमिशोधन पूजा सम्पन्न भयो। ठूलो मात्रामा ब्राह्मण, पुरोहित, जोशी, आचाजु, भाइ भारदार, म्हेयनाय, पञ्चप्रमान, ठाउँ–ठाउँबाट आएका अतिथिहरूको समुपस्थितिमा राजा भूपतीन्द्र मल्ल स्वयम्ले तीनओटा इँटाहरू बोकेर जगमा हाले। राजाले नै यस्तो काम गरेको देखेर भक्तपुरका सम्पूर्ण जनता के युवा, के बूढाबूढी, के केटाकेटी स्वेच्छापूर्वक जनश्रमदानमा

जुटे। भक्तपुर राज्यका २६ टोलका जनता समूह-समूहमा पालैपालो मन्दिरले झैं मोर्चाबद्ध भएर जनश्रमदानमा जुटेका भक्तपुरवासीहरू देखेर सर्वत्र राजा र प्रजाका गुनगान हुन थाल्यो। भक्तपुरको यस कार्यमा वरिपरिका स-साना राज्यहरू जस्तै सात गाउँ, पाटनका राजा र स्थानीय टोलहरूले, खस पञ्चहरूले समेत सहयोग र सद्भावना आफ्ना प्रजाहरूलाई यस कार्यमा पठाए वा आफै नै सरिक भए। भक्तपुरको वैभवशीलता देखेर सदैव कुटनीति चलाई भक्तपुरमाथि आक्रमण गर्ने, लुट्ने कान्तिपुरलाई ङातापोल्हँले त झन् चसक्कै बिझाएको थियो। त्यसैले ङातापोल्हँ निर्माणमा कान्तिपुरले सहयोग त के शुभकामनासमेत पठाएन, यसबाट के थाहा हुन्छ भने त्यसताका कान्तिपुर एक्लो थियो।

यता टौमढी टोलमा ने.सं. ८२२ माघ शुदी ५ का दिन राजा भूपतीन्द्र मल्लले ङातापोल्हँ देवलको लागि पादुस्थापन कार्य गरे। अग्ला वर्गाकारमा एकपछि अर्को ठूला डबलीहरू खप्टिएर पाँच तहको विशाल, हात्ती, सिंह, शार्दूल र देवीको जोडा स्थापना गर्न बाँकी नै थियो। यता टौमढीको एक ठाउँमा ङातापोल्हँको लागि विशाल गजुर बनाउने कार्य फागुन शुदी ५ को दिनदेखि शुम्भारम्भ भयो। गजुरका लागि १०५ धार्नी तामा, गालेको पित्तल १ धार्नी २ कु ७ तोला, काँचो पित्तल २ धा ७ कु, काँस ४ धार्नी, खपोसत ३ धार्नी २ कु, पारो २ धा ४ तोला गरी जम्मा १५७ धा भागिलको तौल ५० धा २ कु, हनुध्वजको तौल ३ धार्नी १ कु, मुकुट ३ को तौल ३ धार्नी २ कु ३ तोला थियो। यसमा सुनको लागि २०५५ मोट १ दाँ खर्च भएको थियो। जहाँ सुनको काम गर्ने १२ जना, जलप लगाउने १२ जना, ताम्राकार ४७ जना र ताम्राकारलाई सहयोग गर्ने ३ जना र अन्य धेरैको श्रम परेको थियो। पादुस्थापनपछि सिकर्मीहरूले पहिलो तलाको लागि कलाकौशलले भरिएका चार ठूल्ठूला द्वारहरू टुँडाल, छेफ, तोरण तयार गर्दै थिए।

ने.सं. ८२२ फागुन शुक्ल सप्तमीको दिन प्रथम द्वार स्थापना गरे। जुन दक्षिणाभिमुख थियो, यसरी चारओटा द्वारहरू राखी पहिलो तला उठाउन पाँच दिन लाग्यो, त्यसपछि मन्दिरमा मुख्य काठ निदाल (बिम) फाल्गुन एकादशीको दिन होमबली पूजा गरेपछि समाप्त भयो। यसैक्रममा पहिलो तलामा राख्न २४ ओटा बुट्टे झ्यालहरू तयार भएर अन्तिम अवस्थामा पुगिसकेको थियो, ती एकमुखे झ्यालहरू चैत्र शुदी ७ का दिन राखिए। एवम् तरिकाले ङातापोल्हँले रूप पाउँदै थियो, जनतामा झन् झन् उत्साह बढ्दै थियो। यता बाहिरबाट काठहरू आउने क्रम जारी नै थियो। चैत्र बदी १३ को दिन चाँगु, लुभु, बनेपा, नाला, साँगा, धुलिखेल, पनौती, चौकोट, खम्पुबाट फेरि काठहरू थासी र मुसीहरू आए। दोस्रो

तला जोडतोडले बन्दै थियो। यसमा १२ ओटा एकमुखे झ्यालहरू, २४ ओटा टुँडालहरू, छेफ आदि बन्दै थिए। यता दोस्रो तलामा झ्याल राख्ने कार्य चैत्र कृष्ण तृतीयाको दिन सम्पन्न भयो। त्यसको चार दिनपछि तेस्रो तलामा, एक हप्तापछि चौथो तलामा र अन्तमा चैत्र कृष्ण त्रयोदशीको दिन पाँचौं तलामा झ्याल राख्ने काम सम्पन्न भएबाट ङातापोल्हँको निर्माण तीव्र गतिमा भएको सहजै अनुमान गर्न सकिन्छ। यस कार्यमा भक्तपुरको २६ टोलका जनता, स्थानीय गाउँका जनताको साथमा राजा भूपतीन्द्र मल्लका २३ पल्टनका सिपाहींहरू पनि सक्रिय थिए जसमा राजफैंद भन्ने पल्टनमा त २ सयजना सिपाहींहरू थिए जुन सबभन्दा ठूलो समूह थियो। ती पल्टन समूहहरूले खोला छेउछेउबाट, खानीहरूबाट ढुङ्गाहरू चैत्रबदी १४ को दिन टौमढी ल्याइपुऱ्याए। जुन ढुङ्गाहरू भुइँमा छाप्न, सिंढी बनाउन प्रयोग गरियो। त्यसको भोलिपल्ट नै चुका छा पूजा गरियो भने यता प्रत्येक वर्ष चैत्र मसान्ततिर मनाइने भक्तपुरको अति प्रसिद्ध बिस्का जात्राको लागि रथ बनाउने कार्य पनि हुँदै थियो। यो १५ दिनसम्म ङातापोल्हँको सानातिना कामबाहेक अन्य महत्त्वपूर्ण कार्यहरू भएनन् भने यता बिस्केट जात्राले जनतामा भैरवप्रति भावभक्ति बढ्नुको साथै मनोरञ्जनमा पनि अझ रौनक थपिएको थियो ।

यता बिस्काकै कारण १५ दिन अगाडि नै चुका छा पूजा भैसके तापनि वैशाख शुक्ल तृतीयाको दिन मात्र मन्दिरमा चुका (गजुर र अड्याउने काठ) चढाइयो। मन्दिरको लागि इँटाहरूको कमी महसुस हुन थालेपछि बैशाख शुदी ५ को दिन ठिमी, बोडे, नगदेश आदि ठाउँबाट चिकं अप्पाहरू ल्याइए। हुन त यसअघि नै राजा भूपतीन्द्र मल्लले इँटाको लागि २४४ कोट १ सुकी तवचपलीमा कार्तिक बदी १ मै दिइसकेका थिए भने कार्तिक बदी ५ को दिन राजप्रासादको कोठामा २०० मोट र फागुन शुदी १० को दिन नवनिर्मित पुंबहालको सँझ्यामा बसी राजाले १५० मोट र अन्तमा चैत्र बदी १० को दिन राजा लक्ष्मीचोक सवारी हुँदा १०० मोट इँटाको लागि दिएका थिए। यसरी ङातापोल्हँ देवल र देवछें, बाटो चोकको लागि जम्मा ८६६ मोट दां खर्च भएको र जम्मा इँटा ११,३५,८५० लागेको थियो ।

भक्तपुरको महत्त्वपूर्ण बिस्का जात्रा भर्खर भर्खर सिधेको र भक्तपुरबासीहरूको फुर्सदको समय र आउन लागेको वर्षायाम अनि रोपाइँ सम्झेर छाना छाउने कार्य चाँडै शुरु गर्न राजाबाट निर्देशन भएबमोजिम पोलँ अप्पा (झिँगटी) बनाउने र भक्तपुरको टौमढीमा ल्याउने क्रम युद्धस्तरले हुन

थाल्यो। पाँचौं तलामा छाना छाउने शुभकार्य ने.सं. ८२२ वैशाख शुक्ल सप्तमीका दिन सम्पन्न भयो। मन्दिर अब प्रायः तयार भइसकेको थियो, सबै छानाहरूमा फय गाँ झुन्ड्याउने, ठाउँ-ठाउँमा रंग-रोगन लगाउने काम पनि पूरा भइसकेको थियो ।

अब सबैको ध्यान एउटा ठूलो धार्मिक पर्वतर्फ लागेको थियो, त्यो हो 'सिद्धाग्नी कोट्याहुटी यज्ञ'। यसको लागि राजा भूपतीन्द्र मल्लले ने.सं. ८२२ वैशाख कृष्ण द्वितीयाको दिन सुपारी चढाई सङ्कल्प गरे। त्यसको भोलिपल्ट तृतीयाको दिन सुपारी चढाइको दिन पिर्ठोरच्चण, पञ्चमीको दिन शिवशक्ति कलश ग्रहण (पुरश्चरण) र सप्तमीको दिन टौमढी टोलमा ठूलो डबली रहेको ठाउँमा यज्ञमण्डल बनाउने काम भयो। त्यसको भोलिपल्ट ङातापोल्हँमा छाना छाएवापत बेताली फहराइयो र शान्तिस्वस्ति पूजा सम्पन्न भयो। यता मण्डपको बीचमा दुई दिनपछि कुण्डपाद तयार भयो। भक्तपुरमा भइरहेको यस पुनीत कार्यको चर्चा ठाउँ-ठाउँमा हुन पुग्यो। बनेपा पनौती, साँगा, नाला, खम्पु, धुलिखेल, लुभु, पाटन, गोर्खालिगायत खस राज्यहरूमा समेत चर्चाको विषय बन्न पुग्यो। नवनिर्मित ङातापोल्हँ देवल र 'सिद्धाग्नि कोट्याहुटी यज्ञ' हेर्न यी विभिन्न ठाउँबाट भक्तपुरमा मानिसहरू ओइरिन थाले। यसबाट भक्तपुरमा एक प्रकारको विशाल मेला नै लागेको आभास हुन्थ्यो। यसैक्रममा भक्तपुर र पाटनको वरिपरिका खसहरूले भक्तपुरको यस महान कार्यमा समर्थन र सद्भावनास्वरूप 'सेवा कु' (उपहार) पठाए वैशाख कृष्ण त्रयोदशीको दिन। यो क्रम निरन्तर चल्दै थियो, ठाउँ-ठाउँबाट सेवा कु पठाउने क्रम जारी नै थियो। यसै सिलसिलामा जेष्ठ शुदी अष्टमीदेखि द्वादशीसम्म नगदेश, धुलिखेल श्रीखण्डपुर, ठिमी, बनेपा, चौकोट, पाटन र साँगाबाट पठाएको सेवा कुहरू भित्रिए। यज्ञको रौनक झन् बढ्दै थियो। ने.सं. ८२२ जेष्ठ शुदी परेवाको दिन मण्डपमा अङ्कुरापण कार्य सम्पन्न भयो। त्यसको पाँच दिनपछि जेष्ठ शुदी षष्ठीको दिन पुष्यहवाचन, सूर्यपूजा र द्वार पूजा सम्पन्न भयो र मण्डपमा पताका र महाध्वज फहराइए। भोलिपल्ट जेष्ठ सप्तमीको दिन कुण्डपादमा थण्डील पूजा प्रक्षांलन भेवतवली पूजा सम्पन्न भयो र मण्डपमा अग्निको प्रवेश गराएर सिद्धाग्नि कोट्याहुटी यज्ञको शुभारम्भ भएको थियो। त्यसदिन टौमढी टोल मात्र होइन, पुरै भक्तपुर राज्यभरि ठूलो जात्राजस्तै मानिसहरूको भीड लागेको थियो। भक्तपुर, पाटनलगायत सात गाउँ, बनेपा, खम्पु, धुलिखेल, चौकोट, साँगा, नाला, लुभु, आदिका जनता आ-आफ्ना बाजागाजा, पूजा, बेतालीसहित नाचगानमा मस्त भएर ङातापोल्हँ

निर्माणार्थ हुन गइरहेको 'सिद्धाग्नि कोट्याहुटी यज्ञ' मा भाग लिइरहेका थिए। साथै त्यस समयमा भक्तपुर राज्य वरिपरिका खस पञ्चहरूसमेत सक्रिय रूपबाट राजा भूपतीन्द्र मल्लको यस कार्यमा लागेका थिए।

चाँगु, सिपाडोल, गुण्डु, कटुञ्जे, दधिकोट, दुवाकोटलगायत उपत्यकाका प्राय:जसो गाउँका खस पञ्चहरूको समेत उपस्थितिबाट त्यसताका राजा भूपतीन्द्र मल्लको खसहरूसँग राम्रो सम्बन्ध भएको थाहा हुन्छ।

यता मण्डपमा अग्नि प्रवेशपछि था पूजा, जागरण आहुती, पुराण पाठ, जप, बलि, सदाव्रतदान, निश्राव दान कार्य भएका थिए। अन्तमा त्यस दिन ब्राम्हण, जोशी, कर्माचार्य आदिलगायत २३ पल्टनका टोलका पञ्चप्रमानहरू, वृद्धहरू, भाइ-भारदारहरू ङतापोल्हँ बनाउनमा कार्यरत ज्यामी, कालीगडहरू र अन्य ठाउँबाट आएका अतिथि, साधुसन्तहरूलाई भोजन गराइएको थियो। नाचगान बाजागाजासहितको झकिझकाउले त्यस दिन ङतापोल्हँ मन्दिर दुलहीझैं सजिएको थियो ।

ने.सं. ८२२ जेष्ठ दशमी दिन ङतापोल्हँमा स्थापना गरिने देव प्रतिमा (जुन मानिसजतिकै कदको थियो, सिद्धिलक्ष्मी देवीले आफ्ना दुई पाउ महाकाल भैरव र मसान भैरवमाथि राखेका) लाई स्नान गराइयो। देव प्रतिमाको धार्मिक विधिअनुसार दशकर्म संस्कार सम्पन्न भयो। भोलिपल्ट जेष्ठ एकादशीको दिन देव प्रतिमामा तान्त्रिक विधिअनुसार जीवदान दिने कार्य सु-सम्पन्न भयो। उक्त देव प्रतिमालाई १८ दिन जतिकै यज्ञ मण्डपमा राखी आषाढ शुदी प्रतिपदाको दिन मन्दिरमा भव्य समारोह बनाई स्थापना गरियो। चारैतिर हजारौं भक्तजनहरूको भीड थियो। बाजागाजाको रमाइलो धुन बजिरहेको थियो। मन्दिरमा विशाल गजुर पनि उक्त दिन नै स्थापना गरिएको थियो। गजुर स्थापनाबारे बूढापाकाहरू अहिले पनि एउटा रमाइलो किंवदन्ती यसरी भन्ने गर्दछन् - "ङतापोल्हँ बनाउने सिलसिलामा एकजना मानिस ज्यामीको रूपमा सधैँ आउँथ्यो। तर काम केही नगरी दिउँसो खाजा खान्थ्यो। त्यो पनि अरूले भन्दा बढी नै खान्थ्यो।' यो कुरा अरू ज्यामीहरूलाई मन परेनछ र एकदिन राजाकहाँ उजुरी गर्न पुगेछ। तर दिव्यचक्षु भएको राजा भूपतीन्द्र मल्लले आवश्यक पर्ने बेला त्यसले ठूलो मद्दत दिने बताउँदै अरू ज्यामीहरूलाई चुप लाग्न भनेछन्। नभन्दै त्यसदिन त्यत्रो विशाल मन्दिरमा त्यत्रो वजनदार गजुर कसरी माथि पुऱ्याउने र स्थापना गर्ने भनी कालीगड, ज्यामीहरू सर-सल्लाह गरिरहेको बेला त्यो 'अल्छी' मान्छेले सुटुक्क गई गजुर बोकेर मन्दिर माथि पुऱ्याई स्थापना गरिदिएछ। त्यो ज्यामी त अरू

नभई भगवान भैरवनाथको बाहन वीर बेताल पो रहेछ। हुन पनि ङातापोल्हँ ठीकसम्मुख एउटा सानो डबलीमा राखिएको ढुङ्गामा वीर बेतालको चित्र राखिएको यद्यपि देख्न सकिन्छ। अर्को कुरा, गजुर स्थापना भएको दिनको सम्मानमा प्रत्येक वर्ष आषाढ शुदी प्रतिपदाको दिन ङातापोल्हँमा भुसाराँ गर्ने प्रथा अझै छ। मन्दिरमा गजुर स्थापनाको दश दिनपछि मन्दिरभित्र एउटा ठूलो घण्टा स्थापना अन्तिम अवस्थामा पुगिसकेको थियो।

रोपाई समय राम्ररी सिधेको थिएन तर जनताले ङातापोल्हँको निर्माण र 'सिद्धाग्नि कोट्याहुटी यज्ञ' मा उत्तिकै चासो दिए। त्यसरी जनता सरिक भएको देख्दा भक्तपुरको कला संस्कृति उत्थानमा भक्तपुरवासीहरूको योगदान सम्झन लायकको थियो। एवम् रीतले ४८ दिनसम्म भव्य रूपले यज्ञ चलेर ने.सं. ८२२ श्रावण द्वितीयाको दिन सिद्धाग्नि कोटयाहुटी यज्ञ समाप्त भएको र ङातापोल्हँ निर्माण पूरा भएको उपलक्ष्यमा सूर्यविनायक गणेशमा भव्य रूपमा क्षमापूजा गरियो जसमा ठाउँ-ठाउँका अतिथिहरू, विशाल जनसमूहहरूले भाग लिएकोमा स्वयं भूपतीन्द्र मल्ल सवारी भएका थिए। तर टौमढीस्थित ठूलो डबलीमा रहेको यज्ञ मण्डपको खरानी भने ने.सं. ८२३ पौष कृष्ण द्वादशीको दिन चुपिंघाटस्थित हनुमन्ते खोलामा प्रवाह गरिएको थियो। यसरी टौमढी टोलमा ङातापोल्हँ ठडियो।

## ङातापोल्हँको भुसारां (जन्मदिन)

आषाढशुक्ल प्रतिपदा, विश्व प्रसिद्ध ङातापोल्हँ मन्दिर बनेको दिन। यहाँ तलेजुअन्तर्गत पूजारी ब्राह्मण होता भई कर्माचार्य पूजारी र ताल्चाभडेल जजमान बनी यो मन्दिरको वर्षबन्धन पूजा हुन्छ। छाग(बोका) सकोल लोकहित हुने यो पूजा वर्षको एक पटक मात्र हुन्छ। यो पूजामा भैरवनाथलाई पनि हाँस बलि दिई पूजा गर्नुपर्दछ। साथै पाँच तले मन्दिरको गजुरमा छाड्डु नामक लड्डु चढाई ठूलो झन्डासहित पूजा हुन्छ। तुछिमलास्थित अवालहरूबाट हुने यो झन्डोत्तोलनअघि मन्दिरमा रहेका घाँस उखेल्ने र मन्दिर सफा गर्ने काम हुन्छ। पूजापश्चात् पूजामा लाग्ने सबैलाई सम्मेबजी तथा राती स्युकाय भोजसमेत हुन्छ। यो कार्य हरेक वर्ष हुँदै आएको छ। यो दिन ङातापोल्हँको निर्माण सम्पन्न भएको थियो।

## वास्तुसम्मत सम्पदा

भक्तपुर टौमढी टोलमा रहेको विश्व प्रसिद्ध ङातापोल्हँ मन्दिर हरेक दृष्टिकोणले महत्त्वपूर्ण छ। सिद्धिलक्ष्मी भगवती स्थापित यो मन्दिर छाना शैलीका

नेपालका मन्दिरहरूमा अग्लो अनि नमूना नै मानिन्छ । वि.सं. १७५८ कार्तिकबाट शुरु गरी वि.सं. १७५९ जेठभित्र बनाइसकेको यो मन्दिर वास्तु शास्त्रबमोजिम निर्माण भएको मानिन्छ । वास्तुशास्त्र भित्र मन्दिरको छुट्टै वास्तुशास्त्रको व्यवस्था भएअनुसार 'देग दानेया विधि' जस्ता ग्रन्थका साथसाथै नाप नक्सा विधिसमेत अपनाएको देखिन्छ । त्यसमध्ये पनि नक्सा कुनै पनि वास्तु अर्थात् मन्दिर बनाउन आवश्यक पूर्वाधार हो । यसै क्रममा ङातापोल्हँ मन्दिरको रेखा चित्रानुसार नक्सा एउटा महत्त्वपूर्ण प्रविधि ठहरिन आउँछ । जर्मनीका अन्वेषक प्रा.डा. बर्नहार्ड कोल्भरले कन्स्ट्रक्टिङ टु प्यागोडाज आर्किटिगट ट्रेडिशनल नेप्लिज ड्राइङ्स नामक पुस्तकमा ङातापोल्हँ मन्दिरको नक्सा प्रकाशित गरे यता यसको व्यापक अध्ययन अनुसन्धान हुन सकेको छैन । यसमा नेवारी अक्षरमा मन्दिरको गजुरदेखि पाँच तलाको (पेटीबाहेक) विभिन्न अङ्गको नाम नाप तथा अन्य विवरण उल्लेख छ । जहाँ वास्तुशास्त्रको सिद्धान्तलाई सचित्र व्याख्या गरिएको छ । तर एउटा दुःखको कुरा उक्त पुस्तकमा ङातापोल्हँ मन्दिरको माथिल्लो आधा भागको मात्र नक्सा दिइएको छ । पेटीदेखि जमिनसम्मको भागको नक्सा दिइएको छैन । पाँच तले मन्दिरको पूर्ण नक्सा भइदिएको भए विश्व प्रसिद्ध यो मन्दिर आजको प्राविधिक युगको लागि उत्तम नमुना हुन्थ्यो ।

वास्तवमा भूपतीन्द्र मल्लले यो मन्दिर बनाउनुपूर्व वास्तुशास्त्रमुताबिक नाप नक्सा बनाउन लगाएको कारण मन्दिर बनाउन आवश्यक इँटा, झिँगटी, झ्याल, ढोका, फय्गां, दलिन, खापा, मेठलगायतका निर्माण सामग्रीहरू अगाडि नै तयार पार्न लगाएका थिए छोटो समयमै मन्दिर बनाउन थोरै समय लागेकोबारे एउटा आख्यान अझ पनि प्रचलित छ – टौमढी टोलसँगैको क्वाछेँ टोलमा बस्ने एक व्यक्तिले आफ्नो घर नजिक यत्रो मन्दिर बनेको थाहा पाएन भन्ने गरिन्छ । तत्कालीन समयमा कृषकहरू खेतमा बाली लगाएपछि बाली घर नभित्र्याउन्जेल खेतमै बस्ने चलन थियो । यसैक्रममा आफ्नो खेतको बाली लिएर आउँदा क्वाछें टोलका एक किसानले आफ्नो घरअगाडि विशाल ङातापोल्हँ मन्दिर देख्दा आश्चर्य भएको घटनाले उक्त मन्दिर छोटो समयमै बनेको थियो भन्ने पुष्टि हुन्छ । त्यसबाहेक ङातापोल्हँ मन्दिरको जग शिलान्यासदेखि गजुर स्थापनाको साथ सिद्धाग्नी कोट्याहुती यज्ञ गरेका प्रमुख घटनाहरू तिथिमितिसहित उल्लेख छ । यसबाट यो मन्दिरको लागि लागेको समय किटानका साथ भन्न सकिएको हो । तलेजुभित्रको एउटै कुमारी चोक बनाउन जितामित्र मल्लले १५ वर्ष लगाएको अवस्थामा उनकै छोरा भूपतीन्द्र मल्लले छ महिनामा यत्रो विशाल

मन्दिर बनाउन सफल हुनुको पछाडि पनि यही वास्तुशास्त्रको भूमिका देखिन्छ। नाप-नक्साबमोजिम मन्दिरको लागि आवश्यक इँटा, झिँगटी, काठ समयमै प्राप्त हुँदा छोटो समयमै मन्दिर निर्माण समाप्त भएको हो। आजभन्दा ३१९ वर्षपहिले बनेको यो मन्दिर वास्तुसम्मत भएकै कारण बलियो पनि छ। वि.सं. १८९० सालको भूकम्पमा एउटै इँटा झरेन। १३१ वर्ष पुरानो त्यतिबेलाको ङातापोल्हँ मन्दिर ज्युँका त्युँ रह्यो। नेपालजस्तो भूकम्पकीय क्षेत्रमा ठडिएको ङातापोल्हँ मन्दिर वि.सं. १९९० सालको महाभूकम्पमा परी केही क्षतिग्रस्त हुन पुग्यो। जतिबेला यो मन्दिरको आयु २३० वर्ष पुगिसकेको थियो। २३० वर्ष पुरानो त्यत्रो अग्लो मन्दिरको माथिल्लो एक तल्ला भत्कनु प्राविधिक हिसाबले मन्दिर अत्यन्त बलियो भएको पुष्टि हुन्छ। अझ २०४५ सालको भूकम्पमा समेत एउटा इँटा नखस्नुबाट पाँच तले मन्दिर कति बलियो गरी बनाएको भनी अनुमान गर्न गाऱ्हो पर्दैन। नब्बे सालको भूकम्पमा टौमढी टोलसँगै रहेको तीन तले भैरवनाथको मन्दिर जगैदेखि भत्कनु र पाँच तले मन्दिरमा भने केही क्षति नभएको बारे एउटा प्रचलित कहावत छ "ङातापोल्हँ छतामरु भैल देग पतामरु" अर्थात् पाँच तले मन्दिरको एक तला छैन भैरवनाथ मन्दिर अत्तोपत्तो छैन। भैरवनाथ मन्दिरभन्दा दुई गुणा अग्लो ङातापोल्हँ मन्दिरको माथिल्लो एक तला मात्र भत्कनु तर भैरवनाथ मन्दिर जगैसम्म भत्कनुबाट यहाँ दुइटा मन्दिरको प्राविधिक क्षमतालाई मूल्याङ्कन गर्न सकिन्छ। ङातापोल्हँ मन्दिर अत्यन्त बलियो भएको सन्दर्भमा जनमानसमा एउटा व्याप्त भनाइ यो छ कि यो मन्दिर मास, मुगी, चाकुजस्ता पदार्थ माटोमा मिश्रण गरी निर्माण गरेको भनिन्छ। राष्ट्रिय अभिलेखालयभित्र सुरक्षित यो मन्दिर निर्माणसम्बन्धी ठ्यासफुमा समेत यसको उल्लेख छ। बरु ङातापोल्हँ मन्दिरको जग शिलान्यासदेखि गजुर राखी सिद्धाग्नी कोट्याहुती यज्ञ गरेको दिनसम्मको तिथिमिति टिपोट गरिएको छ। त्यहाँ मन्दिर बनाउँदा लागेको इँटाको सङ्ख्या, झिँगटीको सङ्ख्या, मा अप्पा, कुं अप्पा, बुट्टा सङ्ख्या अनि मूल्य यकिन गरिएका छन्। मन्दिर बनाउन खटेका ज्यामीको नाम र ज्यामीहरूको सङ्ख्या ज्याला उल्लेख छ। जसबाट यो मन्दिर बनाउँदाको वास्तविक लागत मूल्य तथा समय यकिनका साथ उल्लेख भएको छ। वास्तवमा ङातापोल्हँ मन्दिर जति धार्मिक, सांस्कृतिक अनि कलाकौशलले महत्त्वपूर्ण छ। अझ बढ्ता प्राविधिक दृष्टिकोणले महत्त्वपूर्ण छ। जसबाट तत्कालीन समयका प्राविधिक, ज्यामी, मजदुर, डकर्मी, सिकर्मी, लुँ कर्मी, टमो

अत्यन्त सक्षम रहेको पुष्टि हुन्छ। ज्ञात-अज्ञात ती सम्पूर्ण पुर्खाहरूप्रति हामी गर्व गर्छौं। यत्रो महत्त्वको मन्दिरले भक्तपुरको मात्र इज्जत हैन, नेपालकै महत्त्व अरू बढाएको छ।

## ङातापोल्हँ मन्दिरसम्बन्धी केही रोचक जानकारीहरू :

**मन्दिर निर्माणमा लागेको खर्च**

राजा भूपतीन्द्र मल्लको कोषबाट ४०७५ मोट १० दाम

तलेजु भवानीको कोषबाट १०७ मोट २ दाम

मुख्य मन्त्री वंशीधरबाट २३० मोट

सेवा कुबाट २७१० मोट

**पाँचतले मन्दिर निर्माणमा दैनिक लागेका कामदारहरू**

| | | |
|---|---|---|
| लोहँकर्मी ३१ जना भक्तपुर, ४४ पाटनबाट | | ताःम्ह ४७ जना |
| अवाल ३९ जना | | जवाल ४ जना |
| एघात ३३ जना | | लुँकमी १२ जना |
| बाला १५ जना | | निवा १२ जना |
| पामी १२ जना | | चेतकल १६ जना |
| न्याकमी ४४ जना | साल्मी २१२ जना | गाथा ४८ जना |

## मन्दिर बनाउँदाको धातुको मूल्य

सुन प्रतितोला २४ मोट तेह्र दाम तीन पैसा

फलाम प्रतिधार्नी २४ दाम

तामा प्रतिधार्नी २८ दाम

मैन प्रतिधार्नी ११० दाम

काँस प्रतिधार्नी तीन मोट

यस हिसाबले पाँच तले मन्दिरको गजुरको मूल्य २०५५ मोट १७ दाम पर्न आउँछ।

## सात गाउँबाट प्राप्त काठको विवरण

| ठाउँ | काठको विवरण | कामदार | मूल्य |
|---|---|---|---|
| बनेपा | १८१ थान, | ७५२ ज्यामी, | ४ मोट १६ दाम |
| पनौती | १०१ थान, | ५३३ ज्यामी | ४ मोट २७ दाम |
| साँगा | ८३ थान, | १८८ ज्यामी | १ मोट ९ दाम |
| धुलिखेल | २०० थान, | १०६७ ज्यामी | ९ मोट ११ दाम |

| | | | |
|---|---|---|---|
| चौकोट | ७ थान, | १४ ज्यामी | १४ दाम |
| खम्पु | २१ थान, | १०३ ज्यामी | ३ सुकी २२ दाम |
| नाला | ३२ थान, | २०६६ ज्यामी | २ मोट |

## ङातापोल्हँ मन्दिरको निर्माणताका भएका केही रोचक तथ्यहरू :

१. मन्दिर बनाउनु पहिले नै ५२९ ओटा फय् गां (हावामा बज्ने घण्टाहरू) बनाउन लगाइएको थियो। त्यसमध्ये माथिदेखि पहिलो तलामा ४८, दोस्रो तलामा ८०, तेस्रो तलामा १०४, चौथो तलामा १२८ र पाँचौं तलामा १६८ राखिएका थिए र एउटा घण्टा बढी हुन गएको थियो। त्यस घण्टालाई अभागी घण्टा भनिन्थ्यो। तर त्यो घण्टा कहाँ राखियो आज सम्म रहस्यमय नै छ।

२. ङातापोल्हँ मन्दिरको लागि आवश्यक इँटाहरू मन्दिर बन्नुपूर्व नै विभिन्न ठाउँमा इँटा पोल्ने भट्टाहरू बनाउन लगाई तयार पार्न लगाइएको थियो। मन्दिरको लागि जम्मा जम्मी ११ लाख ३५ हजार तीन सय पचास ओटा इँटाहरू प्रयोग भएका थिए। त्यस्तै १ लाख २ हजार ३ सय ४ ओटा तेलीया इँटासमेत लागेको देखिन्छ।

३. मन्दिरको गजुरको लागि ४० धार्नी तामा लागेको थियो। त्यसमा सुनको जलप ३७ तोला सुन लागेको थियो। त्यसताका गजुरको मूल्य २०५५ परेको थियो र हालको बजार भाउअनुसार गजुरको मूल्य ५ लाखभन्दा बढी पर्न आउँछ।

४. ङातापोल्हँ मन्दिर सम्पन्न भएको अवसरमा एकातिर भक्तपुरका राजासँग सम्पूर्ण जनता हर्षोल्लासले समापन पर्वमा भाग लिइरहेका थिए भने अर्कोतिर सम्पत्ति सबै हनन भएका भाजुकसका सन्तानहरू राजाप्रति आलाप विलाप गरिरहेका थिए र आफूहरूमाथि परेको दुःख दर्दलाई भुल्न उनीहरूले रामायण नाटक खेलाएका थिए।

# भक्तपुरको विश्व सम्पदा ङातापोल्हँ

–रीना प्रजापति




*'विश्व सम्पदा जोगाउने हाम्रो रहर*
*कला संस्कृतिले सुसंस्कृत हाम्रो शहर*
*यो नगर भक्तपुर नेपालीको धरोहर धरोहर'*

काठमाडौं उपत्यकाका मल्लकालीन तीन नगरहरूमध्ये एक भक्तपुर नगर लामो ऐतिहासिक पृष्ठभूमि भएको विश्व सम्पदाहरूको शहर हो । 'सांस्कृतिक नगर', 'जीवित सम्पदा', 'नेपालको सांस्कृतिक रत्न' र 'नाचगानको राजधानी' को रूपमा परिचित यो पर्यटकीय नगर हो । नेवारी जीवनशैलीले भक्तपुर नगर सजीव सङ्ग्रहालयको रूपमा स्थापित छ । 'नेपालको रोम शहरको रूपमा परिचित' यो नगरमा कला–कौशलका पारखी हाम्रा पुर्खाहरूले धेरै सांस्कृतिक धरोहरहरू सिर्जना गरी छोडेर गएका छन् । यसमा हामी गौरवान्वित छौँ र आजको यो आधुनिक युगमा ऐतिहासिक सम्पदाहरूको संरक्षण र सुव्यवस्थापन गर्नु हाम्रो रहरसँगै चुनौती र जिम्मेवारी पनि हो । स्वदेशी तथा विदेशी कलामर्मज्ञहरूले मुक्तकण्ठले प्रशंसा गरेको हाम्रो घर आँगनका सम्पदाहरूबारे जानकार राख्नु हामी सबैको दायित्व हो ।

हालै भक्तपुर नगरपालिकाले टौमढी क्षेत्रमा चारपाङ्ग्रे सावरीसाधन प्रवेश निषेधसम्बन्धी सूचना प्रकाशित गरेको छ । भक्तपुर नगरपालिकाको सूचनाअनुसार वडा नं. ५ स्थित प्रसिद्ध ङातापोल्हँ परिसरको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखेर स्थानीय जनता, बुद्धिजीवी र सरोकारवालाहरूको सुझावअनुसार त्यस क्षेत्रमा पूर्वमा क्वाछें, पश्चिममा स्वपुंग भैरव, उत्तरमा चतुर्ब्रह्म महाविहारको पूर्वी बाटो र दक्षिणमा तीलमाधव नारायण मन्दिरको पूर्वी ढोका चलाखु यति

चार किल्लाभित्रको क्षेत्रमा २०७५ माघ १ गतेदेखि बिहान ७:०० बजेदेखि बेलुकी ७:०० बजेसम्म हरेक दिन चारपाङ्ग्रे सवारीसाधन प्रवेश निषेध गर्ने निर्णय गरेको छ। सम्पूर्ण सवारीसाधन धनीहरू तथा सर्वसाधारणहरूको जानकारीको लागि भक्तपुर नगरपालिकाले सूचना प्रकाशित गरेको छ। नगरपालिकाको यो ऐतिहासिक निर्णयलाई सम्मान गर्दै ङातापोल्हँ (पाँचतले) मन्दिरबारे केही जानकारी प्रस्तुत गर्ने प्रयत्न गर्दै छु।

ङातापोल्हँ अर्थात् पाँचतले मन्दिर भक्तपुर नगरपालिका वडा नं. ५ टौमढी नापी कित्ता नं. ८७ मा अवस्थित आकर्षक र दर्शनीय वास्तुकलाको अनुपम



धरोहर हो। आजभन्दा ३१७ वर्ष (ने.सं.८२२ कार्तिक - ८२२ जेष्ठ) अगाडि ६ महिनाको छोटो अवधिमा तत्कालीन भक्तपुरका राजा भूपतीन्द्र मल्लले निर्माण सम्पन्न गराएका थिए। यो नेपालकै सबैभन्दा अग्लो (१०८ फिट ३३.२३ मिटर) नेपाली शैलीको मन्दिर हो।

वि.सं. १८९०, १९९०, २०४५ र २०७२ का शक्तिशाली भूकम्पहरू सामना गर्दै ३१७ वर्षदेखि मजबुत रही मल्लकालीन प्रविधिको नमुना प्रदर्शित गरिरहन सक्षम वास्तुशास्त्र सम्मत निर्माण गरिएको मन्दिर हो यो। इतिहासको पाना पल्टाउँदा वर्तमान पाँचतले मन्दिर निर्माण हुनुअगावै त्यहाँ ङातापुलु नामक पुरानो मन्दिर थियो। ङातापुल आजको ङातापोल्हँ जस्तै देखिने र आकारमा सानो थियो। भनिन्छ वर्तमान मन्दिर निर्माणको सिलसिलामा टौमढी टोल परिसर फराकिलो पार्न त्यस क्षेत्रका बासिन्दाहरूको घर-जग्गा अधिग्रहण गरी घर-जग्गा सट्टा भर्ना दिई हालको गोल्मढी र दत्तात्रय बीचको पलिखेलमा पुनर्वास गराइएको थियो।

मन्दिरमा ५२८ ओटा फय् गां (बतासे घण्टी), १०८ ओटा काष्ठकलापूर्ण टुँडालहरू, सुनको जलप लगाइएको करिब १०० केजीको गजुर र भित्र सिद्धिलक्ष्मी देवीको कलापूर्ण मूर्ति स्थापना गरिएको छ। ऐतिहासिक अभिलेख ग्रन्थअनुसार मूर्ति स्थापना उत्सवमा करिब १५,५०१ जना मन्दिर निर्माणमा योगदान दिने जनसमुदाय र अन्य छिमेकी राज्यका २,८४४ जनालाई भव्य भोज खुवाइएको थियो। छिमेकी राजालाई राजकीय पाहुना र भोजनको व्यवस्था गरिएको थियो। मन्दिरभित्र रहेको ९ मुख, १८ हात भएको तीन तहको भावपूर्ण र कलापूर्ण सिद्धिलक्ष्मी देवीको भव्य मूर्ति जम्मा १ महिनाको समयमा बनाएको तथ्य पाइएको छ। सिद्धिलक्ष्मी देवीका दायाँतिर महाकाल भैरवको मूर्ति, बायाँतर्फ स्मशान भैरव र मुनि बेतालका प्रतिमाहरू सिङ्गो शिलामा भक्तपुरका प्रतिभावान लाँहकर्मी (शिलाकार) हरूले बनाएका थिए।

सिद्धिलक्ष्मी देवीलाई विभिन्न ५ शक्तिहरूले पहरा दिइरहेका छन् तलबाट क्रमशः कोटवाल, हात्ती, सिंह, शार्दूल र सिंहनी व्याघ्रिनी। दक्षिण अभिमुख प्रवेशद्वार पुग्न ३६ ढुङ्गाको ठाडो खुट्किला चढनुपर्छ। चापागाउँका प्रजाहरूले ल्याइपुऱ्याएको २ ओटा विशाल ढुङ्गाबाट बनेका ठूला ठूला कोटवाल सामान्य मानिसभन्दा १० गुणा शक्तिशाली हुने स्थानीय जनविश्वास छ। त्यसै गरी कोटवालभन्दा माथिको हात्ती अझ १० गुणा शक्तिशाली, हात्तीभन्दा माथिको सिंह १० गुणा शक्तिशाली, सिंहभन्दा माथि शार्दूल १० गुणा शक्तिशाली, र शार्दूलभन्दा

माथि सिंहनी व्याघ्रिनी १० गुणा शक्तिशाली हुने जनविश्वास छ ।

मन्दिरमा चारैतिर ४ आकर्षक द्वारहरू छन् । मन्दिर बनाउन भक्तपुरका पाँच विभिन्न स्थानमा इँटा भट्टा बनाइएका थिए । टौमढी टोलबाट नजिक पर्ने सिद्धपोखरीको मुनि मस्यांबिजली, माहेश्वरी पीठनेरको वाताध्वाका, हनुमानघाट, नायध्वाका र चुपिङघाटमा इँटा भट्टा स्थापना गरिएको थियो । लाखौं झिँगटी इँटाले छाएको पाँचै तह छानामुनिका सिर्जनशील बुट्टाहरू र देवदेवीका सुन्दर कलात्मक सिर्जनाले भरिएका टुँडालहरू गौरव गर्न लायक छन् । पहिलो र दोस्रो तलाका टुँडालहरूमा कुँदिएका काष्ठ मूर्तिहरू ब्रह्मायणी, माहेश्वरी, कौमारी, वैष्णवी, बाराही, इन्द्रायणी, महाकाली र महालक्ष्मी नामका अष्टमातृका देवीहरू हुन् । तेस्रो तलाका टुँडालहरूमा लोकेश्वरका मूर्तिहरू कुँदिएका छन् । चौथो तलाका टुँडालहरूमा महालक्ष्मीका विविध मूर्तिहरू कुँदिएका छन् र पाँचौं तलाका टुँडालहरूमा शिवशक्तिका मूर्तिहरू कुँदिएका छन् ।

२०५४ सालमा ङातापोल्हँ मन्दिरको मर्मत गर्ने काम रु. ८६ लाखको लागतमा भक्तपुर नगरपालिकाद्वारा भक्तपुरकै कामदारमार्फत सम्पन्न गराएको रेकर्ड छ । हाल ङातापोल्हँ अगाडिको भैरव मन्दिर निर्माण कार्य भइरहेको अवस्थामा ङातापोल्हँले पनि आफ्नो पालो पर्खिबसेको छ ।

अन्तमा, हाम्रा पुर्खाले सिर्जेको सम्पति, हाम्रा पुर्खाको नासोको रूपमा प्राप्त ङातापोल्हँजस्ता विश्व सम्पदाहरूको योजनाबद्ध संरक्षण र मर्मत–सम्भारलाई सहयोग र समर्थन गरौं । हाम्रा साझा सम्पदाहरूलाई कुनै पनि किसिमबाट नष्ट, भ्रष्ट र दुरुप्रयोग हुनबाट बचाऔं । पर्यटन वर्ष २०२० सफल बनाउन आजैबाट लागौं । माघ १ गतेबाट लागु भएको टौमढी क्षेत्रमा चारपाङ्ग्रे सवारीसाधन निषेधसम्बन्धी नगरपालिकाको निर्णयलाई सहयोग गरौं भन्दै रात्रीकालीन समयमा ङातापोल्हँको भव्य काष्ठकला र मूर्तिकला आँखाभरि सजिने व्यवस्था गरिदिनुहुन नगरपालिकालाई अनुरोध गर्दछु ।

*(लेखमा प्रस्तुत तथ्यहरूको स्रोत सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा सम्बन्धी अभिलेख ग्रन्थको अनुसन्धानात्मक विश्लेषणात्मक अध्ययन – डा. जनकलाल वैद्य र अन्य लेख रचनाहरू)*

**अन्तर्वार्ता**

# "सम्पदा संरक्षणमा श्रमदान र आर्थिक सहयोग गर्नु भक्तपुरवासीको विशेषता"



- प्रमुख सुनिल प्रजापति

***प्रश्न : भक्तपुरका सम्पदाहरूको पुनःनिर्माणको स्थिति के कस्तो रहेको छ ?***

**उत्तर** - भक्तपुर २०७२ सालको भूकम्पले नराम्ररी क्षति पुऱ्याएको जिल्लामध्ये एक हो। भक्तपुर नगरपालिका क्षेत्रभित्र मात्रै आठ हजार घरमा आंशिक र पूर्ण क्षति भएको थियो भने ११५ ओटाभन्दा बढी महत्त्वपूर्ण सम्पदाहरू आंशिक र पूर्ण क्षति पुगेको थियो। भूकम्प गएको ५ वर्ष बित्यो। लाभग्राही सूचीमा सूचीकृतमध्ये ५६८७ परिवारले पहिलो किस्ता लिएको, दोस्रो किस्ता लिएको जम्मा २०६० र तेस्रो किस्ता लिनेहरूको सङ्ख्या १८७५ रहेको छ। त्यसै गरी सम्पदाहरूमा ९५ ओटाभन्दा बढी सम्पन्न भइसकेको छ भने अरू दर्जनौं सम्पदाहरूको पुनः निर्माण कार्य जारी छ।

***प्रश्न : भक्तपुर नगरभित्रका २०७२ सालको भूकम्पमा धेरै निजी घरहरूमा क्षति पुगेको तथ्याङ्क छ। भक्तपुरका निजी घर पुनः निर्माण कार्य ढिलाइ हुनुमा के-कस्ता कारणहरू छन् ?***

**उत्तर** - निजी घरहरू पुनःनिर्माण ढिलाइ भइरहेको सत्य हो। ढिलाइका प्रमुख कारणहरूमा भत्केको घरमा बहुस्वामित्व कायम हुनु, अनुदान रकम

किस्ताबन्दीमा दिनु, अनुदान कम हुनु र दर्ताबिनाको जग्गामा घर निर्माण हुनु तथा गुठी र मोहियानी हकको जग्गामा घर बनाएर बस्नु हो। विभिन्न कारणले कतिपय घर धनीहरूले जग्गा धनी प्रमाण पुर्जा पेश गर्न नसक्दा धेरै पीडितहरू अनुदान पाउनबाट वञ्चित भए।

छिट्टै घर बनाउन दिने सहज उपाय भनेको बहुस्वामित्वको घरमा जति जनाको स्वामित्व छ सबैलाई समान रूपमा अनुदानको व्यवस्था गर्ने, बाँकी रकम एकै किस्तामा दिने, अनुदान रकम वृद्धि गर्ने र नगरपालिकाले गरेको सरजमिनलाई आधार मानी जग्गाधनी पुर्जा नभए पनि अनुदान उपलब्ध गराउने हो।

***प्रश्न : देशकै अग्लो भक्तपुरको ऐतिहासिक ङातापोल्हँ मन्दिर जीर्णोद्धार कार्य चालु अवस्थामा रहेको छ। यसको हाल कसरी निर्माण भइरहेको छ ?***

**उत्तर** - ङातापोल्हँ मन्दिर जीर्णोद्धार अन्तिम चरणमा पुगेको छ। २०७२ सालको भूकम्पले ङातापोल्हँको पहिलो तलामा नराम्ररी क्षति पुऱ्यायो। नगरपालिकाले प्राविधिकमार्फत क्षति विश्लेषण गर्न लगायो। प्राविधिकहरूको प्रतिवेदनको आधारमा जीर्णोद्धार गर्न रू ६५ लाख १३ हजारको लागत इस्टमेट स्वीकृत गरियो।

विश्व सम्पदा सूचीमा सूचीकृत देशकै महत्त्वपूर्ण सम्पदा हुँदा ङातापोल्हँ जीर्णोद्धारको लागि विभिन्न चार ओटा समितिहरू गठन गरियो–पहिलो नगर प्रमुखको संयोजकत्वमा ङातापोल्हँ जीर्णोद्धार निर्देशक समिति, दोस्रो केशव तमखुको संयोजकत्वमा उपभोक्ता समिति, वडा सदस्य बलराम न्हिसुतुको संयोजकत्वमा अनुगमन समिति र ख्वप कलेज अफ इन्जिनियरिङका पूर्व प्राचार्य चन्द्रकिरण कवाँको संयोजकत्वमा प्राविधिक समिति।

निर्देशक समितिको निर्देशन र प्राविधिक समितिको सुपरिक्षणमा स्थानीय उपभोक्ता समितिमार्फत ङातापोल्हँको जीर्णोद्धार भएको हो।

***प्रश्न : कति लागत इस्टिमेटमा ङातापोल्हँ मन्दिर पुनः निर्माण हुने अपेक्षा गरिएको थियो ?***

**उत्तर** - भक्तपुर नगरपालिकाका प्राविधिकहरूका अनुसार रू ६५ लाख १३ हजारमा जीर्णोद्धार सम्पन्न हुने अपेक्षा थियो। तर स्थानीय जनताको अपार सहयोगले लगत इस्टिमेटभन्दा निकै थोरै रकमले सम्पन्न हुँदै छ।

***प्रश्न : ङातापोल्हँ मन्दिर जीर्णोद्धारमा देखिएको जनश्रमदानबारे केही बताइदिनुहुन्छ कि ?***

**उत्तर** - ङातापोल्हँ जीर्णोद्धार निर्देशक समितिले जीर्णोद्धारको लागि आर्थिक सहयोग र जनश्रमदान गर्न आह्वान गऱ्यो। टोल टोलमा जनताबीच सम्पदाको महत्त्वबारे बुझाउने कार्य गरियो। त्यही आधारमा जनताले लकडाउनको बेलासमेत आफ्नो व्यक्तिगत स्वास्थ्यलाई ध्यान दिएर श्रमदान गरे। अहिलेसम्ममा झन्डै चार हजार व्यक्तिले श्रमदान गरिसके भने १२ लाखभन्दा बढी रकम चन्दा स्वरूप सङ्कलन भइसकेको छ। ईँटा, झिङ्गटी, बाँसजस्ता जिन्सी सामान सहयोग गर्ने पनि कम छैनन्।

***प्रश्न : हुन त हाल बाँसको प्रयोग गरी जीर्णोद्धार भइरहेको छ। आधुनिक युगमा पनि बाँसको प्रयोग गर्नुको मुख्य कारण के होला ?***

**उत्तर** - बाँस भक्तपुरमै पाइने स्थानीय वस्तु हो। ङातापोल्हँ मात्रै होइन, भैरवनाथको मन्दिरलगायत अरू सम्पदा पुनः निर्माण गर्न समेत बाँसकै प्रयोग गरिएको थियो। यो हाम्रो मौलिक प्रविधि हो र यस्तो प्रविधिले हाम्रो मौलिकता जोगाउन मद्दत पुऱ्याउँछ र नगरपालिकाको पैसा बाहिर जाँदैन।

***प्रश्न : ङातापोल्हँ मन्दिर पुनःनिर्माणबारे संस्कृतिविद् एवम् इतिहासविद्हरूको धारणा के कस्तो रहेको छ ?***

**उत्तर** - जीर्णोद्धार गर्नु अघि भक्तपुर नगरपालिकाले इतिहासविद्, संस्कृतिविद्, पुरातत्त्वविद्लगायत सम्पदासँग सम्बन्धित सरोकारवालाहरू बोलाई ङातापोल्हँबारे अन्तरक्रिया छलफल कार्यक्रम गरेको थियो। उहाँहरूको राय, सुझावअनुसार नै जीर्णोद्धार कार्य अगाडि बढाइएको हो।

***प्रश्न : विश्व सम्पदा सूचीमा सूचीकृत यस मन्दिरको जीर्णोद्धार गर्न पाउँदा कस्तो महसुस गर्नुभएको छ ?***

**उत्तर** - विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदा जीर्णोद्धारको अवसर प्राप्त भएकोमा हामी अत्यन्त खुशी छौँ। हाम्रो सम्पदा हामी आफै पुनःनिर्माण/जीर्णोद्धार गरौँ ! भन्ने नगरपालिकाको भावनालाई आत्मसात गर्दै

स्थानीय जनताले श्रमदान र आर्थिक सहयोग गरेकोमा हामी झनै खुशी छौँ। सम्पदा पुनःनिर्माणमा यसरी नै श्रमदान र आर्थिक सहयोगको भावनालाई निरन्तरता दिनुपर्छ। यो हामी भक्तपुरवासीहरूको विशेषता हो।

***प्रश्न : भूकम्प गएको ४ वर्ष बितिसक्यो, किन यसको पुनःनिर्माण ढिलो हुन गएको ?***

**उत्तर** - भूकम्प गएको ५ वर्ष बितिसक्दा पनि सरकारको नीतिगत कमजोरीको कारण अझै गरिब जनताले घर बनाउन सकेका छैनन्। अब कमी कमजोरीलाई सुधार गर्दै पुनःनिर्माण तीव्र गतिमा सम्पन्न गर्नेतर्फ जोड दिनुपर्छ।

***प्रश्न : भक्तपुर नगरपालिकाले सम्पदाहरूको मौलिकता गुम्न नदिन स्थानीय प्रविधिक र स्थानीय निर्माण सामग्रीको प्रयोग र सस्तो तथा गुणस्तरीय निर्माणको लागि सम्पदा पुनःनिर्माणलगायत पूर्वाधार निर्माणको काम स्थानीय उपभोक्ता समितिमार्फत गर्दै आएको हो ?***

**उत्तर** - ङातापोल्हँ जीर्णोद्धारको कार्यमा सहयोग गर्ने तमाम जन प्रतिनिधिहरू, निर्देशक समितिमा बसेर सहयोग सबै सदस्यज्यूहरू, उपभोक्ता समिति र प्राविधिक समितिमा बसेर सहयोग गर्ने तथा जनश्रमदान र आर्थिक तथा जिन्सी सहयोग गर्ने, सुरक्षामा विशेष ध्यान दिने जिल्ला प्रशासन कार्यालय भक्तपुर, महानगरीय प्रहरी परिसर भक्तपुरलगायत प्रत्यक्ष र अप्रत्यक्ष सहयोग गर्ने सबैलाई भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

*(भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिसँग ङातापोल्हँ मन्दिर जीर्णोद्धारमा केन्द्रित अन्तर्वार्ता)*

*–भक्तपुर मासिक सङ्ख्या २८५, २०७७ साउनमा प्रकाशित*

# "विदेशीको सहयोग नलिंदैमा भक्तपुरको सम्पदा संरक्षण रोकिनेछैन"



केशव तमखु–अध्यक्ष ङतापोल्हँ मन्दिर जीर्णोद्धार उपभोक्ता समिति

***१. ङतापोल्हँ मन्दिरको जीर्णोद्धारको काम कहिलेबाट सुरु गर्नुभयो र कहिले सम्पन्न भयो ?***

२०७२ सालमा आएको विनाशकारी भूकम्पबाट देशैभर धनजनको अपूरणीय क्षति भयो । सांस्कृतिक सम्पदाहरू पनि त्यस विपत्तिबाट अछुतो रहेनन् । भक्तपुरमा पनि सयौंको सङ्ख्यामा सम्पदाहरूमा क्षति पुग्यो । ङतापोल्हँमा पनि त्यस विपत्तिले गम्भीर असर पु¥यायो ।

सम्पदा संरक्षणमा स्थानीय जनताको सहभागिता र अपनत्वको भावना जगाउने भक्तपुरको परम्पराअनुरूप मिति २०७६ कार्तिक ७ गते स्थानीय जनताको भेलाबाट ङतापोल्हँ मन्दिर संरक्षण कार्यको लागि ११ सदस्यीय उपभोक्ता समिति गठन भयो । तत्पश्चात् कार्तिक २० गतेबाट आवश्यक बाँस सङ्कलन गरी मङ्सिर ७ गतेदेखि खट बाँध्ने काम शुरु भयो । मङ्सिरको २५ गतेको शुभसाइतबाट मन्दिरको छानामा रहेको झिंगटी निकाल्ने कार्य सुरु गरी मिति २०७७ असारको २९ गते इस्टिमेटअनुसारको सम्पूर्ण कार्य सम्पन्न गरियो ।

***२. ङतापोल्हँ मन्दिर जीर्णोद्धारको काम के कसरी गर्नुभयो ? स्पष्ट पारिदिनुस् न ।***

ङतापोल्हँ भक्तपुरवासीको मात्र गौरवको विषय होइन। समग्रमा सारा देशवासीको प्रतिष्ठासँग जोडिएको र विश्वसम्पदामा सूचिकृत भएको विश्वकै सम्पत्ति हो। तसर्थ यस्ता सम्पदाको संरक्षण कार्यमा सामेल हुनु गौरवको विषय हुनुको साथै त्यत्तिकै चुनौतीपूर्ण पनि छ। यसै तथ्यलाई ध्यानमा राखी ङतापोल्हँ मन्दिर संरक्षण कार्यको लागि विभिन्न समितिहरूले महत्त्वपूर्ण भूमिका निभाएका छन्। उपभोक्ता समितिको कार्यको आवश्यक रेखदेखको लागि अनुगमन समितिले कार्य गरेको थियो। साथै आवश्यक प्राविधिक अध्ययन तथा परामर्शको लागि विज्ञ प्राविधिकहरूको प्राविधिक समिति, सम्पदाविद् र संस्कृतिविद्हरूको सल्लाहकार समिति तथा भक्तपुर नपाका मेयर सुनिल प्रजापतिज्यूको अध्यक्षतामा निर्देशक समिति गठन भएको थियो। उपभोक्ता समितिले उल्लिखित विभिन्न समितिहरूको राय, सल्लाह र सुझावहरूलाई मनन गर्दै भक्तपुरवासी दाजुभाइ तथा दिदीबहिनीहरूको उत्साहपूर्ण सहभागितामा ङतापोल्हँ मन्दिरको संरक्षण कार्य सम्पन्न गऱ्यौं।

***३. मन्दिर जीर्णोद्धारका निम्ति के कति आर्थिक र जनश्रमदान तथा जिन्सी सामान सहयोग प्राप्त गर्नुभयो ? कसरी ?***

ङतापोल्हँ मन्दिर संरक्षण कार्यको लागि हजारौं सङ्ख्यामा जनश्रमदान प्राप्त भयो, जसलाई मौद्रिक रूपमा भन्दा पनि भावनात्मक रूपमा मूल्याङ्कन गर्नु उचित हुन्छ। साथै विभिन्न सहृदयी महानुभावहरूबाट हालसम्म करिब १४ लाख रूपैयाँ आर्थिक सहयोग पनि प्राप्त भएको छ। यसका साथै तिलमाधव नारायण मन्दिर, लोकेश्वर मन्दिर लगायत विभिन्न महानुभावहरूबाट १७ हजारभन्दा बढी झिंगटी, ४०० भन्दा बढी क्वँपू अपा, ४ वटा ग्वंग अपा, घोडा अपा र माटोलगायत विभिन्न सामग्रीहरू सहयोगको रूपमा प्राप्त भयो।

***४. नगरभरिकै नागरिकहरू जनश्रमदानको लागि उर्लियो नि ! यो कसरी सम्भव भयो ?***

सार्वजनिक सम्पत्ति संरक्षण कार्यमा जनसहभागिता भक्तपुरको लागि नौलो होइन। भक्तपुरका समाजसेवीहरूले विगत लामो समयदेखि जनताको चेतनास्तर उकास्नको लागि खेलेको भूमिकाको यसमा महत्त्वपूर्ण स्थान छ। आफ्ना पिता पुर्खाले निर्माण गरेका सम्पदाहरू हामी आफैले नै संरक्षण गर्नुपर्ने कुरामा यहाँका जनता सचेत छन्। यहाँको भौतिक सम्पदा संरक्षण र विकास निर्माणमा जनसहभागिता एउटा परम्परा नै बनिसकेको छ। ङतापोल्हँ मन्दिर

संरक्षण कार्यमा पनि त्यसले निरन्तरता मात्र पाएको हो । विश्वसम्पदा भएको नाताले यसको संरक्षणमा केही थप उत्साहको सञ्चार भएको हो ।

***५. भक्तपुर नगरपालिकाले सम्पदा पुनःनिर्माण र जीर्णोद्धार कार्य ठेक्कामा नगराई उपभोक्ता समितिमार्फत गराउनाका कारण के होला ?***

ठेक्कामा काम गर्नेको प्रमुख उद्देश्य उसले गरेको कामको दिगोपनाभन्दा पनि नाफा कमाउनु हुन्छ । नाफाको लागि गुणस्तरहीन कार्य भएका थुप्रै उदाहरण हाम्रो सामु छ । त्यसको विपरीत उपभोक्ता समितिले गरेका कार्यहरूमा कसैलाई नाफाघाटाभन्दा पनि कार्यको गुणस्तर र दिगोपनामा विशेष ध्यान दिने गरिन्छ । आफ्नै घर आँगन, टोल–छिमेक र पिता पुर्खाको धरोहरको संरक्षणमा स्थानीय जनता आफ्नोपन र गर्वको महसुस गर्दछन् । यसले गर्दा विकास निर्माण तथा सम्पदा संरक्षणका कार्यहरू अनुमानित भन्दा पनि कम लागत र तोकिएको समयभन्दा चाँडो सम्पन्न भएका प्रशस्त उदाहरण भक्तपुरमा देख्न पाइन्छ । त्यसको ठीक उल्टो ठेकेदारले गरेका कार्यहरू समयमा सम्पन्न नहुने, कमसल काम गर्ने र अनुमानित लागतभन्दा धेरै गुणा लागत परेको उदाहरण पनि हाम्रै सामु छ ।

***६. उपभोक्ता समितिका सदस्यहरूले ज्याला वा तलब कसरी लिने गरेको छ ?***

उपभोक्ता समितिका सदस्यहरूले कुनै ज्याला वा तलब लिने गर्दैनन् । बरु आफ्नो जिम्मेवारीमा आएको कामलाई व्यवस्थित रूपमा सम्पन्न गर्न आफ्नो तर्फबाट सक्दो योगदान गर्ने परम्परा जस्तै बसेको छ । ङातापोल्हँ संरक्षणको कार्यमा पनि यसकै निरन्तरता कायम रह्यो ।

***७. तलब वा ज्यालाविना यति लामो समयसम्म काम गर्न सम्भव छ ?***

सबै कुरा तलब वा ज्यालाले मात्र निर्धारण गर्दैन । विशेष गरी सम्पदा संरक्षण तथा स्थानीय विकास निर्माणमा भक्तपुरका जनताको हातेमालो आजको मात्र कुरा होइन । यहाँ उपभोक्ता समितिहरूले पारिश्रमिक लिने होइन, आफ्नो जिम्मेवारीमा आएको कामको लागि सक्दो आर्थिक–भौतिक सहयोग र श्रमदान गर्ने र जुटाउन योगदान गर्ने चलन छ ।

***८. ङातापोल्हँ मन्दिर जीर्णोद्धारपश्चात् तपाईँलाई कस्तो लागिरहेको छ ?***

ङातापोल्हँ पुर्खाको धरोहर हो। त्यही पुर्खाले सिर्जेको सम्पत्ति नै आज विश्वसमक्ष नेपालीको गौरवको रूपमा परिचित रहेको छ। भूकम्पले यस्ता सम्पदामा क्षति पुग्नु दुःखको कुरा हो। साथै आजको पुस्ताले पुर्खाको धरोहर संरक्षण कार्यमा थोरै भएपनि योगदान गर्न पाउनु खुसीको कुरा हो।

***९. सम्पदा पुनःनिर्माणमा भक्तपुर नगरपालिकाले विदेशीको सहयोग लिएन भन्छन्। सहयोग लिएमा के फरक पर्छ ?***

भक्तपुरका सम्पदा संरक्षणको लागि विदेशीले सहयोग गर्ने कुरा पत्र-पत्रिकामा प्रकाशित भएको कुरा हामीले पनि पढेका छौं। तर त्यसरी आउने सहयोगले देशको स्वाभिमानमा चोट पुऱ्याउने खालका बन्धनहरू जोडिएर आएको हुनाले त्यसलाई अस्विकार गरिएको कुरा पनि प्रकाशमा आएको थियो। सर्तसहितको सहयोगले देश र समाजलाई पराधीन बनाउने प्रबल सम्भावनालाई विचार गरेर ती सहायता नलिएको होला। तर विदेशीको सहयोग नहुँदैमा हाम्रो नगरको सम्पदा संरक्षणको कार्य रोकिएन। बरु विदेशीको भरपर्नु भन्दा आफ्नै पौरख र पसिनाले काम गर्ने भावनासहित व्यापक जनताले सम्पदा संरक्षणमा योगदान गर्नुभयो।

**१०. ङातापोल्हँ जीर्णोद्धारमा सहयोग गर्नेहरूलाई तपाईँ के भन्न चाहनुहुन्छ ?**

मल्लकालमा पनि यसमा हजारौं जनताले आफ्नो सीप र कौशल पोखेको इतिहास पढ्न पाइन्छ। यसपटक पनि ङातापोल्हँ मन्दिरको संरक्षण कार्यमा भक्तपुरका सम्पूर्ण क्षेत्रका जनताले उत्साहपूर्वक श्रमदान गर्नुभयो। डाक्टर, इन्जिनियरदेखि लिएर समाजको विभिन्न पेशा व्यवसायमा आवद्ध महानुभावहरूले गर्नुभएको समर्पणले जनताको पौरखले बनेको ङातापोल्हँ उपमा नवीकरण भएको जस्तो आभास भयो। तसर्थ यस पुनीत कार्यमा श्रमदान तथा आर्थिक एवं भौतिक सहयोग गर्ने सम्पूर्णजनमा उपभोक्ता समितिको तर्फबाट विशेष आभारका साथ धन्यवाद दिन चाहन्छु।

***११. अन्य केही भन्नु छ कि ?***

धन्यवाद !

*(मजदुर दैनिक, ३० साउन, २०७७)*

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठकका निर्णयहरू

भक्तपुर नगरपालिकाको विभिन्न मितिमा बसेको कार्यपालिका बैठकबाट ङतापोल्हँ जीर्णोद्धार सम्बन्धी भएका निर्णयहरू

ldlt @)&^ df3 !% ut]a'waf/

## ङतापोल्हँ सम्बन्धी अन्तरक्रिया

भक्तपुर नगरपालिका वडा नं. ५ टौमढीस्थित ऐतिहासिक ङतापोल्हँ मन्दिर जीर्णोद्धारसम्बन्धी सरोकारवाला, सरकारी कार्यालयहरू, इतिहासविद्, संस्कृतिविद्, विज्ञ, जनप्रतिनिधि एवं स्थानीय अग्रजहरूबीच २०७६ माघ २० गते, सोमबार, बिहान ८:०० बजे, नगरपालिका सभाकक्ष, ब्यासीमा अन्तरक्रिया कार्यक्रम गर्ने निर्णय गरियो।

## स्वीकृति

ऐतिहासिक ङतापोल्हँ मन्दिर जीर्णोद्धारको क्रममा ऐतिहासिक सम्पदाहरूको **विस्तृत फोटो खिची अभिलेखीकरण** गर्न पाऊँ भनी स्थानीय फोटोग्राफर बालकृष्ण बनमालाले यस नगरपालिकामा मिति २०७६।१०।१४ गते पेश गरेको निवेदनबमोजिम निजलाई मन्दिरको विस्तृत फोटो खिच्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो। निजले मन्दिरको विस्तृत फोटो खिचेर तयार गरेको अभिलेखको **एकप्रति यस नगरपालिकामा बुझाउने** प्रतिवद्धता व्यक्त गरेको बैठकमा जानकारी गराइयो।

ldlt @)&^ df3 @# u t]laxLaf/

## ङातापोल्हँको क्षति अध्ययन गर्न प्राविधिक समिति गठन

यस नगरपालिका वडा नं. ५ टौमढीस्थित ऐतिहासिक ङातापोल्हँ मन्दिर जीर्णोद्धारको क्रममा मन्दिरमा हाल भएको क्षतिसम्बन्धी विस्तृत अध्ययन अनुसन्धान गरी प्रतिवेदन प्रस्तुत गर्न देहायबमोजिम पदाधिकारीहरू रहने गरी प्राविधिक समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक : ई.चन्द्रकिरण कवां-सहप्राध्यापक, ख्वप कलेज अफ इन्जिनियरिङ

सदस्य : ई.सुजन माक - प्राचार्य, ख्वप इन्जिनियरिङ कलेज

सदस्य : ई.सुनिल दुवाल - प्राचार्य, ख्वप कलेज अफ इन्जिनियरिङ

सदस्यः ई.मन्जिप शाक्य, वरिष्ठ उपप्राध्यापक, ख्वप इन्जिनियरिङ कलेज

सदस्य : आ.लिवास फैजु, वरिष्ठ उपप्राध्यापक, ख्वप इन्जिनियरिङ कलेज

सदस्य : आ.रविना शिल्पकार, ख्वप इन्जिनियरिङ कलेज

सदस्य : ई.अमित प्रजापति, ख्वप कलेज अफ इन्जिनियरिङ

सदस्य सचिव : आ.रामगोविन्द श्रेष्ठ, योजना तथा प्राविधिक शाखा, भक्तपुर नगर कार्यपालिकाको कार्यालय

## निर्देशक समिति

**(क)** ऐतिहासिक ङातापोल्हँ मन्दिर जीर्णोद्धार कार्यको व्यवस्थापन, नियमन, अनुगमन र सुरक्षा प्रबन्धसमेतमा आवश्यक व्यवस्था र निर्देशन गर्ने ध्येयले देहायबमोजिम पदाधिकारीहरू रहने गरी निर्देशक समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक : सुनिल प्रजापति - प्रमुख, भक्तपुर नगरपालिका

सदस्य : रजनी जोशी - उपप्रमुख, भक्तपुर नगरपालिका

सदस्य : प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि

सदस्य : प्रहरी उपरीक्षक वा निजले तोकेको अधिकृत प्रतिनिधि, महानगरीय प्रहरी परिसर, भक्तपुर

सदस्य : उकेश कवां - संयोजक, निर्माण समिति, भनपा

सदस्य : प्रेमगोपाल कर्माचार्य - वडाअध्यक्ष, भनपा ५

सदस्य : कुमार चवाल - वडाअध्यक्ष भनपा ४

सदस्य : सरस्वती सिंह - कार्यालय प्रमुख, दरबार हेरचाह तथा स्मारक संरक्षण कार्यालय, भक्तपुर

सदस्य : आनन्दप्रसाद कर्माचार्य-कार्यालय प्रमुख, गुठी संस्थान, भक्तपुर

सदस्य : इन्द्रप्रसाद बस्याल, प्रमुख प्रशासकीय अधिकृत, भनपा

सदस्य : सिद्धिवीर कर्माचार्य, पूजारी, ङातापोल्हँ मन्दिर

सदस्य : केशव तमखु – अध्यक्ष, ङातापोल्हँ मन्दिर जीर्णोद्धार उपभोक्ता समिति

सदस्य : बलराम सिबञ्जार – स्थानीय समाजसेवी

सदस्य : योगेन्द्रमान कर्माचार्य, पूजारी, ङातापोल्हँ मन्दिर

सदस्य सचिव : रामगोविन्द श्रेष्ठ– योजना तथा प्राविधिक शाखा, भक्तपुर नगर कार्यपालिकाको कार्यालय

**(ख)** सल्लाहकार

१. प्रा. प्रेमनाथ मास्के

२. प्रा. सुदर्शनराज तिवारी

**(ग)** निर्देशक समिति, प्राविधिक समिति र सल्लाहकारहरूले ङातापोल्हँ मन्दिरको क्षतिसम्बन्धी विस्तृत प्राविधिक अध्ययन गर्ने र जीर्णोद्धार कार्य गर्ने कार्यविधि समिति आफैले निर्धारण गर्ने गरी अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

ङातापोल्हँ मन्दिर जीर्णोद्धारसम्बन्धी प्राविधिक अध्ययन प्रतिवेदनलगायत जीर्णोद्धारका सम्पूर्ण अभिलेख प्रतिवेदन तयार गरी नगरपालिका, जिल्ला प्रशासन कार्यालय भक्तपुर, महानगरीय प्रहरी परिसर,भक्तपुर, दरबार हेरचाह तथा स्मारक संरक्षण कार्यालय, गुठी संस्थान, भक्तपुर, भक्तपुर कार्यालयलगायतका सरोकारवाला कार्यालयहरूमा एक एकप्रति राख्ने निर्णय गरियो ।

## ldlt @)&& >fj0f @^ ut] ;f[daf/

## पुस्तक प्रकाशन गर्ने

१. भक्तपुरको प्रसिद्ध ङातापोल्हँ मन्दिर जीर्णोद्धार भई अन्तिम चरणमा पुगिसकेको हुँदा जीर्णोद्धारपश्चात्को प्राविधिक, आर्थिक तथा समिति, उपसमिति र निर्देशक समितिको गतिविधिलगायत प्रकाशित समाचारहरूको विवरण सङ्कलन गरी **'ङातापोल्हँ' जीर्णोद्धारसम्बन्धी पुस्तक प्रकाशन गर्ने** निर्णय गरियो ।

२. भक्तपुरको प्रसिद्ध ङातापोल्हँ मन्दिर जीर्णोद्धारसम्बन्धी जानकारीमूलक **'ङातापोल्हँ' डकुमेन्टरी निर्माण** गरी प्रचार प्रसार गर्न आवश्यक पहल गर्ने निर्णय गरियो ।

# समितिका निर्णयहरू

## ङतापोल्हँ जीर्णोद्धारका लागि गठित विभिन्न समितिका बैठक र निर्णयहरू

## निर्देशक समिति

### २०७६ फागुन १६ गते

भक्तपुर नगरपालिकाका प्रमुख एवम् ङतापोल्हँ मन्दिर जीर्णोद्धार निर्देशक समितिका अध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा २०७६ फागुन १६ गते भक्तपुरको ऐतिहासिक ङतापोल्हँ मन्दिर जीर्णोद्धार निर्देशक समितिको बैठक बस्यो।

उक्त बैठकमा ङतापोल्हँ मन्दिर जीर्णोद्धार उपभोक्ता समितिका अध्यक्ष केशव तमखुले समितिमार्फत हालसम्म गरेका कार्य प्रगतिबारे जानकारी दिनुहुँदै मन्दिर जीर्णोद्धारको अनुमानित लागत रु. ६५,१३,३५८।२७ रहेको र जीर्णोद्धार उपभोक्ता समितिको गठन २०७६ साल कार्तिक २१ गते भएको बताउनुभयो।

बैठकले ङतापोल्हँ मन्दिर जीर्णोद्धारको सिलसिलामा स्थानीय जनता, विभिन्न सङ्घ, संस्था र पर्यटकहरूलगायत चन्दादाताहरूबाट स्वेच्छाले चन्दा, दान दातव्य दिन चाहेमा सङ्कलन गर्न भक्तपुर नगरपालिकाका लेखा प्रमुख रामसुन्दर सुजखु र ङतापोल्हँ मन्दिर जीर्णोद्धार उपभोक्ता समितिका अध्यक्ष केशव तमखुको संयुक्त हस्ताक्षरमा नेपाल बैंक कमलविनायक शाखा कार्यालयमा खाता सञ्चालन गर्ने निर्णय गर्‍यो।

ङतापोल्हँ मन्दिर जीर्णोद्धारको क्रममा सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउन उपभोक्ता समितिमार्फत आवश्यक सङ्ख्यामा सीसी क्यामेरा जडान गर्ने र सुरक्षा प्रबन्धको जिम्मेवारी महानगरीय प्रहरी परिसर भक्तपुरलाई दिने निर्णय बैठकले गर्‍यो।

बैठकले ङतापोल्हँ मन्दिर जीर्णोद्धारको क्रममा स्वेच्छाले आर्थिक सहयोग, चन्दा, दान दातव्य दिन चाहने तथा श्रमदानसमेत गर्न चाहने व्यक्ति, सङ्घ-संस्था, गुठी, टीम, क्लबलाई सहयोग आह्वानको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गर्‍यो।

ऐतिहासिक ङातापोल्हँ मन्दिर जीर्णोद्धारको क्रममा प्रयोग भएका वा प्रयोग गरिने सामग्रीहरू तथा सांस्कृतिक एवम् ऐतिहासिक महत्त्वका चिजहरूको व्यवस्थित अभिलेखीकरण राखी भक्तपुर नगरपालिका, जिल्ला प्रशासन कार्यालय भक्तपुर, महानगरीय प्रहरी परिसर भक्तपुर, गुठी संस्थान भक्तपुर कार्यालय र पुरातत्त्व विभागको कार्यालय भक्तपुरमा एक एकप्रति सुरक्षित राख्ने निर्णय गर्‍यो ।

### ऐतिहासिक ङातापोल मन्दिर जीर्णोद्धार निर्देशक समितिको बैठक

निर्णयहरु :

१. भक्तपुर नगरपालिका वडा नं. ५ स्थित ऐतिहासिक ङातापोल मन्दिर जीर्णोद्धारसम्बन्धी समग्र जानकारी नगर प्रमुख एवम् निर्देशक समितिका अध्यक्ष सुनिल प्रजापतिले र जीर्णोद्धारको हालसम्मको कार्य प्रगतिबारे उपभोक्ता समितिका अध्यक्ष केशव तमखूले बैठकमा जानकारी दिनुभयो ।

२. ङातापोल मन्दिर जीर्णोद्धारको सिलसिलामा स्थानीय जनता, विभिन्न संघ, संस्था र पर्यटकहरुलगायत चन्दादाताहरुबाट स्वेच्छाले चन्दा, दान दातब्य दिन चाहेमा संकलन गर्न भक्तपुर नगरपालिकाका लेखा प्रमुख रामसुन्दर सुजखु र ङातापोल मन्दिर जीर्णोद्धार उपभोक्ता समितिका अध्यक्ष केशव तमखुको संयुक्त हस्ताक्षरमा नेपाल बैंक लिमिटेड कमलविनायक शाखा कार्यालयमा खाता सञ्चालन गर्ने निर्णय गरियो ।

३. ङातापोल मन्दिर जीर्णोद्धारको क्रममा सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउन उपभोक्ता समितिमार्फत आवश्यक संख्यामा सीसी क्यामेरा जडान गर्ने र सुरक्षा प्रबन्धको जिम्मेवारी महानगरीय प्रहरी परिसर भक्तपुरलाई दिने निर्णय गरियो ।

४. ङातापोल मन्दिर जीर्णोद्धारको क्रममा स्वेच्छाले आर्थिक सहयोग, चन्दा, दान दातव्य दिन चाहने तथा श्रमदान समेत गर्न चाहने व्यक्ति, संघ-संस्था, गुठी, टीम, क्लबलाई सहयोग आह्वानको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

५. ऐतिहासिक ङातापोल मन्दिर जीर्णोद्धारको क्रममा प्रयोग भएका वा प्रयोग गरिने सामाग्रीहरु तथा सांस्कृतिक एवम् ऐतिहासिक महत्वका चिजहरुको व्यवस्थित अभिलेखीकरण राखी भक्तपुर नगरपालिका, जिल्ला प्रशासन कार्यालय भक्तपुर, महानगरीय प्रहरी परिसर भक्तपुर, गुठी संस्थान भक्तपुर कार्यालय र पुरातत्व विभागको कार्यालय भक्तपुरमा एक एक प्रति सुरक्षित राख्ने निर्णय गरियो ।

## २०७७ जेठ ३० गते

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको संयोजकत्वमा भक्तपुरको ऐतिहासिक ङातापोल्हँ मन्दिर जीर्णोद्धार निर्देशक समितिको बैठक जेठ ३० गते बस्यो ।

बैठकमा मन्दिर उपभोक्ता समितिका संयोजक प्रजापतिले नेपालकै अग्लो ङातापोल्हँ मन्दिर जीर्णोद्धार र छाना छाउने कार्यमा उत्साहजनक रूपमा जनश्रमदान कार्य भइरहेको अवगत गराउनुहुँदै लकडाउनको समयमा पनि भक्तपुरका विकास निर्माण कार्यहरू निरन्तर अगाडि बढिरहेको बताउनुभयो । प्रमुख प्रजापतिले मन्दिरको जीर्णोद्धार यही आर्थिक वर्षमा सम्पन्न गर्ने योजना रहेको बताउनुहुँदै मन्दिर जीर्णोद्धार कार्यमा स्थानीय जनश्रमदान र विभिन्न क्लब, समूह तथा सङ्घ संस्थाहरूबाट आर्थिक सहयोग प्राप्त भइरहेको छ भन्नुभयो ।

बैठकमा मन्दिर उपभोक्ता समितिका अध्यक्ष केशव तमखुले मन्दिर जीर्णोद्धारमा हालसम्म सम्पन्न कार्य प्रगति प्रस्तुत गर्नुभयो । उहाँले ङातापोल्हँ मन्दिर संरक्षण कार्यको लागि हालसम्म रु. ७,४१,४०८ ।– आर्थिक सहयोग प्राप्त भएको, मन्दिरको छाना छाउनका लागि २८९ जनाले श्रमदान र इँटा सफा गर्न ३१८ जना गरी जम्मा ६०७ जनाले श्रमदान गरेको बताउनुभयो ।

बैठकपश्चात् ङातापोल्हँ मन्दिर जीर्णोद्धार निर्देशक समितिका पदाधिकारीहरूद्वारा ङातापोल्हँ मन्दिरको स्थलगत निरीक्षण गरिएको थियो ।



**निर्देशक समितिको बैठक**

आज मिति २०७७ जेठ ३० गते शुक्रबार दिनको २:०० बजे भ.न.पा. वडा नं २ स्थित नयां भवन व्यासीमा प्र श्री सुनिल प्रजापतिज्यूको संयोजकत्वमा ऐतिहासिक ङातापोल मन्दिर जीर्णोद्धार निर्देशक समितिको बैठक नि उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो ।

<u>उपस्थिति</u>

संयोजक : श्री सुनिल प्रजापति, प्रमुख, भ.न.पा

सदस्य : श्री रजनी जोशी, उपप्रमुख, भ.न.पा

सदस्य : श्री हुमकला पाण्डे, प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, भक्तपुर

प्र. श्री दुर्गा दत्त ढकाल स.प्र.जि.अ., जिल्ला प्रशासन का. भक्तपुर

सदस्य : श्री सबिन प्रधान, प्रहरी उपरिक्षक, महानगरीय प्रहरी परिसर, भक्तपुर

सदस्य श्री दिपक न्यौपाने प्रहरी नायब उपरीक्षक " "

सदस्य : श्री उकेश कवां, वडाअध्यक्ष, भ.न.पा ७

सदस्य : श्री प्रेम गोपाल कर्माचार्य, वडाअध्यक्ष, भ.न.पा ५

सदस्य : श्री कुमार चवाल, वडाअध्यक्ष, भ.न.पा ४

सदस्य : श्री सरस्वती सिंह, कार्यालय प्रमुख, द.हे तथा स्मा.सं.का, भक्तपुर

प्र. [illegible]

सदस्य : श्री आनन्द प्रसाद कर्माचार्य, कार्यालय प्रमुख, गुठी संस्थान, भक्तपुर

सदस्य : श्री इन्द्र प्रसाद बस्याल, प्रमुख प्रशासकीय अधिकृत, भ.न.पा

सदस्य : श्री सिद्धिवीर कर्माचार्य, पुजारी, ङातापोल मन्दिर

सदस्य : श्री केशव तमखु, अध्यक्ष, ङातापोल मन्दिर जीर्णोद्धार उपभोक्ता समिति

सदस्य : श्री बलराम सिवन्जार, स्थानीय समाजसेवी

सदस्य : श्री यज्ञ कर्माचार्य, पुजारी, ङातापोल मन्दिर

सदस्य सचिव : श्री राम गोविन्द श्रेष्ठ, योजना प्रमुख, भ.न.पा

आमन्त्रित

श्री रविन्द्र [illegible]

श्री श्यामगोपाल [illegible]

बैठकमा मन्दिर उपभोक्ता समितिका अध्यक्ष केशव तमखूले मन्दिर जीर्णोद्धारमा हालसम्म सम्पन्न कार्य प्रगति प्रस्तुत गर्नुभयो । उहाँले ङातापोल मन्दिर संरक्षण कार्यको लागि हालसम्म रु. ७,४१,४०८ ।- रुपैयाँ आर्थिक सहयोग प्राप्त भएको, मन्दिरको छाना छाउनका लागि २८९ जनाले श्रमदान र इँटा सफा गर्न ३१८ जना गरी जम्मा ६०७ जनाले श्रमदान गरेको तथ्यांक पेश गर्नुभयो ।

## २०७७ साउन २३ गते

भक्तपुर नगरपालिकाका प्रमुख एवम् ऐतिहासिक ङातापोल्हँ (पाँच तले) मन्दिर जीर्णोद्धार निर्देशक समितिका अध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा साउन २३ गते समितिको बैठक बस्यो।

वि.सं. २०७२ सालको विनाशकारी भूकम्पबाट क्षतिग्रस्त ऐतिहासिक ङातापोल्हँ मन्दिरको जीर्णोद्धार कार्य भक्तपुर नगरपालिकाको आर्थिक लागतमा २०७६ कार्तिक महिनाबाट सुरु भई २०७७ असार मसान्तसम्ममा कार्य सम्पन्न भयो ।

बैठकले स्थानीय जनताको व्यापक जनश्रमदान तथा आर्थिक सहयोगसमेत प्राप्त भई निर्धारित समयावधिभित्रै मन्दिरको जीर्णोद्धार कार्य सम्पन्न भएकोमा उपभोक्ता तथा अनुगमन समितिमा रही सक्रियातापूर्वक जिम्मेवारी बहन गर्ने पदाधिकारीहरू, निर्देशक समिति र प्राविधिक समितिमा रहेर महत्त्वपूर्ण कार्य गर्ने पदाधिकारी र प्राविधिक सल्लाहकारहरू, जीर्णोद्धार कार्यमा खट्नुभएका दक्ष तथा अर्धदक्ष डकर्मी, सिकर्मी, पोलँकर्मी, ल्हाँकर्मी र ज्यामीहरू, जनश्रमदान एवम् आर्थिक सहयोग गर्ने विभिन्न सङ्घ-संस्था, दाफा, गुठी, टोलबासी र अन्य महानुभावहरू, सुरक्षाकर्मी र पत्रकारलगायत सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गऱ्यो।

बैठकमा उपभोक्ता समितिका अध्यक्ष केशव तमखुले भक्तपुर नगरपालिका वडा नं. ५ टौमढीस्थित विश्व सम्पदा सूचीमा सूचीकृत ऐतिहासिक धरोहर ङातापोल्हँ मन्दिर जीर्णोद्धार कार्यसम्बन्धी हालसम्मको प्रगति प्रतिवेदन पेश गऱ्यो ।

साथै ङातापोल्हँ मन्दिर जीर्णोद्धार निर्देशक समितिका सदस्यहरूले उपभोक्ता समितिमार्फत लागत अनुमानभन्दा कम खर्चमा जीर्णोद्धार कार्य सम्पन्न हुनु, पर्याप्त श्रमदान र आर्थिक तथा भौतिक सहयोग प्राप्त हुनु, तोकिएको समयमा कार्य सम्पन्न हुनु, स्थानीय सीप, स्रोत र साधन प्रयोग गरी मौलिकता जोगिने गरी संरक्षण हुनु उदाहरणीय कार्य भएको बताउनुभयो।

प्रतिवेदनमा ङातापोल्हँ मन्दिर संरक्षण कार्यको लागि भक्तपुर नगरपालिकाको तर्फबाट रु.६५,१३,३५८। २७ विनियोजन भएकोमा विभिन्न सहृदयी महानुभावहरूबाट रु.१५,४७,५६९।- आर्थिक सहयोग प्राप्त भएको र यसका साथै भैरवनाथ मन्दिरबाट १६०० ओटा र ख्वप इन्जिनियरिङ कलेजबाट

११० ओटा गरी जम्मा १७१० ओटा बाँस, तिलमाधव नारायण मन्दिर, लोकेश्वर मन्दिरलगायत विभिन्न महानुभावहरूबाट १७६७० झिँगटी, ४०० भन्दा बढी क्वपूअपा, ४ ओटा ग्वंग अपा, १ ओटा सलाँ अपा र माटोलगायत विभिन्न सामग्रीहरू गरी जम्मा रु. ५,६३,७००।- बराबरको सहयोग प्राप्त भएको उल्लेख छ ।

साथै ङातापोल्हँ मन्दिर संरक्षणको लागि झिँगटी सफा गर्न १५ समूहबाट ३२१ जना र छाना छाउनको लागि ५४ समूहबाट ३,८६६ जना गरी जम्मा ४,१८७ जना सम्पदाप्रेमी महानुभावहरूले श्रमदान गर्नुभएको अध्यक्ष तमखुले बताउनुभयो ।

उक्त प्रतिवेदनमा मन्दिर संरक्षण कार्यको सिलसिलामा संरक्षण कार्य अवधिभर ज्यामी, मिस्त्री, सिकर्मी, ताम्रकर्मी र पोल्हँकर्मीसमेत गरी जम्मा २,३६१ जनाले ज्यालामा काम गरेको र उक्त सङ्ख्याको करिब दोब्बर जनताले श्रमदान गरी जनताको धरोहर संरक्षण कार्यमा योगदान गरेको उल्लेख छ ।

ङातापोल्हँ मन्दिर संरक्षण कार्यको लागि पहिलो पेश्की स्वरूप रु. ३० लाख र चन्दा रकम रु.१५,४७,५६९।- गरी जम्मा रु.४५,४७,५६९।- उपभोक्ता समितिलाई प्राप्त भएकोमा व्यापक जनश्रमदान र विभिन्न महानुभावहरूले उपलब्ध आर्थिक तथा भौतिक सहयोगबाट जम्मा नगद रु.३८,७७,६२८।४१ को खर्चमा इस्टिमेटअनुसारको सम्पूर्ण कार्य सम्पन्न भएको र उक्त खर्च रकममध्ये ज्यालातर्फ २६,१७,५००।-, सामग्रीतर्फ ११,०२,४७८।४१ र भाडातर्फ १,५७,६५०।- खर्च भई बाँकी रकम रु.६,६९,९४०/५९ भक्तपुर नगरपालिकालाई फिर्ता गरिसकेको प्रतिवेदनमा उल्लेख छ ।

आज मिति २०७७ श्रावण २३ गते शुक्रबारका दिन दिनको २:०० बजे भक्तपुर नगरपालिकाका प्रमुख श्री सुनिल प्रजापतिको संयोजकत्वमा ऐतिहासिक ङातापोल मन्दिर जीर्णोद्धार निर्देशक समितिको बैठक निम्न उपस्थितिमा बसी विषयमा छलफल र निर्णय गरियो ।

उपस्थिति — हस्ताक्षर

१. संयोजक : श्री सुनिल प्रजापति, भ.न.पा.

२. सदस्य : श्री रजनी जोशी, भ.न.पा.

३. सदस्य : श्री हुमकला पाण्डे, प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय

४. सदस्य : श्री तारादेवी थापा, प्रहरी उपरिक्षक, म.प्र.परिसर, भक्तपुर

५. सदस्य : श्री उकेश कवां, वडाध्यक्ष भ.न.पा.-७

६. सदस्य : श्री प्रेम गोपाल कर्माचार्य, वडाध्यक्ष, भनपा-५

७. सदस्य : श्री कुमार चवाल, वडाध्यक्ष, भनपा-४

८. सदस्य : श्री सरस्वती सिंह, कार्यालय प्रमुख, द.हे तथा स्मा.सं.का.,भक्तपुर

९.सदस्य : श्री आन्द प्रसाद कर्माचार्य, कार्यालय, गुठी संस्थान, भक्तपुर

१०. सदस्य : श्री इन्द्र प्रसाद बस्याल, प्र.प्र.अ., भनपा

११. सदस्य : श्री सिद्धिवीर कर्माचार्य, पुजारी, ङातापोल मन्दिर

१२. सदस्य : श्री केशव तमखु, अध्यक्ष, ङातापोल मन्दिर जीर्णाद्धार उपभोक्ता समिति

१३. सदस्य : श्री बलराम सिबन्जार, स्थानीय समाजसेवी

१४. सदस्य : श्री यज्ञ कर्माचार्य, पुजारी,ङातापोल मन्दिर

१५. सदस्य सचिव : श्री रामगोविन्द श्रेष्ठ, योजना प्रमुख, भनपा

१६. आमन्त्रित : श्री रविन्द्र ज्याख्व, भनपा-९

१७. ,, दुर्गा दत्त ढकाल प्र.प्र.नि.अ.

१८. ,, श्याम गोपाल बाजाचल

निर्णय :

१. भक्तपुर नगरपालिका वडा नं. ५ टौमढीस्थित विश्व सम्पदा सूचीमा सूचीकृत ऐतिहासिक धरोहर ङातापोल्हँ मन्दिर जीर्णोद्धार कार्यसम्बन्धी हालसम्मको प्रगति प्रतिवेदन उपभोक्ता समितिका अध्यक्ष केशव तम्खूले बैठकमा पेश गर्नुभयो ।

२. बि.सं. २०७२ सालको विनाशकारी भूकम्पबाट क्षतिग्रस्त ऐतिहासिक ङातापोल्हँ मन्दिरको जीर्णोद्धार कार्य भक्तपुर नगरपालिकाको आर्थिक लागतमा २०७६ कार्तिक महिनाबाट सुरु भई २०७७ असार मसान्तसम्ममा कार्य सम्पन्न भयो । स्थानीय जनताको व्यापक जनश्रमदान तथा आर्थिक सहयोग समेत प्राप्त भई निर्धारित समयावधिभित्रै मन्दिरको जीर्णोद्धार कार्य सम्पन्न भएकोमा उपभोक्ता तथा अनुगमन समितिमा रही सक्रियातापूर्वक जिम्मेवारी बहन गर्ने पदाधिकारीहरु, निर्देशक समिति र प्राविधिक समितिमा रहेर महत्वपूर्ण कार्य गर्ने पदाधिकारी र प्राविधिक सल्लाहकारहरु, जीर्णोद्धार कार्यमा खटनुहुने दक्ष तथा अर्धदक्ष डकर्मी, सिकर्मी, पोलँकर्मी, ल्हौंकर्मी र ज्यामीहरु, जनश्रमदान एवम् आर्थिक सहयोग गर्ने विभिन्न-संघ-संस्था, दाफा, गुठी, टोलबासी र अन्य महानुभावहरु, सुरक्षाकर्मी र पत्रकार मित्रहरु सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

# प्राविधिक समिति

आज मिति २०७६/१०/२६ गते भक्तपुर नगरपालिका वडा नं ४ टौमढीस्थित ऐतिहासिक ङातापोल मन्दिर जीर्णोद्धार क्रममा मन्दिरको हाल अध्ययन अनुसन्धान सम्बन्धमा गठित प्राविधिक समितिको संयोजक ई. श्री चन्द्रकिरण श्रेष्ठज्यूको उपस्थितिमा निम्न लिखित महानुभावहरूको उपस्थितिमा बैठक बस्यो।

उप मेयर उपस्थित रजनी जोशी
संयोजक : ई. चन्द्र किरण श्रेष्ठ, सह प्राध्यापक ख्वप कलेज अफ इन्जिनियरिङ
सदस्य : ई. सुजनमान - प्राचार्य ख्वप इन्जिनियरिङ कलेज
सदस्य : ई. सुनिल दुवाल - प्राचार्य ख्वप कलेज अफ इन्जिनियरिङ
सदस्य : ई. मञ्जिप शाक्य, वरिष्ठ उपप्राध्यापक ख्वप इन्जिनियरिङ कलेज
सदस्य : आ. तिवारी वैद्य, वरिष्ठ उपप्राध्यापक ख्वप इन्जिनियरिङ कलेज
सदस्य : आ. रविना शिल्पकार ख्वप इन्जिनियरिङ कलेज
सदस्य : ई. अमित प्रजापति ख्वप कलेज अफ इन्जिनियरिङ
सदस्य सचिव : आ. रामजी बि.क. प्रमुख योजना तथा प्राविधिक शाखा भक्तपुर नगरपालिका कार्यालय

निर्णय :

१) आर्किटेक्चरल ड्रइङ बनाउने जिम्मा प्राविधिक शाखा, (ख्वप इन्जिनियरिङ कलेज) ख्वप कलेज अफ इन्जिनियरिङलाई दिने निर्णय गरियो।

२) Details damage condition assessment report तयार गर्न ख्वप कलेज अफ इन्जिनियरिङ र ख्वप इन्जिनियरिङ कलेजको प्राविधिक शाखालाई जिम्मा दिने निर्णय गरियो।

३) माथिल्लो तल्लाको (पाँचौं तल्लाको) जीर्णोद्धार कार्य अगाडि बढाउन सिफारिस गरियो।

आज मिति २०६८।११।२२ गते भक्तपुर नगरपालिका वडा नं ५ टौमढीस्थित ऐतिहासिक ङातापोल मन्दिर जिर्णोद्धार क्रममा मन्दिरको हाल अध्ययन अनुसन्धान सम्बन्धमा गठित प्राविधिक समितिको संयोजक ई. श्री चन्द्रकिरण कवंको उपस्थितिमा निम्न लिखित महानुभावहरूको उपस्थितिमा बैठक बसियो।

उपस्थित

उप मेयर : रजनी जोशी

संयोजक : ई. चन्द्र किरण कवं सह प्राध्यापक ख्वप कलेज अफ इन्जिनियरिङ

सदस्य : ई. सुजन माके प्राचार्य ख्वप इन्जिनियरिङ कलेज

सदस्य : ई. सलिल दुवाल प्राचार्य ख्वप कलेज अफ इन्जिनियरिङ

सदस्य : ई. मनोज शाक्य, वरिष्ठ उपप्राध्यापक, ख्वप इन्जिनियरिङ कलेज

सदस्य : आ. निलम हेङ्गु वरिष्ठ उपप्राध्यापक ख्वप इन्जिनियरिङ कलेज

सदस्य : आ. रविना मानन्धर ख्वप इन्जिनियरिङ कलेज

सदस्य : ई. अनिल प्रजापति ख्वप कलेज अफ इन्जिनियरिङ

सदस्य सचिव : आ. रामगोविन्द श्रेष्ठ शोभन, तथा प्राविधिक शाखा प्रमुख भक्तपुर नगरपालिकाको सचिव

निर्णय:

१) ख्वप कलेज अफ इन्जिनियरिङ र ख्वप ई. कलेजका प्राविधिकहरूबाट हाल सम्म तयार आर्किटेक्चरल ड्रइङ र स्ट्रक्चरल डिजाइन सम्बन्धमा छलफल गरियो।

२) डकर्मी र सिकर्मीहरूको सुझाव लिनको लागि नीजहरूको बीच छलफल गर्ने वातावरण मिलाउनको लागि अनुरोध गर्ने।

आज मिति २०६६ वैशाख ३१ गते भक्तपुर नगरपालिका वडा - तौमढी स्थित ऐतिहासिक ङातापोल मन्दिर जिर्णोद्धार क्रममा मन्दिरको हालि अध्ययन अनुसन्धान सम्बन्धमा गठित प्राविधिक समितिको संयोजक ई. श्री चन्द्र किरण कवांको उपस्थितिमा निम्न लिखित महानुभावहरुको उपस्थितिमा बैठक बसियो।

उपस्थिति

संयोजक: ई. चन्द्र किरण कवां सह प्राध्यापक ख्वप कलेज अफ इन्जिनियरिङ
सदस्य: ई. सुजन मास्के प्राचार्य ख्वप इन्जिनियरिङ कलेज
सदस्य: ई. सुनिल दुवाल प्राचार्य ख्वप कलेज अफ इन्जिनियरिङ
सदस्य: ई. मनिष शाक्य वरिष्ठ उपप्राध्यापक ख्वप इन्जिनियरिङ कलेज
सदस्य: प्रा. विजय कैजु वरिष्ठ प्राध्यापक ख्वप इन्जिनियरिङ कलेज
सदस्य: आ. सुविना सिल्पकार ख्वप इन्जिनियरिङ कलेज
सदस्य: ई. अनिल प्रजापति ख्वप कलेज अफ इन्जिनियरिङ
सदस्य सचिव आ. रामगोविन्द श्रेष्ठ, योजना तथा प्राविधिक शाखा प्रमुख भक्तपुर नगरपालिकाको कार्यालय

आमन्त्रित
प्रेम गोपाल कर्माचार्य नि. अध्यक्ष वडा नं ५
पूर्ण गोपाल राजचल उ.पू. वडा नं २
केशव लमखु उपभोक्ता समिति अध्यक्ष ङातापोल जीर्णोद्धार
बलराम सिंवन्जार उपभोक्ता समिति सदस्य " "

छलफल (ङातापोल)
१) पाँच तल्ले मन्दिर जिर्णोद्धार क्रममा भएका प्रगति सम्बन्धमा उपभोक्ता समितिका अध्यक्ष केशव लमखु मार्फत जानकारी लिइयो।
२) पाँचौं तला मुनि सारेको विलम्ब हेतुको तो नसि सारेको बारे छलफल गरियो।
३) पाँचौं तलामा अड्गो बनाउने गजुर राख्ने र तला ढाक्ने लगायतका सम्पूर्ण कार्य सम्पन्न भएको प्रतिवेदनको आधारमा चौथो तलामा कार्य गर्ने खट निकाल्ने सिफारिस गरियो।

आज मिति २०६६-०२-१८ गते भक्तपुर नगरपालिका वडा नं ५ टौमढीस्थित ऐतिहासिक ङातापोल मन्दिर जीर्णोद्धार क्रममा मन्दिरको [illegible] अध्ययन अनुगमन सम्बन्धमा गठित प्राविधिक समितिको संयोजक ई. श्री चन्द्र किरण कर्माचार्यको उपस्थितिमा निम्न लिखित महानुभावहरूको उपस्थितिमा बैठक बसियो।

उपस्थिति

उपमेयर: रजनी जोशी भक्तपुर नगरपालिका
संयोजक: ई. चन्द्र किरण कर्माचार्य सह प्रा. ख्वप कलेज अफ इन्जिनियरिङ
सदस्य: ई. सुजन बाबु कर्माचार्य ख्वप इन्जिनियरिङ कलेज
सदस्य: ई. सुनिल दुवाल प्राचार्य ख्वप कलेज अफ ई.
सदस्य: ई. मनिष श्रेष्ठ वरिष्ठ उप प्रा. ख्वप इन्जिनियरिङ कलेज
सदस्य: आ. [illegible] वरिष्ठ उप प्रा. " " "
सदस्य: प्रा. रवि ना शिल्पकार " " "
सदस्य: ई. अमित प्रजापति ख्वप कलेज अफ इन्जिनियरिङ
सदस्य सचिव आ. राम गोविन्द श्रेष्ठ [illegible]
[illegible] भक्तपुर नगरपालिकाको कार्यालय

आमन्त्रित

श्री गोपाल राजचल न.पा. वडा नं ५
[illegible] उपभोक्ता समिति अध्यक्ष ङातापोल जीर्णोद्धार

१) ङातापोल मन्दिर जीर्णोद्धारमा भइरहेको कार्य सम्बन्धमा उपभोक्ता समितिका पदाधिकारीहरूसंग छलफल गरियो।

आज मिति २०६६.०३.१५ गते भक्तपुर नगरपालिका वडा नं. ५ स्थित ऐतिहासिक ङातापोल मन्दिर जिर्णोद्धार क्रममा मन्दिरको बारे अध्ययन अनुसन्धान सम्बन्धमा गठित प्राविधिक समितिको संयोजक ई. श्री चन्द्र किरण कुंवरको उपस्थितिमा निम्न लिखित महानुभावहरूको उपस्थितिमा बैठक बसियो।


उप मेयर: ई. रजनी जोशी, भक्तपुर नगरपालिका
संयोजक: ई. चन्द्र किरण कुंवर सह प्राध्यापक ख्वप कलेज अफ इन्जिनियरिङ
सदस्य: ई. सुजन मान आचार्य ख्वप इन्जिनियरिङ कलेज
सदस्य: ई. सुनिल दुवाल आचार्य ख्वप कलेज अफ इन्जिनियरिङ
सदस्य: ई. प्रदिप शाक्य वरिष्ठ उप प्राध्यापक ख्वप इन्जिनियरिङ कलेज
सदस्य: आ. विनय कैदु वरिष्ठ उप प्राध्यापक ख्वप इन्जिनियरिङ कलेज
सदस्य: डा. सुविना सिल्पकार ख्वप इन्जिनियरिङ कलेज
सदस्य: ई. अमित प्रजापति ख्वप कलेज अफ इन्जिनियरिङ
सदस्य सचिव आ. राम गोविन्द श्रेष्ठ, योजना तथा प्राविधिक शाखा प्रमुख भक्तपुर नगरपालिका कार्यालय


छलफल


१) ङातापोल मन्दिर जिर्णोद्धारमा भईआएको कार्य विवरण बारे छलफल गरियो।

२) ख्वप कलेज अफ इन्जिनियरिङ र ख्वप इन्जिनियरिङ कलेजको प्राविधिक टोलीबाट तयार गरेको ड्राफ्ट रिपोर्ट उपलब्ध गराई समितिलाई अध्ययनको लागि पठाउने छलफल गरियो।

# जीर्णोद्धारका केही नक्साहरू




SECTION NORTH-SOUTH
NYATAPOLA TEMPLE



# जीर्णोद्धारको लगत इस्टिमेट

BHAKTAPUR MUNICIPALITY
Durbar Square, Bhaktapur

**Abstract of Cost**

Name of Project: Nyatapola Temple conservation programme
Location:-Bhaktapur Municipality, Taumadhi,Ward-11 % Wd No ;-5

F/Y:-74/75

| No. | Description of item | Quantity | Unit | Norms Code | Material Rate/Unit | Material Amount | Labour Rate/Unit | Labour Amount |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Double Layer Scaffolding work by using bamboo and rope | 1554.24 | Sqm | A-12 | 209.16 | 325084.84 | 395.21 | 614251.19 |
| 2 | Demolishing jhingatiroof including mud layer | 524.48 | Sqm | A-32 | | 0.00 | 98.42 | 51619.58 |
| 3 | Traditional thingati laying on roof including mud | 524.48 | Sqm | A-3 | 1773.27 | [illegible] | 708 50 | 371595.92 |
| 4 | Top Bhangi demolishing work by mud mortar | 11.23 | Cum | A-27 | | 0.00 | 673.10 | 7561.23 |
| 5 | Removing and re-fixing existing gold plated metal Gajur after cleaning | 1.00 | Set | | | 0.00 | 20000 00 | 20000 00 |
| 6 | Demerage materials desposal work by manual means from hight of roof is plinth | 194.80 | Cum | A-27 | | 0.00 | 673.10 | 131121.46 |
| 7 | Making Temporary tahara and pilling re-useable wooden | 1.00 | Set | | | 0.00 | 50000.00 | 50000.00 |
| 8 | Ma appa work in mud mortar 1:1:3 | 11.23 | Cum | A-100 | 16199.17 | 181972.40 | 2829.00 | 31779.40 |
| 9 | Dachhi appa work in mud mortar massonary | 12.44 | Sqm | A-40 | 2767.86 | 3444[illegible].25 | 1287.65 | 16023.52 |
| 10 | Salwood work on 4th roof using previous wood | 119.92 | Cft. | A-108 | | 0.00 | 464.42 | 55694.73 |
| 11 | 25mm th salwood planking on roofing | 93.65 | Sqm | A-19 | 5824.49 | 545490.63 | 133.49 | 12501.96 |
| 12 | One layer steraker tarfelt laying on roofing | 524.48 | Sqm | A-39 | 473.47 | 248326.78 | 317.40 | 166470.78 |
| 13 | Dhuri copu laying on roof | 87.28 | R.m | A-17 | 1500.00 | 130920.00 | 125.35 | 10940.55 |
| 14 | Cornner Gangachha fitting | 4.00 | nos | A-14 | 500.00 | 2000.00 | | 0.00 |
| 15 | Wind Bell re-fixing work including cleaning | 40.00 | Nos | A-44 | 467.00 | 18030.00 | | 0.00 |
| 16 | Demerage desposal work including Transportation | 194.80 | Cum | A-42 | | 0.00 | 500.00 | 97401.18 |
| 17 | Providing woman labour for washing tile etc | 1000.00 | Nos | | | 0.00 | 635.00 | 635000.00 |
| 18 | Red cloth jhallar fitting work | 191.00 | R.m | 150 | | 0.00 | 150.00 | 28650.00 |
| 19 | Providing a Sum for miscelleneous item wook like wooden Bilampu, supervisor Night watch man etc | 1.00 | Job | | | 0.00 | 100000 00 | 100000.00 |
| 20 | Site clearane work | 1.00 | | | | | 25000.00 | 25000.00 |
| | | | | | Sub-Total | 2416967.16 | | 2425611.49 |
| | | | | | Net Total (Mat.+Lab) | 4842573.65 | | |
| | | | | | 13% VAT on materials | 659535.22 | | |
| | | | | | 5% overhand charg | 242128.93 | | |
| | | | | | Grand Total | 5,744,242.80 | | |

In words :

Prepared By:

Checked By:

Approved By:

## BHAKTAPUR MUNICIPALITY

### DETAILED ESTIMATE

Name of Project: Nyatapola Temple conservation programme

Location:-Bhaktapur Municipality, Taumadhi,Ward-11 %Wd no :-5 F/Y:-74/75

| No. | Description of item | No | Length | Breadth | Height | Quantity | Remark |
|---|---|---|---|---|---|---|---|
| 1.00 | Double Layer Scaffolding work by using bamboo and rope | | | | | | |
| | 1st Steip | 4.00 | 17.70 | | 10.50 | 743.40 | |
| | 2nd Steip | 4.00 | 13.90 | | 5.00 | 278.00 | |
| | 3rd Steip | 4.00 | 11.00 | | 4.50 | 198.00 | |
| | 4th Steip | 4.00 | 8.00 | | 3.50 | 112.00 | |
| | 5th Steip | 4.00 | 6.10 | | 3.60 | 87.84 | |
| | Staircase | 2.00 | 2.50 | | 27.00 | 135.00 | |
| | | | | Total | | 1554.24 | Sqm |
| 2.00 | Demolishing jhingatiroof including mud layer | | | | | | |
| | 1st roof | 4.00 | 11.14 | | 5.10 | 227.26 | |
| | 2nd roof | 4.00 | 8.42 | | 4.42 | 148.87 | |
| | 3rd roof | 4.00 | 6.20 | | 3.40 | 84.32 | |
| | 4th roof | 4.00 | 4.11 | | 2.80 | 46.03 | |
| | 5th roof | 4.00 | 3.11 | | 1.45 | 18.01 | |
| | | | | Total | | 524.48 | Sqm |
| 3.00 | Traditional thingati laying on roof including mud | | | | | | |
| | Quantities is same as item no- 2 | | | | | 524.48 | Sqm |
| | 70% previous tile | | | | | | |
| | 30% New tile | | | | | | |
| 4.00 | Top Bhangi demolishing work by mud mortar | | | | | | |
| | Massonary | 1.00 | 1.84 | 1.84 | 2.90 | 9.82 | |
| | Gajur Slope | 1.00 | 2.32 | 0.61 | 1.00 | 1.42 | |
| | | | | Total | | 11.23 | Cum |
| 5.00 | Removing and re-fixing existing gold plated metal Gajur after cleaning | 1.00 | | | | 1.00 | Set |
| 6 | Demerage materials desposal work by manual means from hight of roof is plinth | | | | | | |
| | From item no-2 | 524.48 | | 0.35 | | 183.57 | |
| | From item no-4 | 11.23 | | | | 11.23 | |
| | | | | | | 194.80 | Cum |
| 7 | pilling re-useable wooden materials etc | 1.00 | | | | 1.00 | Set |
| 8.00 | Ma appa work in mud mortar 1:1:3 Quantities is same as item no-4 | | | Total | | 11.23 | Cum |
| 9.00 | Dachhi appa work in mud mortar massonary | 4.00 | 1.83 | | 1.70 | 12.44 | Sqm |
| 10.00 | Salwood work on 4th roof using previous wood | | | | | | |

Prepared By: Checked By: Approved By

## BHAKTAPUR MUNICIPALITY

### DETAILED ESTIMATE

Name of Project: Nyatapola Temple conservation programme

Location:-Bhaktapur Municipality, Taumadhi,Ward-11 %Wd no ;-5 F/Y:-74/75

| No. | Description of item | No | Length | Breadth | Height | Quantity | Remark |
|---|---|---|---|---|---|---|---|
| | 5th roof member | | | | | | |
| | Garba tham | 4.00 | 10.00 | 0.42 | 0.50 | 8.40 | |
| | cross striep | 2.00 | 4.50 | 0.33 | 0.50 | 1.49 | |
| | wall cross | 8.00 | 3.00 | 0.17 | 0.25 | 1.02 | |
| | Nago | 8.00 | 2.50 | 0.25 | 0.33 | 1.65 | |
| | Baiga | 8.00 | 5.50 | 0.33 | 0.50 | 7.26 | |
| | Wall plate | 4.00 | 7.00 | 0.33 | 0.50 | 4.62 | |
| | | 8.00 | 2.50 | 0.33 | 0.50 | 3.30 | |
| | Gajur sin base | 1.00 | 6.00 | 1.00 | 1.00 | 6.00 | |
| | gajur sin vertical | 1.00 | 7.25 | 1.08 | 1.08 | 8.46 | |
| | cornner rafter | 4.00 | 10.00 | 0.42 | 0.50 | 8.40 | |
| | Rafter | 12.00 | 7.25 | 0.33 | 0.42 | 12.06 | |
| | Round rafter | 16.00 | 7.75 | 0.33 | 0.42 | 17.19 | |
| | | 12 00 | 7.50 | 0.33 | 0.42 | 12.47 | |
| | Bhangi | 4.00 | 5.25 | 0.50 | 2.00 | 21.00 | |
| | openable chauka | 2.00 | 10.17 | 0.33 | 0.50 | 3.36 | |
| | | 1.00 | 11.33 | 0.33 | 0.42 | 1.57 | |
| | | 1.00 | 12.17 | 0.33 | 0.42 | 1.69 | |
| | Batten over tarflat | | | | | | |
| | | | | Total | | 119.92 | Cum |
| 11.00 | 25mm th salwood planking on roofing | | | | | | |
| | Eaves | 4.00 | 4.35 | 0.17 | 1.47 | 4.35 | |
| | Roof | 4.00 | 2.93 | 1.00 | 7.62 | 89.31 | |
| | | | | | | 93.65 | Sqm |
| 12.00 | One layer steraker tarfelt laying on roofing | | | | | | |
| | Quantities is same as item no-2 | | | | | 524.48 | Sqm |
| 13.00 | Dhuri copu laying on roof | | | | | | |
| | 1st | 4.00 | 6.65 | | | 26.60 | |
| | 2nd | 4.00 | 5.67 | | | 22.68 | |
| | 3rd | 4.00 | 4.40 | | | 17.60 | |
| | 4th | 4.00 | 3.40 | | | 13.60 | |
| | 5th | 4.00 | 1.70 | | | 6.80 | |
| | Using 70% previous | | | | | 87.28 | R.m |
| | Using 30% New | | | | | | |
| 14.00 | Cornner Gangachha fitting | 4.00 | | | | 4.00 | nos |
| 15.00 | Wind Bell re-fixing work including cleaning | | | | | | |
| | 5th roof | 4.00 | 10.00 | | | 40.00 | Nos |
| 16.00 | Demerage desposal work including Transportation | | | | | | |
| | Quantities is same as item no-6 | | | | | 194.80 | Cum |
| 17.00 | Providing woman labour for washing tile etc | 1000.00 | | | | 1000.00 | Nos |

Prepared By: Checked By: Approved By

## BHAKTAPUR MUNICIPALITY

### DETAILED ESTIMATE

Name of Project: Nyatapola Temple conservation programme

Location:-Bhaktapur Municipality, Taumadhi,Ward-11 %Wd no ;-5 F/Y:-74/75

| No. | Description of item | No | Length | Breadth | Height | Quantity | Remark |
|---|---|---|---|---|---|---|---|
| 18.00 | Red cloth jhallar fitting work | | | | | | |
| | 1st | 1.00 | 62.00 | | | 62.00 | |
| | 2nd | 1.00 | 47.00 | | | 47.00 | |
| | 3rd | 1.00 | 37.00 | | | 37.00 | |
| | 4th | 1.00 | 27.00 | | | 27.00 | |
| | 5th | 1.00 | 18.00 | | | 18.00 | |
| | | | | | | 191.00 | R.m |
| 19.00 | Providing a Sum for miscelleneous item wook like wooden Bilampu, supervisor Night watch man etc | 1.00 | | | | 1.00 | Job |
| 20.00 | Site clearane work | L/S | | | | L/S | |

श्रीमान् योजना प्रमुखज्यू, मिति : २०६६।०८।२०

भक्तपुर नगरपालिका कार्यालय

विषय : *ल.ई. पेश गरेको बारे ।*

उपरोक्त सम्बन्धमा न.पा. आ.व. ०६६।६७ स्वीकृत ........ को आदेश/निर्णय अनुसार भ.न.पा. वडा नं. ५ , टौमढी ........ टोलमा ऐतिहासिक पाँचतल्ले मन्दिर मर्मत ........ गर्ने कार्यको ल.ई. आ.व. ०६६।६७ पुरातत्व विभागको ........ को स्वीकृत दररेट अनुसार तयार गरी पेश गरेको छु ।

| | |
|---|---|
| ल.ई. | रु. ६०,६५,५०८/९५ |
| कन्टिन्जेन्सीज् | रु. × |
| ओभरहेड १३% | रु. ७,८८,५१६/०८ |
| कुल ल.ई. | रु. ६८,५४,०२५/०३ |

| | |
|---|---|
| शुरु ल.ई. रु. | : ........ |
| परिसूचक | : मी./व.मी./गोटा/ ........ |
| स्वीकृत मिति | : ........ |
| रि.ल.ई. गर्नुपर्ने मुख्य कारण : | |

स्वीकृत ल.ई. ०६३।६४ मै तयार भै योजना आ.व. ०६६।६७ मा स्वीकृत हुन आएकोले रि.ल.ई. गर्नुपरेको ।

*संलग्न कागजातहरु :-*

| | |
|---|---|
| विस्तृत नापी फारम | थान ...२... |
| लागत फारम | थान ...१... |
| नाप नक्सा | थान ...२... |
| निर्माण सामाग्री र ज्यामीको विवरण | थान ........ |
| दर विश्लेषण | थान ........ |
| अन्य | थान ........ |
| योजनाको परिसूचक | मी./व.मी./गोटा/........ |

*निवेदक*

नाम : सुर्य भक्त स्वगुंजा

पद : इन्जिनियर

दस्तखत : [signature]

# BHAKTAPUR MUNICIPALITY
## Abstract of Cost

Name of Project: Nyatapola Temple conservation programme
Location:-Bhaktapur Municipality, Taumadhi,Ward-5

| No | Description of item | Quantity | Unit | Norms Code | Material Rate/Unit | Material Amount | Labour Rate/Unit | Labour Amount |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Double Layer Scaffolding work by using bamboo and rope | 1554.24 | Sqm | A-12 | 221.72 | 344606.09 | 469.51 | 729731.[illegible] |
| 2 | Demolishing jhingatiroof including mud layer | 524.48 | Sqm | A-32 | | | 122.85 | 64432.69 |
| 3 | Traditional jhingati laying on roof including mud | 524.48 | Sqm | A-3 | 2214.74 | 1161592.59 | 875.40 | 459132.07 |
| 4 | Top Bhangi demolishing work by mud mortar | 11.23 | Cum | A-27 | | | 795.00 | 8930.58 |
| 5 | Removing and re-fixing existing gold plated metal Gajur after cleaning | 1.00 | Set | | l/s | 20000.00 | 30000.00 | 30000.00 |
| 6 | Demerage materials desposal work by manual means from hight of roof is plinth | 194.80 | Cum | B-241 | | | 721.00 | 140452.49 |
| 7 | Making Temporary tahara and piling re-useable wooden materials etc | 1.00 | Set | | | | 15000.00 | 15000.00 |
| 8 | Ma appa work in mud mortar 1:1:3 | 11.23 | Cum | A-102 | 17050.41 | 191534.76 | 3525.00 | 39597.88 |
| 9 | Dachhi appa work in mud mortar massonary | 12.44 | Sqm | A-1 | 3771.26 | 46929.56 | 1576.85 | 19622.32 |
| 10 | Salwood work on 4th roof using previous wood | 119.92 | Cft | A-108 | | | | |
| i | using perivious wood 60% | 71.95 | cft | A-108 | 1.58 | 113.68 | 552.70 | 39766.77 |
| ii | Using new wood 40% | 47.97 | Cft | A-108 | 9460.96 | 453842.25 | 552.70 | 26513.02 |
| 11 | 25mm th salwood planking on roofing | 93.65 | Sqm | A-19 | 5460.91 | 511439.67 | 175.15 | 16403.61 |
| 12 | One layer steraker tarfelt laying on roofing | 524.48 | Sqm | A-39 | 498.14 | 261265.76 | 375.80 | 197100.56 |
| 13 | Dhuri copu laying on roof | 87.28 | R.m | A-17 | 4331.04 | 378013.17 | 172.25 | 15033.98 |
| 14 | Cornner Gangachha fitting | 4.00 | nos | | 1500.00 | 6000.00 | 200.00 | 800.00 |
| 15 | Wind Bell re-fixing work including cleaning | 40.00 | Nos | A-44 | 476.00 | 19040.00 | 100.00 | 4000.00 |
| 16 | Demerage desposal work including Transportation | 194.80 | Cum | B-241 | | | 721.00 | 140452.49 |
| 17 | Providing woman labour for washing tile etc | 1000.00 | Nos | l/s | | | 150.00 | 150000.00 |
| 18 | Red cloth jhallar fitting work | 191.00 | R.m | | | | 450.00 | 85950.00 |
| 19 | Providing a fund for miscelleneous item wook like wooden Bilampu, supervisor Night watch man etc | 1.00 | Job | | L/S | 50000.00 | L/S | 100000.00 |
| 20 | Site clearane work | 1.00 | | l/s | | | | 100000.00 |
| | | | | | Sub-Total | 3444377.54 | | 2382919.69 |
| | Adding 10%addition labour charge for lifting 108 ft height | | | | | | | 238291.96 |
| | | | | | | sub total | | 2621211.65 |
| | | | | | Net Total (Mat.+Lab) | 6065589.19 | | |
| | | | | | 13% VAT on Total | 447769.08 | | |
| | | | | | Grand Total | 6,513,358.27 | | |

In words :

Checked By:-


Approved By:-

# उपभोक्ता समिति र अनुगमन समिति गठन

आज मिति २०७६ कार्तिक ७ गते बिहान ७:०० बजे निम्न महानुभावहरूको उपस्थितिमा भ.न.पा. वडा नं.५ स्थित ङातापोल्हँ मन्दिर संरक्षण कार्य योजना कार्यान्वयन गर्न उपभोक्ता समिति तथा अनुगमन तथा सहजीकरण समिति गठन गर्ने विषयमा वडा अध्यक्ष श्री प्रेमगोपाल कर्माचार्यको उपस्थितिमा छलफल/भेला बसी निम्न पदाधिकारीहरू रहेको ११ सदस्यीय उपभोक्ता समिति तथा ५ सदस्यीय अनुगमन तथा सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

उपस्थिति:

| क्र.सं. | नाम,थर | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|
| १. | व.अ. श्री प्रेमगोपाल कर्माचार्य | - | |
| २. | व.स. श्री सरिता [illegible] | - | |
| ३. | व.स. श्री बलराम [illegible] | - | |
| ४. | व.स. श्री [illegible] | - | |
| ५. | व.स. श्री सम्झना खाइजु लाखे | - | |
| ६. | [illegible] | [illegible] | |
| ७. | नारायण [illegible] | [illegible] | |
| ८. | राजमती [illegible] | 9849423470 | |
| ९. | [illegible] | 9860017340 | |
| १०. | [illegible] | 9851050003 | |
| ११. | [illegible] | [illegible] | |
| १२. | [illegible] | 9841299634 | |
| १३. | [illegible] | 9841110407 | |
| १४. | सुशिला [illegible] | 9841580211 | |
| १५. | कृष्ण प्रसाद [illegible] | 9851-110-406 | |
| १६. | रामेश्वर [illegible] | 9841257802 | |
| १७. | [illegible] | [illegible] | |
| १८. | कृष्ण [illegible] | [illegible] | |
| १९. | नारायणप्रसाद [illegible] | [illegible] | |
| २०. | [illegible] | 98412851812 | |
| २१. | श्याम [illegible] | [illegible] | |



उपस्थिति:

| नाम थर | सम्पर्क नं. | दस्तखत |
| --- | --- | --- |
| [illegible]नारायण इन्द्रख्या | ९८४१३३५४३६ | [illegible] |
| [illegible] केशरी माऊ | | [illegible] |
| राम कृष्ण कासुला | ९८४११२२१२१ | [illegible] |
| रीता पासिकवा | ९८४१०४१०५६ | रीता |
| विकास थुकुडु | 9841982987 | [illegible] |
| विष्णु प्रसाद त्वन्जु | ९८४१६२६१८० | [illegible] |
| राजभक्ति खोतेजा | 9841605363 | [illegible] |

निर्णय नं.१.

उक्त कार्य कार्ययोजना कार्यान्वयन गर्न निम्न पदाधिकारीहरु रहेको एक उपभोक्ता समिति गठन गर्ने निर्णय गरियो ।

अध्यक्षः केशव तामरखु

सचिव : सुशिला ग्वाङ्च्वाई माके

कोषाध्यक्षः कृष्णप्यारी मुजु

सदस्य : बिष्णु प्रसाद त्वन्जु

सदस्यः मुक्तीश्वर जखारी

सदस्यः बिक्रम छुकुचु

सदस्यः सुमन धौभडेल

सदस्यः शिवराम मुजु

सदस्यः सरस्वति सिख्वाल

सदस्यः रत्नश्री ख्वातेजा

सदस्यः बलराम सिल्कार

निर्णय नं.२.

उक्त योजनको कार्य अनुगमन तथा सहजिकरणको लागि निम्न महानुभावहरु रहेको. . . सदस्यीय अनुगमन तथा सहजिकरण समिति गठन गर्ने निर्णय गरियो ।

संयोजकः बलराम न्हिसुतु

सदस्य : श्याम सुन्दर धौभडेल

,, : लक्ष्मीभक्त चवाल

,, : न्हुछेरत्न खाइतु

,, : प्रकाश धौभडेल

# टिप्पणी र आदेश, माग फाराम

भक्तपुर नगरपालिका
कार्यालय
(BHAKTAPUR MUNICIPALITY)

मिति: २०६६।०६।१८

पत्र संख्या :
चलानी नं.

विषय : गठित उपभोक्ता समिति अनुमोदन तथा कार्यादेश सम्बन्धमा

## टिप्पणी र आदेश

श्रीमान्

भक्तपुर नगरपालिकाको पुनः निर्माण कार्यक्रमअनुसार चालु आ.व. ०६६।६७ मा स्वीकृत तथा स्वदेश योजनामा समावेश भएको भक्तपुर वडा नं. ५ तौमढी स्थित विश्वप्रसिद्ध न्यातपोल (पाँचतल्ले) मन्दिर संरक्षण गर्न मिति २०६४।०६।०२ को भक्तपुर बोर्ड बैठकबाट रु. ५६,४४,२८२।१० बराबरको इस्टिमेट स्वीकृत भएकोमा, उक्त संरक्षण योजना संचालनार्थ ५ नं वडा कार्यालयको पहलमा तपसिल बमोजिमको उपभोक्ता समिति तथा अनुगमन समिति गठन भै आएको अनुमोदन हुन र सोही समितिसँग सम्झौता गरी कार्यादेश दिन प्रशासनिक निर्णयार्थ श्रीमान् समक्ष पेश गरेको छु। साथै उल्लेखित ला.इ. रकम गत आ.व. ०६३।६४ को दररेट अनुसार तयार पारिएको र योजना संचालन आ.व. ०६६।६७ मा हुन लागेकोले चालु आ.व. ०६६।६७ को नेपाल सरकार पुरातत्व विभागको स्वीकृत दररेट अनुसार रिभाइज गर्दा कुल रु. ६५,१३,३४८।२७ हुन आएको स्वीकृत हुन अनुरोध गर्दछु।

तपसिल

| उपभोक्ता समिति तर्फ | | अनुगमन तथा निरीक्षण समिति | |
|---|---|---|---|
| १) केशव त्वायनाजु | अध्यक्ष | संयोजक | लक्ष्मीराम सिंह सुवाल |
| २) सुशिला त्वाईत्वाईं शाक्य | सचिव | सदस्य | श्याम सुन्दर धौंभडेल |
| ३) कृष्ण स्वामी गुरु | कोषाध्यक्ष | " | लक्ष्मी भक्त ब्याके |
| ४, लक्ष्मीराम सिजक्कार | सदस्य | " | नुहुँ रत्न स्वाइकु |
| ५, विष्णु प्रसाद लाखु | " | " | प्रकाश धौंभडेल |
| ६, मुक्ति कुमार मधिकर्मी | " | | |
| ७, विक्रम दुकुजु | " | | |
| ८, श्याम धौंभडेल | " | | |
| ९, शिवराम गुरु | " | | |
| १०, सरस्वति सिलिकार | " | | |
| ११, राजलक्ष्मी स्वोतेजा | " | | |

श्रीमान्
उपरोक्त उल्लेखित व्यहोरा अनुसार आवश्यक कार्यार्थको लागि श्रीमान्मा पेश गर्दछु।
२०६६।०६।१८

विचार:
अघिल्लो पाटमा उल्लेख भए अनुसार मिति
२०६६-०६-२१ को बैठकबाट आयोजना समिति अनुमोदन
रु ६५,९३३८८।२६ रि.ल.ई. रकमबाट खर्च गरी ने
कार्य हिसाब गरिएको निर्णयार्थ पेश गर्दछु
गर्दछु।

2066|06|28

यो फारम २ प्रति भर्नुहोस

मितिः २०७८ / / गते

श्रीमान प्रमुखज्यू,
भक्तपुर नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय, भक्तपुर

विषयः पेश्की पाऊं ।

[illegible] वडा नं ... स्थित् ..........टोलमा संचालन हुने/संचालन [illegible] ......................योजनाको लागि [illegible] ....[illegible] पेश्की पाउं भनी निम्न विवरण अनुसार श्रीमान समक्ष यो निवेदन पेश गर्दछु ।

पेश्की र खर्चको फाटंवारी विवरण :

| किस्ता | पेश्की लिएको विवरण | | | खर्चको फांटवारी बुझाएको विवरण | | |
|---|---|---|---|---|---|---|
| | मिति | रकम | हालसम्मको जम्मा | मिति | बिल भर्पाइ थान/रकम | हालसम्मको जम्मा |
| पहिलो | | [illegible] | | | | |
| दोस्रो | | | | | | |
| तेस्रो | | | | | | |
| चौथो | | | | | | |
| पाँचौं | | | | | | |
| | | | | | | |

उल्लेखित व्यहोरा ठीक सांचो हो, झुठो ठहरे कानुन बमोजिम सहुंला, बुझाउंला ।

निवेदक
नाम : [illegible]
ठेगाना : [illegible]
दस्तखत : [illegible]

बुवाको नाम : [illegible]
बाजेको नाम : [illegible]

सिफारिस गर्ने सम्बन्धित वडाध्यक्ष,
नाम : [illegible]

दस्तखत र छाप :

कार्यालय प्रयोजनको लागि मात्र ।

साइटमा खटिएको प्राविधिकले भर्ने :

| | |
|---|---|
| ल.इं नं : | उपभोक्ता समिति गठन मिति: 2063/06/06 |
| ल.ई. रकम : ६४,९३,३४८/२६ | योजना सम्झौता भएको मिति : 2063/06/28 |
| बजेट नपा | कार्य शुरू मिति : 2063/06/16 |
| ल.ई. स्वीकृत मिति: 2063/06/29 | कार्य सम्पन्न मिति : 2066/06/25 |
| जम्मा पेश्की रकम: | |
| जम्मा फांटवारी पेश रकम: | |
| योजनाको अवस्था : काम हुन बाकी / समान मात्र खरिद भएको........................................ कार्य सम्पन्न भई ........................................कार्य भैरहेकोले भौतिक प्रगति...............% कार्य सम्पन्न । | |

| क्र.सं. | सिफारिस गर्नेको नाम र पद | दस्तखत् | सिफारिस रकम |
|---|---|---|---|
| १, | सूर्य भक्त रवडुजा | [signature] | तिसलाख मात्र |
| २, | राम गोविन्द श्रेष्ठ | [signature] | तिसलाख मात्र 30,00,000/- |
| ३, | | | |
| **प्रमाणित गर्ने :** | | | |
| यू.यू.ज.अ. दिपक ... | [signature] | | 30,00,000/- |

शर्तहरू: 063/06/26

१। उपभोक्ता समितिको बैठक निर्णयको प्रतिलिपी अनिवार्य संलग्न गर्नूपर्नेछ ।
२। सम्झौता अनुसार तोकिएको समय भित्र कार्य सम्पन्न गर्नुपर्नेछ ।
३। कार्य सम्पन्न भएको ७ (सात) दिन भित्र पेश्की फछ्यौटको लागि आवश्यक सम्पूर्ण कागजातहरू पेश गर्नुपर्नेछ ।
४। पेश्की लिई सम्झौता अनुसार कार्य नगरी अधुरो राखेमा वा कार्य शुरू नै नगरेमा १०% प्रतिशतका दरले ब्याज सहित पेश्की फिर्ता गर्नूपर्नेछ ।
५। संशोधन इष्टिमेट स्वीकृती नगरीकन नै स्वीकृत इष्टिमेटको कार्य विवरणमा हेरफेर गरी कार्य गरेमा त्यसको भुक्तानी गर्न कार्यालय बाध्य हुनेछैन् ।
६। स्वीकृत इष्टिमेटको कार्य विवरणको मुख्य बुदांहरूमा बाहेक अन्य केहि बुदांहरूमा सामान्य हेरफेर गर्नुपर्ने भएमा सम्बन्धित साइटमा खटिएका प्राविधिकको स्वीकृती लिई इष्टिमेट रकममा नबढ्ने गरी कार्य गर्न सकिनेछ
७। इष्टिमेट भन्दा बढी कार्य गर्नुपर्ने भएमा, मुख्य बुदांहरूमा संशोधन गर्नुपर्ने भएमा वा केहि नयां बुदांहरू थप गर्नुपर्ने भएमा पुनः संशोधित इष्टिमेट स्वीकृत गरी सकेपछि मात्र कार्य गर्नुपर्नेछ ।
८। केरमेट भएको, उपभोक्ता समितिको अध्यक्षको दस्तखत गर्न छुट भएको, अस्पष्ट लेखिएको, सामानको नाम र संख्या नखुलेको बील भर्पाइलाई मान्यता दिइने छैन् ।

# जीर्णोद्धार शुभारम्भ

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दर्ता नं. ४५३३
मिति. ~~२०७६।८।१२~~ २०७६।०८।१०

श्रीमान नगरप्रमुख ज्यू
भक्तपुर नगर कार्यपालिकाको कार्यालय
ब्यासी –

विषय: – योजना संञ्चालन गरेको जानकारी सम्बन्धमा।

महोदय,

उपरोक्त सम्बन्धमा भूकम्पपछिको पुनः निर्माण कार्यक्रमअनुसार चालु आ.व. ०७६।७७ को स्वीकृत नपा बजेट अन्तर्गत नपा वडा नं ५, टौमढी स्थित 'विश्वप्रसिद्ध पाँच तल्ले मन्दिरको संरक्षण कार्य' नपाको रु. ६५,१३,३५८।२७ को लागत अनुमानमा गठित उपभोक्ता समिति अध्यक्ष केशव तमखु ज्यूको सक्रियतामा मिति २०७६।०८।०७, शनिश्चरबार देखि खर ढालेर कार्यवार योजना शुरु गरेको ब्यहोरा श्रीमानमा जानकारीकालागि विनम्र अनुरोध गर्दछौं।

निवेदक!
रामगोविन्द श्रेष्ठ यो. प्र.
सूर्यभक्त स्वकुजा – इं०

# पत्राचार

स्वच्छ नगरपालिका

**भक्तपुर नगरपालिका**

BHAKTAPUR MUNICIPALITY

नगर कार्यपालिकाको कार्यालय

OFFICE OF THE MUNICIPAL EXECUTIVE

दरबारस्क्वायर, भक्तपुर

DURBAR SQUARE, BHAKTAPUR

३ नं. प्रदेश, नेपाल

पत्र संख्या: ०७६/०७७ (प्रा.शा.) १४५/२०७६/७७

चलानी नं. ९६०९

मितिः- २०७६/११/०२

श्रीमान् अध्यक्षज्यू,

ङातापोल मन्दिर जिर्णोद्धार उपभोक्ता समिति ।

**विषय : कार्य सञ्चालन गर्ने सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा मिति २०७६ माघ २० गतेको अन्तरक्रिया कार्यक्रमबाट ऐतिहासिक ङातापोल मन्दिर जिर्णोद्धारको लागि गठित प्राविधिक समितिको मिति २०७६ माघ २७ गतेको निर्णयअनुसार सो मन्दिरको माथिल्लो तल्लाको जिर्णोद्धार कार्य अगाडि बढाउन मिल्ने सिफारिस भई आएकोले सोही अनुसार कार्य आगाडि बढाउन यो पत्राचार गरिएको व्यहोरा अनुरोध गर्दछु ।

बोधार्थ :

१) श्री ५ नं. वडा कार्यालय, भ.न.पा. ।

२) श्री प्रशासन शाखा, भ.न.पा. ।

३) श्री आर्थिक प्रशासन शाखा, भ.न.पा. ।

२०७६/११/०२

आ. रामगोविन्द श्रेष्ठ

सदस्य सचिव

(ङातापोल मन्दिर जिर्णोद्धार निर्देशक समिति)

सम्पदा/योजना तथा प्राविधिक शाखा प्रमुख, भनपा

प्रमुख: ६६१००९६, उपप्रमुख: ६६१३२०६, प्रशासन शाखा: ६६१३९५७, कार्यकारी अधिकृत ६६१००७६, लेखा शाखा ६६१२०२१, योजना शाखा ६६१४८१३,

0 K

ख्वप नगरपालिका
# भक्तपुर नगरपालिका
BHAKTAPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
दरबारस्क्वायर, भक्तपुर
DURBAR SQUARE, BHAKTAPUR
३ नं. प्रदेश, नेपाल

पत्र संख्या: पो.प्रा.शा. १३८/२०७६/७७
चलानी नं. १६६३

मितिः- २०७६/१०/२८

श्रीमान् प्राचार्यज्यू, ख्वप कलेज अफ इन्जिनियरिङ्ग,
श्रीमान् प्राचार्यज्यू, ख्वप इन्जिनियरिङ्ग कलेज,
लिवाली, भक्तपुर-८ ।

विषय : आवश्यक सहयोग सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा मिति २०७६/१०/२७ गते बसेको ङातापोल मन्दिर जिर्णोद्धार क्रमको क्षति अध्ययन अनुसन्धान प्राविधिक समितिको बैठकअनुसार निम्न लिखित कार्य गर्नको लागि तहाँ कलेजको सहयोगका लागि अनुरोध गर्दछु ।

१) आर्किटेक्चरल ड्र्इङ्ग बनाउने जिम्मा प्राविधिक शाखा (ख्वप कलेज अफ इन्जिनियरिङ्ग र ख्वप इन्जिनियरिङ्ग कलेज) लाई दिने निर्णय गरियो ।

२) Details Damage Condition Assessment Report तयार गर्न ख्वप कलेज अफ इन्जिनियरिङ्ग र ख्वप इन्जिनियरिङ्ग कलेजको प्राविधिक शाखालाई जिम्मा दिने निर्णय गरियो ।

..........................
सुनिल प्रजापति
नगर प्रमुख

BHAKTAPUR MUNICIPALITY

OFFICE OF THE MUNICIPAL EXECUTIVE

DURBAR SQUARE, BHAKTAPUR

यो शा शा
१६७/२०७६।७७
९८३६

मिति २०७६/१०/२१

श्री अध्यक्षज्यू,

ङातापोल (पाँचतल्ले मन्दिर) संरक्षण कार्य उपभोक्ता समिति,

भक्तपुर नगरपालिका वडा नं ५ ।

**विषय : पाँचतल्ले मन्दिरको चार वटै मोहडा र प्राङ्गणमा**

**सीसी टीभी क्यामेरा जडान सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा मिति २०७६ फागुन १६ गते बसेको ऐतिहासिक ङातापोल मन्दिर जीर्णोद्धार निर्देशक समितिको बैठकबाट भ.न.पा. वडा नं. ५ स्थित ऐतिहासिक ङातापोल (पाँचतल्ले मन्दिर) जीर्णोद्धारको क्रममा सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउन उपभोक्ता समितिमार्फत आवश्यक संख्यामा सीसी क्यामेरा जडान गर्ने निर्णय भएअनुरुप उपभोक्ता समितिमार्फत नै कार्य गर्नुहुन यो पत्राचार गरिएको व्यहोरा अनुरोध छ । साथै उक्त कार्यको ल.ई. र ऐतिहासिक ङातापोल मन्दिर जीर्णोद्धार निर्देशक समितिको बैठकको निर्णय पनि यसै साथ संलग्न गरी पठाएको व्यहोरा अनुरोध छ ।

बोधार्थ :

१) श्री ५ नं. वडा कार्यालय, भ.न.पा. ।

२) श्री आर्थिक प्रशासन शाखा, भ.न.पा. ।

३) श्री प्रशासन शाखा, भ.न.पा. ।

४) श्री सम्पदा शाखा, भ.न.पा. ।

५) श्री महानगरीय प्रहरी परिसर, भक्तपुर ।

६) प्राविधिक श्री हरिरत्न ध्वजु ।

२०७६/११/२१

..............................

आ. रामगोविन्द श्रेष्ठ

सदस्य सचिव

(ङातापोल मन्दिर जिर्णोद्धार निर्देशक समिति)

सम्पदा/योजना तथा प्राविधिक शाखा प्रमुख, भनपा

श्रय नगरपालिका
# भक्तपुर नगरपालिका
BHAKTAPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
दरबार स्क्वायर, भक्तपुर
DURBAR SQUARE, BHAKTAPUR
प्रदेश नं. ३, नेपाल

पत्र संख्या: ८८१
चलानी नं. १६४१
मितिः-२०७६।१०।२६

**विषयः-निर्देशक समितिमा मनोनयन गरिएको बारे ।**

श्री राम गोविन्द श्रेष्ठज्यू,
प्रमुख, योजना तथा प्राविधिक शाखा, भक्तपुर

उपरोक्त सम्बन्धम ऐतिहासिक ङातापोल मन्दिर जीर्णोद्धार कार्यको व्यवस्थापन, नियमन, अनुगमन र सुरक्षा प्रबन्ध समेतमा आवश्यक व्यवस्था र निर्देशन गर्ने ध्येयले देहाय बमोजिम पदाधिकारीहरु रहने गरी प्रमुख श्री सुनिल प्रजापतिज्यूको संयोजकत्वमा निर्देशक समिति गठन गर्ने निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ। उक्त समितिमा तपाईलाई सदस्य सचिव पदमा मनोनयन गरेको व्यहोरा जानकारी गर्दछु :-

संयोजक : सुनिल प्रजापति - प्रमुख, भक्तपुर नगरपालिका
सदस्य : रजनी जोशी - उपप्रमुख, भक्तपुर नगरपालिका
सदस्य : प्रमुख जिल्ला अधिकारी वा निजले तोकको अधिकृत प्रतिनिधि, भक्तपुर
सदस्य : प्रहरी उपरीक्षक वा निजले तोकेको अधिकृत प्रतिनिधि, महानगरीय प्रहरी परिसर, भक्तपुर
सदस्य : उकेश कवां - संयोजक, निर्माण समिति, भनपा
सदस्य : प्रेम गोपाल कर्माचार्य - वडाअध्यक्ष, भनपा ५
सदस्य : कुमार चवाल - वडाअध्यक्ष भनपा ४
सदस्य : सरस्वती सिंह - कार्यालय प्रमुख, दरवार हेरचाह तथा स्मारण संरक्षण कार्यालय, भक्तपुर
सदस्य : आनन्द प्रसाद कर्माचार्य - कार्यालय प्रमुख, गुठी संस्थान कार्यालय, भक्तपुर
सदस्य : इन्द्र प्रसाद बस्याल, प्रमुख प्रशासकीय अधिकृत भनपा
सदस्य : सिद्धिवीर कर्माचार्य, पुजारी
सदस्य : केशव तमखु - अध्यक्ष, उपभोक्ता समिति
सदस्य : बलराम सिबञ्जार - स्थानीय समाजसेवी
सदस्य : योगेन्द्रमान कर्माचार्य, पुजारी
सदस्य सचिव : राम गोविन्द श्रेष्ठ - प्रमुख, योजना तथा प्राविधिक शाखा, भनपा

२०७६।१०।२४

(इन्द्र प्रसाद बस्याल)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख: ६६१००९६, उपप्रमुख: ६६१३२०६, प्रशासन शाखा: ६६१३९५७, कार्यकारी अधिकृत ६६१००७६, लेखा शाखा ६६१२७२१, योजना शाखा ६६१४८१३,

श्रय नगरपालिका
# भक्तपुर नगरपालिका
BHAKTAPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
दरबारस्क्वायर, भक्तपुर
DURBAR SQUARE, BHAKTAPUR
३ नं. प्रदेश, नेपाल

पत्र संख्याः ८६६
चलानी नं. १६३१

मितिः- २०७६।१०।२८

**विषयः-प्राविधिक समितिमा मनोनयन गरिएको बारे ।**

आ. श्री राम गोविन्द श्रेष्ठज्यू,
भ.न.पा. ।

उपरोक्त सम्बन्धम यस नगरपालिका वडा नं. ५ टौमढीस्थित ऐतिहासिक ङातापोल मन्दिर जीर्णोद्धारको क्रममा मन्दिरमा हाल भएको क्षतिसम्बन्धी विस्तृत अध्ययन अनुसन्धान गरी प्रतिवेदन प्रस्तुत गर्न ई. श्री चन्द्र किरण कवांको संयोजकत्वमा देहाय बमोजिम पदाधिकारीहरु रहने गरी प्राविधिक समिति गठन गर्ने निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ । उक्त समितिमा तपाईलाई सदस्य सचिव पदमा मनोनयन गरेको व्यहोरा जानकारी गर्दछु :-

संयोजक : ई चन्द्र किरण कवां, सह प्राध्यापक, ख्वप कलेज अफ इन्जिनियरिङ्ग
सदस्य : ई. सुजन माक - प्राचार्य ख्वप इन्जिनियरिङ्ग कलेज
सदस्य : ई. सुनिल दुवाल - प्राचार्य, ख्वप कलेज अफ इन्जिनियरिङ्ग
सदस्य : ई. मन्जिप शाक्य, वरिष्ठ उपप्राध्यापक, ख्वप इन्जिनियरिङ्ग कलेज
सदस्य : आ. लिवास फैजु, वरिष्ठ उपप्राध्यापक, ख्वप इन्जिनियरिङ्ग कलेज
सदस्य : आ. रविना शिल्पकार, ख्वप इन्जिनियरिङ्ग कलेज
सदस्य : ई. अमित प्रजापति, ख्वप कलेज अफ इन्जिनियरिङ्ग
सदस्य सचिव : आ. रामगोविन्द श्रेष्ठ, योजना तथा प्राविधिक शाखा, भक्तपुर नगर कार्यपालिकाको कार्यालय

२०७६।१०।२८

(इन्द्र प्रसाद बस्याल)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुखः ६६१००९६, उपप्रमुखः ६६१३२०६, प्रशासन शाखाः ६६१३९५७, कार्यकारी अधिकृत ६६१००३६, लेखा शाखा ६६१२७२१, योजना शाखा ६६१४८९३,

## इतिहासको पानाबाट

# कार्य सम्पन्न प्रतिवेदन पेश गरेको बारे

"उपर्युक्त विषय यस कार्यालयबाट जीर्णोद्धार कार्य सम्पन्न भएको भनपा टौमढीस्थित पाँचतले मन्दिर जीर्णोद्धार गर्न ०५३/५/१६ देखि खट बाँध्ने कार्यबाट निर्माण कार्य शुरु भएको, उक्त कार्यका लागि मिति ०५३/७/२१ मा भनपाअन्तर्गत गठित स्मारक इकाइबाट तयार भएको ल.ई. रकम रू ३८,०२,४३२।३७ बराबरको ल.ई. स्वीकृत भई पुनः पुरातत्त्व विभागबाट समेत मिति ०५३/९/७ मा रु. ३८,४८,४७०।५७ बराबरको संशोधित ल.ई. अनुमोदन एवं स्वीकृत भई आएअनुसार उक्त कार्य सञ्चालन रही मिति २०५५/४/१५ सम्ममा सम्पूर्ण कार्य सम्पन्न भएको व्यहोरा अनुरोध गर्दछु ।

प्रारम्भमा ल.ई. गर्दा ४ तलासम्मको छाना मर्मत गर्ने गरी ल.ई. भएकोमा सोही ल.ई. को परिधिभित्र रही पाँचौँ तलासमेतको कार्य भएको उक्त योजना पुरातत्त्व विभागबाट स्वीकृत आउन ढिला भएको कारण २०५३ कार्तिक, मङ्सिर दुई महिना कार्य बन्द भएको थियो । स्वीकृतिपश्चात् पुनः कार्यको थालनी गरी ०५४/६/५ सम्ममा ६४ योगीनीको मूर्ति बनाई जडान गर्ने कार्यबाहेक अन्य सम्पूर्ण कार्य सम्पन्न भएको र उल्लिखित मूर्ति जडान गर्ने कार्यसमेत मिति ०५५/४/१५ मा सम्पन्न भएको उक्त कार्यको मूल्याङ्कन गर्दा निर्माण सामग्रीतर्फ रु. २०,३६,९४१/६० र श्रमिकतर्फ रु. ८,७३,३५५।३८ गरी कूल रु.२९,१०,२९७।- बराबरको कार्य भएको उक्त योजनाको ल.ई. पुरातत्त्व विभागबाट स्वीकृत हुँदा संशोधनसहित रु. ३८,४८,४७०।५७ भएको तर जोड गर्दा गल्तीका कारणले उक्त संशोधित रकम रु.३८,०९,१६४।२४ मात्र हुनुपर्ने व्यहोरा यसै साथ अनुरोध गर्दछु ।

उपर्युक्त मूल्याङ्कनअनुसारको कार्य गर्न निर्माण सामग्रीतर्फ रु.३,३२,०७३।-, श्रमिकतर्फ रु. ८,३७,९४४।९० र काठतर्फ रु.५,४७,९६०।८२ गरी कूल

रु.१७,१७,९७८।७२ खर्च भएको व्यहोरा अनुरोध गर्दछु ।

यसरी उपर्युक्त मूल्याङ्कनअनुसार पुरानै काठ १०२३.०५ घ.फू पुनः प्रयोग हुन सकेकोले फल्याक काठ १२७.४६ व.मी. र छानाको काठ २३७.९३ घ.फू बराबरको परिमाण बचत भई ल.ई. र मूल्याङ्कनमा रु.८,९८,८६७।३२ बराबर कम हुन गएको खुद मूल्याङ्कन र खर्च रकममा रु.२९,१०,२९७।- रु.१७,१७,९७८।३२ रु.११,९२,३१८।२८ बराबरको रकम बचत देखिएकोमा, काठ खरिदतर्फ कूल रु.११,०८,३३७।५७ श्रमिकतर्फ श्रमदानसमेत जुटेकाले रु.३५,४१०।८१ र बाँकी



रु.४८,५६९।९० बराबरको रकम विभिन्न सामान खरिद गर्दा कम दरभाउमा खरिद गर्न सकेकोले बचत देखिएको तथा उल्लिखित मूल्याङ्कनमा कर्मचारी भत्ता, प्रहरी खाजा भत्ता, क्षमापूजा, विज्ञापनलगायत अन्य शीर्षकहरूको खर्च समावेश नभएको व्यहोरा उल्लेख गर्दछु ।

उक्त कार्यअन्तर्गत झिँगटी छाना छाउने कार्यमा कूल झिँगटी थान १,०१,५०० खर्च भएको मध्ये पाँचतले मन्दिरकै पुरानो ६०,०००, भैरवनाथको बाँकी १५,९४० थान र बाँकी २५,५६० थान विभिन्न महानुभावहरूबाट चन्दा सहयोग प्राप्त भएको व्यहोरा अनुरोध गर्दछु ।

*– भक्तपुर मासिक, २०५६ चैत्र, सङ्ख्या १५० बाट*

# सञ्चार माध्यममा ङातापोल्हँ मन्दिर जीर्णोद्धार

## ङातापोल्हँ मन्दिर जीर्णोद्धार हुँदै, निर्माणका लागि काठको व्यवस्था गर्न सरकारसँग माग

भक्तपुर : २०७२ सालको भूकम्प र त्यसपछिका परकम्पले क्षति पुगेको भक्तपुरको प्रसिद्ध ङातापोल्हँ (न्यातापोल) मन्दिरको जीर्णोद्धारको काम भइरहेको छ ।

भक्तपुर नगरपालिकाको अगुवाइमा भइरहेको जीर्णोद्धारको कामका लागि नगरपालिकाले ६५ लाख १३ हजार ३ सय ५८ रुपैयाँ छुट्ट्याएको छ। मङ्सिर महिनादेखि शुरु भएको निर्माण कार्य हाल जारी छ। मन्दिरको निर्माण पुरानै शैलीमा मौलिक तरिकाले भइरहेको नगरपालिकाले जनाएको छ।

ङातापोल्हँ मन्दिर नेपाल संवत् ८२२ मा राजा भूपतीन्द्र मल्लको पालामा निर्माण भएको हो। उक्त मन्दिर तान्त्रिक विधिले ६ महिनामा निर्माण भएको



कथन छ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले निर्मित ३ सय वर्षभन्दा अघि बनेको मन्दिर जस्ताको तस्तै रहको बताउँदै मल्लकालीन प्रविधिहरू उत्कृष्ट रहेको प्रमाण भएको बताएका छन्। सोमबार ङातापोल्हँ मन्दिरको निर्माणका बारेमा भएको छलफलमा उनले भूकम्पपछिको सम्पदा पुनःनिर्माणमा भक्तपुर नगरपालिकाले मौलिक प्रविधिलाई जोड दिँदै मौलिक स्वरूपमै जीर्णोद्धार गर्ने काम अघि बढाएको बताए।

प्रजापतिले ङातापोल्हँ मन्दिरमा अवस्थित हरेक वस्तुको क्षतिबारे अध्ययन र अनुसन्धान गर्दै सुरक्षित अभिलेखीकरण गरिरहेको बताए।

हाल नेपालभर सम्पदा पुनःनिर्माणको काम अघि बढिरहेको तर मन्दिर पुनर्निर्माणमा काठको अभाव भइरहेको छ। प्रजापतिले भक्तपुरमा पनि काठको अभावका कारण पुनर्निर्माणका काम समयमा नसकेको बताए। उनले ङातापोल्हँ मन्दिरका लागि पनि धेरै काठ चाहिने भएकाले सरकारले सहज रूपमा काठ उपलब्ध गराउनेतिर ध्यान दिनुपर्ने बताए।

वक्ताहरूले सम्पदामा पर्न सक्ने भूकम्पीय जोखिम न्यूनीकरण गर्नका लागि काठको संरचना महत्त्वपूर्ण हुने भएकाले सम्पदा संरक्षणको लागि सरकारी तहबाट सुपथ मूल्यमा गुणस्तरीय काठ उपलब्ध हुनुपर्ने माग राखे।

***पहिलो पोस्ट, २० माघ २०७६***



# सबैतिर शुल्क, भक्तपुरमा निःशुल्क



**- कृष्ण किसी**

देशभर 'खाद्यान्नका लागि रोजगार' कार्यक्रमअन्तर्गत ज्याला दिई मजदुरीको काम भइरहेको बेला भक्तपुरमा भने निःशुल्क जनश्रमदान गरी प्रसिद्ध पाँचतले मन्दिरको जीर्णोद्धार कार्य भएको छ । स्थानीय निकायअन्तर्गतका नगरपालिकाले लकडाउनका कारण समस्यामा परेका नगरवासीलाई सहयोग गर्न कार्यक्रममार्फत दैनिक ज्याला दिई काम भइरहेको बेला भक्तपुर नगरवासीले भने जनश्रमदानमार्फत मन्दिरको पुनःनिर्माण गरिरहेका हुन् । मन्दिर पुनःनिर्माणका लागि पानीका भरमा उनीहरू जनश्रमदानमा जुटिरहेका छन् ।

ङातापोल्हँ (पाँचतले) मन्दिर जीर्णोद्धार उपभोक्ता समितिका अध्यक्ष केशव तमखुले आफ्नो क्षेत्रको विकासमा आफैं जनश्रमदान गरी बनाउने पहिलेदेखिको परम्पराअनुसार दैनिक फरकफरक नगरवासी दाजुभाइ तथा दिदीबहिनी जनश्रमदान जुट्दै आएको बताए । लकडाउनबीच पनि जनश्रमदानका लागि दैनिक दुई दर्जनको हाराहारीमा महिला तथा पुरुषहरू आउने गरेको उनले सुनाए । आफनो ठाउँको विकास आफैंले गर्नुपर्छ भन्ने मान्यताका साथ जीर्णोद्धार समितिले जनश्रमदानका लागि नगरवासीमा अनुरोध गरेको र त्यहीअनुसार काम भइरहेको उनको भनाइ छ । दैनिक एक दर्जनको सङ्ख्यामा दक्ष जनशक्ति भने ज्यालामा काम गरिरहेको उनले सुनाए ।

मन्दिर जीर्णोद्धारका काम लकडाउनसँगै चैत १० गतेबाट बन्द भएको




थियो। तर पछिल्लो दिन लकडाउनबीच पनि मन्दिर जीर्णोद्धारको काम पुनः सुरु गरिएको थियो। अहिले दैनिक दुई दर्जन महिला मन्दिर जीर्णोद्धारमा खटिएका छन्। साथै आवश्यक पर्ने बेलामा आह्वान गर्दा पुरुषहरू पनि जनश्रमदानका लागि आउने गरेका छन्।

समितिले आवश्यक परेको बेला आवश्यकताअनुसार जनश्रमदानका लागि नगरवासीलाई अनुरोध गर्ने गर्दछ। कहिले कुन र कहिले कुन वडाका नगरवासीहरू समूहसमूहमा जनश्रमदानका लागि आउने गरेको जनाइएको छ।

जीर्णोद्धार कार्यअन्तर्गत अहिले मन्दिरमा झिंगटीबाट छाना छाउने काम भइरहेको छ। यसका लागि माटो मुछ्न पुरुषहरू र माटो ओसार्न महिलाहरू जनश्रमदानमा जुट्ने गरेका छन्। अहिले मन्दिरको दोस्रो तलामा झिंगटी छाउने काम अन्तिम चरणमा पुगेको छ। पाँचतलासम्म झिंगटी छाउने काम भएसँगै जीर्णोद्धार सकिनेछ। सो काम यही आर्थिक वर्षभित्रै सम्पन्न गराउने योजना राखिएको छ।

२०७२ सालको महाभूकम्पले माथिल्लो तलामा क्षति पुर्याएको मन्दिरको जीर्णोद्धार काय २०७६ साल कार्तिक २१ गते केशव तमखुको अध्यक्षतामा ङातापोल्हँ मन्दिर जीर्णोद्धार उपभोक्ता समिति गठन गरी काम सुरु भएको थियो। मन्दिर जीर्णोद्धारको अनुमानित लागत ६५ लाख रहेको छ।

***नागरिक दैनिक, ९ जेष्ठ २०७७***

# पाँचतले मन्दिर पुनःनिर्माणमा स्काउट लिडर

भक्तपुरको प्रसिद्ध पाँचतले मन्दिरको पुनःनिर्माणमा नेपाल स्काउट जिल्ला समिति भक्तपुरका स्काउट लिडरहरू खटिएका छन् । लकडाउनको समयमा पनि पाँचतले मन्दिरको पुनःनिर्माण चलिरहेको छ । अहिले मन्दिरको छाना हाल्ने काम भइरहेको छ । झिंगटी ईंटाले छाना छाउने परम्पराअनुसार नै काम भइरहेको जनाएको छ । त्यसमा स्काउट लिडर खटिएका हुन् । यस अघि मन्दिरको पुनःनिर्माणमा नगरवासीले जनश्रमदान गरेका थिए । मन्दिर पुनःनिर्माणमा सहयोग गर्न स्काउट लिडरहरू खटिएको नेपाल स्काउट जिल्ला समिति भक्तपुरका प्रमुख आयुक्त रामगोपाल कर्माचार्यले बताए ।

***काठमाडौं प्रेस, जेठ १५, २०७७***



जीर्णोद्धारमा श्रमदानमा खटेको एक स्काउट टोली

# ङतापोल्हँ जीर्णोद्धारमा महिला मुस्कान

## भक्तपुरको ङतापोल्हँ मन्दिर जीर्णोद्धारमा खटिएका महिला

**-उपेन्द्र लामिछाने**



भक्तपुरको पाँचतले (ङतापोल्हँ) मन्दिरको अग्रभागमा ढुङ्गाका पहलमान, हात्ती, सिंह, शार्दूल र देवताका आकर्षक मूर्ति छन्। तिनको शक्तिका बारेमा विभिन्न मिथक सुनिन्छ।

सबैभन्दा तलका पहलमानको शक्ति सामान्य मान्छेको भन्दा १० गुणा बढी हुन्छ। पहलमानको भन्दा १० गुणा बढी सिंहको र त्योभन्दा १० गुणा बढी शार्दूलको अनि देवताको शक्ति शार्दूलभन्दा १० गुणा बढी मानिन्छ। र, सबैभन्दा माथि मन्दिरभित्र रहेकी सिद्धिलक्ष्मीको शक्ति भने देवताको भन्दा १० गुणा बढी रहेको जनविश्वास छ।

तिनै शक्तिशाली देवी सिद्धिलक्ष्मीको मन्दिर अर्थात् ङतापोल्हँ जीर्णोद्धारमा भक्तपुरका महिला साहसका साथ जुटेका छन्। कोरोनाका कारण लकडाउनले घरभित्र थुनिएर बसेका महिला सांस्कृतिक धरोधर ठडाउने काममा हातेमालो गर्न पाएकामा हर्षित देखिन्थे। शक्तिकी देवी सिद्धिलक्ष्मीको मन्दिर ङतापोल्हँको जीर्णोद्धारमा खटिएका भक्तपुरका नारीको मुस्कान सबैभन्दा शक्तिशाली देखिन्थ्यो।

बिस्केटको रथसमेत तान्न नपाएका नगरका महिला तथा पुरूषको संयुक्त प्रयासले यतिबेला सांस्कृतिक सम्पदा पुनर्निर्माणमा गति लिएको छ। जात्राको लिङ्गो ठड्याउन नपाए पनि उनीहरूले सांस्कृतिक सम्पदाका धरोहर ठड्याउँदै छन्।

पटकपटकका महाभूकम्पमा समेत जोगिएको नेपाल संवत् ८ सय २२ मा

निर्माण भएको ३१९ वर्ष पुरानो मन्दिरको कात्तिकबाट जीर्णोद्धार सुरु भएको हो। विगत दुई सातादेखि भने प्रसिद्ध मन्दिरको छाना छाउने काम सुरु भएको छ। जसमा नगरका पुरूषसँगै महिलाको पनि उल्लेख्य सहभागिता रहँदै आएको छ ।

करिब ६ महिनामा निर्माण सकिएको भनिएको एक सय आठ फिट उचाइ भएको यो मन्दिर भक्तपुरवासीको मात्र हैन सिङ्गो सभ्यताको धरोहर हो। यसको पुनःनिर्माणका लागि भक्तपुर नगरपालिकाले करिब ६५ लाख आर्थिक सहायता गरेको ङातापोल्हँ मन्दिर संरक्षण कार्ययोजना उपभोक्ता समितिका अध्यक्ष केशव तमखुले जानकारी दिए।

मन्दिर जीर्णोद्धारमा स्थानीयको सक्रिय सहभागिताले काम छिटो मात्र हैन, यसको दिगो संरक्षणमा समेत उल्लेख्य प्रभाव पर्ने उनले बताए। 'नगरका महिला जात्रापर्वमा रमाउने मात्र हैन, सांस्कृतिक सम्पदा जोगाउन पनि उत्तिकै सक्रिय छन् भन्ने सन्देश दिएको छ,' उनले भने, 'महिला र पुरुषको संयुक्त कार्यले सम्पदा निर्माणको रथ झनै अघि बढेको छ।'

***नागरिक दैनिक, २० जेष्ठ २०७७***



जेष्ठ महिला ङातापोल्हँ मन्दिरमा श्रमदान गर्दै

# नाच्दैगाउँदै जनश्रमदानबाट ङातापोल्हँको जीर्णोद्धार सकिँदै

'नजाऊ कृष्णजी, नजाऊ कृष्णजी, गोकुल छाडी मथुरा, नजाऊ कृष्ण जी... साह्रै आपत् भो कृष्ण, साह्रै ब्याकुल भो, गोपिनीको चिन्ताले साह्रै ब्याकुल भो...' नेपाली भाषाको यो भजनको टुक्कालाई भाकामा ढालिहाले एकहुल महिलाले। अनि काम गर्दागर्दै कोही महिला घुमीघुमी नाच्न थाले। कोही ताली बजाउन थाले। कोही नेपालभाषामा 'गज्जब बाला' भन्दै हाँस्दै हातमा रहेको टायल अरूको हातमा पास गर्दै गए।

विश्व सम्पदामा सूचीकृत भक्तपुर नगरपालिका-५ टौमढीको प्रसिद्ध ङातापोल्हँ अर्थात् पाँचतले मन्दिरको जीर्णोद्धारका लागि मन्दिरकै सिँढीमा जनश्रमदान गर्न खटिएका एकहुल महिलाको गतिविधिको एक दृश्य हो यो।

विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोनाको कहरले आक्रान्त बनेपछि देशभर लकडाउनले गतिविधि सुनसान भइरहँदा भक्तपुरको ङातापोल्हँलाई बलियो बनाउन दैनिक जनश्रमदानमा जुटिरहेका छन् यहाँका बासिन्दा।

विसं २०७२ वैशाख १२ को महाभूकम्पको धक्काले मन्दिरको माथिल्लो तलाका भित्ता चर्किएको र छानाबाट पानी चुहिन थालेपछि भक्तपुर नगरपालिकाले चालू आर्थिक वर्षको असार मसान्तसम्म सम्पन्न गर्ने गरी शुरु गरेको मन्दिर जीर्णोद्धारका क्रममा हरेक दिन स्वतःस्फूर्तरूपमा आउने स्थानीयवासीको जनश्रमदानले सम्पदा संरक्षणमा उनीहरूले दिएको चासोलाई दर्साएको छ।

भक्तपुर नगरपालिकाले ६५ लाख १३ हजार ३५८ रुपैयाँको लागतमा ङातापोल्हँ मन्दिर संरक्षण कार्यअन्तर्गत उपभोक्ता समिति गठन गरी मन्दिरको जीर्णोद्धार शुरु गरेसँगै अचेल ङातापोल्हँमा यस्तै दृश्य देख्न पाइन्छ।

मन्दिरको जीर्णोद्धार होस् वा पुनःनिर्माण कम्तीमा एकदिनको जनश्रमदान दिनसके धेरै पुण्य हुने वर्षौंदेखिको जनविश्वासकै आधारमा स्वतःस्फूर्तरूपमा हरेकदिन टोलटोलबाट स्थानीयवासी जनश्रमदान गर्न आउने गरेको भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बताए।

'१९९० सालको भूकम्पले भत्काएको पाँचतले मन्दिर स्थानीय कालिगडले तीन वर्षभित्र निर्माण गराई तत्कालीन प्रधानमन्त्री जुद्धशमशेरले टौमढीमा बसेर भाषण नै गरेको तथ्य छ, त्यसपछि तत्कालीन राजा महेन्द्र शाहले २०१९ मा र नगरपालिकाले २०५६ मा उक्त मन्दिरको जीर्णोद्धार गरेको थियो।'

उनले भने, 'जनश्रमदानले धार्मिक आस्थाका साथै सम्पदा संरक्षणमा ठूलो महत्त्व बोकेको छ, भक्तपुरमा पुस्तौं अगाडिदेखि मठमन्दिर, पाटीलगायतका सम्पदा संरक्षणमा यसैगरी जनश्रमदानदेखि चन्दा जुट्दै आउने गरेको छ, त्यसैले यहाँका सम्पदाको जीर्णोद्धार तथा पुनःनिर्माणमा हाम्रो मौलिकता बचाउनाका साथै अनुमानित लगतभन्दा कम लागतमा काम सम्पन्न गर्दै आएका छौं।'

केही महिनाअघिमात्रै जीर्णोद्धार सम्पन्न भएको टौमढीकै आकाश भैरव मन्दिर पनि अनुमानित बजेटभन्दा कम लागतमा पुनःनिर्माण सम्पन्न गरेको थियो। पाँचतले मन्दिर संरक्षण तथा जीर्णोद्धार उपभोक्ता समितिका अध्यक्ष केशव तमखुले लकडाउनले केही दिन काम रोकिए पनि चालू आ.व.मै काम सक्नुपर्ने भएकाले पुनः काम शुरु गरेको बताए। उनले भने, 'जनश्रमदानका लागि कहिले आउने भनेर मिति तोक्न टोलटोलबाट आउनेहरू धेरै छन्, अहिलेसम्म करिब ५०० जनाले श्रमदान गरिसकेका छन्, अझै ५०० भन्दा बढी स्थानीयवासी पालो कुरेर बसेका छन्, हामीले बोलाउनै पर्दैन, जनश्रमदान गर्न चाहनेहरू आफैं समूह बनाएरै आउनुहुन्छ।' केहीदिनअघि मात्रै नेपाल स्काउटको टोलीले पनि श्रमदान गरेको थियो।

भूकम्पमा अधिकांश सम्पदा ढले पनि वास्तुशास्त्रअनुसार बनेको १०८ फिट अर्थात् ३३ दशमलव २३ मिटर अग्लो यो मन्दिर ठाडो देखेपछि स्वदेशका मात्रै होइन, विदेशका विज्ञहरूसमेत चकित परेका थिए। यद्यपि भूकम्पले माथिल्लो भागको बाहिरी तथा भित्री भित्ता चर्किएको, झिँगटी हल्लिएर सरेको, पानी चुहिन थालेर मन्दिर थप जोखिम भएपछि नगरपालिकाले जीर्णोद्धार शुरु गरेको हो।

भक्तपुर निवासी इतिहासविद् एवं संस्कृतिविद् डा. पुरुषोत्तमलोचन श्रेष्ठले नेपाल संवत् ८२२ मा राजा भूपतीन्द्र मल्लले यहाँका कालिगड लगाएर वास्तुशास्त्रअनुसार ६ महिनामै निर्माण गराएका यो मन्दिर विश्वको सातौं आश्चर्यमा पर्ने गरेको बताए।

उनले विसं १९९० को भूकम्पले मन्दिरको माथिल्लो तला भत्किएर गजुर तल डबलीमै खसेको र भैरवको मन्दिर भने जगसम्मै भत्किएकाले यहाँका बासिन्दाले त्यसताका 'ङातापोल्हँ छता मरु, भैल देग पता मरु' अर्थात् पाँच तले मन्दिरको एकतला छैन, भैरव मन्दिर पातालै भयो भन्ने गरेको बताए। डा. श्रेष्ठले भने, '१९९० सालको भूकम्पले भत्काएको पाँचतले मन्दिर स्थानीय कालिगडले तीन वर्षभित्र निर्माण गराई तत्कालीन प्रधानमन्त्री जुद्धशमशेरले टौमढीमा बसेर भाषण नै गरेको तथ्य छ, त्यसपछि तत्कालीन राजा महेन्द्र शाहले २०१९ मा र नगरपालिकाले २०५६ मा उक्त मन्दिरको जीर्णोद्धार गरेको थियो।'

तर अहिले आधुनिक सुविधा सम्पन्न प्रविधि भएको बेलामा भूकम्प गएको पाँचवर्षसम्म पनि मन्दिरले नयाँ जीवन नपाउनु विडम्बना भएको उनले बताए। डा. श्रेष्ठकाअनुसार उक्त मन्दिरको गर्भस्थानमा बेताल, भैरव र रुद्रासन गरेकी सिद्धिलक्ष्मी देवीको मूर्ति (माथि एक मुख, त्यसमुनि तीन मुख, त्यसमुनि पाँच मुख गरी नौ मुख र १८ हात भएको) प्रतिस्थापन गरिएको छ।

मन्दिरको टुप्पोको गजुर पूर्णताको प्रतीकसमेत मानिन्छ भने मन्दिर निर्माण सकेर नेपाल संवत् ८२२ असार सुदी १ मा टुप्पोमा गजुर राखेदेखि अहिलेसम्म अटुटरूपमा हरेक वर्ष असार १ गते गजुरमा वर्षबन्धन पूजा गर्ने र त्यसको भोलिपल्ट भक्तपुर तलेजुमा ब्राह्मण, जोशी र कर्माचार्यद्वारा पञ्चोपचारसहितले 'था पूजा' (कुनै विशेष कार्य सम्पन्न भएको उपलक्षमा गरिने तान्त्रिक पूजाविशेष) गर्ने चलन अहिले रहेको छ।

ङातापोल्हँ मन्दिर निर्माण भएको अवसरमा भूपतीन्द्र मल्लले मन्दिरकै अगाडिको ठूलो डबलीमा (तह्राँ दबु) सिद्धाग्नि कोट्याहुति यज्ञ गर्न लगाएको समेत श्रेष्ठले बताए।

***नागरिक दैनिक, २६ जेष्ठ २०७७***



# लकडाउनमै जनश्रमदान : भक्तपुरे सम्पदा पुनर्निर्माण धमाधम

**- रेणु त्वानाबासु**



लकडाउनको ७५ औं दिन दिउँसो ३ बजे भक्तपुर मुख्य बजारको बाटो सबै सुनसान थिए। तर, विश्वप्रसिद्ध ङातापोल्हँ मन्दिर (पाँचतले) मन्दिरको दृश्य भने बेग्लै थियो।

त्यहाँ महिला दिदीबहिनीको एउटा समूह गीत गाउँदै काम गर्न व्यस्त थियो। नजिकै गएर हेर्दा उनीहरू गीत सँगसँगै झिँगटी इँटा पनि माझिरहेका थिए। कोही इँटा माझ्दै, कोही पानी हाल्दै, कोही धोइसकेका इँटा चाङ मिलाएर राख्दै थिए। त्यहाँको वातावरण एकदम रमणीय थियो। लाग्थ्यो त्यहाँ ठूलै मेला लागिरहेछ।

ती सबै महिला ङातापोल्हँ मन्दिरको छाना छाउन चाहिने पुरानो झिँगटी इँटा धुन (सफा गर्न) सहयोगका लागि जनश्रमदान गर्न आएका रहेछन्। जनश्रमदानमा आएकी ब्यासीकी सूर्यमाया लाखेले भनिन्, 'अहिले लकडाउनका बेला यत्तिकै घर बस्नुको सट्टा यहाँ काम भइरहेछ भन्ने खबर पाएर हामी पनि सकेको सहयोग गर्न आएका हौं।'

उनले आफूहरूले आर्थिक सहयोग नसके पनि सकेको श्रमदान गरौं भनेर आएको सुनाइन्। 'घर बस्दाबस्दा दिक्क लाग्यो, यहाँ मन्दिरको काम भइराखेको छ भन्ने थाहा भएर हामी मच्छेनारायण भजन मण्डल र ब्यासी टोलका दिदीबहिनी श्रमदान गर्न आएका हौं,' उनले सुनाइन्।

भक्तपुरमा पहिला घर बनाउँदा छाना लगाउने बेला सहयोग गर्नुपर्छ भन्ने मान्यता थियो। त्यसैलाई अनुसरण गरेको कान्छी बासुकलाले सुनाइन्। उनी भन्छिन् 'घर बनाउँदा त सहयोग गर्नुपर्छ भन्ने छ। यो त झनै विश्वप्रसिद्ध ङातापोल्हँ मन्दिर जीर्णोद्धारको काम भएको छ। त्यसकारण आफूहरूले यहाँ सहयोग गर्न पाउँदा एकदम खुसी र गर्व महसुस भएको छ।'

श्रमदानका लागि ३५ जना आएको उनले बताइन्। दैनिक फरकफरक टोलबाट महिला जनश्रमदानमा आउने गरेका रहेछन्। उनीहरूले खाजा पनि आफैंले व्यवस्था गरेर ल्याएका थिए।

विश्वप्रसिद्ध ङातापोल्हँ मन्दिरको पुनर्निर्माण २०७६ मङ्सिर ६ देखि सुरु भएको हो। त्यसपछि कोरोना भाइरस (कोभिड-१९) महामारीका कारण लकडाउन





भएकाले चैत ११ देखि काम बन्द थियो। तर, पछिल्लोपटक फेरि लकडाउनबीच नै मन्दिर पुनर्निर्माणको काम सुरु भएको छ।

ङातापोल्हँ मन्दिर संरक्षण कार्य उपभोक्ता समितिका वडासदस्य पूर्णगोपाल राजचलले लकडाउनको समयको सदुपयोग गरी मन्दिर पुनर्निर्माण सुरु गरिएको बताए।

उनका अनुसार लकडाउन भए पनि स्थानीयको जनश्रमदानको सहयोगमा काम सुरु गरिएको हो। काम सुरु गरेदेखि अहिलेसम्म करिब ५ सयजना जतिले श्रमदान गर्न आइसकेको उनले बताए। उनले दिनको १५ देखि ७० जनासम्म पनि श्रमदान गर्न आउने गरेको बताए।

वडासदस्य राजचलले सबै सहयोगी हात व्यक्तिगत नभई कुनै संस्था, समितिबाट समन्वय गरी समूह-समूहमा आउने गरेको जनाए।

श्रमदानको सिलसिला ङातापोल्हँ मन्दिर पूर्ण नभएसम्म निरन्तर हुने ङातापोल्हँ मन्दिर संरक्षण कार्य उपभोक्ता समितिका अध्यक्ष केशव तमखुले बताए।

अहिले पनि श्रमदान गर्न २४ समूहले नाम दिइसकेको तमखुले सुनाए। उनका अनुसार ङातापोल्हँ मन्दिर जीर्णोद्धार गर्न ६५ लाख रुपैयाँ खर्च लाग्नेछ। उनले भने-'बजेट ६५ लाख भए पनि श्रमदान, आर्थिक सहयोग र झिँगटी इँटाको सहयोग आएको छ। त्यसैले स्थानीयको सहयोगका कारण लागतभन्दा कम बजेटमा नै काम सकिने विश्वास छ।'

भक्तपुर नगरपालिकाअन्तर्गतका अधिकांश सम्पदाको पुनर्निर्माण कार्य लकडाउनबीच पनि रोकिएको छैन।

वर्षायाममा झन् धेरै क्षति हुन्छ भनेर लकडाउनमै भए पनि अहिले

स्थानीयको सहयोगमा काम सुरु गरेको उनले बताए।

भक्तपुर नगरपालिकाअन्तर्गतका अधिकांश सम्पदाको पुनर्निर्माण कार्य लकडाउनबीच पनि रोकिएको छैन। नगरपालिका शिक्षा–संस्कृति समितिका सदस्य तथा भक्तपुर नगरपालिका–९ का अध्यक्ष रवीन्द्र ज्याख्वले लकडाउनबीच पनि दर्जनौं सम्पदा बनिरहेको जानकारी गराए।

'अब वर्षामासमा क्षति हुन सक्ने भएकाले लकडाउनमा पनि स्थानीयको सहयोगमा सम्पदा पुनर्निर्माणको काम भइरहेको छ,' उनले भने।

लकडाउनको समयमा आफ्नो वडामा मात्रै दुईओटा सम्पदाको काम सम्पन्न भइसकेको उनले सुनाए। च्याम्हासिंह गेट र सूर्यमढीको नास द्योः सम्पन्न भएको छ। आफ्नो वडाबाहेक भक्तपुर नगरपालिका क्षेत्रका १० ओटै वडामा यसरी नै सम्पदाको पुनर्निर्माण कार्य नरोकी धमाधम भइरहेको उनले बताए।

सम्पदाबाहेकको विकास निर्माणका काम पनि भइरहेको उनले सुनाए। 'सम्पदाबाहेक ख्वप अस्पताल, छिपा ता (पुल) र बाटोमा ढुङ्गा ओछ्याउने काम पनि भइरहेको छ,' उनले भने।

च्याम्हासिंहमा ख्वप अस्पतालको ठूलो भवन बनाउने काम, भक्तपुर नगरपालिका–७ हनुमानघाटस्थित पुल र मुख्यबजारको रूपमा रहेको च्याम्हासिंहदेखि भार्वाचोसम्म इँटाको सट्टा ढुङ्गा छाप्ने काम धमाधम भइरहेको छ।

भक्तपुरको नास द्योः (मन्दिर) जीर्णोद्धार उपभोक्ता समितिका अध्यक्ष जितबहादुर खयरगोलीले नगरपालिकाको लागत इस्टिमेट ६ लाख ६१ हजार ९ सय ४५ रुपैयाँ रहे पनि उत्साहजनक जनश्रमदानसाथ कूल ३ लाख ५० हजार रुपैयाँमा कम समयमै पुनर्निर्माण कार्य सम्पन्न भएको बताए।

भक्तपुर नगरपालिकाअन्तर्गत सम्पदा पुनर्निर्माणमा ङतापोल्हँ मन्दिर, च्याम्हासिंह गेट, भैरव राव्ने मन्दिर, सूर्यमढी नास द्योः (मन्दिर), लोकेश्वर पाटी, लस्क द्योः(लोकेश्वर), तीलमाधव नारायण मन्दिर, गोमारी पाटी, वाचुत्व पाटी, पूर्वेश्वर महादेव मन्दिर, डुमला पाटी, बत्सलादेवी मन्दिर, कुमारी पाटी, मङ्गलतीर्थ पञ्चमुखेश्वर, चपाल भैल द्योछें (देउताको घर), बेताल घरको काम भइरहेको नगरपालिकाले जनाएको छ।

यीबाहेक पुरातत्त्व विभागअन्तर्गत स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय भक्तपुरबाट पनि दरबार स्क्वायरका लामोपाटीलगायतका सम्पदाको पुनर्निर्माण कार्य भइरहेका छन्।

***नागरिक दैनिक, असार १, २०७७***

# पाँचतले मन्दिर जीर्णोद्धारमा जनश्रमदान गर्नेहरूको लहर

## एकैदिन दुई सय बढीले गरे जनश्रमदान

- **कृष्ण किसी**

भक्तपुरको प्रसिद्ध पाँचतले मन्दिरमा शनिबार अहिलेसम्मकै सबैभन्दा बढीले जनश्रमदान गरेका छन् । शनिबार दुई सयभन्दा बढी जनश्रमदानमा जुटेका थिए । मन्दिर जिर्णोद्धार व्यवस्थापन समितिले दैनिक जनश्रमदान गर्न आउन चाहने समूहहरूको तालिका नै बनाएर जनश्रमदान गर्न लगाएको छ ।

जनश्रमदान गर्न आउने समूहहरूले जनश्रमदानका लागि पहिला नै त्यहाँ नाम लेखाउनुपर्छ । त्यसअनुसार व्यवस्थापन समितिले दिन दिएपछि त्यही दिनमा मात्रै समूहले जनश्रमदान गर्न आउँछन् । त्यसअनुसार शनिबार दुई समूहको जनश्रमदानमा आउने पालो थियो । ती दुई समूहबाहेक नाम नलेखाइकन स्वइच्छाले जनश्रमदानका लागि आएकाहरू अत्यधिक आएकाले शनिबार सबैभन्दा बढी जनश्रमदान भएको हो ।

पाँचतले मन्दिर जीर्णोद्धार कार्य सम्पन्न हुन लागेकोले आफूहरूले जनश्रमदान गर्न नपाउँलान् भनी जनश्रमदान गर्न आएको सहभागीहरूले बताएका छन् । संसारमै परिचित मन्दिरको जीर्णोद्धारमा आफ्नो पनि योगदान स्मरणीय र गर्विलो हुने भएकाले जनश्रमदान गर्न पुगेको उनीहरूले बताएका छन् । जनश्रमदानमा जुटेकाहरूमध्ये अधिकांश महिला देखिएका थिए ।

मन्दिरको जीर्णोद्धारको कार्य अहिले अन्तिम चरणमा पुगेको छ । मन्दिरको जीर्णोद्धार यस आर्थिक वर्ष अर्थात् असारभित्र सकाउने योजना छ । त्यसअनुसार शनिबारदेखि पहिलो तलाको छाना छाउने काम सुरु भएको थियो ।

यसमाथिको चारवटै तलाको मर्मत सम्भार सकाइसकेको छ । अब करिब हप्ताभित्र पहिलो तलाको छाना छाउन सकेर जीर्णोद्धार कार्य सकाउने योजना राखिएको छ । जीर्णोद्धारको क्रममा सबैभन्दा माथिल्ला तला पूरै बनाइएको हो भने त्यसपछिको तलामा नयाँ छाना अर्थात् नयाँ झिँगटी मात्रै छाइएको हो ।

स्थानीय व्यवस्थापन समितिका अध्यक्ष केशव तमखुले शनिबार अहिलेसम्मकै सबैभन्दा बढी जना जनश्रमदानमा जुटेको जानकारी गराए । मन्दिरको जीर्णोद्धार कार्य सम्पन्न हुन लागेसँगै पछिल्ला दिनहरूमा जनश्रमदान गर्न जुट्न आउनेहरूको सङ्ख्या क्रमशः बढ्दै गइरहेको जानकारी उनले गराए ।

जनश्रमदानका साथै आर्थिक सहयोग गर्नेहरू पनि उतिकै रहेका छन् । तमखुले अहिलेसम्म झण्डै एक सय २० जना दाताहरूबाट करिव १० लाख रूपैयाँ बराबरको आर्थिक सहयोगको प्रतिवद्धता प्राप्त भएको जनाए । त्यसमध्ये धेरैजनाले सहयोग दिइसकेको र केहीबाट दिन बाँकी भएको उनले सुनाए ।

मन्दिरको जीर्णोद्धार कार्य मंसिर २५ गतेदेखि सुरु गरिएको थियो । त्यस क्रममा चैत ११ को लकडाउनसँगै जीर्णोद्धार कार्य रोकिएको थियो । त्यसपछि बैशाख ५ देखि लकडाउनका बीच पनि जीर्णोद्धार कार्य सुरु गरिएको थियो । मन्दिरको जीर्णोद्धार कार्यमा अहिलेसम्म करिब एक हजार तीन सयभन्दा बढीले जनश्रमदानमा जुटेको बताइएको छ ।

भक्तपुर नगरपालिकाको ६५ लाख १३ हजारको लागत इस्टमेटमा जीर्णोद्धार कार्य सुरु गरिएको थियो । जनश्रमदान र आर्थिक सहयोग सङ्कलन भएकाले लागत इस्टमेटभन्दा निकै कममा मन्दिरको जीर्णोद्धार कार्य सकिने अनुमान गरिएको छ । यही महिनाबाट तीन सय २० औं वर्षमा प्रवेश गरेको यो मन्दिर नेपालकै सबैभन्दा अग्लो मन्दिर हो । मन्दिरको उचाइ जमिनबाट एक सय आठ फिट अग्लो रहेको बताइएको छ ।

***नागरिक दैनिक, १३ असार २०७७***

# पाँचतले मन्दिर जीर्णोद्धार गर्न उर्लिए स्थानीय



**- लीला श्रेष्ठ**

*जीर्णोद्धारमा सामेल हुन चाहने व्यक्ति वा समूहले श्रम गर्न आउनुअघि नै नाम टिपाउनुपर्छ। हालसम्म ४५ वटा समूहबाट २७ सयभन्दा बढीले श्रमदान गरिसकेका छन् भने सहभागिताको क्रम बढ्दो छ।*

भक्तपुर – कोही माटो मुछ्दै छन् त कोही त्यसैको डल्ला बनाउँदै। लाम लागेर तिनै माटोका डल्ला र इँटा पास गर्दै छानासम्म पुऱ्याउन ठेलमठेल नै छ। भक्तपुरको पाँचतले (ङतापोल्हँ) मन्दिर जीर्णोद्धारका लागि बनाइएको बाँसको खटमा लामबद्ध भई स्थानीय महिला, पुरुषहरू छाना छाउन सघाइरहेका छन्। मन्दिर जीर्णोद्धारका लागि श्रमदानमा आएका उनीहरू काम गर्न तँछाडमछाड गरेको देखिन्छ।

'नगरपालिकाले सम्पदा पुनर्निर्माणका लागि श्रमदान गर्न चाहनेका लागि सूचना जारी गरेको थियो, यत्ति धेरै स्थानीय आउने आशा भने थिएन,' मन्दिर जीर्णोद्धार उपभोक्ता समिति अध्यक्ष केशव तमखुले भने, 'श्रमदान गर्न चाहनेको नामावली अझ लामो छ।' मन्दिर जीर्णोद्धार गर्न चाहने व्यक्ति वा समूहले श्रम गर्न आउनुअघि नाम टिपाउनुपर्छ। तमखुका अनुसार मंगलबारसम्ममा ४५ वटा समूहबाट २ हजार ७ सयभन्दा बढीले श्रमदान गरिसकेका छन्। श्रमदान गर्न चाहने समूह योभन्दा बढी भएको उनले बताए। मन्दिर जीर्णोद्धार गर्न आउनेमा महिला बढी छन्। हरेक घरबाट कम्तीमा एक जना श्रमदान गर्न आएका छन्।

स्थानीयहरू श्रद्धाले श्रमदान गर्न आएको उनको भनाइ छ। 'उहाँहरूको कामलाई पैसासँग तुलना गर्न मिल्दैन,' तमखुले भने। श्रमदानमा आउनेहरू आफैं खाजा ल्याउँछन्। श्रम गर्न नभ्याउनेले श्रमदानमा खटिएकाहरूलाई खाजा, पानी

दिनसमेत आउने गरेका तमखुले जानकारी दिए। 'विश्व प्रसिद्ध मन्दिर बनाउनु श्रद्धाको कुरा भयो, एक डल्ला माटो, दुईवटा इँटा भए पनि राख्ने भन्दै आउनुहुन्छ,' उनी खुसी हुँदै बताउँछन्, 'श्रम गर्न नभ्याउनेहरू पानी, फलफूल, चिसो लिएर आउनुहुन्छ।'

श्रमदान मात्र होइन, मन्दिर जीर्णोद्धार तथा पुनर्निर्माणका लागि स्थानीयले निर्माण सामग्री र नगद पनि सहयोग गरेका छन्। उनका अनुसार हालसम्म करिब १० लाख रुपैयाँ नगद र १५ हजार झिँगटी, इँटा (क्वपु), ग्वंग अपालगायत सहयोग प्राप्त भएको छ। २०७२ वैशाखको भूकम्पले क्षति पुगेको विश्वसम्पदामा सूचीकृत उक्त मन्दिर जीर्णोद्धारका लागि भक्तपुर नगरपालिकाले ६५ लाख १३ हजार रुपैयाँ विनियोजन गरेको छ। उपभोक्ता समितिमार्फत गत मंसिर २५ मा सुरु भएको जीर्णोद्धारको काम यही महिनाभित्र सम्पन्न गर्ने लक्ष्य रहेको नगरप्रमुख सुनिल प्रजापति बताउँछन्।

कोरोना महामारी नियन्त्रणका लागि सरकारले लकडाउन घोषणा गरेपछिको २५ दिन मन्दिर जीर्णोद्धारको काम ठप्प भयो। मौलिक शैलीमा जीर्णोद्धार थालिएको सम्पदामा वर्षाका कारण थप क्षति पुग्ने देखिएपछि श्रमदाताको सहयोगमा काम सुरु गरिएको उनले बताए। अहिले मन्दिरको पाँचौं तला पुनर्निर्माण र अन्य चार तलामा जीर्णोद्धारको काम भइरहेको छ। १९९० को भूकम्पमा पनि मन्दिरको माथिल्लो तलामै क्षति पुगेको थियो। यसअघि राजा महेन्द्रले २०१९ मा र नगरपालिकाले २०५६ मा उक्त मन्दिरको जीर्णोद्धार गराएका थिए।

इतिहासविद् डा. पुरुषोत्तमलोचन श्रेष्ठका अनुसार पाँचतले मन्दिरको निर्माण नेपाल संवत् ८२२ मा तत्कालीन राजा भूपतीन्द्र मल्लको पालामा भएको हो। १०८ फिट (३३.२३ मिटर) अग्लो उक्त मन्दिर वास्तुतन्त्र विधिअनुरूप बनेको छ। मन्दिरको गजुरलाई पूर्णताको प्रतीकसमेत मानिन्छ। मन्दिर निर्माण सकेर आषाढ शुक्ल प्रतिपदाका दिन गजुर र झन्डा फहराइएको प्रमाण फेला परेको श्रेष्ठ बताउँछन्। प्रत्येक वर्ष यसै दिनमा मन्दिरको जन्मोत्सवका रूपमा झन्डा फहराउने प्रचलन छ।

*कान्तिपुर, असार १६, २०७७*

# श्रमदानबाट जीर्णोद्धार हुँदै न्यातापोल

- **अमित मचामसी**

भक्तपुर । भक्तपुरको टौमढीस्थित न्यातापोल (न्यातापोल) मन्दिर जीर्णोद्धारको काम भइरहेको छ । स्थानीयहरूको श्रमदानमा मन्दिरको जीर्णोद्धार भइरहेको हो । दैनिक सयौंको सङ्ख्यामा मानिसहरूले मन्दिर निर्माणका लागि श्रमदान गरिरहेका छन् ।

हाल भक्तपुरको टौमढी क्षेत्रमा कोही माटो मुछ्दै गरेको देखिन्छ भने कोही माटोको डल्ला बनाउँदै गरेको देखिन्छ । लाम लागेर मानिसहरू माटोका डल्ला एकले अर्कालाई दिँदै मन्दिर निर्माणमा सहभागी भइरहेका छन् ।

बुधबारसम्म करिब ३ हजार व्यक्तिले मन्दिर पुनर्निर्माणमा श्रमदान गरिसकेको मन्दिर जीर्णोद्धार समितिका अध्यक्ष केशव तमखुले जानकारी दिए । विभिन्न टोलबाट मानिसहरू स्वस्फूर्त रूपमा मन्दिर बनाउन सहभागी हुँदै आइरहेको उनले बताए ।

मन्दिर जीर्णोद्धार कार्य अन्तिम चरणमा पुगेकोले जनश्रमदान गर्न आउनेको भीड बढेको तमखु बताउँछन् । नेपालकै अग्लो मन्दिरको जीर्णोद्धारमा आफू सहभागी हुने पाउँदा स्थानीयहरू उत्साहित देखिन्छन् । जनश्रमदानमा अधिकांश महिलाहरूको सहभागिता रहेको छ ।

२०७२ सालको भूकम्पमा क्षति पुगेको मन्दिर जीर्णोद्धारको काम गत वर्षको मंसिर महिनादेखि सुरु भएको थियो ।

बुधबार भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलगायतले पनि मन्दिर जीर्णोद्धारमा श्रमदान गरे । नगरपालिकाले मन्दिरको जीर्णोद्धारको लागि ६५ लाख १३ हजार ३ सय ५८ रुपैयाँ छुट्ट्याएको छ । स्थानीयले पनि मन्दिर निर्माणको लागि सहयोग गर्दै आइरहेका छन् । उनीहरूले नगददेखि निर्माणमा आवश्यक सामग्री सहयोग गर्दै आएका छन् ।

***पहिलोपोस्ट, १७ असार २०७७***


Sukunda
Amit Machamasi/PahiloPost.com

# शीर्ष नेताहरू ङातापोल्हँ जीर्णोद्धारको निरीक्षणमा, श्रमदान तथा अन्य सहयोग गर्नेमा वृद्धि

विश्वप्रसिद्ध भक्तपुरको ऐतिहासिक ङातापोल्हँ मन्दिर (पाँचतले मन्दिर)को जीर्णोद्धार अन्तिम चरणमा पुगेको छ। आज बिहीबार छाउने कार्यको अन्तिम दिन रहेको छ।

उक्त मन्दिरको माथिल्लो तलादेखि छाना छाउँदै आज तलो तलाको छाना सकाउने कार्यक्रम रहेको छ। जीर्णोद्धार कार्यको तीव्रतासँगै अत्यधिक र उत्साहित जनश्रमदानले थप ऊर्जा प्रदान गरेको छ। जीवनमा कहिल्यै माथि चढ्न नपाएका जनता यस्तो अवसरमा चढ्न पनि पाउने काममा सघाउन पनि पाउने भएर जनश्रमदानमा अत्यधिक वृद्धि भएको हुनसक्ने श्रमदाताहरूको भनाइ छ।

यसैक्रममा छाना छाउने कार्यको अन्तिम चरणतिर हिजो बुधबार नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छेँ, केन्द्रीय सचिव एवं



प्रतिनिधिसभाका सदस्य सांसद प्रेम सुवाल, भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशीलगायतका जनप्रतिनिधिहरूले ङातापोल्हँ मन्दिरको निरीक्षण गरेका छन् ।

लकडाउनको समय भएर पनि व्यवस्थित रूपमा लामबद्ध गराई हरेक श्रमदातालाई अनिवार्य मास्क प्रदान गरी गरिएको उक्त जीर्णोद्धार कार्यमा नियमित काम गर्ने ८-१० जना कालिगडबाहेक हजारौं स्थानीयवासीले साथ सहयोग गर्दै आएका छन् । नगरका प्रत्येक वडाबाट उक्त जीर्णोद्धारमा साथ दिएको उपभोक्ता समितिका अध्यक्षले बताएका छन् । यस्तो श्रमदानको लहरले आफ्नो भन्ने भावनालाई कदर गर्न सिकाएको स्थानीय बताउँछन् ।

बुधबार जीर्णोद्धारका लागि श्रमदान गर्नेहरूमा भक्तपुर नगरपालिका वडा नं. ९ को पासा पुचः समूह, आमा समूह, गोल्मढीका खोहे भजनलगायतका विभिन्न स्थानका महानुभावहरूको सहभागिता रहेको छ । आज वडा नं. ३ कोलाछैँलगायतका समूहहरूको सहभागिता हुने आयोजक समितिले बताएको छ ।

जीर्णोद्धारको क्रममा विभिन्न सङ्घ संस्था र व्यक्तिहरूले नगद तथा जिन्सी सहयोग गर्ने क्रम बढिरहेको छ ।

***न्यूज अपडेट, १८ असार २०७७***



ङातापोल्हँको बुसादानमा गजुरमा झण्डा फहराउँदै



# पाँचतले मन्दिर जनश्रमदानबाट

- **यलु जोशी**

भक्तपुर, असार १८ गते। चर्को घाममा ८६ वर्षीय पुनकेशरी सुवाल माटोको डल्लो बनाउँदै हुनुहुन्थ्यो। डल्लो तयार भएपछि सहकर्मीलाई दिनुभयो।

विश्व सम्पदामा सूचीकृत भक्तपुर नगरपालिका-५, टौमढीको प्रसिद्ध न्यातापोल अर्थात् पाँचतले मन्दिर जीर्णोद्धारको काममा सुवालसहित पाँच सयभन्दा बढी स्थानीयवासीले श्रमदान गरिरहनुभएको छ।

श्रमदान गर्ने अधिकांशको अनुहारमा थकान त देखिन्थ्यो तर पुरानो कला संस्कृतिलाई आफैँ हातबाट पुनःनिर्माण गर्न पाउँदाको खुसी बेग्लै थियो। सुवाल भन्नुहुन्छ, 'हामी खेतमा काम गर्नेलाई खासै थकाइ लाग्दैन।'

'आफ्नो सम्पदा संरक्षणमा श्रमदान गर्न पाएकोमा धेरै खुसी छौँ।' बिहान १० बजे नै माटोको डल्ला बनाउँदै एकअर्कालाई दिँदै गर्नुभएका उहाँ दाची अप्पा (इँटा) पनि सफा गरिरहनुभएको थियो।

यस्तै ६३ वर्षीया मनमाया त्वायना आफ्नै शहरको पाटीपौवा संरक्षण गर्न पाएकोमा गौरव महसुस गर्नुहुन्छ। उहाँले भन्नुभयो, 'सबैले सक्दो सहयोग गर्नुपर्छ, नभए यसको अस्तित्व रहँदैन।' सक्ने व्यक्तिलाई सम्पदा संरक्षणमा जुट्न उहाँले आग्रह गर्नुभयो।

बिनाज्याला स्वेच्छाले श्रमदान गर्न आउनुभएकालाई भक्तपुर नगरपालिकाले मास्क मात्र वितरण गरेको नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले जानकारी दिनुभयो। नगरपालिकाले खाजाको पनि व्यवस्था गर्नुपरेको छैन। केवल सुरक्षाको हिसाबले मास्क प्रदान गरिएको छ। अरू सबै आआफैँले व्यवस्था गरेर आउनुपर्ने आह्वान गरिएको छ।

पाँच वर्षअघि २०७२ सालको भूकम्पमा क्षति पुगेको मन्दिर जीर्णोद्धारको माथिल्लो एक तला पूरै भत्काउनु परेको थियो। नगरप्रमुख प्रजापतिले कतिपयले आर्थिक सहयोगसमेत गरिरहेको बताउनुभयो। उहाँले हरेक दिन श्रमदान गर्नेहरू तीनदेखि चार सय जना आउने गरेको जानकारी दिनुभयो।

डकर्मी, सिकर्मी र मिस्त्रीका लागि नगरपालिकाले खर्च गरी अरू काम श्रमदानबाट गरिएको छ। न्यातापोलको काम लगभग सकिइसक्यो तर मानिस आउँछु भनेर नाम लेखाएको प्रजापतिले जानकारी दिनुभयो। मन्दिर जीर्णोद्धारको काममा बन्दाबन्दीले केही समय असर पारे पनि हाल दैनिक रूपमा काम भइरहेको छ ।

***गोरखापत्र, असार १८, २०७७***





# उही भव्य सानका साथ ठडियो - न्यातापोल मन्दिर

भक्तपुर नगरपालिका वडा नं. ५ को टौमढीस्थित विश्व प्रसिद्ध पाँचतले मन्दिर (न्यातापोल) को बिहीबार सयौँ जनाको श्रमदानसहित झिँगटीको छाना छाउने काम सम्पन्न भयो।

गत वैशाख १८ गतेदेखि सुरु भएको छाना छाउने काम असार १८ गते सम्पन्न भएको हो। मन्दिर जीर्णोद्धार उपभोक्ता समितिबाट प्राप्त जानकारीअनुसार बिहीबारमात्रै चारसयभन्दा बढीले श्रमदान गरेका थिए। उक्त श्रमदानमा भनपा वडा नं. ३, ४ र ८ तथा अन्य वडाका महिला, घट्खा दाफा भजन, नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर नगर समितिलगायत अन्य स्थानबाट श्रमदानमा सहभागी थिए।

सयौँ जनाको श्रमदानको सहभागितामा पाँचतले मन्दिरको छाना छाइरहँदा मन्दिर प्राङ्गणमा हरेक दिन उत्सवजस्तो देखिन्थ्यो। विश्वकै सम्पदा सूचीमा रहेको पाँचतले मन्दिरको जीर्णोद्धारमा आफूले पनि केही गर्न सकौँ भन्ने गौरवको अनुभूति गर्दै स्थानीयहरू श्रमदानमा जुटेका थिए। नेक्राकिसङ्घ भक्तपुर नगर समितिका अध्यक्ष गङ्गाराम ज्याख्वले भने,'श्रमदानको परम्परालाई निरन्तरता दिनुपर्छ, अरूलाई प्रोत्साहन दिन पनि श्रमदान गर्नु आवश्यक छ।'

श्रमदानमै सहभागी ८३ वर्षीय कृष्णमाया गैडाले टोल-छिमेकीहरूसँग मिली श्रमदान गर्न आएको बताइन्। यसरी नै अन्य धेरै ज्येष्ठ नागरिकहरू पनि श्रमदानमा सरिक थिए ।

टेखाचो बस्ने अर्का ज्येष्ठ नागरिक पुण्यश्वरी चवालले श्रमदानमा आएपछि जीउ नै हलुका भएको र भएको ज्वरो नै हरायो भनी खुशी व्यक्त

गरिन् । उनले थपिन्, 'पहिले -पहिले हामी खेत र बाटोमा जाँदै गर्दा कहीं कतै पाटी-पौवा या व्यक्तिगत घरको छाना छाइरहेको संयोग परे चराचुरुङ्गीको बास बस्न पाओस् भनी केही समय भए पनि श्रमदान गर्छौं ।' 'यहाँ आएपछि श्रमदानमात्र गर्न पाएको होइन, आफ्ना साथीहरूसँग भेट्न पायौँ, दुःख-सुख बाँड्न पायौँ, जीउ दुखेको रोगै हट्यो, हाइसञ्चो भयो ।' उनले भनिन् ।

आदर्श बस स्टपनेर बस्ने सुवर्णकेसरी हाकुदुवाल र देगमना बस्ने ज्येष्ठ नागरिक लक्ष्मी बाइजुले पनि सेवा नै धर्म ठानेर श्रमदानमा सहभागी भएको बताइन् ।

वंशगोपालका ७५ वर्षीय शिवलक्ष्मी वैद्य श्रमदान गर्न पाएकोमा खुसी हुँदै भनिन्, 'हामी त डाँडामाथिको घाम । यो बेला श्रमदान नगरे कहिले गर्ने ? पछि त हामीले चाहेर पनि अवसर पाउने छैनौँ ।'

श्रमदान गर्नेहरूको निम्ति श्रद्धास्वरूप अन्य खानपान र खानेपानीको व्यवस्था गर्ने समाजसेवीहरू पनि देखिए ।

भनपा वडा नं. १० बस्ने लतंभक्त प्रजापतिले ८-१० दिनदेखि खर्पनमा गाग्रो राखी खानेपानीको सेवा दिइरहेका छन् ।

भनपा वडा नं. ३ तेखाचो (हाल कटुञ्जे) बस्ने सानुमैया मानन्धरले आफ्ना स्वर्गीय पति रामबहादुर मानन्धरको स्मृतिमा एक बाकस ड्यु श्रमदान गर्नेहरूको निम्ति श्रद्धास्वरूप सहयोग गरिन् ।

श्रमदानमा सयौँ महिला तथा पुरुषहरूको सहभागी देखेर स्वास्थ्य सुरक्षाको हिसाबले भनपा वडा नं ८ बस्ने विष्णु भैनात्वले करिब ३ सय वटा मास्क प्रदान गरेर सहयोग गरे ।

सहयोगकै क्रममा सोही दिन भनपा वडा नं. ८ बस्ने रत्नभक्त प्रजापतिले न्यातापोल मन्दिर संरक्षण कार्ययोजना उपभोक्ता समितिको नाउँमा रू. ५ हजार आर्थिक सहयोग प्रदान गरे । उनले आर्थिक सहयोग प्रदान गरेको देखेर भनपा वडा नं. १० कमलविनायक बस्ने पुनवीर गैडाले पनि रू. ५ सय आर्थिक सहयोग गरे । उपभोक्ता समितिका अध्यक्ष केशव तमखुका अनुसार हालसम्म १२ लाख रुपैयाँभन्दा बढी आर्थिक सहयोग जुटिसकेको छ । सबभन्दा बढी आर्थिक सहयोग गर्नेमा कमला भक्त प्रतिष्ठान पनि रहेको तमखुले जानकारी दिए ।

घट्खा दाफा भजनका अध्यक्ष तुल्सीभक्त त्वायना पनि आफ्नो भजनमण्डलको तर्फबाट ८० जना सहभागी हुन पाएकोमा दङ्ग थिए ।

अन्तिम दिनमात्रै किन श्रमदानमा जुटेको भन्ने जिज्ञासामा उनले

भने,'श्रमदानको लागि नाउँ लेखेको त पहिले नै हो, तर हाम्रो पालो अन्तिम दिनमात्र आयो।'

किसान सङ्घ नगर समितिका अध्यक्ष ज्याख्वले भने,'श्रमदान गर्ने निर्णय जेठ १६ गते नै भएको थियो। तर, श्रमदानको लागि पर्खाइमा बस्दा बस्दै अन्तिम दिनमात्र अवसर जुट्यो।'

पाँचतले मन्दिरको जीर्णोद्धारको क्रममा झिँगटी इँटा १७ हजार, कोपु इँटा ४ सय सहयोग प्राप्त भएको जानकारी उपभोक्ता समितिका अध्यक्ष केशव तमखुले दिए। उनका अनुसार छानाको कुना-कुनामा ग्वङ्ग (कुखुरा) इँटामात्र होइन सलाँ (घोडा) र किसी (हात्ती) इँटा पनि प्रयोग गरिएको छ। सलाँ अपा मन्दिरको पाँचौँ अर्थात् सबभन्दा माथिल्लो तलामा प्रयोग गरिएको छ।

उनका अनुसार असार १७ गतेसम्ममा झिँगटी इँटा सफा गर्न १५ समूहबाट ३ सयभन्दा बढीले श्रमदान गरे।

श्रमदानमा सहभागी महिलाहरूलाई भक्तजनहरूले अघिल्ला दिनमा दही, जुस, जेरी-स्वारीलगायत अन्य खाजाको सहयोग गरेका थिए।

स्थानीय वडा सदस्य पूर्णभक्त राजचलले पाँचतले मन्दिर जीर्णोद्धारको निम्ति कार्तिक २० गते बाँस काट्ने काम सुरु गरी मङ्सिर ७ गतेबाट खट बाँध्ने सुरु भएको बताए।

मङ्सिर २५ गते विधिसम्मत तरिकाबाट पूजा-पाठ गरी झिँगटी झिक्ने काम थालिएको थियो। फागुन १७ गते मन्दिरको गजुर झिकी वैशाख २४ गते जीर्णोद्धार गरी पुनः जडान गरिएको थियो। मन्दिरको पाँचौँ तलामा वैशाख १८ गते झिँगटी झिक्ने काम भयो भने वैशाख ३१ गते उक्त तलामा झिँगटी छाउने काम सम्पन्न भयो।

जेठ ६ गते चौथो तलामा छाना छाउने काम सुरु भई ७ गते सम्पन्न भयो। तेस्रो तलामा जेठ १३ गते छाना छाउने काम सुरु भई १७ गते सम्पन्न भयो। त्यस्तै जेठ २८ गते दोस्रो तलामा सुरु भएको छाना छाउने काम असार ३ गते सम्पन्न भयो भने असार १३ गते पहिलो तलामा सुरु भएको झिँगटी छाउने काम असार १८ गते सम्पन्न भयो।

वडा सदस्य राजचलका अनुसार झिँगटी सफा गर्न १५ समूहबाट ३२१ जनाले श्रमदान गरेका थिए। असार १७ गतेसम्म छाना छाउने काममा टोल-टोलका विभिन्न सामाजिक सङ्घ-संस्था तथा समूहबाट ३१२२ जनाले श्रमदान गरेका थिए।

सो मन्दिर जीर्णोद्धारको निम्ति जेठ मसान्तसम्म रु. ३२ लाख खर्च भइसकेको वडा सदस्य राजचलले जानकारी दिए । उक्त खर्चमा नपा र चन्दाबाट प्राप्त सहयोग पनि समावेश छ ।

असार १८ गतेसम्ममा नियमित काम गर्ने डकर्मी, सिकर्मी, ज्यामीसमेत गरी २,२१२ जनालाई ज्याला दिइसकेको उनले बताए । उनका अनुसार नपाबाट रु. ३० लाख पेश्की लिइसकेको छ ।

पाँचतले मन्दिरमा झिँगटी छाउने काममा निरन्तर लागिरहेका डकर्मीहरूमा दुरूकाजी सुवाल, हरिभक्त बाटी, विष्णुभक्त बाटी, सुरेश ग्वाछा, विश्वराम कर्माचार्य, मोहनकुमार कासुला, ध्रुव बाटी, कृष्ण मारिखु, नारायणकृष्ण खाइतु, सुसन राजचल, रामप्रसाद सुवाल, तुल्सीराम लागे आदि रहेका छन् ।

स्मरणीय छ, उक्त मन्दिर जीर्णोद्धारको लागि २०७६ कार्तिक ७ गते केशव तमखुको अध्यक्षतामा ११ सदस्यीय उपभोक्ता समिति, बलराम न्हिसुतुको संयोजकत्वमा अनुगमन समिति र ख्वप इन्जिनियरिङ कलेजका पूर्वप्राचार्य चन्द्रकिरण कवांको संयोजकत्वमा प्राविधिक समिति गठन गरिएको थियो ।

उक्त मन्दिर जीर्णोद्धारको लागि रु. ६५ लाख १३ हजारको लगत इस्टिमेट भएको थियो । छाना छाउने काम सकिए पनि झिँगटी इँटामा सरसफाइ गर्ने, बाँस झिक्ने तथा अन्य केही कामहरू बाँकी छन् । मौसमको कारण छाना छाउने काम नियमितरूपमा हुन नसक्दा काममा केही ढिलाइ भएको स्थानीयको भनाइ रहेको छ ।

***अनलाइन मजदुर, १९ असार २०७७***



# जनता उर्लिएपछि आधा बजेटमै सकियो ङातापोल्हँको जीर्णोद्धार

**- रवीन्द्र घिमिरे**



२८ असार, काठमाडौं । गत फागुनको पहिलो हप्ता भक्तपुर नगरपालिकाले ऐतिहासिक पाँच तले (ङातापोल्हँ) मन्दिरको जीर्णोद्धार तत्काले थाल्ने निर्णय गऱ्यो । सम्पदाको पुनर्निर्माणमा स्थानीय उपभोक्ता समिति परिचालन गर्दै आएको नगरपालिकाले ङातापोल्हँको जीर्णोद्धारका लागि ६५ लाख १३ हजार रुपैयाँ बजेट छुट्यायो ।

मन्दिरको पहिलो तला २०७२ वैशाख १२ को महाभूकम्पले केही टेढिएकाले त्यसलाई निकालेर फेरि पुरानै स्वरूपमा फर्काउने काम गर्नु थियो ।

संवेदनशील काम भएकाले सुरक्षाको प्रबन्ध मिलाउने र परम्परागत निर्माण सामग्रीहरू जुटाउने काम गर्दागर्दै फागुन घर्कियो । चैत लागेपछि मन्दिरको जीर्णोद्धार अघि बढाउन छाना झिकियो । तर, चैत ११ मा सरकारले लकडाउन घोषणा गऱ्यो । निर्माण स्थलहरू बन्द भए । मन्दिरको जीर्णोद्धारको काम त्यतिकै अल्मलियो ।

सङ्क्रमण फैलिने त्रास र सामाजिक दूरीलगायतका पेचिलो सवालले काम अघि बढाउन सक्ने अवस्था रहेन । २५ दिनसम्म मन्दिर त्यतिकै अलपत्र परिरह्यो ।

तर, फाटफुट पानी पर्ने क्रम सुरु भएपछि जनप्रतिनिधिहरूको पेट पोल्न

थाल्यो। भक्तपुर नगरपालिकाका उपमेयर रजनी जोशी भन्छिन्, 'ङतापोल्हँ राष्ट्रिय गौरव र विश्वकै महत्त्वपूर्ण सम्पदा हो, वर्षाले कुनै खालको सानो असर पऱ्यो भने भावी पुस्ताले हामीलाई धिक्कार्छ भनेरै लकडाउन नखुले पनि सामाजिक दूरी कायम राख्दै काम अघि बढाउने निर्णय लियौं।'

नगरपालिकाले यो निर्णय लिनासाथ उपभोक्ता समिति परिचालित भयो। मन्दिर जीर्णोद्धारको काम हालसालै सकिएको छ। यति छिट्टै काम सक्दा पनि ङतापोल्हँका लागि विनियोजित बजेटको करिब आधा मात्रै रकम खर्च भएको छ।

उपमेयर जोशीका अनुसार १२/१३ लाख रुपैयाँ बराबर भक्तपुरकै स्थानीयहरूले नगद र जिन्सीसहित निर्माण सामग्री सहयोग गरेका छन्। सहयोगीहरूको विवरण नगरपालिकाले वेबसाइटमा राखिदिएको छ।

त्यसबाहेक करिब रु. २२ लाख बराबर भने स्थानीयले श्रमदान गरेका छन्। सबै रकम खर्च नभएपछि बचत भएको करिब ३० लाख रकम नगरपालिकामै फिर्ता भएको छ।

उपमेयर जोशीका अनुसार यो काम वर्षा लाग्नु अगावै सक्न नगरपालिकामाथि दबाब थियो। बेलैमा काम नसकिए मन्दिरका विभिन्न भाग कमजोर बन्न सक्ने अवस्था थियो।

जीर्णोद्धारको काम अघि बढेपछि लकडाउनको बेला उपभोक्ता समितिले









जनश्रमदान गर्न आह्वान गर्दै सूचना निकाल्यो। नगरपालिकाका अनुसार जीर्णोद्धारको काममा करिब ३ हजार १ सय जनाले श्रमदान गरेका छन्। एकैपटक धेरै मान्छे काममा आउने भएपछि सङ्क्रमणको जोखिम रोक्न नगरपालिकामा नाम टिपाएर तोकिएको दिनमा मात्रै आउने व्यवस्था गर्नुपर्‍यो।

विभिन्न समूहमा दैनिक रूपमा श्रमदान गर्न आउनेहरूलाई पालो दिन नगरपालिकालाई हम्मे परेको थियो। स्थानीय आमा समूह, सहकारी, कलेज,

टोल विकास संस्था, अन्य स्थानीय सङ्घसंस्थालगायतबाट दैनिक रूपमा समूहमा आएर जन श्रमदानको लागि स्थानीय ओइरिएका थिए । उपमेयर जोशीका अनुसार एकै दिनमा ५ सयभन्दा बढीले श्रमदान गरेको रकर्ड पनि छ ।

माटो मुछ्ने, डल्ला पास गर्ने, इँटा बोक्नेलगायतका काममा उपभोक्ता समितिले ज्यालाका कामदार नै खोज्नुपरेन । काम सुरु भएदेखि नै श्रमदान गर्नेको लर्को लाग्यो ।

मन्दिरको काम सकिँदासम्म पनि श्रमदान गर्न इच्छा व्यक्त गर्नेको लर्को रोकिएको थिएन । मन्दिरको काममा सघाउन आउनेहरूमा बढीजसो महिला थिए । काममा आउँदा आफैंले खाजा लिएर आउने गरेका थिए ।

कतिपय काम गर्न नसक्ने र नभ्याउनेहरूले काम गर्नेलाई फलफूल, खाजा, पानीको प्रबन्ध गरेका थिए । कतिपय व्यक्ति 'मन्दिरको जीर्णोद्धारमा मेरो पनि श्रम परोस् एक–दुई डल्ला मात्रै भए पनि राख्न दिन आग्रह गर्दै आएका थिए ।'

उपमेयर जोशी नगरपालिकाले हरेक जसो सम्पदाको पुनर्निर्माणको काम स्थानीयलाई सहभागी गराउने गरेको बताउँछिन् । ङातापोल्हँको मन्दिरमा भने सोचेभन्दा बढी जनसहभागिता भएको भन्दै उनले यसले भक्तपुरवासीमा रहेको संस्कृति, सम्पदा र कलाप्रतिको मोह तथा चेतनालाई झल्काएको बताइन् ।

भक्तपुरवासीमा मन्दिरको जीर्णोद्धारको काम पुण्य हो भन्ने विश्वास छ, यहाँ आफैंले एक डल्लो माटो मात्रै राखियो भने भविष्यमा परेवाको जुनी पाउँदा मन्दिरको टुँडालमा बस्न पाइन्छ भन्ने जनविश्वास पनि सुन्यौं,– उनी



भन्छिन्, 'यो गौरवको सम्पदा भएकाले पनि यसमा मेरो पनि पसिना परोस् भन्ने भावना धेरैमा रहेको देख्यौं ।'

जनप्रतिनिधिहरूले पनि एक दिन काममा सहभागी हुने योजना श्रमदानमा धेरै व्यक्तिहरू उर्लिएपछि अन्तिम दिनमा मात्रै पूरा भएको जोशी बताउँछिन् ।

संस्कृतिविद्हरूका अनुसार ङातापोल्हँ तान्त्रिक शक्तिकी देवी सिद्धिलक्ष्मीको मन्दिर हो । यो मन्दिर निर्माण भएको ३१८ वर्षसम्म पनि पूर्णरूपमा क्षति हुने गरी भत्किएको छैन । १९९० को भूकम्पमा पनि मन्दिरको पहिलो तलामा मात्रै क्षति पुगेको थियो ।

बेला बेलामा यसको जीर्णोद्धार भइरहेको छ । १०८ फिट अग्लो यो मन्दिरको वि.सं. २०१९ मा र २०५६ मा मन्दिरको जीर्णोद्धार भएको थियो । राजा भूपतीन्द्र मल्लले यो मन्दिर नेपाल सम्वत ८२२ मा निर्माण गराएका थिए । यो मन्दिर जनश्रमदानबाटै ७ महिनामै निर्माण भएको हो ।

***अनलाइन खबर, २०७७ असार २८***



जेष्ठ महिला ङातापोल्हँ मन्दिरमा श्रमदान गर्दै

# सम्पदा पुनर्निर्माणमा भक्तपुर मोडल



- **सुदर्शन अर्याल**

असार मध्यतिर भक्तपुरकै पाँचतले (ङातापोल्हँ) मन्दिरको पुनर्निर्माण सकियो, त्यो पनि लागत अनुमानभन्दा आधा कम खर्चमा। हो, ६५ लाख १३ हजार ३५८ रुपैयाँ २७ पैसा लागत अनुमान गरिएको ङातापोल्हँ मात्र ३० लाख रुपैयाँ बनेको छ।

यो जनता जागेपछि मिलेको सफलता हो, जसलाई सम्पदा निर्माणमा भक्तपुर मोडल पनि भनिन्छ।

भक्तपुर नगरपालिकाका अनुसार यो मन्दिर निर्माणका क्रममा कुल ४ हजार १६५ जनाले स्वेच्छिकले श्रमदान गरे। त्यसमा पनि महिलाहरू निकै अगाडि रहे।

नगरपालिकाको सम्पदा शाखाका अधिकारीहरू सुनाउँछन्, 'अरूभन्दा पनि पाँचतले मन्दिर निर्माणमा अभूतपूर्व जनसहभागिता देखियो। देवीको मन्दिर पुनर्निर्माणका लागि आएका महिलाहरूको जमात देख्दा लाग्थ्यो, आफ्नो मन्दिर निर्माणका लागि साँच्चीकै देवीकै स्वरूप आएका छन्।'

श्रमदान गर्नेहरू कसैले पनि दुई दिन काम गर्नुपरेन। कतिपयले चाहेर पनि श्रमदान गर्न पाएनन्। श्रमदानका लागि आएकाहरू कसैले पनि समय गुजार्ने गरी काम गरेनन्। कोही श्रमदान गर्नेहरूलाई पानी खुवाउने काम गर्थे, खाजा खाने समयमा घरबाटै ल्याएको खाजा सबै जना एकै ठाउँमा बसेर खान्थे। २०७६ साल कात्तिकमा निर्माण सुरु गरेको सो मन्दिरको काम असारको मध्यमा सम्पन्न

भयो। कोभिड-१९ का कारण चैतमा केही समय रोकिएको निर्माण कार्य पनि स्थानीयकै जोडबलमा मास्क र पन्जा लगाएर पुनः सुरु गरिएको थियो।

अझ महत्त्वपूर्ण के भने, भक्तपुरमा जनश्रमदानबाट बनेको सम्पदा न यो पहिलो हो, न अन्तिममा नै हुनेछ।

२०७२ सालको विनाशकारी भूकम्पको केही समयअघि भक्तपुरको धनविनायक मन्दिर यसरी नै पुनर्निर्माण भएको थियो।

मन्दिर जीर्णोद्धारका लागि नगरपालिकाले तीन लाख ५० हजार रुपैयाँ उपलब्ध गराएको थियो। तर ठेकेदारलाई पैसा दिएर काम लगाउँदा नाफामुखी हिसाबले काम सम्पन्न हुने भन्दै स्थानीयले उपभोक्ता समितिमार्फत मन्दिर जीर्णोद्धार गर्ने अनुमति दिन नगरपालिकासँग आग्रह गरे। नगरपालिका सहमत भएपछि स्थानीय दीपेशराज शर्माको नेतृत्वमा उपभोक्ता समिति गठन भयो। र, समितिले मन्दिरको जीर्णोद्धार तोकिएको समयमा त सम्पन्न गर्‍यो नै, लागत पनि घट्यो। नगरपालिकाले साढे तीन लाखमध्ये डेढलाख फिर्ता गर्‍यो।

मन्दिर बनाउँदा खर्च भएको वास्तविक मूल्य कुल ११ लाख हो। स्थानीयले स्वतःस्फूर्त सहयोग गरेकाले नगरपालिकाले दिएको रकम फिर्ता गरेको शर्मा बताउँछन्। मन्दिर निर्माणमा ५० जनाले श्रमदान गरेका थिए। 'कसैले छानो हाल्न सहयोग गरे, कसैले ढोकाका लागि, आर्थिक सहयोग गर्न नसक्नेले श्रमदान गरे' शर्मा भन्छन्, 'जे होस् त्यो कामले हामी सबैलाई उपभोक्ता समितिमार्फत कसरी राम्रो काम गर्न सकिन्छ भन्नेमा राम्रो अनुभव हासिल भयो।'

त्यसपछि नै भक्तपुर सम्पदा पुनर्निर्माणमा ठेकेदार प्रथाभन्दा उपभोक्ता समितिमार्फत काम गर्न आकर्षित भयो।

अहिले ङातापोल्हँ मात्र होइन, भक्तपुर दरबार क्षेत्रमा रहेको बत्सला देवीको मन्दिर निर्माणको पनि जनश्रमदानमा नै सम्पन्न भयो। यो मन्दिरको पूरै भाग ढुङ्गाबाट निर्माण गरिएको छ। त्यसैले यहाँ जनश्रमदान मात्रभन्दा प्राविधिक ज्ञान भएको जनशक्ति आवश्यकता थियो। तर प्राविधिकलाई स्थानीयले सुरुदेखि अन्त्यसम्म आफूले गर्न सक्ने काम गरेर साथ दिइरहे।

मन्दिर निर्माणमा थप प्राविधिक समस्या पनि थियो, जसका कारण पुनर्निर्माण सम्पन्न गर्न तीन वर्षसम्म कुर्नुपर्‍यो।

सबैभन्दा ठूलो समस्या त यहाँ प्रयोग हुने ढुङ्गा पाउन मुस्किल पर्‍यो। नजिकै रहेको सिद्धिलक्ष्मीको मन्दिरमा ठेकेदारले स्वरूप बिग्रने गरी ढुङ्गा प्रयोग गर्दा विरोध गरेर पुरानै स्वरूपको ढुङ्गा राख्न लगाएका स्थानीयले त्यो मन्दिरमा

पनि जस्तो पायो उस्तो ढुङ्गा निर्माणमा प्रयोग गर्ने कुरै थिएन ।

अर्को समस्या यो मन्दिर भूकम्पको समयमा पूरै भत्किएको थियो । यदि पुरै नभत्किएको भए मन्दिरमा रहेका ढुङ्गालाई नम्बर दिन सकिन्थ्यो । जसले पुनर्निर्माण सहज हुन्थ्यो ।

तर त्यो नहुँदा समस्या भोग्नुपर्‍यो । यस्तै समस्याले गर्दा अरू मन्दिरभन्दा यसको पुनर्निर्माणमा धेरै पैसा लाग्यो । मन्दिर निर्माणका लागि १८ लाख ९४ हजार ४७८ रुपैयाँ ४ पैसाको लागत अनुमान गरिएको थियो, त्यसमध्ये १७ लाख ७७ हजार ७२ रुपैयाँ खर्च भएको छ ।

भक्तपुर नगरपालिकामा स्थानीय जनप्रतिनिधि आएपछि उपभोक्ता समितिमार्फत १३० ओटाभन्दा बढी मन्दिर, सत्तल, ढुङ्गेधाराजस्ता संरचनाको पुनर्निर्माण भइसकेको छ, जसमध्ये एउटा पनि सम्पदा ठेकेदारमार्फत पुनर्निर्माण गरिएको छैन ।

पुरातत्त्व विभागले पुनर्निर्माण गर्न लगाएका सम्पदाहरू भने ठेकेदारले नै पुनर्निर्माण गरेका छन् । पुरातत्त्व अधिकृत मोहनसिंह लामा ठेकेदारभन्दा उपभोक्ता समितिमार्फत गरिएको काम बढी प्रभावकारी देखिएको बताउँछन् । उनी स्थानीय जनसहभागिता र उनीहरूले आफ्नै सम्झिएर गरेको काम र ठेकेदारले नाफामुखी हिसाबले गरेको काममा फरक हुनु स्वाभाविक रहेको उनको बुझाइ छ ।

नगरपालिकाले अहिले स्थानीय स्रोत र साधनमा निर्माण हुनै नसक्नेबाहेक सबै काम उपभोक्ता समितिमार्फत गर्ने निर्णय गरेको छ । त्यसको केही प्रत्यक्ष र परोक्ष फाइदासमेत रहेको नगरपालिकाका प्रशासन अधिकृत दामोदर सुवाल बताउँछन् । उनका अनुसार उपभोक्ता समितिमार्फत काम गर्दाको सबैभन्दा ठूलो फाइदा भनेको स्थानीयमा सम्पदाप्रति हुने अपनत्वको भाव हो । 'आफूले बनाएको मन्दिरको एउटा इँटा भत्किँदा पनि उनीहरूको मन दुख्छ । आफूले बनाएको काम जसरी भए पनि राम्रै हुनुपर्छ भन्ने मान्यता राखेर स्थानीय काममा आउँछन्' सुवालले अनलाइनखबरसँग भने, 'अर्कोतर्फ ठेकेदारले जतिसक्दो सस्तोमा काम सकेर नाफा कमाउन खोज्छ । त्यसैले हामीले सुरुदेखि नै पहिलो मोडल अपनायौं ।'

नगरपालिकाले पुनर्निर्माण गरेका सबैजसो सम्पदामा स्वतःस्फूर्त रूपमा भक्तपुरवासीले जनश्रमदान गरेका छन् ।

भैरवनाथ मन्दिरको पुनर्निर्माण झन्डै ६ महिनामा सम्पन्न भयो । यसको धेरै काम स्थानीयवासीले श्रमदानमार्फत नै गरे । नगरपालिकाका अनुसार

मन्दिरको पुनर्निर्माणमा करिब दुई हजार जनाले श्रमदान गरेका थिए। श्रमदानकै कारण रु एक करोड ४६ लाख ३६ हजार ७४५ लागत अनुमान गरिएको मन्दिर बनाउन केवल ५६ लाख ६१ हजार २७८ रुपैयाँ खर्च भयो।

त्यस्तै, लालाछेंको गणेश द्यःछेँको निर्माणको लागि ११ लाख ४४ हजार ४१७ रुपैयाँ लागत अनुमान गरिएको थियो। झण्डै ६ महिनामा निर्माण सम्पन्न भएको यो मन्दिर पुनर्निर्माणमा केवल ६ लाख ५९ हजार २२१ रुपैयाँ खर्च भयो। भक्तपुरको सिद्धि गणेश मन्दिर पनि स्थानीय जनश्रमदानमा बनेको मन्दिर हो। यसको पुनर्निर्माणको लागि १३ लाख १२ हजार ६११ रुपैयाँ लागत अनुमान गरिएकोमा जम्मा ६ लाख १२ हजार ५६२ रुपैयाँमा सम्पन्न भएको छ। झन्डै आधा लागतमा सम्पन्न भएका मन्दिरहरूमा भीमसेन मन्दिर, केदारनाथ मन्दिरलगायत छन्। भीमसेन मन्दिर निर्माणको लागि नगरपालिकाले १८ लाख ५१ हजार ४३९ रुपैयाँ लागत अनुमान गरिएको थियो। जसमा जम्मा ९ लाख ९२ हजार ७०२ रुपैयाँ खर्च भएको थियो। केदारनाथ मन्दिरमा भने ७२ लाख ६३ हजार ३९७ रुपैयाँ लागत अनुमान गरिएकोमा ३९ लाख १६ हजार ५०४ रुपैयाँ खर्च भएको थियो।

यसबाहेक बद्रीनारायण पाटी, नृत्यनाथ मन्दिरलगायतको पुनर्निर्माणसमेत तोकिएको भन्दा कम खर्चमा भएको छ।

नगरपालिकाका अनुसार नयाँ जनप्रतिनिधि आएपछि भएका १३० ओटाभन्दा धेरै सम्पदा पुनर्निर्माणमा अनुमानित लागतभन्दा धेरै खर्च भएको छैन भने स्थानीयले जनश्रमदान नगरेको ठाउँ छैन। यसलाई आफूहरूले भक्तपुर मोडलको रूपमा विकास गरेको भक्तपुर नगरपालिकाका प्रशासन अधिकृत सुवाल बताउँछन्। 'सडक पिचजस्ता स्थानीय स्रोत साधनले नधान्ने कामबाहेक अरूमा ठेकेदारलाई प्रयोग गर्ने गरेका छैनौं' उनले अनलाइनखबरसँग भने, 'ठेकेदारले कमाउने फाइदाले हामीले अर्को सम्पदा पुनर्निर्माण गर्ने खर्च जुटाउने गरेका छौं।'

## किन भयो कम खर्च ?

प्रशासन प्रमुख सुवालका अनुसार उपभोक्ता समितिमार्फत काम गर्दा खर्च कम हुने मुख्य कारण भनेको नै पारिश्रमिक मात्रै हो। ङातापोल्हँ मन्दिरको उदाहरण दिँदै उनी भन्छन् –'यो मन्दिरमा झन्डै ४२ सय जनाले श्रमदान गरे। उनीहरूलाई दैनिक एक हजार रुपैयाँको दरमा पारिश्रमिक दिने हो भने पनि ४२ लाख रुपैयाँ खर्च हुन्थ्यो। यसको कुल बजेट रु ६४ लाखको छ। यस्तो अवस्थामा ठेकेदारले झन्डै २२ लाखमा सामान किनेर नाफाको हिस्सा राख्नुपर्ने अवस्था

हुन्छ। त्यसैले अहिले जति श्रमिक नलगाउने र कमसल रूपमा जसरी हुन्छ देखावटी काम सम्पन्न गर्ने गर्छन्।' यसबाहेक ठेक्का प्रक्रियामा सार्वजनिक खरिद ऐनले दिएको झन्झट झेल्नुपर्ने त छँदै छ। त्यसैले जनसहभागितामा निर्माण हुने हाम्रीहरूको मोडल सफल भएको हो।

पुरातत्त्व विभागको भक्तपुर दरबार क्षेत्रमा नै कार्यरत पुरातत्त्व अधिकृत लामा पनि सार्वजनिक खरिद ऐनले कम मूल्यमा आवेदन दिनेलाई नै ठेक्का दिनुपर्ने प्रावधानले समस्या गराएको बताउँछन्। 'सबैले सडक निर्माणमा जसरी कम मूल्यमा टेन्डर हाल्छन्' उनले भने, 'जसले गर्दा गुणस्तरीय सामान ल्याउन सक्दैनन् र हामीले ठेकेदारसँग झगडा गर्नुपर्छ।'

***अनलाइन खबर, २०७७ साउन ३ गते***



जेष्ठ महिला ङतापोल्हँ मन्दिरमा श्रमदान गर्दै

# Locals, authorities race to complete heritage renovation work before monsoon lashes down

BIJAY LAXMI DUWAL

Renovation of cultural heritage sites and monuments of the Valley that had been halted due to the lockdown imposed to curb the spread of coronavirus, is gradually getting back on track with the onset of monsoons. The cultural heritage sites that were being reconstructed or renovated had been left as they were when the lockdown was first imposed on March 24. And fearing they might get damaged in the monsoon rains, locals have stepped up to resume and complete the work before the rains are here for real.

**Work resumes**

The local committees of Bhaktapur have started volunteering to resume the renovation works left midway to prevent the cultural heritage sites from being damaged.

One of such works in progress is the renovation of the Nyatapola Temple. According to Purna Gopal Rajchal, a member of Ward-5 of Bhaktapur Municipality, the renovation of the Nyatapola Temple stopped on March 24 with the announcement of the lockdown, while the renovation work re-

started on April 18.

"We had already demolished the topmost roof of the Nyatapola before the lockdown to renovate it.

The work stopped with the lockdown.

But now realising that the pandemic won't end anytime soon, we have resumed the renovation work so as to protect the temple from the damages of the approaching monsoon rains," he informed.

Sharing more about the dangers of rain, Prem Gopal Karmacharya, Chair of Ward-5 added, "If we stop the renovation work, the monsoon rains will pour inside the temple making it more difficult to renovate the insides the tall temple later."

The roof of the first storey of the temple was damaged by the Gorkha Earthquake of April, 2015.

But the Ward chose to renovate the entire temple "as we can't keep on repairing it. So we started renovation of the entire temple".

Along with this temple, the renovation of the Bhairabnath Temple and Til Mahadev Narayan, different paatis as well as stone taps and stone paving of the lanes of Bhaktapur City have resumed too.

Bhaktapur Municipality is leading the renovation, reconstruction and conservation of the properties. In the process, only a few local workers and volunteers have been allowed to work on the site amidst the lockdown.

With limited workforce, the Municipality has completed renovation of the Chyamasingha Gate and Lokeshwor Temple during the lockdown. .....

**Public interest and challenges**

The representatives of the local levels reveal they have been receiving full support from the locals to continue the renovation works despite the lockdown.

Karmacharya informed, “The renovation of the Nyatapola Temple is being done with a budget estimation of around Rs 6.5 million, and we are getting financial and labour support from local people as well as different local clubs, dafa, bhajan et cetera. Some people have come forward as volunteers, doing jobs like transporting of clay, bricks et cetera.”

Bhaktapur Municipality’s local committees are renovating the heritage sites and monuments on volunteer-basis rather than contract-basis.

One such volunteer is Shyam Sundar Matang, working at the renovation of the Lokeshwor Temple in Ward-2.

He revealed, “We (the locals) are volunteering for renovation work turn-wise and have not taken wages.

With this, we can utilise the free time of lockdown and at the same time we can preserve our locality.”

He said that they have been maintaining social distance, minimising crowd, using gloves, masks, sanitisers and other safety gear as provided by the Municipality while carrying out the work.

However, continuing with renovation of heritage sites is not as easy as it was before the lockdown.

Rajchal fears the lockdown will prevent them from completing the renovation of Nyatapola Temple as per their initial target — by the end of this fiscal year.

He said, “In the lockdown, we renovated three roofs of the Nyatapola. But repairing of two more has stopped due

to unavailability of the required materials."

He explained, "We are using imported material — tarseal — we will be laying traditional brick (Polan Apa) and clay over tarseal so as to avoid water leakage from the roof. But we do not have any more stock of tarseal now. We have ordered it from India, but it is still stuck at the Sunauli border."

Due to the unavailability of all required raw materials on time, they have been doing other work like colouring bricks, cleaning, weeding, adding extra timber in supporting the ceiling of Nyatapola, as per Karmacharya.

Suresh Gwachha, a local mason, working at scaffolding and roofing of the Nyatapola faces challenges while commuting. "There are many security personnel on the roads due to the lockdown. Those who know us don't stop us, but new security personnel often stop us and we need to make a lot of effort to convince them about the purpose of commuting."

**The Himalayan Times, June 9, 2020**

# Bhaktapur's famed Nyatapola receives post-earthquake facelift

–Shashwat Pant



*The reconstruction of the early 18th-century temple marks the continuation of local participation in rebuilding heritage monuments.*

On a cold winter morning, a group of men are gathered at the base of Nyatapola temple in Taumadi Square, Bhaktapur. They are waiting for another delivery of bamboo, which they have been using to build scaffolding around the famed temple. Five years after 2015's deadly earthquake, the reconstruction has just begun.

"We feel we owe it to the goddess," says Ram Krishna Kiju, a resident of Suryabinak in Bhaktapur, who is taking part in the restoration of the temple. "The sooner we rebuild her home, the better our lives will become."

Bhaktapur has been commended for using local resources, both financial and labour, to build the toppled monuments around the Durbar Square area. Even when foreign do-

nors offered help, especially the German government, the municipality declined. In all Durbar Square areas around the Valley, the main contention between the local communities and the government has been participation.

Although the municipality aimed to complete all reconstruction work by the end of 2019, the reconstruction of Nyatapola temple could only begin at the onset of 2020. But like all other monuments in Bhaktapur, this one is being built by a user's committee.

"We feel that giving it to user groups is a more effective way to do heritage reconstruction," says Sunil Prajapati, mayor of Bhaktapur. "The groups are made up of locals who will connect more with the monument than contractors."

The reconstruction will be ready by the end of April 2020, according to the mayor. He also attributes the success of all the earlier reconstruction projects to the locals' participation. The heritage sites are intrinsically connected to the religious and cultural aspects of the locals, and their participation in its construction were seen as their way to take ownership.

But unlike for other monuments, Nyatapola doesn't require full reconstruction. In 2009, the temple went through restoration, which Keshav Tamakhu, the user committee's president, says prevented the quakes from destroying the temple entirely, unlike other monuments, which lay as shadows of their former selves.

According to Tamakhu, the temple mostly needs work on the top two floors. He says the top floor had tilted significantly to the east, while the floor below had also slightly tipped in the same direction.

"The plan as of now is to demolish the top two floors and rebuild, because they're in a poor state. We have consulted a lot of experts who have also told us to do so," says Tamakhu.

The budget for the restoration has been set at Rs 6.3 million, but Tamakhu believes the project will be completed for less.

"We don't have to do much because part of the temple was strengthened in 2009, where a lot of old wood was replaced," says Tamakhu. "It has significantly reduced the cost of the project."

The main concern now for the restoration committee is to get pahelo mato, a form of mud which was used for heritage construction in ancient times. It's sticky and helps cement the bricks together, and is also quite rare. Since the committee is looking to rebuild the temple in the traditional way, they also want to incorporate this specific type of mud. But according to Tamakhu, due to urbanisation, it has been difficult to find pahelo mato, which used to be easily available.

Even though the restoration work has just started, the study for the monument's restoration began at the end of 2015, says Rajani Joshi, deputy mayor of Bhaktapur Municipality. In order to ensure the restoration projects went smoothly, the municipality also hosted two conferences, which brought together international engineers and architects, to discuss how to take the reconstruction forward.

"Those conferences helped a lot. Our own people gained a lot of exposure, and we learnt a lot about what to do and what not to do," says Joshi, who is also an architect.

She also says most of the work done in the municipality came from architects of two colleges—Khowpa Engineering College and Khowpa College of Engineering, which also offers earthquake-related courses.

Joshi says while the restoration blueprint has yet to be finalised, all the other studies have been completed.

"The damage assessment has been done, along with various other surveys," she says. "The report, which will soon be available to the public, will show how we worked with both local and foreign experts—architects, engineers, historians and archaeologists. These people now work with the committee and the locals restore heritage monuments."

The holistic approach to reconstruction in Bhaktapur is the primary reason the work on heritage sites is almost complete in the municipality.

The 18th-century temple also holds a lot of cultural significance in the city. Apart from being the tallest pagoda-style temple in Nepal, it is also home to Siddhi Laxmi, the



Mallas kul-deuta (ancestral god). There is also evidence the construction of the temple, from its foundation to installing its pinnacle, was completed within a period of six months.

"It seems unbelievable but there is proof. Dr Janak Lal Vaidya has mentioned in his works how then-King Bhupatendra Malla kept records of the construction of the temple in 1701. It has every detail and is available at the National Archives," says Dr Prushotam Lochan Shrestha, professor of history and culture at Tribhuvan University.

Vaidya has translated the "Siddhagni Kotyahuti Devala Pratistha" manuscript, which has also since been translated into English. The reconstruction committee has also followed the translated works of Vaidya, in order to understand the historical background of the construction of the temple, and have an accurate blueprint as much as possible.

Although the earthquake destroyed many historical monuments, Shrestha says the silver lining has been people's renewed interest in their culture. This is the reason younger generations have been vigilant about heritage reconstruction and demand participation.

"It's a cultural rejuvenation of sorts. The locals, including children, are now more aware of their heritage than history books could have ever taught them," he says. "I think the municipality should also be given a lot of credit for this. The local representatives have moved beyond their political agendas, and have worked to preserve culture through local participation."

**The Kathmandu Post, January 15, 2020**

# A new Nyatapola

Bhaktapur's Nyatapola Temple, Nepal's tallest, is being renovated even during the coronavirus lockdown.

Men are working high above on the bamboo scaffolding, using techniques passed down through generations of artisans, to strengthen the structure. The temples withstood the 1934 megaquake that was 8.3 magnitude, as well as the 7.8M earthquake in 2015. However, it needed structural strengthening and general maintenance.

**Nepali Times, May 31, 2020**



# Nyatapole Renovation Completes In Less Budget

Binu Shrestha

Kathmandu, July 15: When renovation and reconstruction of several cultural heritages and monuments of the nation have been moving by hiring contractors through tender process and foreign aid, Bhaktapur municipality has completed reconstruction of around 100 small and big heritages and monuments in volunteer support of locals and donation. The reconstruction completed spending less than the estimated budget and without receiving any foreign aid.

Several heritages have been reconstructed in contract basis and from aid received from other countries. However, the municipality is leading the renovation, reconstruction and conservation of the properties through the consumer committee and in direct involvement of locals by avoiding foreign aid and lengthy contract process.

The renovation of five-storied pagoda style Nyatapole Temple of Taumadhi square of Bhaktapur is one of the monuments reconstructed with mass volunteering of locals, which completed before the onset of monsoon and spending less than the estimated cost.

More than 4,000 locals provided their supportive

hands to complete the renovation works of this tall temple. The municipality has begun renovation works after forming four-level committees before the enforcement of the lockdown after its fifth floor got damaged while roofs of all five stories were damaged by the 2015 earthquake.

Nyatapole, one of the pagoda structures of the Kathmandu Valley placed on high basement, stood intact in the quake although most of the other pagoda structures were destroyed. It had also survived the great earthquake of 1934.

The fifth floor of the tower structure was demolished before the lockdown was imposed on March 24. Fearing further damage during the monsoon rains, reconstruction process was resumed, said Sunil Prajapati, mayor of Bhaktapur Municipality.

"We asked local committees to provide their volunteer support. They started volunteering to resume the renovation work left midway to prevent the cultural heritage from being damaged."

Their active involvement not only culminated in the completion of the renovation work on the pagoda in stipulated time, it also instilled the feeling of ownership, responsibility and attachment of the locals to the heritage, said mayor Parajapati.

As per the slogan of "Built Our Heritage Property by Ourselves" the municipality has begun renovation, preservation and reconstruction works of heritages, monuments and other development works. Local committees have been providing their volunteer labour and donation to the municipality, he added.

As a result, more than 100 big and small projects led

by the municipality completed before the deadline and spending less than the estimated budget.

German Development Bank has offered an aid of Rs. 1.2 billion to rebuild the earthquake-damaged 10 heritage monuments, including Nyatapole Temple and three schools inside the Durbar Square.

"I have given priority to local source, materials, technology, skill and knowledge rather than depending on foreign aid and tender process to build our own heritages. Heritage should not be given to the contractors and foreigners for reconstruction," he further said.

Keshab Tamakhu, president of Consumer Committee, said that the municipality had estimated Rs. 6.5 million to renovate Nyatapole Temple.

The committee has completed it at around Rs. 3 million with the voluntary labour of around 4,000 people and more than Rs. 1.2 million donations of the locals.

The committee has received full support from the locals to continue the renovation works even in the lockdown, he said.

Volunteering labour is a culture of locals of Bhaktapur. Locals have been providing voluntary labour to any big and small heritage and other development works from earlier, which grew internal affection and ownership, he said.

**THE RISING NEPAL, 15 Jul, 2020**

# सहयोगको लागि अनुरोध

पुर्खाले सिर्जेको सम्पत्ति-हाम्रो कला र संस्कृति

## हार्दिक अनुरोध

भक्तपुर नगरपालिकाको अगुवाइमा भइरहेको विश्व सम्पदा "**ङातापोल्हँ मन्दिर**" को संरक्षण कार्यमा गुथि, दाफा, भजन, विद्यालय/कलेज, विभिन्न सङ्घ संस्था एवम् समस्त नगरवासी तथा सम्पदाप्रेमी महानुभावहरूबाट श्रमदान, आर्थिक तथा भौतिक सहयोग गर्नुहुन हार्दिक अनुरोध गरिन्छ।

**ङातापोल्हँ मन्दिर संरक्षण कार्य**
**योजना उपभोक्ता समिति**
सम्पर्क नं.: ९८४१३९३९२४

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

### ङातापोल्हँ मन्दिर जिर्णोद्धार कार्यमा सहयोग गर्ने सम्बन्धी सूचना

२०७२ सालको विनाशकारी भूकम्पबाट क्षति पुगेका विभिन्न सम्पदाहरु मध्ये केही सम्पदाहरुको पुन:निर्माण र जिर्णोद्धार कार्य सम्पन्न भइसकेको र केही सम्पदाहरुको हाल पुन:निर्माण र जिर्णोद्धार कार्य भइरहेको सन्दर्भमा भ.न.पा ५ टौमढी स्थित प्रसिद्ध ङातापोल्हँ मन्दिर स्थानीय उपभोक्ता समितिमार्फत जिर्णोद्धार कार्य भइरहेको व्यहोरा जानकारी गराउँदै इच्छुक संघ, संस्था, व्यक्ति दाफा, भजन र गुठीहरुले आर्थिक सहयोगको लागि नेपाल बैंक लिमिटेड, कमलविनायक शाखाको खाता नं. ०१९००१०६८२६४०९००००01 मा रकम जम्मा गर्नुहुन र जिन्सी सहयोगको लागि सम्बन्धित उपभोक्ता समितिमा सम्पर्क गर्नुहुनका साथै निम्न व्यक्तिहरुसँग सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

**सम्पर्क व्यक्ति :**

१. वडाअध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य, भ.न.पा ५ : ९८५११९७९९२
२. लेखापाल श्री रामसुन्दर सुजखु, भ.न.पा: ९८४१३५८४५०
३. अध्यक्ष श्री केशव तमखु, ङातापोल्हँ जिर्णोद्धार उपभोक्ता समिति : ९८४१६७०५६६

***भक्तपुर नगरपालिका***

# ङातापोल्हँ मन्दिर संरक्षण कार्यको लागि आर्थिक सहयोग गर्नुहुने महानुभावहरूको नामावली

| क्र.सं. | नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | प्रा.डा. सिद्धिवीर कर्माचार्य | ५५५५ | |
| २ | श्री शिवनारायण गोथे | १०२५ | |
| ३ | श्री प्रेमगोपाल कर्माचार्य | ५५०१ | |
| ४ | सुभाषिणी कर्माचार्य | २००० | |
| ५ | विनोद तामाङ | २००५ | |
| ६ | जानकी कपाली | १००५ | |
| ७ | श्रीकुमार प्रजापति | २५२५ | |
| ८ | गौतम (शिद्धार्थ) बज्राचार्य | १००५ | |
| ९ | शिवभक्त खयरगोली | १०१० | |
| १० | मधुसुदनप्रसाद धौभडेल | १५०० | |
| ११ | ध्रुवप्रसाद वैद्य | ५०५ | |
| १२ | विमलभक्त प्रधानाङ्ग | १००५ | |
| १३ | भिमा प्रधानाङ्ग | ५०५ | |
| १४ | विभिसा प्रधानाङ्ग | ३०५ | |
| १५ | भविष्य प्रधानाङ्ग | २०५ | |
| १६ | रत्नदेवी प्रधानाङ्ग | ५०५ | |
| १७ | जयसुन्दर हाडा | ६००० | |
| १८ | चन्चल ग्वाछा | १०१० | |
| १९ | बालकृष्ण कर्माचार्य | ५१५ | |
| २० | लक्ष्मीलाल द्योला | ५५५५ | |
| २१ | रामभक्त मुनंकर्मी | ५०५ | |
| २२ | रामगोपाल लागे | ५०० | |
| २३ | लक्ष्मीभक्त राजचल | ५००५ | |
| २४ | सच्चि शुशिल कार्की | १००१११ | |
| २५ | गौरीबहादुर कार्की | १०१५५ | |
| २६ | भुमाप्रसाद कायष्ठ | ५००० | |
| २७ | पूर्णबहादुर गोर्खाली | २००० | |
| २८ | रोजन भासिमा | ११११ | |
| २९ | बद्रिनारायण मानन्धर | १०१० | |
| ३० | विष्णुभक्त ग्वाछा | ११०० | |

| | | | |
|---|---|---|---|
| ३१ | टेकबहादुर पलिखेल | ८१११ | |
| ३२ | रत्नकेशरी ग्वाछा | २१०० | |
| ३३ | सन्तलाल तामाङ | १५०० | |
| ३४ | लक्ष्मीकुमार बनमाला | ५०५५ | |
| ३५ | बच्चुराम हाडा | ७५५५ | |
| ३६ | कुमार माक | ५५५५ | |
| ३७ | प्रविन बज्राचार्य | २५०० | |
| ३८ | रामराजा ढुकुछु | ५००० | |
| ३९ | सर्वज्ञभक्त मल्ल, कोमलवदन मल्ल | ११११११ | |
| ४० | भक्तपुर विकास सहयोग संघ | १०५५५५ | चेक |
| ४१ | राजाराम जोशी, भवानी जोशी (आरबी | ११११११ | चेक |
| ४२ | दशलक्ष्मी दुवाल | २०० | |
| ४३ | नारायणप्रसाद घेमोसु | ५०० | |
| ४४ | नारायणदेवी घेमोसु | ५०० | |
| ४५ | जानकीदेवी प्रधानाङ्ग | १०१११ | |
| ४६ | आशबहादुर स्वनप | ६०० | |
| ४७ | मंगलदेवी नकर्मी | ६० | |
| ४८ | मंगलमाया गपी | २०० | |
| ४९ | शिद्धिस्मृति प्रतिष्ठान | १०८००० | चेक |
| ५० | केशरी सुवाल | २००० | |
| ५१ | लक्ष्मी मातां | २०१० | |
| ५२ | कृष्णलक्ष्मी सुवाल | १००० | |
| ५३ | पोगलक्ष्मी स्वनप | ७० | |
| ५४ | रत्नशोभा हाडा श्रेष्ठ | ५०५ | |
| ५५ | नीरव जोशी | १०१० | |
| ५६ | कीर्तिनाथ मिश्र | ११०५ | |
| ५७ | विष्णुमाया जोशी | २५०५ | |
| ५८ | रामप्रसाद प्रजापति | ५१००० | |
| ५९ | सिद्धिहोम होटल | १५१५० | |
| ६० | विश्वराम सिंबन्जार | १००५ | |
| ६१ | ज्ञानदास खाईतु | १००५ | |
| ६२ | कृष्णमोहन नायभा | १००५ | |
| ६३ | सीताराम त्वाती | १००५ | |
| ६४ | राधाकृष्ण भुजू | १००५ | |

| | | | |
|---|---|---|---|
| ६५ | रामसुन्दर अवाल | १००५ | |
| ६६ | रामगोपाल शिल्पकार | १००५ | |
| ६७ | कृष्णप्रसाद शिल्पकार | १००५ | |
| ६८ | ओमकृष्ण शिल्पकार | १००५ | |
| ६९ | निर्मल जोशी | १००५ | |
| ७० | अजय प्रजापति | ५००० | |
| ७१ | तुल्सीभक्त, चन्द्रमाया श्रेष्ठ | ५५०० | |
| ७२ | हरिभक्त गोसाई | १००० | |
| ७३ | दिलिपराजा कायष्ठ | १००५ | |
| ७४ | लक्ष्मीभक्त लासिवा परिवार | ५५० | |
| ७५ | स्व. श्रीमान/श्रीमती देवेन्द्रलाल मुलेपति | १००५ | |
| ७६ | लक्ष्मी सुवाल | १००० | |
| ७७ | शोभा नापित | १००० | |
| ७८ | शुभद्रा हाडा (कायष्ठ) | ११०१ | |
| ७९ | केदारनाथ हाडा | १००१ | |
| ८० | एलिसा श्रेष्ठ | ५०५ | |
| ८१ | सुमित श्रेष्ठ | ५०५ | |
| ८२ | सोदिपनारायण मुनंकर्मी | ५०५ | |
| ८३ | अंजेश्वरी मल्ल | १००० | |
| ८४ | सेविका हाडा | ११०१ | |
| ८५ | मंगलबहादुर प्रजापति | ५५५५ | |
| ८६ | स्व. विकुलाल/सुर्यमाया शाख | १५०० | |
| ८७ | स्व. रामकाजी/सुनमाया अनामणी श्रेष्ठ | १५०० | |
| ८८ | स्व. केशवनारायण ताम्राकार | ५०००० | |
| ८९ | कुमारी हाकुदुवाल | ५०० | |
| ९० | मिरा जोशी | १००० | |
| ९१ | कृष्णश्वरी | १११ | |
| ९२ | आशामति कोजू | ५०० | |
| ९३ | पूर्णभक्त कोजू | १०१० | |
| ९४ | असलमाया गोरा | ११० | |
| ९५ | श्रीमान/श्रीमती कृष्णदास मधिकर्मी | ६०३५ | |
| ९६ | कुमार बोयजू | १०२५ | |
| ९७ | कपिल बाटी | १०२५ | |
| ९८ | कृष्णलक्ष्मी दुवाल | २०५० | |

| | | | |
|---|---|---|---|
| ९९ | मैयालक्ष्मी कसलवट | २०५ | |
| १०० | चन्द्रलक्ष्मी सुवाल | १०५० | |
| १०१ | प्रजग छुकां | १०२५ | |
| १०२ | लक्ष्मीदेवी त्वायना | ११०० | |
| १०३ | विकुमाया सिपुसा | ५५० | |
| १०४ | पूर्णकेशरी देशेमरू | ५५० | |
| १०५ | ज्ञानी बखाच्चो | १२१ | |
| १०६ | प्रेममाया खर्बुजा | ६२० | |
| १०७ | मोहनलक्ष्मी ताम्राकार | २०० | |
| १०८ | तुल्सीभक्त वैद्य | १५० | |
| १०९ | सूर्यकेशरी कर्माचार्य | १०५५ | |
| ११० | लक्ष्मीकेशरी कोजू | ५०५ | |
| १११ | स्व. चन्द्रवीर कर्माचार्य | १०५५ | |
| ११२ | श्री राजचल गुठी चासुखेल | १०००० | |
| ११३ | कमलाभक्त प्रतिष्ठान | १११११० | |
| ११४ | विश्वराम कवां/नानीमाया कवां | ५०५०५ | चेक |
| ११५ | रामकेशरी देशेमरू | १००० | |
| ११६ | पूर्णवहादुर/पुण्यश्वरी चगुथी | ११०० | |
| ११७ | स्व. काजिलाल सुवाल | ५०० | |
| ११८ | सग्रासिं चौगुठी | ५१० | |
| ११९ | केदार किलम्बु | १०५० | |
| १२० | गंगामैया किलम्बु | ५०५ | |
| १२१ | स्व. रिता किलम्बु | २५० | |
| १२२ | स्व. सीता किलम्बु | २५० | |
| १२३ | रामचन्द्र किलम्बु | २५० | |
| १२४ | रामेश्वर किलम्बु | २५० | |
| १२५ | गाईसी चौगुठी | २५० | |
| १२६ | स्व. बालकुमारी चौगुठी | २५० | |
| १२७ | स्व. सुजवीर सुवाल | १०१ | |
| १२८ | स्व. महावीर सुवाल | १०१ | |
| १२९ | गणेश सुवाल | १०१ | |
| १३० | महाक्वारी सुवाल | १०१ | |
| १३१ | पुनमाया सुवाल | १०१ | |
| १३२ | लक्ष्मीप्रसाद चवाल | १०५० | |

| | | | |
|---|---|---|---|
| १३३ | शान्तामाया चवाल | १०५० | |
| १३४ | स्व. बाबुकाजी चौगुठी | १०१११ | |
| १३५ | मिनप्रसाद भुजु | २०००० | |
| १३६ | लक्ष्मीप्रसाद सुवाल | २११० | |
| १३७ | आशलाल माक | २०१० | |
| १३८ | रेनुका श्रेष्ठ | १०१० | |
| १३९ | हरिगोविन्द भेले | १०१५ | |
| १४० | श्रीप्रसाद धन्छा | १०१० | |
| १४१ | कृष्णलक्ष्मी भेले | ५०५ | |
| १४२ | सुलोचना अवाल | ५०५ | |
| १४३ | सकुन्तला अवाल | ५०५ | |
| १४४ | कृष्णभक्त ताक्रा | ५००० | |
| १४५ | कृष्णलाल मानन्धर | १००५ | |
| १४६ | सुकलक्ष्मी बज्राचार्य | १०५ | |
| १४७ | पुर्णदेवी खाताखो | ५२० | |
| १४८ | पुण्यराम बाईजु | ५०० | |
| १४९ | जगतबहादुर धौबन्जार | ५०० | |
| १५० | चन्द्रकेशरी दनेखु | ११०० | |
| १५१ | जानकी शाख | ४००५ | |
| १५२ | रामसुन्दर श्रेष्ठ | २५२५ | |
| १५३ | ईन्द्रबहादुर लाखाजु | १०१० | |
| १५४ | आशबहादुर कोजू | २१५० | |
| १५५ | आशकुमार कोजू | ३५०० | |
| १५६ | कृष्णगोपाल राजचल | ५०० | |
| १५७ | गणेशप्रसाद दुवाल | ६०१ | |
| १५८ | गणेशबहादुर लासिवा | ५०० | |
| १५९ | कृष्ण ब्यांजु | १०० | |
| १६० | व्यासी ब्याडमिन्टन क्लव | १०६५ | |
| १६१ | दशबहादुर मानन्धर | ५०५५ | |
| १६२ | मोहन प्रजापति | १००५ | |
| १६३ | रामेश्वर धौबन्जार | ५०५ | |
| १६४ | लक्ष्मीप्रसाद प्रजापति | ५०५ | |
| १६५ | न्हुछेबहादुर प्रजापति | ५०५ | |
| १६६ | ईन्द्रप्रसाद प्रजापति | ५०५ | |

| | | | |
|---|---|---|---|
| १६७ | पूर्ण मुनंकर्मी | ५०५ | |
| १६८ | सहिद राजकुमार स्मृति पुस्तकालय | २००० | |
| १६९ | लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि | २५००० | चेक |
| १७० | धौभडेल परिवार | १००००० | |
| १७१ | हिरामाया गैडा | ५०० | |
| १७२ | कृष्णमाया गैडा | ५०० | |
| १७३ | चुन्तरी शाही | २०० | |
| १७४ | मैया लाखेमरू | ५०० | |
| १७५ | हरि थकु | २०० | |
| १७६ | लक्ष्मी तचामो | १०० | |
| १७७ | आशराम तजले | १०५ | |
| १७८ | रामचन्द्र सुवाल | ११० | |
| १७९ | कृष्णप्रसाद ग्वाछा | १०० | |
| १८० | राकेश शिवहरी | १०५ | |
| १८१ | कृष्णमाया रंजित | १२० | |
| १८२ | कृष्णकुमार बनमाला | ५०० | |
| १८३ | रत्नमाया कुस्मा | ५०० | |
| १८४ | नानीमैया ह्यौमिखा | ५००५ | |
| १८५ | काजीलाल बोयजू | २०० | |
| १८६ | रत्नभक्त भैलत्यप | ५००० | |
| १८७ | पुर्णवीर गैडा | ५०० | |
| १८८ | लक्ष्मीप्रसाद कायष्ठ | ५००५ | |
| १८९ | राधिका केसी | १०५ | |
| १९० | लक्ष्मी कर्माचार्य | १०५ | |
| १९१ | धर्मलक्ष्मी दुवाल | १०५ | |
| १९२ | दुर्गा कर्माचार्य | १०५ | |
| १९३ | सुलोचना जाकीबन्जार | १०५ | |
| १९४ | सुनिता अवाल | ११० | |
| १९५ | नरेन्द्र भुपाल मल्ल | २०१०० | |
| १९६ | आशाबेटी धौबन्जार | २०० | |
| १९७ | रिता अवाल/श्रृति प्रजापति | ११०० | |
| १९८ | मंगललक्ष्मी सुवाल | ५०५ | |
| १९९ | डा. पुरूषोत्तमलोचन श्रेष्ठ | ५००० | |
| २०० | जगत त्वायना | २१०० | |

| | | | |
|---|---|---|---|
| २०१ | लक्ष्मी अवाल | १५००० | |
| २०२ | हरिगोविन्द कायष्ठ | १०११ | |
| २०३ | सरूप धौभडेल | १०१० | |
| २०४ | प्रकाश जोन्छे | १५१५ | |
| २०५ | श्रीजीत वैद्य | ५०० | |
| २०६ | लक्ष्मीनारायण जरेजु | ७९० | |
| २०७ | सरिता मुनंकर्मी | ५०० | |
| २०८ | दुरूकाजी सुवाल | २०१० | |
| २०९ | रामप्रसाद सुवाल | १००० | |
| २१० | जगनाथ त्वानाबासु | २१०० | |
| २११ | दशबहादुर मानन्धर | १०५० | |
| २१२ | बिजुली सिंबन्जार | १००० | |
| २१३ | रूवी न्हुछे | ५००० | |
| २१४ | सुरेश ग्वाछा | ११०० | |
| २१५ | कृष्ण मारिखु | १००० | |
| २१६ | मोहनकुमार कासुला | १००० | |
| २१७ | ध्रुव बाटी | १००० | |
| २१८ | विश्वराम कर्माचार्य | १००० | |
| २१९ | लक्ष्मीकुमार भैनात्व | २५००५ | चेक |
| २२० | नविन प्रजापति | २५००५ | चेक |
| २२१ | रनवा प्रजापति | २५००५ | चेक |
| २२२ | जितेन्द्र खायमली | २५००५ | चेक |
| २२३ | राजन कुम्पाख | १५५५५ | |
| २२४ | नारायणकृष्ण खाइतु | १००० | |
| २२५ | तुल्सीभक्त लागे | १००० | |
| २२६ | महेन्द्र लिवी | १५५५ | |
| २२७ | पूर्णगोपाल राजचल | ५००५ | |
| २२८ | कृष्णभगत तमखू | १००८ | |
| २२९ | केशरी तमखू | १००८ | |
| २३० | हिरादेवी केशव तमखू | १००८ | |
| २३१ | कविता करूणा तमखू | १००८ | |
| २३२ | न्हुछेरत्न खाइतु | ९०२५ | |
| २३३ | सुमन धौभडेल | ५००० | |
| २३४ | लक्ष्मण फेलु | १,००,००० | |
| | **जम्मा** | **१५४७४५८** | |

# छाना छाउनको लागि श्रमदान गर्नेहरुको विवरण

| क्र.सं. | संस्थाको नाम | ठेगाना | श्रमदान सङ्ख्या |
|---|---|---|---|
| १ | चण्डेश्वरी धिमाय पुच | भनपा ५ | २६ |
| २ | चण्डेश्वरी धिमाय पुच | भनपा ५ | ३४ |
| ३ | नेपाल स्काउट, भक्तपुर | भक्तपुर | ५६ |
| ४ | नेपाल क्रान्तिकारी युवा सङ्घ | भनपा ५ | ३६ |
| ५ | चण्डेश्वरी मचा: खल:,चासुखेल (पुरुष) | भनपा ५ | |
| ६ | आरम्भ नेपाल | भक्तपुर | १७ |
| ७ | द भाद्गाउँलेज | भक्तपुर | ७ |
| ८ | ङातापोल कर्नर टीम महिला र पुरूष | भनपा ५ | ५७ |
| ९ | एकीकृत हाकुज्या प्रजापति समाज महिला र पुरुष | भनपा ४ | ५६ |
| १० | श्री कुमारी धिमाय खला:, क्वाछें | भनपा ५ | ६५ |
| ११ | दोंक्छें परिवार | भनपा २ | २५ |
| १२ | नगरका विभिन्न वडाबाट | भक्तपुर | ३३ |
| १३ | लिवाली गणेश टोल सुधार समिति | भनपा ८ | ८२ |
| १४ | ख्वप्रिङ ओपन रोभर रेन्जार क्रयू | भक्तपुर | १६ |
| १५ | नियोफ्यूजन ओपन रोभर रेन्जर क्रयू | भक्तपुर | १२ |
| १६ | हारती माँ आदर्श भजन समुह | भनपा ५ | ५९ |
| १७ | नगरका विभिन्न वडाबाट | भक्तपुर | |
| १८ | बालोछें भनपा ४ परिवार | भनपा ४ | ३६ |
| १९ | जेला परिवार | भनपा ८ | ४ |
| २० | इताछे समूह | भनपा २ | ११५ |
| २१ | डकर्मी सङ्घ, भक्तपुर | भक्तपुर | २१ |
| २२ | विभिन्न वडाबाट | भक्तपुर | २५ |
| २३ | नेमकिपा भनपा ७ गोल्मढी | भक्तपुर | १०५ |
| २४ | एकीकृत हाकुज्या प्रजापति समाज गुठी नं ५ | भक्तपुर | १९ |
| २५ | डागाचा महिला समूह | भक्तपुर | २८ |
| २६ | परदेशी भीमसेन भजन समूह | भनपा ५ | ७५ |
| २७ | विभिन्न वडाबाट | भक्तपुर | २५ |
| २८ | भनपा ६ परिवार | भक्तपुर | ४०२ |
| २९ | चोर्चा बुहारी समूह | भनपा ७ | ७२ |
| ३० | फैढोका गणेश महिला समूह | भनपा १ र | ८७ |
| ३१ | विभिन्न वडाबाट | भक्तपुर | १९ |
| ३२ | भनपा १ परिवार | भक्तपुर | ३११ |
| ३३ | भुलांचा महिला समूह र चम्पकेश्वर महादेव भजन | भनपा ४ | ७१ |
| ३४ | विभिन्न वडाबाट | भक्तपुर | २२ |
| ३५ | व्यासी समूह | भनपा २ | ४८८ |
| ३६ | तुछिमला टोल सुधार समिति | भनपा ६ | २६ |
| ३७ | कुल्माननी लैंको खलां महिला समूह | भनपा ५ | ३९ |
| ३८ | भार्वाचो इटाछे महिला समूह | भक्तपुर | ६३ |

| | | | |
|---|---|---|---|
| ३९ | क्वाछे गलसी महिला समूह | भनपा ५ | १९ |
| ४० | जेला महिला समूह | भनपा ८ | १४ |
| ४१ | सूर्यविनायक वंशगोपाल महिला समूह | भक्तपुर | १५ |
| ४२ | पुरानो जगाती समूह | भनपा ८ | १५ |
| ४३ | चोछे व्यासी समूह | भक्तपुर | २७ |
| ४४ | डम्बरेश्वर भजन मण्डल | भनपा ७ | १५१ |
| ४५ | शिद्धिगणेश चोर्चा म्ह्याय्मचा पुच: | भक्तपुर | २० |
| ४६ | जेला पुखुचा समूह | भनपा ८ | ३७ |
| ४७ | दुगुरे आमा समूह | भनपा ९ | २४ |
| ४८ | पासा पुच: | भनपा ९ | १२८ |
| ४९ | भक्तपुर नगरका जनप्रतिनिधिहरू | भक्तपुर नपा | ३८ |
| ५० | भनपा ३ वडाबासी | भनपा ३ | २६७ |
| ५१ | नेक्राकि सङ्घ भनपा | भक्तपुर | ३५ |
| ५२ | नित्यनाथ दाफा भजन समूह | भनपा ३ | ७८ |
| ५३ | लिवाली आमा समूह | भनपा | ५५ |
| ५४ | भक्तपुरको विभिन्न वडाबाट | भक्तपुर | ३०९ |
| ५५ | दागाचा महिला समूह | भनपा ५ | २९ |
| ५६ | इटाछें भार्वाचो महिला समूह | भक्तपुर | ४९ |
| ५७ | तुछिमला बुहारी समूह | भक्तपुर | ५० |
| | **जम्मा** | | **३९४४** |

## इँट सफा गर्नको लागि श्रमदान गर्नेहरूको विवरण

| क्र.सं. | संस्थाको नाम | ठेगाना | श्रमदान सङ्ख्या |
|---|---|---|---|
| १ | चासुखेल च्वस्वंमा महिला समूह | भनपा ५ | १५ |
| २ | भनपा ५ महिला समूह | भनपा ५ | १५ |
| ३ | तिबुक्छें महाद्यननी महिला समूह | भनपा ५ | १६ |
| ४ | नेपाल क्रान्तिकारी महिला सङ्घ | भनपा ८ | १९ |
| ५ | चण्डेश्वरी मचा: खल:, चासुखेल (महिला) | भनपा ५ | ११ |
| ६ | क्वाछें महिला समूह | भनपा ५ | १९ |
| ७ | चासुखेल इखुमला महिला समूह | भनपा ५ | २८ |
| ८ | लाकोलाछें आमा समूह | भनपा ४ | १३ |
| ९ | बुल्चा, भोटेबहाल महिला समूह | भनपा ४ | १९ |
| १० | याछें महिला समूह | भनपा ६ | |
| ११ | बुल्चा महिला समूह | भनपा ४ | १२ |
| १२ | याछें महिला समूह | भनपा ६ | |
| १३ | नेपाल क्रान्तिकारी महिला सङ्घ | भनपा १० | ४२ |
| १४ | बोलाछें तंचा महिला समूह | भनपा ४ | ७७ |
| १५ | मच्छे नारायण भजन मण्डल | भनपा ६ | ३५ |
| | २०७७ जेठ २१ गतेसम्म **जम्मा** | | ३२१ |
| | **कूल जम्मा** | | **४२६५** |

# ङातापोल्हँ मन्दिर संरक्षण कार्य योजना उपभोक्ता समितिको प्रतिवेदन

## उपभोक्ता समिति गठन तथा कार्य आरम्भ :

२०७२ सालको विनाशकारी भूकम्पबाट देशैभर धनजनको अपूरणीय क्षति भयो। देशभरमा रहेका सांस्कृतिक सम्पदाहरू पनि त्यस विपत्तिबाट अछुतो रहेनन्। भक्तपुरमा पनि सयौंको सङ्ख्यामा सम्पदाहरूमा क्षति पुग्यो। न्यातपोलमा पनि त्यस विपत्तिले गम्भीर असर पुऱ्यायो।

सम्पदा संरक्षणमा स्थानीय जनताको सहभागिता र अपनत्वको भावना जगाउने भक्तपुरको परम्पराअनुरूप मिति २०७६ कार्तिक ७ गते स्थानीय जनताको भेलाबाट ङातापोल्हँ मन्दिर संरक्षण कार्यको लागि म केशव तमखुको अध्यक्षतामा ११ सदस्यीय उपभोक्ता समिति गठन भयो। उपभोक्ता समिति गठन भएपश्चात् कार्तिक २० गतेबाट आवश्यक बाँस सङ्कलन गरी मङ्सिर ७ गतेदेखि खः (खट) बाँध्ने काम सुरु भयो। मङ्सिरको २५ गतेको शुभसाइतबाट मन्दिरको छानामा



रहेको झिँगटी निकाल्ने कार्य सुरु गरी मिति २०७६ फागुन १७ गते मन्दिरको गजुर निकाल्ने काम भयो। भूकम्पको प्रभावले पाँचौं तला पूर्ण रूपमा क्षति भई भुइँमा खस्नमात्र बाँकी भएकोले निर्देशानुसार पाँचौं तला पूर्ण रुपमा भत्काउने काम भयो।

## पाँचौं तलाको पुनः निर्माण :

२०७६ फागुन २८ गते पाँचौं तलाको लकांसीं र थांलगायतको काठ राखेर पाँचौं तलाको पुनः निर्माण थालनी गरियो। चैत्र १ बाट उक्त तलाको गारो लगाउने कार्य आरम्भ गरी चैत्र ८ गतेसम्ममा गारो निर्माण कार्य सम्पन्न गरी गजुरको काठ स्थापना गरियो। पाँचौं तलाको निर्माणको क्रममा यसको पूर्व, पश्चिम, उत्तर र दक्षिणमा रहेका चारओटा भैरव मुखाकृति भएका झ्यालहरूमध्ये पश्चिमतर्फको भैरव मुखाकृति झ्याल पुनःस्थापना गरियो। साथै उत्तर तथा पूर्वतर्फ रहेका झ्यालहरूमा क्रमशः माथिल्ला र तल्ला काठहरू फेरिए। यस तलाको छानाको दक्षिणपूर्व कुनामा रहेको सलाँ इँटा भूकम्पको कारणले वा अन्य कुनै कारणले नोक्सान भई सो स्थान रिक्त भएको हुनाले नयाँ सलाँ इँटा स्थापना गरियो। साथै पश्चिमतर्फको छानाको दक्षिण पश्चिमतर्फ रहेको एक बिलम्पू जीर्ण भई प्रयोग गर्न नमिल्ने भएकोले सोको स्थानमा नयाँ बिलम्पू बनाई स्थापना गरियो। पुरानो बिलम्पू भनपाको सम्पदा शाखामा बुझाइएको छ। पाँचौं तला पुनःनिर्माणको लागि ५७५ ओटा दाची इँटा र ३०० ओटा दाची कुं इँटा प्रयोग भएको छ। दक्षिण पूर्व कुनामा रहेको ल्हाकँ इँटा पनि जेनतेन काम चलाउ र पुनः प्रयोग गर्न नमिल्ने भएको हुँदा नयाँ राखिएको छ। यस तलाको छानामा अघिल्लो चरणको संरक्षण कार्यमा चारओटै ग्वंग इँटा सिमेन्टबाट बनाएर प्रयोग गरिएकोमा सो को ठाउँमा तिलमाधव नारायण मन्दिरबाट प्राप्त भएको ग्वंगइँटा प्रयोग गरिएको छ।

## लकडाउन एक चुनौतीको रूपमा :

मन्दिरको संरक्षण कार्य सम्पन्न नहुँदै विश्वव्यापी रूपमा फैलिएको कोभिड–१९ को महामारीको कारण अचानक कार्य रोक्नुपर्दा अचाक्ली चिन्ता हुन थाल्यो। मिति २०७६ चैत्र ११ गतेदेखि २०७७ वैशाख ५ गतेसम्म मन्दिरका सम्पूर्ण कार्यहरू ठप्प नै भए। साथै निकट भविष्यमा सुरु हुन लागेको मनसुनी वर्षाले थप चुनौती सिर्जना गर्न सक्ने हुनाले भक्तपुर नपाका मेयर तथा निर्देशक समितिका अध्यक्ष श्री सुनिल प्रजापतिको निर्देशनपछि वैशाख ६ गतेबाट पुनः कार्य सुरु गरियो। सम्बन्धित सरोकारवाला निकाय र प्रशासनको जानकारीमा कार्य पुनः

सुचारू गरेको हुँदा काममा संलग्न कालिगड तथा ज्यामीहरूलाई प्रहरी प्रशासनबाट पनि सहयोग प्राप्त भयो। विषम परिस्थिति र प्रतिकूलतासमेतलाई सामना गरी पुर्खाको धरोहर संरक्षणमा हाम्रा कालिगड तथा ज्यामी दाजुभाइहरू दत्तचित्त भई लाग्नुभयो। लकडाउनको प्रतिकूलतामा पनि निरन्तर कार्य गरेर २०७७ वैशाख २४ गते मन्दिरको गजुर स्थापना गर्न सफलता मिल्यो।

## छाना छाउने कार्य र जनश्रमदान :

मन्दिरको पाँचौं तलाको छाना छाउने कार्य मिति २०७७ वैशाख २८ गतेबाट सुरु भई सोही महिनाको ३१ गतेसम्ममा पाँचौं तलाको छाना छाउने कार्य सम्पन्न भयो। यसभन्दा अगाडिको कार्य बढी जोखिमपूर्ण रहेकोले मन्दिरको लागि जनश्रमदान गर्न इच्छुकहरूलाई समावेश गरिएन। चौंथो तलाको छाना छाउने कार्य आरम्भसँगै जनश्रमदानको लागि स्थानीय जनताहरूबाट जनश्रमदान पनि थालनी गरियो। फलस्वरूप चौथो तलाको छाना छाउने कार्य मिति २०७७ जेठ ६ र ७ गरी दुई दिनमा सम्पन्न भयो। त्यसै गरी तेस्रो तलाको छाना छाउने कार्य जेठ १४ गतेदेखि १७ गतेसम्ममा सम्पन्न भयो भने दोस्रो तलाको छाना छाउने कार्य जेठ २८ गतेदेखि असार ३ गतेसम्ममा र पहिलो तलाको छाना छाउने कार्य असार १३ गतेदेखि असार १८ गतेसम्ममा सम्पन्न भयो। छानाको कार्य आरम्भ भए सँगै श्रमदानमा सहभागी हुन चाहने मनकारीहरूको बाढी नै आयो। विषम परिस्थितिसमेतलाई विचार गरी उहाँहरूको नाम सूचिकृत गरी पालैपालो श्रमदानको दिन निर्धारण गरी पालो दिइयो। सोही क्रममा भक्तपुर नगरपालिकाका मेयरज्यूसहित ३८ जना जनप्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृतसमेतले श्रमदान गर्नुभयो।

पुर्खाको धरोहरको संरक्षणमा आएको जनलहरसँगै कोरोनाको डर पनि उत्तिकै थियो। त्यसैले उपभोक्ता समितिको तर्फबाट श्रमदानमा आउनुहुने महानुभावहरूको लागि मास्क र पन्जालगायतका सुरक्षा सामग्री व्यवस्था गरी सावधानी अपनाई जनश्रमदानलाई व्यवस्थित गर्ने कार्य भयो। सोही क्रममा कतिपयले स्वत:स्फूर्त रूपमा मास्क वितरणको कार्य पनि भयो। साथै सहभागी महानुभावहरूलाई विभिन्न सङ्घ–संस्था र व्यक्तिहरूले पानी खुवाउने, चकलेट–जुस बाँड्ने, चिसो बाँड्ने, दही तथा चिउरा उपलब्ध गराउनेलगायत विभिन्न गतिविधिहरू पनि भए। मिति २०७७ असारको २७ गतेसम्ममा मन्दिरको सरसफाइलगायत इस्टिमेटअनुसारको सम्पूर्ण कार्य सम्पन्न भयो।

## थप सामग्रीको प्रयोग :

भूकम्पको कारणले गर्दा मन्दिरमा रहेका केही सामग्रीहरूको नोक्सान भएको र केही सामग्री पुरानो भई काम नलाग्ने भएको हुनाले देहायबमोजिम थप सामग्रीहरूको प्रयोग गरियो ।

प्रयोग भएको नयाँ सामग्रीको विवरण

| क सं | सामानको नाम | सङ्ख्या | प्रयोग भएको स्थान |
|---|---|---|---|
| १ | सलाँ इँटा | १ | दक्षिणपूर्व कुना पाँचौं तला |
| २ | बिलम्पू | १ | पश्चिम छानाको दक्षिणतर्फ |
| ३ | ल्हा कैं | १ | पाँचौं तलाको दक्षिणपूर्व |
| ४ | भैरवको मुखाकृति | १ | पाँचौं तलाको पश्चिम झ्याल |
| ५ | सिंख्व | ५ | पाँचौं तलाको पश्चिमतर्फ |
| ६ | झ्यः मा | २ | पाँचौं तलाको उत्तर र पूर्वतर्फको झ्याल |
| ७ | ग्वंग इँटा पुरानो | ४ | पाँचौं तलाको छानाको चार कुना |
| ८ | दाची इँटा | ५७५ | पाँचौं तला |
| ९ | दाची कुं इँटा | ३०० | पाँचौं तला |
| १० | क्वपू पुरानो | ४०० | विभिन्न तलामा |
| ११ | क्वपू नयाँ | १००० | पहिलो तला |
| १२ | फय् गां स–साना घण्टाको पात | १२७ | विभिन्न तलामा |
| १३ | माटो | ६ टिप | छाना छाउन |
| १४ | झिँगटी | १७६७० | छाना छाउन |
| १५ | गरुडको टाउको | १ | भुइँ तलाको अग्रभागको तोरण |
| १६ | अग्राखको काठ | | पाँचौं तला र विभिन्न तलाको छाना |

## स्थानीय स्रोत साधन तथा जनशक्तिको उपयोग :

मध्यकालका राजा भूपतीन्द्र मल्लको पालामा भक्तपुर तथा यसका उपशहरहरूका जनताको परिश्रमको उत्कृष्ट नमुनाको रूपमा रहेको ङातापोल्हँको पछिल्लो संरक्षण कार्यको लागि सामग्री सङ्कलनको सम्बन्धमा विभिन्न तर्क वितर्कहरू भए । अन्तमा आधुनिक पाइपको पोलभन्दा स्थानीय रूपमा उपलब्ध हुने बाँसको लागत पनि कम हुने र संरक्षण कार्यमा स्थानीय प्रविधि तथा परम्परा पनि जोगिने निष्कर्षसहित खट बाँध्नको लागि स्थानीय सामग्री बाँस र डोरी नै उपयोग गरियो । यसका साथै संरक्षण कार्यमा कुशल स्थानीय कालिगडहरूले नै उत्साहपूर्वक कार्य गर्नुभयो ।

## सरसल्लाह र निर्देशनबमोजिम कार्य :

ङातापोल्हँ भक्तपुरवासीको मात्र गौरवको विषय होइन। समग्रमा सारा देशवासीको प्रतिष्ठासँग जोडिएको र विश्वसम्पदामा सूचिकृत भएको नाताले विश्वकै सम्पत्ति हो। तसर्थ यस्ता सम्पदाको संरक्षण कार्यमा सामेल हुनु गौरवको विषय हुनुको साथै चुनौतीपूर्ण पनि छ। यसै तथ्यलाई मध्यनजर गरी ङातापोल्हँ मन्दिर संरक्षण कार्यको लागि विभिन्न समितिहरूले महत्त्वपूर्ण भूमिका खेले। उपभोक्ता समितिको कार्यको आवश्यक रेखदेखको लागि अनुगमन समितिले कार्य गरेको थियो। साथै आवश्यक प्राविधिक अध्ययन तथा परामर्शको लागि विज्ञ तथा प्राविधिकहरूको प्राविधिक समिति, सम्पदाविद् र संस्कृतिविद्हरूको सल्लाहकार समिति तथा भक्तपुर नपाका मेयरज्यूको अध्यक्षतामा निर्देशक समिति गठन भएको थियो। उपभोक्ता समितिले उल्लिखित विभिन्न समितिहरूको राय, सल्लाह र सुझावहरूलाई मनन गर्दै हजारौं भक्तपुरवासी दाजुभाइ तथा दिदीबहिनीहरूको उत्साहपूर्ण सहभागितामा ङातापोल्हँ मन्दिरको संरक्षण कार्य सम्पन्न गरियो।

## आर्थिक तथा भौतिक सहयोग :

ङातापोल्हँ मन्दिर संरक्षण कार्यको लागि भक्तपुर नगरपालिकाको तर्फबाट रु.६५,१३,३५८।२७ (पैसठ्ठी लाख तेह्र हजार तीन सय अन्ठाउन्न रुपैयाँ सताइस पैसा) विनियोजन भएको थियो। साथै ङातापोल्हँ मन्दिर संरक्षण कार्यको लागि हजारौं सङ्ख्यामा जनश्रमदान प्राप्त भयो, जसलाई मौद्रिक रूपमा भन्दा पनि भावनात्मक रूपमा मूल्याङ्कन गर्नु उचित हुन्छ। साथै विभिन्न सहृदयी महानुभावहरूबाट रु.१५,४७,५७०।-(पन्ध्र लाख सतचालीस हजार पाँच सय सत्तरी रुपैयाँ) आर्थिक सहयोग पनि प्राप्त भयो भने भैरवनाथ मन्दिरबाट १६०० ओटा र ख्वप इन्जिनियरिङ कलेजबाट ११० ओटा गरी जम्मा १७१० ओटा बाँस, तिलमाधव नारायण मन्दिर, लोकेश्वर मन्दिरलगायत विभिन्न महानुभावहरूबाट १७६७० झिँगटी, ४०० भन्दाबढी क्वपूइँटा, ४ वटा ग्वंग इँटा, १ ओटा सलाँ इँटा र माटोलगायत विभिन्न सामग्रीहरू सहयोगको रूपमा प्राप्त भयो। उक्त सामग्रीहरूको बजार मूल्य मूल्याङ्कन गर्दा देहायबमोजिम हुन आउँछ।

## भौतिक सामग्री सहयोग प्राप्त

| क्र. सं. | नाम | थान | अनुमानित दर | जम्मा रकम |
|---|---|---|---|---|
| १) | बाँस | १७१० | २०० | ३४२००० |
| २) | झिँगटी | १७६७० | १० | १७६७०० |
| ३) | क्वपु इँटा | ४०० | ५० | २०००० |
| ४) | ग्वंग इँटा | ४ | ५००० | २०००० |
| ५) | सलाँ इँटा | १ | ५००० | ५००० |

जम्मा अनुमानित रकम ५,६३,७००(पाँच लाख त्रिसठ्ठी हजार सात सय रुपैयाँ)

## जनश्रमदान – भक्तपुरको पहिचान :

सार्वजनिक सम्पत्ति संरक्षण कार्यमा जनसहभागिताको कुरा भक्तपुरको लागि नौलो कुरो होइन। भक्तपुरका समाजसेवीहरूले विगत लामो समयदेखि जनताको चेतनास्तर उकास्नको लागि खेलेको भूमिकाको यसमा महत्त्वपूर्ण स्थान छ। आफ्ना पिता पुर्खाले निर्माण गरेका सम्पदाहरू हामी आफैले नै संरक्षण गर्नुपर्ने कुरामा यहाँका जनता सचेत छन्। यहाँको भौतिक सम्पदा संरक्षण र विकास निर्माणमा जनसहभागिता एउटा परम्परा नै बनिसकेको छ। ङातापोल्हँ मन्दिर संरक्षण कार्यमा पनि त्यसले निरन्तरता मात्र पाएको हो। विश्वसम्पदा भएको नाताले यसको संरक्षणमा केही थप उत्साहको सञ्चारमात्र भएको हो।

श्रमदानका लागि भक्तपुरको सम्पूर्ण वडाहरूको विभिन्न क्षेत्रका दाफा, गुठी सङ्घ–संस्था तथा कतिपयले स्वतःस्फूर्त रूपमा सहभागिता जनाउनुभयो। श्रमदानको उत्साहलाई व्यवस्थापन गर्नको लागि हामीले उहाँहरूलाई नामावली तयार गरी मिति नै तोकेर पालो दिनुपर्‍यो। कतिपय सङ्घ–संस्थालाई हामीले पालो नै पुर्‍याउन सकेनौं।

झिँगटी सफा गर्न १५ समूहबाट ३२१ जना र छाना छाउनको लागि ५४ समूहबाट ३८६६ जना गरी जम्मा ४१८७ जना सम्पदाप्रेमी महानुभावहरूले श्रमदान गर्नुभएको तथ्याङ्क छ। साथै उपभोक्ता समितिको जानकारीबिना नै सयौंको सङ्ख्यामा जनश्रमदानको लागि आउनुभएको थियो जसको रेकर्ड पनि राख्न भ्याइएन।

## ठेक्कामा होइन जनतामा विश्वास :

भक्तपुरका जनताले ठेकेदारलाई कम मात्र विश्वास गर्छन्। ठेकेदारको प्रमुख उद्देश्य कामको दिगोपनाभन्दा पनि नाफा कमाउनु हुन्थ्यो। नाफाको लागि

गुणस्तरहीन कार्य भएका थुप्रै उदाहरण हाम्रा सामु छन् । त्यसको विपरीत उपभोक्ता समितिले गरेका कार्यहरूमा कसैलाई नाफाघाटाभन्दा पनि कार्यको दिगोपनामा विशेष ध्यान दिने गरिन्छ । आफ्नै घर आँगन, टोल-छिमेक र पिता पुर्खाको धरोहरको संरक्षणमा स्थानीय जनता आफ्नोपन र गर्वको महसुस गर्दछन् । यसले गर्दा विकास निर्माण तथा सम्पदा संरक्षणको कार्यहरू अनुमानितभन्दा पनि कम लागत र तोकिएको समयभन्दा चाँडो सम्पन्न भएका प्रशस्त उदाहरण भक्तपुरमा देख्न पाइन्छ । त्यसको ठीक उल्टो ठेकेदारले गरेका धेरै कार्यहरू समयमा सम्पन्न नहुने, कमसल काम गर्ने र अनुमानित लागतभन्दा धेरै गुणा लागत परेका उदाहरणहरू पनि हाम्रैसामु छन् ।

ङातापोल्हँको सन्दर्भमा पनि जनताप्रतिको विश्वासलाई झन् बलियो बनाइदिएको छ । संरक्षण कार्यको सिलसिलामा संरक्षण कार्य अवधिभर ज्यामी, मिस्त्री, सिकर्मी, ताम्रकर्मी र पोल्हँकर्मीसमेत गरी जम्मा २३६१ जनाले ज्यालामा काम गरेको र उक्त सङ्ख्याको करिब दोब्बर जनताले श्रमदान गरी जनताको धरोहर संरक्षण कार्यमा योगदान गरे । यो हामी सबैको लागि खुशीको कुरा हो ।

## स्थानीय सीप र स्वदेशको पौरख :

भक्तपुरका सम्पदा संरक्षणको लागि विदेशीले सहयोग गर्ने पत्र-पत्रिकामा प्रकाशित समाचार हामीले पनि पढेका छौं । तर त्यसरी आउने सहयोगमा देशको स्वाभिमानमा चोट पुऱ्याउने खालका सर्तहरू जोडिएर आएको हुनाले त्यसलाई अस्विकार गरिएको कुरा पनि प्रकाशमा आएको थियो । सर्तसहितको सहयोगले देश र समाजलाई पराधीन बनाउने प्रबल सम्भावनालाई विचार गरेर त्यस्ता सहायता नलिनु उचित थियो । विदेशी सहयोग नभए पनि हाम्रो नगरको सम्पदा संरक्षणको कार्य कहीँ रोकिएन । बरु विदेशीको भर पर्नुभन्दा आफ्नै पौरख र पसिनाले काम गर्ने भावनासहित व्यापक जनताले सम्पदा संरक्षणमा योगदान गर्नुभयो ।

## जनताको सीप र पौरख पोखिएको ङातापोल्हँ :

मल्लकालमा पनि यसमा हजारौं जनताले आफ्नो सीप र कौशल पोखेको इतिहास पढ्न पाइन्छ । यसपटक पनि ङातापोल्हँ मन्दिरको संरक्षण कार्यमा भक्तपुरका सम्पूर्ण क्षेत्रका जनताले उत्साहपूर्वक श्रमदान गर्नुभयो । डाक्टर, इन्जिनियरदेखि समाजका विभिन्न पेशा व्यवसायमा आवद्ध महानुभावहरूले गर्नुभएको

समर्पणले जनताको पौरखले बनेको ङातापोल्हँ उपमा नवीकरण भएकोजस्तो आभास भयो। तसर्थ यस पुनीत कार्यमा श्रमदान तथा आर्थिक एवं भौतिक सहयोग गर्ने सम्पूर्णजनमा उपभोक्ता समितिको तर्फबाट विशेष आभारका साथ धन्यवाद अर्पण गर्दछु।

## बढी भएको सामग्री व्यवस्थापन :

जनताको असीम माया र सदभावले ङातापोल्हँको लागि प्राप्त भएका सामग्रीमध्ये केही सामग्री बढी भए। ती सामग्रीहरू भक्तपुर नपाकै पहलमा पुनः निर्माण भइरहेको भैरवनाथ द्योछेंको कार्यमा उपयोग गर्न उपलब्ध गराइयो। ङातापोल्हँबाट ५५०० ओटा झिँगटी, २९० ओटा क्वपू र ३ (तीन) ट्याक्टर मुछेको माटो उक्त कार्यको लागि पठाइयो।

## पेश्कीको बाँकी रकम फिर्ता :

न्यातपोल मन्दिर संरक्षण कार्यको लागि पहिलो पेश्की स्वरूप रु.३० लाख र चन्दा रकम रु.१५,४७,५७०।- गरी जम्मा रु.४५,४७,५७०।- उपभोक्ता समितिलाई प्राप्त भएकोमा व्यापक जनश्रमदान र विभिन्न महानुभावहरूले उपलब्ध गराउनुभएको आर्थिक तथा भौतिक सहयोगले गर्दा जम्मा नगद रु.३८,७७,६२८।४१ को खर्चमा इस्टिमेटअनुसारको सम्पूर्ण कार्य सम्पन्न भएको छ। उक्त खर्च रकममध्ये ज्यालातर्फ रु.२६,१७,५००।- सामग्रीतर्फ रु.११,०२,४७८।४१ र भाडातर्फ रु.१,५७,६५०।- खर्च भई बाँकी रकम रु.६,६९,९४१ भक्तपुर नगरपालिकाको पूँजीगत खर्च खाता नं ०१९०३०००००२००४००००००१ मा जम्मा गरिएको छ।

## पुर्खाको धरोहरमा आजको पुस्ताको योगदान :

न्यातपोल पुर्खाको धरोहर हो। त्यही पुर्खाले सिर्जेको सम्पत्ति नै आज विश्वसमक्ष नेपालीको गौरवको रूपमा परिचित रहेको छ। भूकम्पले यस्ता सम्पदामा क्षति पुग्नु दुःखको कुरा हो। साथै आजको पुस्ताले पुर्खाको धरोहर संरक्षण कार्यमा थोरै भए पनि योगदान गर्न पाउनु गौरवको कुरा हो। यस्तो महत्त्वपूर्ण सम्पदा संरक्षण कार्यको लागि विश्वास गर्नुभएकोमा सम्पूर्ण उपभोक्ता समिति तथा अनुगमन समितिको तर्फबाट भक्तपुर नगरपालिकाका मेयरज्यूलगायत सम्पूर्ण सरोकारवाला सङ्घ-संस्थामा हार्दिक कृतज्ञता तथा धन्यवाद ज्ञापन गर्दछु।

**केशव तमखु**
**अध्यक्ष**

२०७७/४/२३

## ङातापोल्हँ मन्दिर संरक्षण कार्यमा प्रयोग भएका इँटा, बाँस, झल्लर र डोरीको विवरण

| क्र.सं. | विवरण | सङ्ख्या | | जम्मा रकम |
|---|---|---|---|---|
| १ | नयाँ बाँस | ४९५ | ओटा | ९९००० |
| २ | अग्राख काठ | ६१ | क्यूफिट २ इन्च ३ पात | ३७४००३।३२ |
| ३ | दाचि कूं अपा | ३१६ | ओटा | १४२२० |
| ४ | दाचि अपा | ५७५ | ओटा | १७८२५ |
| ५ | ग्वंग अपा ठूलो | ८ | ओटा | ४०८०० |
| ६ | झल्लर | १९० | मिटर | ५२२५० |
| ७ | क्वपु अपा | १००० | ओटा | ५६००० |
| ८ | डोरी | २० | बण्डल | १३०००० |
| जम्मा खर्च | | | | ७८४०९८।३२ |
| अन्य खर्च | | | | ४७६०३०।०९ |
| ज्याला | | | | २६१७५०० |
| कूल जम्मा खर्च | | | | ३८७७६२८।४१ |

## ज्यामीहरूको विवरण

| क्र.सं. | विवरण | जम्मा | दर | जम्मा रकम |
|---|---|---|---|---|
| १ | ज्यामी नाइके | १९५ | ११०० | २१४५०० |
| २ | ज्यामी | १७४० | १००० | १७४०००० |
| ३ | डकर्मी | २२६ | १५०० | ३३९००० |
| ४ | सिकर्मी | १०२ | १५०० | १५३००० |
| ५ | पोल्हँकर्मी | ८९ | १८०० | १६०२०० |
| ६ | ताम्राकार | ९ | १२०० | १०८०० |
| | जम्मा | २१६६ | | २६१७५०० |

## भक्तपुर नगरपालिका

### ङातापोल्हँ मन्दिर जीर्णाद्धार प्राविधिक समिति
### निर्माण सामग्रीको दैनिक विवरण

| क्र.सं. | मिति | निर्माण सामग्रीको दैनिक विवरण |
|---|---|---|
| १ | २०७६/११/३० | लाकासिं, थाम, पुरानो इँटा |
| २ | २०७६/११/२७ | खटमा लुजको डोरी कस्ने कार्य, माथिल्लो तलाको भत्काएको इँटा टुक्रा र माटो तल झार्ने काम र माटो मुछ्ने |
| ३ | २०७६/११/२५ | इँट्टा र माटोको धूलो |
| ४ | २०७६/११/२३ | कलैश |
| ५ | २०७६/११/२२ | गजुरको काठ, गजुरको लाकासिं |
| ६ | २०७६/११/२१ | चारै दिशाको झ्याल झिकेको |
| ७ | २०७६/११/२० | मुसि झिकेको, चलुझिकेको, बैगसिं झिकेको, गजुरको काठ झिकेको |
| ८ | २०७६/११/१९ | मुथल, मुसी |
| ९ | २०७६/११/१८ | छिन्ना, ब्लेड, प्लाष्टिक |
| १० | २०७६/१२/१० | माटो इँटा |
| ११ | २०७६/१२/९ | दाचि अप्पा र माअप्पा, काठ |
| १२ | २०७६/१२/८ | दाचि अप्पा र माअप्पा, गजुरको लाकासीं र गजुरको काठ |
| १३ | २०७६/१२/७ | दाचि अप्पा र माटो |
| १४ | २०७६/१२/६ | दाचि अप्पा र माटो |
| १५ | २०७६/१२/५ | दक्षिणतर्फ माटोको ल्हापा नयाँ |
| १६ | २०७६/१२/३ | दाचि अप्पा, २ ३ को ५ फिटको तान, उत्तर र पूर्वतिरको झ्यालको त्राङा बनाएको ४ ६ ४४ लम्बाई |
| १७ | २०७६/१२/२ | माअप्पा, कार्नेश जडान र सिंख्वचा |
| १८ | २०७६/१२/१ | दाचि अप्पा र माअप्पा, सालको काठ |
| १९ | २०७७/१/६ | गारो लगाउने कार्य सम्पन्न |
| २० | २०७६/१/७ | चल्लु फिट गरेको, कुंसुरु फिट गरेको |
| २१ | २०७६/१/८ | मुसि, विलम्पु, विलम्पु नयाँ |
| २२ | २०७६/१/९ | फल्याक र मुसी |
| २३ | २०७६/१/१० | फल्याक र मुसी |
| २४ | २०७६/१/११ | फल्याक र मुसी |
| २५ | २०७६/१/१२ | झिँगटी काठ राखेको, झिँगटी |
| २६ | २०७६/१/१३ | मुथल, भङगी |

## भक्तपुर नगरपालिका

### ङातापोल्हँ मन्दिर जीर्णोद्धार प्राविधिक समिति
### निर्माण कार्यमा ज्यामीहरूबाट भएको दैनिक कार्य सम्पन्न प्रतिवेदन

| क्र.सं. | मिति | कार्यको सङ्क्षिप्त विवरण |
|---|---|---|
| १ | २०७६/११/३० | वाल (पर्खाल) भित्र लाकासि थाम जडान गरेको, वाल बनाउन ईंटा तल्लो तलाबाट माथिल्लो तलामा लगिएको |
| २ | २०७६/११/२७ | खटमा लुज (खुकुलो) डोरी कस्ने कार्य/माटो मुछ्ने कार्य |
| ३ | २०७६/११/२५ | कलैश मूर्तिको बिग्रेको भट्काएर व्यवस्थित बनाएको |
| ४ | २०७६/११/२३ | वालको कलैश झिकेर तेस्रो तलामा राखेको |
| ५ | २०७६/११/२२ | पाँचौं तला भत्काएको, ईंटा र माटो व्यवस्थित पारेको |
| ६ | २०७६/११/२१ | पाँचौं तलाको वाल कार्नेश माथि भट्काएको |
| ७ | २०७६/११/२० | भूकम्पले क्षति पुगेको पाँचौं तला भट्काउने कार्य गरेको |
| ८ | २०७६/११/१९ | पाँचौं तलामा मुसि झिक्ने कार्य |
| ९ | २०७६/११/१८ | पाँचौं तलाको गजुर मुनिको काठको मङ्गी र फुलाक |
| १० | २०७६/१२/१० | पाँचौं तला वाल लगाएको |
| ११ | २०७६/१२/९ | गारो लगाउने कार्य, नस र बैगसिं जडान |
| १२ | २०७६/१२/८ | पाँचौं तलामा गारो लगाउने कार्य, जगू र लाकासी राख्ने कार्य |
| १३ | २०७६/१२/७ | पाँचौं तला गारो लगाउने कार्य |
| १४ | २०७६/१२/६ | पाँचौं तलाको गारो बनाउने कार्य |
| १५ | २०७६/१२/५ | गारो लगाउने कार्य, झ्यालको ताङा जदान कार्य |
| १६ | २०७६/१२/३ | ईंटा माथिल्लो तलामा लाने कार्य, माटो मुछ्ने कार्य |
| १७ | २०७६/१२/२ | पाँचौं तलामा कार्नेश र गारो निर्माण तथा जडान |
| १८ | २०७६/१२/१ | पाँचौं तलाको गारो बनाउने, दाचि अप्पा कर्णलको सिधा गरी ८५० वटा नयाँ ल्याएको, थाम एक आपसमा नहल्लिने गरी २, ३, ४ फिटको कउ राखेको |
| १९ | २०७७/१/६ | गारो लगाउने कार्य सम्पन्न, माटो मुछ्ने कार्य, झिँगटी सफा गर्ने कार्य |
| २० | २०७६/१/७ | चल्लु फिट गरेको, कुंसुरु फिट गरेको, भङ्गीको पाटा सफा गरेको |
| २१ | २०७६/१/८ | पाँचौं तलाको मुसि राख्ने कार्य, भङ्गीको तामाको पाटा सफा गर्ने कार्य |
| २२ | २०७६/१/९ | पाँचौं तलामा मुसि राख्ने कार्य सम्पन्न गरी फल्याक ठोक्ने कार्य शुरु, झिँगटी ईंटा सफा गरेको, माटो मलिलो बनाउन पानी लगाएको |
| २३ | २०७६/१/१० | पाँचौ तल्लामा फ्लाक ठोकेको, झिगटी इट्टा सफा गरेको, माटो मट्ने कार्य |
| २४ | २०७६/१/११ | पाँचौं तलामा फल्याक ठोकेको, झिँगटी ईंटा सफा गरेको, माटो मुछ्ने कार्य |
| २५ | २०७६/१/१२ | काठको भङ्गी राख्ने कार्य शुरु, झिँगटी सफा गर्ने कार्य |
| २६ | २०७६/१/१३ | भङ्गी काठ मर्मत र मुथ बनाएको, झिँगटी सफा गरेको |


‘पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति’

# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

## हार्दिक धन्यवाद !

वि.सं. २०७२ सालको विनाशकारी भूकम्पबाट क्षतिग्रस्त ऐतिहासिक ङातापोल्हँ मन्दिरको जीर्णोद्धार कार्य भक्तपुर नगरपालिकाको आर्थिक लागत अनुमान रु. ६५,१३,३५८।२७ भएकोमा दाताहरूबाट रु. १५,४७,५६९।- आर्थिक सहयोग, विभिन्न सङ्घसंस्था र व्यक्तिहरूबाट रु. ५,६३,७००।- बराबरको



भौतिक सामग्री तथा ४,१८७ जनाबाट श्रमदान सहयोग प्राप्त गरी २०७६ कार्तिक महिनाबाट शुरु भई जम्मा रु. ३८,७७,६२८।२१ रूपैयाँ खर्च गरी मिति २०७७ असार मसान्तभित्र सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुहुने स्थानीय जनता, उपभोक्ता तथा अनुगमन समितिमा रही सक्रियतापूर्वक जिम्मेवारी बहन गर्ने पदाधिकारीहरू, निर्देशक समिति र प्राविधिक समितिमा रहेर महत्त्वपूर्ण कार्य गर्ने पदाधिकारी र प्राविधिक सल्लाहकारहरू, जीर्णोद्धार कार्यमा खट्नु भएका दक्ष तथा अर्धदक्ष डकर्मी, सिकर्मी, पोलँकर्मी, ल्वहँकर्मी र ज्यामीहरू, जनश्रमदान एवम् आर्थिक सहयोग गर्ने विभिन्न सङ्घसंस्था, दाफा, गुठी, टोलवासी र अन्य महानुभावहरू, सुरक्षाकर्मी र पत्रकार मित्रहरू तथा सहयोगी सम्पूर्ण नगरवासीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

# भूकम्पपछि ङातापोल्हँको अवस्था

(भक्तपुर नपाबाट आयोजित ङातापोल्हँ जीर्णोद्धार सम्बन्धी अन्तरक्रिया कार्यक्रममा आ. रविना शिल्पकारले ङातापोल्हँको अवस्थाबारे दिनुभएको प्रस्तुतीकरणबाट)

## ङातापोल्हँको पाँचौँ तलाको छानामुनिका क्षतिग्रस्त भित्ताहरू








## ङातापोल्हँका छानाहरु रेखाचित्रमा

रेखाचित्रमा ङातापोल्हँका छानाहरू घडीको सुइको दिशातिर बटारिएको सङ्केत गरिएको छ




(क) दोस्रो तलाको छाना – ०.१५°, (ख) तेस्रो तलाको छाना– ०.२९°, (ग) चौथो तलाको छाना– ०.८५° र (घ) पाँचौं तलाको छाना– ३.२५° ।

# ङातापोल्हँको जीर्णोद्धारको लागि खट निर्माण









# ङतापोल्हँको जीर्णोद्धारमा जनश्रमदानको ओइरो

(श्रमदानमा आउनुभएका सबैको तस्बिरलाई स्थान दिन नसकेको व्यहोरा अनुरोध छ ।)






NAMASTE RESTAURANT














NYATAPOLA VIEW GUEST HOUSE
ROOF TOP RESTAURANT








Amit Machamasi/PahiloPost.com

# ङातापोल्हँ जीर्णोद्धारमा छानाको काम













# ङातापोल्हँ जीर्णोद्धारको क्रममा काठको काम









# ङातापोल्हँ जीर्णोद्धारको अवलोकन निरीक्षण




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ राजनेता नारायणमान बिजुक्छेँ (रोहित)



नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवाल



नेमकिपाका केन्द्रीय सदस्य एवं बागमती प्रदेश सभा सदस्य
सुरेन्द्रराज गोसाई



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशीलगायत
ङातापोल्हँ जीर्णोद्धार निर्देशन समितिका सदस्यहरु




भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशीलगायत जनप्रतिनिधि तथा प्राविधिक टोली ।

# ङातापोल्हँ जीर्णोद्धारमा भक्तपुर नपाका जनप्रतिनिधिहरूबाट श्रमदान









# ङातापोल्हँ जीर्णोद्धारको क्रममा गजुर प्रतिस्थापन





# ङातापोल्हँ मन्दिरका चार ढोका



दक्षिणी ढोका



उत्तरी ढोका



पश्चिमी ढोका



पूर्वी ढोका